नेपाली संस्कृतिमा पसिरहेको साम्राज्यवादको चिरफार

# मूल्याङ्कन

पूर्णाङ्क ४५, फागुन २०५३

मूल्य रु. १५।-
(भारतमा भारु. १२।-)

विचार अन्तर्क्रियामुखी मासिक

- अष्ट्रेलियाको कम्युनिष्ट आन्दोलनको उतार-चढावको कथा
- पी. के. के. का नेतासंगको कुराकानी
- पेरुः टुपाक आमारुका नेताहरुको जीवनको झाँकी
- 'रक्तिम' परिवार अहिले के गर्दैछ ?
- प्रजातन्त्रका जननी मुलुकहरुमा कति प्रजातन्त्र पाएका छन् महिलाहरुले ?
- समाजवादी विचारधाराबाट प्रभावित दशरथ चन्द



## माओवादी जनयुद्धको एक वर्ष

## कस्तो रह्यो "जनयुद्ध"को एक वर्ष ?

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १५, पूर्णाङ्क ४५
२०५३, फागुन



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९, ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## माओवादी "जनयुद्ध"को एक वर्षको समीक्षा

❑ क. मोहनविक्रम सिंह, क. माधव नेपाल, क. दीपक शर्मा, प्रा. माणिकलाल श्रेष्ठ, क. पद्मरत्न तुलाधर, खगेन्द्र संग्रौला, दीपक ज्ञवाली र डा. सरोज धितालका विचारोत्तेजक प्रतिक्रियाहरु

"जनयुद्ध बारे क प्रचण्ड

केही सैद्धान्तिक बहस "माओवादी" मित्रहरूसित

## अष्ट्रेलियाको कम्युनिष्ट आन्दोलनको उतार-चढावको कथा

❑ कम्युनिष्ट पार्टी विघटन भयो ! सोशलिष्ट पार्टी कम्युनिष्ट पार्टीमा रुपान्तरित भयो ।

◉ PKK का नेता अब्दुल्ला ओकालानसंगको कुराकानी

◉ रूसी वामपन्थीहरू आम हड्तालको तयारीमा

◉ पेरूः टुपाक आमारूका नेताहरूः क. सेर्पा र क. भिक्टर पोलेको जीवनको झाँकी

**संमाजवादी विचारधाराबाट प्रभावित शहीद दशरथ चन्द**

माओवादी

## 'जनयुद्ध' को एक वर्ष कस्तो रह्यो ?

## नेपाली संस्कृतिमा पसिरहेको साम्राज्यवादको चिरफार

*गोविन्द भट्ट, खगेन्द्र संग्रौला, निनु चापागाई, डा. चैतन्य मिश्र, हरिगोविन्द लुईंटेलबीच सम्पन्न प्रत्यक्ष अन्तर्क्रियाको रिपोर्टको **दोस्रो भाग***


**हाम्रो मूल्याङ्कन** ४

**आवरण कथा**
जनयुद्धको एक वर्ष कस्तो रह्यो ५

**दर्शन/दिग्दर्शन**
केही सैद्धान्तिक बहस 'माओवादी' मित्रहरूसित १४

**विश्व कम्युनिष्ट आन्दोलन**
अष्ट्रेलियाको कम्युनिष्ट आन्दोलन १६
रूसी वामपन्थीहरू हड्तालमा १८
PKK का नेतासंग कुराकानी १९

**आँखीझ्याल**
'प्रजातान्त्रिक' मुलुकहरूमा महिलाहरूलाई कति प्रजातन्त्र ? २०

**अचेल**
क. काईंलाबासंगको कुराकानी २१

**जीवनको झाँकी**
MRTA का नेताहरूको जीवनी २२

**प्रेरक प्रसंग**
शहीद दशरथ चन्द समाजवादी विचारबाट प्रभावित थिए २५

**नीति/संस्कृति**
उपदेश छाट्न सजिलो छ । -चन्द्रदेव नेपाली २६

**साहित्य**
भलो कुराको नमूना (निबन्ध) -हृदयचन्द्र सिंह प्रधान २८

**पर्दा/रंगमंच**
रक्तिम सांस्कृतिक अभियान के गर्दैछ ? अध्यक्ष, नारायण योगीसंगको कुराकानी ३०

**अन्तर्क्रिया**
नेपालमा सांस्कृतिक क्षेत्रमा साम्राज्यवाद (दोस्रो भाग) ३२

**घटना र प्रवृत्ति**
भूमिमा द्वैध-नियन्त्रणको अन्त्यबारे क. केशव बडालका विचारहरू ४०

**विचार मंच** ४१

**पाठकको कुरो** ४२

**—नयाँ स्तंभहरू—**

**उत्पीडित चौतारी**
खै त जनजातिहरूलाई प्रजातन्त्र आएको ? ३७

**मार्क्सवाद परिचयमाला**
सत्य जाँच्ने मूल कसौटी के ? -प्रज्ञानरत्न ३९



आवरणमाः डा. बाबुराम भट्टराई /फोटोः एबिसी फोटो, बागबजार /इन्सेटमाः माओवादी "जनयुद्ध" मा संलग्न एक योद्धाको काल्पनिक चित्र
चित्रः आइडियल डिजाइनर्स, बागबजार /आवरण कलाः MMW ग्राफिक्स, काठमाडौं/फोटोः उषा/भित्री पृष्ठका चित्रहरुः लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक
कम्प्युटर सेटिङ्ः सहदेव खाकी, माइक्रोटिप्स कम्प्युटर, पुतलीसडक, सम्पर्क फोनः ४२२७६९/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

हाम्रो मूल्यांकन

केही समय यता, विशेषतः त्रिपक्षीय गठबन्धन सरकार बनेयता, देशमा अति दक्षिणपन्थी प्रतिगामी तत्वहरूको जग्जगी बढ्न थालेको छ । उनीहरू अहिले फेरि सक्रिय राजतन्त्रको माग गर्न थालेका छन् । यो स्याल हुइयाँमा हृषिकेश शाहदेखि पुराना निरंकुशतावादी पञ्चहरूसम्मको स्वर जोडतोडले सुनिँदैछ ।

राजालाई सत्तारूढ भएको २५ वर्ष पुगेको उपलक्ष्यमा सार्वजनिक अभिनन्दन गर्ने निहुँमा भर्खरै नेपालगञ्जमा बहुदलविरोधी र पञ्चायत समर्थक नाराहरूले शहर रंगाउने काम भएको देखिएको छ । र, राजा र प्रधानमन्त्रीकै अगाडि बहुदलीय व्यवस्थाविरोधी नारा लाउने र राजालाई 'देश बचाउन कडा कदम चाल्न' अपील गर्ने कार्य भएको बुझिएको छ ।

विश्वको सबैभन्दा गरीब तीन देशमध्ये एउटामा आउने हाम्रो मुलुकमा करोडौं रूपैयाँ खर्च गरेर पाँचै विकास क्षेत्रमा ठूलो तामझामका साथ राजाको गद्दी आरोहणको पच्चीस वर्ष पुगेको उपलक्ष्यमा रजत महोत्सव मनाउने लर्को चलेको छ । काठमाडौं र सुदूर पश्चिमाञ्चलबाट शुरू भएको यो प्रक्रिया अब पश्चिमाञ्चलको पोखरासम्म आइपुगेको छ । बहुदलीय प्रजातन्त्रका शक्तिसम्पन्न निर्वाचित प्रधानमन्त्री एउटा राणाकालीन खरदारझैं हात मोल्दै राजाको पछि पछि कुदिरहेको दृश्य देख्नु पर्दा जनआन्दोलन २०४६ पछिका 'सार्वभौम जनता'को मन औंधी कुँडिएको छ ।

**अब फेरि राजाको सक्रिय नेतृत्व चाहियो रे !**

के नेपालमा फेरि पञ्चायती तानाशाहीका दिनहरू फर्काउने प्रतिगामी चालबाजी शुरू भएको हो त ? के दरवार फेरि हिजो जस्तै निरंकुश र सक्रिय हुने दौडमा सामेल हुन लागेको हो ? शंका गर्ने मनग्गे आधार हिजोआजका गतिविधिले दिएका छन् ।

यो घाम जत्तिकै स्पष्ट छ- संवैधानिक बाटोबाट राजालाई न अहिलेको बहुदल खत्तम गर्ने हक छ, न संवैधानिक राजतन्त्रभन्दा माथि उक्लने हक नै, न जनताको प्रभुसत्ता खोस्ने हक नै । तथापि, प्रतिगामी तत्वहरू अहिले राजालाई फेरि बहुदल मास्न र सक्रिय हुन आव्हान गर्दैछन् । यसको मतलब, उनीहरू राजालाई असंवैधानिक बाटोबाट 'कु' गर्न उक्साउँदै छन् ।

वर्तमान संविधान त्रिपक्षीय संझौता हो । संझौताको एउटा पक्ष दरवारले हठात् एकपक्षीय ढंगबाट सम्झौता तोड्यो भने बाँकी दुई पक्षले त्यो सम्झौता मानिरहनुपर्ने दर्कार पर्छ कि पर्दैन ? त्यो स्थितिमा नेपालमा फेरि राजतन्त्र नै बाँकी रहन्छ कि रहँदैन ? यो कुरा दरवार स्वयं र 'दरवारभक्त'हरूले बेलैमा सोच्नु पर्ने कुरा हो । नेपाली जनता अब २०१७ सालतिरका जनता होइनन् भन्ने कुरा पनि त जगजाहेर कुरा नै हो ।

तथापि, प्रतिगामी तत्वहरूको अहिलेको चुरीफुरी जनआन्दोलनका मुख्य मुख्य अगुवाहरूले जनआन्दोलनको ध्येय र आदर्श भुल्नाले नै बढ्न थालेको हो । सात, सात वर्ष भइसक्दा पनि जनआन्दोलनबाट व्यवस्था भएको परिवर्तनको प्रतिफल सर्वसाधारण जनताको घर दैलोसम्म पुऱ्याउन नसक्दा जनतामा आएको व्यापक निराशा र नेतृत्वप्रति विश्वासको संकटलाई हेरेर नै प्रतिगामी तत्वहरू यतिखेर यति हौसिएका हुन् ।

सिंहदरवारको सुनौला कुर्सीमा जसरी पनि पुग्ने र जसरी पनि टिक्ने यहाँका जनआन्दोलनका प्रमुख दुई सहकर्मीहरूको आत्मकेन्द्रीत मानसिकता र त्यसको निम्ति नारायणहिटीलाई तीन चोटी परिक्रमा गर्न पनि तम्तयार हुने उनीहरूको दास मनोवृत्तिले गर्दा दरवार यति छिटै र यति सजिलै हावी हुन थालेको हो ।

नत्र संवैधानिक राजतन्त्रमा राजा सत्तारूढ भएको २५ वर्ष पुग्नु भनेको कुन विशेष कुरा हो र ? त्यसको लागि जनताको निम्ति ओखती, पानी, स्कूल, बच्चाको दूध, सस्तो मल, बाटो घाटोको निम्ति प्रयोग हुनपर्ने बजेट काटेर करोडौंको थैली हाम्रो जस्तो देशले बेफ्वाँकमा फुक्नु के जायज कुरा हो ?

यसबाट के प्रष्ट भएको छ भने, देउवा सरकार दरवारलाई हात लिन अहिले उसको पाउ मोल्न समेत तयार छ । र, दरवार चाहिँ गठबन्धन सरकारको बुई चढेर जनतामा आफ्नो 'सुधारिएको छवि' प्रदर्शित गर्न उद्यत छ । अहिले जनतामा जनआन्दोलनका प्रमुख दुई सहकर्मीहरूको छवि बिग्रदै जाने क्रममा छ । प्रत्येक पार्टीभित्र अहिले विग्रह पनि चर्को छ । तर उता दरवार भने यसरी आफ्नो बिग्रिएको छवि बनाउन र अरूको तुलनामा बेसी सुगठित हुन लागिपरेको छ ।

के यी घटनाका पछाडि कुनै नियोजित सम्बन्ध त छैन ? नेतृत्वशून्यताको यो स्थितिमा कतै वैकल्पिक नेतृत्व दरवार नै हो भनेर देखाउने नियोजित नियतका शिकार त यी पार्टीहरू भइरहेका छैनन् ? स्थिति संगीन छ । र, प्रजातन्त्रप्रेमी सबै नेपालीहरू निकै सजग र सक्रिय हुनपर्ने स्थिति आएको छ । सबै प्रजातन्त्रप्रेमी नागरिकहरूले आ-आफ्नो पार्टी नेतृत्वलाई दवाब दिनु परेको छ कि, प्रतिगामी तत्वहरूको विगविगीमा ती पार्टीहरू तुरुन्त प्रतिक्रिया देखाउन् । खबरदार ! कुनै पनि प्रतिगामी तत्वले फेरि टाउको उठाउन नपाओस् !

देशमा गाउँ गाउँसम्म सुधार र आमूल परिवर्तनको प्रक्रिया शुरू गर्नु नै प्रतिगामी तत्व फष्टाउने मलिलो भूमिलाई जगैमा खत्तम पार्नु हो । समस्याको दीगो समाधान यही हो । यसको निम्ति सबै प्रजातन्त्रप्रेमी सचेत नागरिकहरू र सबै क्रान्तिकारी शक्तिहरू एकगठ भएर जनसंघर्ष गर्नु जरूरी भएको छ । सशक्त नेतृत्वको शून्यताको वर्तमान स्थितिलाई तुरुन्त तोड्नु जरूरी भएको छ ।

वर्तमान गठबन्धन सरकारको अन्त र जनआन्दोलनका सबै सहकर्मीहरूको संयुक्त सरकार समस्याको अर्को तात्कालीन समाधान हो भन्ने हामीलाई लाग्दछ ।

❑

# नेकपा माओवादीद्वारा संचालित 'जनयुद्ध'को चिरफार

नेकपा (माओवादी) ले "जनयुद्ध" शुरू गरेको एक वर्ष पुगेको छ । सांकेतिक रूपमा पोहोर फागुन १ गते रोल्पा, रूकुम र सिंधुलीका केही प्रहरी चौकीमा सामान्य छापामार हमलाका साथ यसको शंखनाद भएको थियो ।

यो एक वर्षमा यस छापामार आन्दोलनले हासिल गरेको सबैभन्दा ठूलो सफलता के भएको छ भने- यो नेपालको राजनीतिक आन्दोलनमा एउटा स्पष्ट र अरू सबैभन्दा फरक राजनीतिक धारका रूपमा स्थापित हुन पुगेको छ ।

तर यो चिनारी निकै नै महंगो मोलमा प्राप्त भएको छ । अहिलेसम्म यस क्रममा ७५ जना नेपालीको यहाँको पूँजीवादी राज्ययन्त्रबाट जघन्य हत्या भइसकेको छ । जसमध्ये करीब १६ जना त पार्टीका सदस्यहरू नै भएको बुझिएको छ । सयौंले जेल र हिरासतमा अमानवीय यातना भोग्नु परेको छ । अरू सयौंको घर-परिवार बिल्लीबाठ भएको छ । भर्खरै पुसको तेस्रो हप्तामा रामेछाप बेथानमा प्रहरी चौकीको चार नाल बन्दूक हात पार्न खोज्दा तीन जना होनहार पार्टी कार्यकर्ताको ज्यानसमेत गएको छ । त्यसमध्ये क. तीर्थ गौतम त अहिलेसम्म मारिएकामध्ये सबैभन्दा माथिल्लो अर्थात् काभ्रे-रामेछाप उपक्षेत्रीय स्तरका जिम्मेवार कार्यकर्ता र कमाण्डर मानिन्छन् । गएको एक वर्षमा छापामार संघर्षले सबैभन्दा बेसी प्रभावित गरेका जिल्लाहरू रोल्पा, रूकुम र जाजरकोट भएका छन्, जो नेपालको सुदूर पश्चिम पहाडी क्षेत्रका विकट जिल्लाहरू हुन् । गोर्खा, काभ्रे, सिंधुपाल्चोक, सिन्धुली र रामेछाप छापामार संघर्षले चर्चित भएका दोस्रो दर्जाका जिल्लाहरू हुन् । छापामार कारवाहीहरू पश्चिमाञ्चल र मध्यमाञ्चल मात्र होइन, पूर्वाञ्चलका एकाध जिल्लामा पनि भएका छन्, तर 'छापामार भूकम्प'को केन्द्र भने रोल्पा र रूकुम नै भएका देखिएका छन् ।

विकट ग्रामीण इलाकाका पछौटे र उत्पीडित जात तथा जनजातिहरूमा र विपन्न वर्गहरूमा छापामार संघर्षले सबैभन्दा बेसी अड्डा जमाएको देखिएको छ । ग्रामीण र शहरी क्षेत्रका निम्न-पूँजीवादी लघु-स्वामीहरू र यथास्थितिबाट साह्रै निराशिएका बौद्धिकहरू यो 'माओवादी' छापामार कारवाहीहरूबाट बेसी प्रभावित देखिएका छन् । 'माओवादी'हरूको नेतृत्व र कार्यकर्ताको वर्ग-आधार र समर्थन-आधार यिनै वर्गहरू देखिएका छन् । शहरी क्षेत्रका मजदूरहरूमा भने माओवादीहरूको प्रभाव त्यति ठूलो र व्यापक देखिएको छैन ।

### संघर्षका लक्ष्यहरु

माओवादीहरूले "ऐतिहासिक पहल" को नाममा मूलतः तीन वटा लक्ष्यहरू राखेर छापामार आन्दोलनको पहिलो चरण प्रारम्भ गरेका थिए: पहिलो, सशस्त्र संघर्षको राजनीतिलाई स्थापित गर्ने । दोस्रो, संगठन र संघर्षका मुख्य रूपहरू क्रमशः फौजी र युद्ध हुन् भन्ने मान्यतालाई व्यावहारिक रूप दिने । र, तेस्रो, छापामार इलाकाको विकासका निम्ति आधार तयार पार्ने ।

यसमध्ये पहिलो लक्ष्य निकै राम्ररी हासिल भएको देखिएको छ । तर यसलाई 'सशस्त्र संघर्षको राजनीति' भन्नुभन्दा 'हिंसाको राजनीति' भन्नु बेसी उपयुक्त होला । यो नेपालमा एकै वर्षमा निकै गजबसित स्थापित भएको छ । अब हिंसा नेपालमा सहज स्वीकार्य, स्वाभाविक र सामान्य घटना भएको छ ।


हिजो पाँच जना नेपाली नागरिक सरकारबाट मारिंदा सिंगै देश जुर्मुराएर उठ्थ्यो । आज पचहत्तर जना सपूतको जघन्य हत्या हुँदा पनि देश यस्तो शान्तपूर्वक सुतेर बस्ने स्थिति तयार भएको छ, मानौं यहाँ कहीं केही पनि भएको छैन ।

आवरण कथा

उद्देश्य त हासिल भयो, तर यो उद्देश्य आफैं कति जायज थियो ? गंभीरतापूर्वक सोचिनु पर्ने विषय भएको छ ।

कम्युनिष्टहरू क्रान्तिको निम्ति हिंसात्मक बाटोको अनिवार्यता स्वीकार्दछन् । किनकि, संसारबाट हिंसालाई नै सधैंका निम्ति अन्त गर्नका लागि हिंसात्मक राज्ययन्त्रलाई 'बाइबाई' गर्नका लागि प्रतिहिंसा अपरिहार्य छ, काँडा झिक्न सियो अपरिहार्य भए जस्तै ।

तर के हिंसा र हिंसात्मक बाटो कम्युनिष्टहरूको रूचिको विषय हो ? के यो उनीहरूले उद्देश्य नै राखेर स्थापित गर्नुपर्ने बाटो हो ? यो समाज विकासको लागि अरू सबै शान्तिपूर्ण



# 'जनयुद्ध' को एक वर्ष कस्तो रह्यो ?

-श्याम श्रेष्ठ

माओवादी "जनयुद्ध" को एक वर्षको समीक्षा

❑ क. मोहनविक्रम सिंह, क. माधव नेपाल, क. दीपक शर्मा, प्रा. माणिकलाल श्रेष्ठ, क. पद्मरत्न तुलाधर, खगेन्द्र संग्रौला, दीपक ज्ञवाली र डा. सरोज धितालका विचारोत्तेजक प्रतिक्रियाहरु

❑ "जनयुद्ध" बारे क. प्रचण्ड

बाटाहरू फेल भएपछि बाध्यतावश अप्नाउनु पर्ने बाटो हो ? कम्युनिष्टहरूले बाध्यतावश हतियार नै उठाउनु पर्दा पनि सकेसम्म हिंसालाई कम गर्नुपर्ने हो कि खोजी खोजीकन र सकेसम्म हिंसात्मक झडप बढाउनु पर्ने र त्यसको विशालतामा गौरव गर्ने कुरा हो ? कम्युनिष्टहरूको लागि हिंसा दुःखदायी तर बाध्यताको बाटो नभएर रूचिको विषय बन्न गयो भने राज्यसत्ता प्राप्तिपछि पनि के यो स्थायी मनोवृत्ति वा स्वभाव बन्न जाने खतरा छैन ? मनोवृत्ति वा स्वभाव नै यो बन्यो भने कसरी उनीहरूले राज्यसत्ता आफ्नो हातमा आएपछि पनि संसारबाट हिंसालाई सधैंको लागि 'बाइबाइ' गर्न सक्छन् ? कसरी उनीहरूले अनावश्यक हिंसालाई सकेसम्म पन्छ्याउन सक्छन् ?

माओवादी मित्रहरूका एक वर्षका सारा प्रकाशनहरूमा र गतिविधिहरूमा हिंसाप्रिय मनोवृत्तिको छनक मिल्छ । उहाँहरूमा हिंसाको संख्यामा गौरव गर्ने प्रवृत्तिको झलक मिल्छ । विश्व समुदायमा आफ्नो बहादुरी देखाउनका लागि, भिन्न परिचय देखाउनका लागि समेत हिंसात्मक कारवाही प्रदर्शित गर्ने मनोवृत्तिको झझल्को मिल्छ ।

मेरो ठम्याइमा माओले देखाउनु भएको बाटो यो होइन । माओले देखाउनु भएको बाटो त क्रान्तिमा हिंसात्मक बाटोको अनिवार्यता स्वीकार गर्ने तर हिंसालाई सकेसम्म न्यूनतम पार्ने, हिंसालाई अप्नाउनु पर्दा पनि सकेसम्म जनमुखी बनाउने र हिंसालाई नै संसारबाट बिदा गर्न हिंसालाई उपयोग गर्ने बाटो हो ।

जहाँसम्म अरू दुईवटा लक्ष्य हासिल भए कि भएनन् भन्ने प्रश्न छ, त्यसबारेमा अहिले नै केही भन्न सक्ने स्थिति भइसकेको छैन । तथापि, नेतृत्वको दावी छ-ती उद्देश्यहरू पनि राम्ररी हासिल भएका छन् । फौजको अभिव्यक्तिका रूपमा विभिन्न स्तरका 'छापामार दलहरू' बनिसकेका छन् । र, केही रणनैतिक इलाकाहरूलाई छापामार इलाकामा बदल्ने प्रारम्भिक आधार तयार भएको "जनयुद्ध"का आयोजकहरूको सार्वजनिक दावी छ ।

आयोजकहरूले भनेका छन्- पहिलो चरणमा ६ देखि ८ हजारवटा सशस्त्र कारवाहीहरू संचालन गर्ने उनीहरूको योजना थियो । तर पहिलो चरणको पहिलो महिनामै ६ हजार वटाभन्दा बढी कारवाहीहरू उनीहरूबाट सम्पन्न भएका छन् ।

## संघर्षका रुपहरु

माओवादीले पहिलो चरणमा संघर्षका मुख्य तीन-चार वटा रूपहरू अप्नाएको देखिएको छः सशस्त्र जुलूस, छापामार कारवाही, तोडफोड र प्रोपोगण्डा कारवाही ।

उनीहरूले "माओवाद जिन्दाबाद !', "जनयुद्ध जिन्दाबाद !" को नारा लगाउँदै देशका बिकट भागमा सशस्त्र जुलूस र सभाहरू आयोजना गरे । कृषि विकास बैंकको अफिस र सामन्त एवं धनी किसिमका घरमा छापामार कार्वाही गरेर तमसुक जलाउने र सम्पत्ति, अन्न लुट्ने, जफत गर्ने कार्य गरे । यो काम विशेष गरी गोरखा, काभ्रे र सिंधुली जिल्लामा सम्पन्न भए ।

तोडफोडको कार्यक्रम अन्तर्गत- बहुराष्ट्रिय कम्पनी 'पेप्सीकोला' को काठमाडौंस्थित कारखानामा, केही जाली-फटाहाहरूको घरमा र मिलमा बम पड्काउने कार्य गरे ।

प्रचारात्मक कार्वाही अन्तर्गत सिंधुली, रोल्पा र रूकुमका प्रहरी चौकी कब्जा गरिए । तर पुलीसहरूलाई मार्ने कार्य भने कतै गरिएन । केही झोस्पोल गर्ने जाली फटाहाहरूको कुर्कुच्चाको नसा काटिदिने कार्यहरू गरिए । देशव्यापी पर्चा र पोष्टरका कार्यहरू गरिए ।

यो चरणमा व्यक्ति-हत्या गर्ने कारवाही चाहिं नियोजित रूपमा कतै राखिएको देखिएन ।

## त्रुटीहरु

तर योजनाबद्ध कारवाहीहरूमा पनि केही गभीर त्रुटीहरू र केटाकेटीपन चाहिं यत्रतत्र देखा परे । सिंधुलीको मछौलीमा एउटा एन.जि.ओ. अन्तर्गत गरीब किसानहरूले आपत्कालीन स्थितिको लागि जम्मा गरेको भकारी समेत लुट्ने कारवाही गरियो । कृषि विकास बैंकको कागजात र तमसुक कुनै एउटा शाखामा मात्र नभएर तलदेखि माथिसम्म कम्तीमा चार ठाउँमा रहने सामान्य व्यवस्थालाई समेत याद नगरेर एउटा ठाउँको कागत जलाउने र त्यत्तिकैमा गरीब किसानहरू ऋणबाट मुक्त भइहाल्छन् भन्ने जस्ता अति सरलीकृत धारणाका आधारमा विभिन्न कृषि विकास बैंकमा कारवाहीहरू गरिए । कुटपीट र अंगभंग जनताका प्रमुख दुश्मनमाथि मात्र केन्द्रित नगरी सामान्य दुश्मन र बिरोधीसम्म पनि

विस्तार गरियो र एकैचोटि धेरै विरोधी मानिसहरूमाथि गरियो । यसले प्रमुख दुश्मनलाई विरोधमा प्रचार गर्ने र माओवादी मित्रहरूलाई जतातत्तैबाट एक्ल्याउने मौका मात्र मिल्यो ।

यस्ता कारवाहीहरू गर्दा आवश्यक पर्ने वैधानिक मंच र वैधानिक संघर्षलाई शुरूमा निकै कम महत्व दिइयो वा महत्वै दिएन । उल्टो, जनतामा निकै राम्ररी स्थापित भइसकेको 'संयुक्त जनमोर्चा'लाई अनाहकमा भूमिगत लैजाने महाभूल गरियो ।

यी संघर्षका रूपहरूमा स्थानीय जनताको सहभागिता थोरै मात्रामा त देखियो । तर गहन छलफल र शिक्षाद्वारा हरेक ठाउँको यथास्थितिविरोधी बहुसंख्यक जनता स्वयंलाई ती कार्वाहीको निम्ति मानसिक रूपमा तम्तयार नपारीकन नै अधिकांश छापामार कार्वाही भएको देखियो । कार्वाहीपछि दुश्मनबाट कस्तो दमनात्मक प्रतिक्रिया आउन सम्भव छ र त्यो त्यस क्षेत्रका जनताले र वर्ग संघर्षको तागतले झेल्न, खप्न सक्छ कि सक्दैन ?- भन्ने सवालको यादै नगरी कार्यवाहीहरू गरिए ।

जम्माजम्मीमा, संघर्षको यो चरणका कारवाहीहरूमा मूलतः तीन वटा दोषहरू देखिए । एउटा, कारवाहीको लागि यथास्थिति बदल्न चाहना लिई बहुसंख्यक जनतालाई तम्तयार पार्ने काम सम्पन्न नहुँदै केही कार्यकर्ता र समर्थकहरूले व्यक्तिगत बहादुरीका आधारमा छापामार कार्यवाही गर्ने प्रवृत्ति ।- यो अराजकतावादी प्रवृत्ति हो ।

दोस्रो, प्रमुख शत्रु, गौण शत्रु र मित्रमा भेद नगर्ने, आफूसित थोरै वा धेरै अन्तरविरोध र मतभेद भएका सबैलाई एकै ड्याङमा हाल्ने र एकैचोटि सबैतिर आक्रमण गर्ने सोचाइ । यो अधिभूतवादी चिन्तन हो ।

तेस्रो, कुनै पनि काम थाल्नुअघि चौतर्फी र गहीराइमा विश्लेषण नगरीकन कारवाही ठोकीहाल्ने हचुवा प्रवृत्ति ।


### संघर्षको अर्को चरण

"माओवादी"ले संघर्षको पहिलो चरण पूरा गरेर अब दोस्रो चरणमा पाइला हालिसकेको बताएको छ ।

दोस्रो चरणमा पनि सार्वजनिक रूपले घोषित उसका तीन वटा लक्ष्य देखिएका छन्: पहिलो, छापामार युद्धका पक्षमा व्यापक जन-परिचालन गर्नु । दोस्रो, योजनाबद्ध रूपले छापामारहरूका लागि आवश्यक सामानहरू कब्जा गर्नु । र तेस्रो, देशका निश्चित राजनैतिक इलाकाहरूलाई छापामार इलाकाहरूमा बदल्न सारा कृयाकलापहरूलाई केन्द्रित गर्नु ।

यो चरणमा मुख्य नारा दिइएको छ- "योजनाबद्ध ढंगले छापामार युद्धको विकास गरौं ।"

**डा. बाबुराम भट्टराई:** वैधानिक मोर्चा 'संयुक्त जनमोर्चा' का अध्यक्ष, तर व्यक्ति र संगठन दुवै भूमिगत हुनु पर्ने नीतिका अनुयायी



# यो अपरिपक्व र केटाकेटी प्रकारको गतिविधि हो

**क. मोहनविक्रम सिंह, महामन्त्री, नेकपा मसाल**

**'माओवादीहरुको' 'जनयुद्ध' को एक वर्षको अनुभवद्वारा उनीहरुले अप्नाएको सशस्त्र संघर्षको नीति जनयुद्ध नभएर वास्तवमा उग्रवामपन्थी गल्ति नै हो भन्ने कुरा प्रमाणित भएको छ । कुनै पनि सशस्त्र संघर्षको नीति जनयुद्ध हुनुका लागि ३ वटा शर्तहरु पूरा हुनु पर्दछ ।**

**प्रथम, त्यसको प्रकृति जनपक्षीय हुनु पर्दछ, द्वितीय, त्यो वस्तुगत र आत्मगत स्थितिको सही विश्लेषणमाथि आधारित हुनुपर्दछ र तृतीय, त्यसमा जनसमूहको सहभागिता हुनु पर्दछ ।**

उपरोक्त विषयहरुमा मार्क्सवादी लेनिनवादीहरु र अराजकतावादीहरुका बीचमा मुख्यतः पछिल्ला दुई विषयहरुमा मौलिक अन्तर छ । जहाँतक संघर्षको प्रकृतिको प्रश्न छ, अराजकतावादीहरुको संघर्षको पनि प्रकृति जनपक्षीय र क्रान्तिकारी नै हुन्छ । तर अराजकतावादीहरुको यो मान्यता हुन्छ कि सशस्त्र संघर्ष शुरु हुनका लागि परिस्थिति तयार हुन आवश्यक पर्दैन र त्यसका लागि जनसहभागिता पनि आवश्यक हुन्न र मुट्ठीभर क्रान्तिकारीहरुले क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन सक्दछन् । 'माओवादीहरु' को कथित जनयुद्धको नीतिले सशस्त्र संघर्षसम्बन्धी मार्क्सवादी-लेनिनवादी मान्यताहरुसित कम र अराजकतावादी चिन्तनसित नै बढी मेल खाएको कुरा गत एक सालको अनुभवले प्रष्ट गरेको छ ।

यस सिलसिलामा सर्वप्रथमतः उनीहरुको 'जनयुद्ध' को प्रकृतिबारे नै केही स्पष्टता आवश्यक छ । सामान्य रुपमा उनीहरुको संघर्षको प्रकृति प्रतिक्रियावादीहरुका विरुद्ध नै केन्द्रित भएको र जनपक्षीय भएको कुरा स्वीकार गर्न सकिन्छ । तर उक्त कुरा सामान्य रुपमा नै सत्य हो, सम्पूर्ण रुपमा हैन । माओवादी समूहका आम कार्यकर्ताहरु क्रान्तिकारी स्पिरिटले प्रेरित भएर नै उक्त संघर्षमा सामेल भएका छन् । तर त्यही कुरा उनीहरुको नेतृत्वबारे सत्य होइन । उनीहरुको नेतृत्वको त्यस प्रकारको कथित जनयुद्धको संचालनका पछाडि प्रधानतः दक्षिणपन्थी र चुनावपरस्त राजनीतिका लागि आधार तयार पार्ने उद्देश्य तथा व्यक्तिगत क्यारियरिष्ट महत्वाकांक्षाहरुले नै बढी काम गरेको छ । एक सालको उनीहरुको 'जनयुद्ध' को अनुभवले यो कुरामा कुनै शंका रहन दिएको छैन कि उनीहरुको सशस्त्र संघर्षको नीति परिस्थितिको सही लेखाजोखामाथि आधारित छैन र त्यो मुट्ठीभर कार्यकर्ताहरुद्वारा चलाइएको उग्र 'वामपन्थी' गतिविधि मात्र हो । बताइरहनु पर्ने आवश्यकता छैन कि, यस प्रकारको अपरिपक्व र केटाकेटी प्रकारको गतिविधिद्वारा क्रान्तिलाई कम र दुश्मन शक्तिहरुलाई नै बढी मद्दत पुग्दछ । त्यसका साथै, यस प्रकारको उग्र 'वामपन्थी' गतिविधिको अन्तिम परिणति पनि, सामान्य अपवादहरुलाई छाडेर, प्रतिक्रियावादलाई नै सेवा हुन पुग्दछ । माओवादीहरुको एक सालको अनुभवले पनि यो कुरालाई कैयौं प्रकारले प्रष्ट पारेको छ ।

हाम्रो देशको पिछडिएको निम्न-पूँजीवादी प्रकारको जनमतका कारणले यस प्रकारको गतिविधिले पनि काफी हदसम्म जनतामा विभिन्न प्रकारले असर पार्दछ । त्यो बाहेक, प्रतिक्रियावादीहरुले, राजापरस्त वा कांग्रेसपरस्त तथा कतिपय विदेशी एजेन्सीहरुले पनि त्यस प्रकारका गतिविधिहरुलाई आफ्ना प्रतिक्रान्तिकारी उद्देश्यहरुको पूर्तिका लागि विभिन्न प्रकारले उपयोग गर्ने प्रयत्न गरिरहेका छन् र त्यसमा काफीहदसम्म सफल पनि भइरहेका छन् । अपरिपक्व, केटाकेटी प्रकारको तथा भावनात्मक पक्षहरुमाथि बढी ध्यान दिएर काम गर्ने 'माओवादीहरु'को चरित्रका कारणले पनि प्रतिक्रियावादीहरुलाई उनीहरुबाट त्यस प्रकारको नाजायज फाइदा उठाउन संभव भइरहेको छ ।

निश्चय नै, त्यसको अर्थ, हामीले माओवादीहरु प्रतिक्रियावादीहरुका सि.आई.डी. वा एजेन्टहरु नै बनेका छन् भनेर आरोप लगाउन खोज्दैछौं भन्ने होइन । तर उनीहरुको नियत जे भएतापनि उनीहरुका गलत नीति र व्यवहारको परिणामले प्रधानतः प्रतिक्रियावादीलाई मद्दत पुग्नु स्वभाविक हुन्थ्यो र हुन गएको छ ।

दुनियाँभरका मार्क्सवादी-लेनिनवादीहरुले 'क्रान्तिकारिता'को आडमा देखापर्ने उग्र'वामपन्थी' गतिविधिहरुको विरोध गर्दै आएका छन् र अहिले नेपालको सन्दर्भमा पनि नेकपा (मसाल) ले दृढतापूर्वक त्यही नीति अप्नाएको छ ।

तर त्यो कुराले यो कुरामा कुनै अन्तर आउँदैन र आउनु हुँदैन कि, हाम्रो विरोध र संघर्ष प्रधानतः प्रतिक्रियावादका विरुद्ध नै केन्द्रित हुनुपर्दछ । अन्ततः आज देशमा देखा परेको उग्र'वामपन्थी' गतिविधिको स्रोत पनि प्रतिक्रियावादी राज्य सत्ता र श्वेत आतंक नै हुन् । तिनीहरुको प्रतिकारका लागि सशस्त्र संघर्ष अनिवार्य छ । तर माओवादीहरुको उग्र'वामपन्थी' गतिविधिबारे हाम्रो विरोध यो तथ्यमा अन्तर्निहित छ कि, त्यस प्रकारको गतिविधिले जनयुद्धको आधार र तैयारीमा नकारात्मक प्रकारले असर पार्दछ र त्यसरी प्रतिक्रान्तिको नै सेवा गर्दछ । त्यसकारण, कुनै पनि उग्र'वामपन्थी' गतिविधिको विरोध सामान्यतः जनआन्दोलन र विशेषतः जनयुद्धको हितका लागि आवश्यक र अनिवार्य शर्त हो । ❑

*हामीले माओवादीहरू प्रतिक्रियावादीहरूका सि.आई.डी. वा एजेन्टहरू नै बनेका छन् भनेर आरोप लगाउन खोज्दैछौं भन्ने होइन ।*

यस योजनामा पहिलो योजनामा नभएको एउटा नयाँ कारवाही पनि थपिएको छ । त्यो हो- अबदेखि छानिएका दुश्मनलाई खत्तम गर्ने ।

यस अन्तर्गत जनताका छोराछोरीको हत्यामा प्रत्यक्ष रूपले संलग्न विशिष्ट अपराधीलाई मारिदिने लक्ष्य राखिएको छ ।

यो योजनामा संघर्षका मुख्य रूपहरू उनैं हुने बताइएको छ, जुन पहिलो चरणको योजनामा थिए ।

यो योजना अन्तर्गत पुलीस चौकी, सामन्त तथा जाली-फटाहाहरूका साथमा भएका हतियारहरू खोस्ने, फेरि पनि बैंक कब्जा गरी तमसुक जलाउने र सामन्त ब्याजखोरहरूको जाली कागजात र तमसुक जलाउने कार्यक्रमहरू भटाभट भइरहेका छन् । गएको पुष १९ गतेको रामेछापको बेथान काण्ड त्यसैको एउटा कडी हो । केही समय अगाडि 'माओवादी'का केन्द्रीय समिति सदस्य रामवृक्ष यादवलाई मार्ने पुलीस अफिसरलाई छापामारहरूले बदलाको कार्वाहीस्वरूप मारिदिएका छन् । रूकुमको पिपल गाविसमा ६ जना खत्री बन्धुहरूलाई मार्ने हत्यारा नाइकेलाई पनि पुलीस चौकीकै अगाडि मारिएको खबर छ ।

## सरकारी रबैया

नेपालको प्रतिक्रियावादी शासक वर्ग अहिले माओवादी छापामार गतिविधिमाथि दोहोरो चाल चलिरहेको देखिएको छ । उसले एउटा 'ग्रायण्ड डिजाइन' अन्तर्गत तल तल नृशंस दमन गर्दैछ । २०४६ सालको जनआन्दोलनलाई छाडेर यति छोटो अवधिमा ६ दर्जनभन्दा बेसी नागरिकहरूको राज्यद्वारा हत्या गरिएको नेपालको इतिहासमा पहिलो पटक हो । तर माथि भने नियोजित रूपमा उसले तलको तुलनामा निकै खुकुलो छाडिरहेको बुभिन्छ । पुलीस चौकीमा भडप भएको बेला संयोगवश तीर्थ गौतम मारिएको नाहक अहिलेसम्म जिल्लास्तरीय नेताहरू कोही मारिएका छैनन् । केन्द्रीय स्तर अहिलेसम्म लगभग सुरक्षित रूपमा आफ्नो गतिविधि चलाइरहेको छ ।

सरकारले नसकेर होइन, नखोजेर माथिल्लो नेतृत्वलाई यतिखेर अलि फुक्का जस्तो नै छाडिरहेको आभास हुन्छ । एक विश्वस्त सूत्रले बताए अनुसार, अहिले सैनिक गुप्तचर विभाग माओवादीहरूमाथि विशेष निगरानी राख्दैछ । ऊ अहिले प्रतिक्रियामा केही गरिरहेको छैन, तर कुनै पनि बेला गर्न सक्ने गरी तम्तयार बसेको छ । कुन नेता कहाँ छन् ?- ऊ लगभग त्यसको सूचना लिएर बसेको छ ।

सरकारले माओवादी नेतृत्वलाई फुक्का छोड्नुको पछाडि उसका निश्चित योजनाहरू कारणको रूपमा रहेका बुभिन्छन् । सरकारको लागि माओवादीहरूको गतिविधिको पनि निश्चित नकारात्मक मूल्य रहेको देखिन्छ । सरकार यतिखेर माओवादी गतिविधिलाई समस्याको रूपमा तेर्स्याएर पंचायतकालीन सुरक्षा ऐनलाई पनि उछिन्ने आतंकवादविरोधी कानून र अन्य जरूरी काला कानूनहरू ल्याउने कोशिसमा देखिन्छ, जुन सामान्य अवस्थामा ल्याउनु संभव हुँदैन । माओवादीलाई नै देखाएर सरकार यतिखेरै मिलिटरी यन्त्र, पुलीस यन्त्र र गुप्तचर यन्त्रलाई पहिलेभन्दा धेरै चुस्त र दमन-सक्षम बनाउन उद्यत देखिन्छ । र, यस बिहुँमा केही भ्रष्ट तत्वहरू बजेट बढाउने र बीचैमा चुहावट गर्ने प्रयत्नमा समेत भएको बुभिन्छ । र, एमालेको बढ्दो शक्तिविरूद्ध 'चेक एण्ड ब्यालेन्स'को शक्तिका रूपमा उनीहरू माओवादीलाई उपयोग गर्न खोजिरहेछन् ।

यी मूल्यहरू बाँकी रहुन्जेल र माओवादी गतिविधि नियन्त्रणभन्दा बाहिर जान लागेको प्रतीत नहुन्जेल सरकारले माओवादी गतिविधिप्रति केन्द्रीय रूपमा खुकुलोपन देखाउने, तल दबाउने- माथि छोड्ने नीति अप्नाइरहन संभव छ । तर यी मूल्यहरू चुक्ता हुनासाथ ऊ सर्वत्र नृशंस रूपमा उत्रने टड्कारो संभावना छ । माओवादी मित्रहरूले सरकारको यो ग्रायण्ड डिजाइनलाई राम्ररी केलाउनु र बुभ्न जरूरी छ । अहिले सारा दरबारिया, वा अन्य प्रतिक्रियावादी सरकारी प्रचार-यन्त्रहरू ठूलो ठूलो स्वरमा किन माओवादी गतिविधिलाई हाइलाइट गर्दैछन् ? राजाको सक्रिय नेतृत्व खोज्ने हृषिकेश शाहहरू किन यतिखेरै माओवादी गतिविधि र नेताहरूप्रति अति सहानुभूतिशील देखिन्छन् ? यी सवाललाई राम्ररी घोत्लेर हेर्नु जरूरी छ ।

## उदयको कारण

२०४६ सालको ऐतिहासिक जन आन्दोलनका मुख्य अगुवाहरूले पाँच, छ वर्षमै त्यस जन आन्दोलनको लक्ष्य र आदर्शलाई आर्यघाटमा सेलाए । त्यसको भुंग्रो र खरानीबाट "माओवादी जनयुद्ध" अहिले आगोको लप्का भएर उठेको हो ।

यथास्थितिमा परिवर्तन गर्ने नेपाली जनताको तीव्र चाहनालाई पंचायती निरकुशतन्त्रले निकास दिएन । त्यसैले त्यो प्रगतिको तगारोलाई जनताले वाम-कांग्रेसको अगुवाइमा २०४७ सालमा जनआन्दोलनद्वारा भत्काए । तर त्यसपछि आएको नयाँ सत्ताले पनि त्यो चाहनालाई लत्याउने काम गऱ्यो । यसले आम जनतामा नेतृत्वप्रति नै भन्पछिभन् निराशा र अविश्वास जन्मायो । परिवर्तनको प्रतीक्षा गर्ने धैर्य भन्पछिभन् सिध्यायो । तर यतिखेर यथास्थितिमा परिवर्तन गर्ने जनताको क्रान्तिकारी चाहनालाई संबोधन गर्ने अर्को सक्षम र विश्वासिलाइलो क्रान्तिकारी वैकल्पिक शक्ति पनि मैदानमा देखापरिसकेको छैन । ठीक यही नेतृत्वविहीनता र निराशाको भावभूमिमा "माओवादी जनयुद्ध" देब्रे धुवको विकल्प र प्रतिक्रिया भएर मैदानमा

माओवादीहरुद्वारा रुकुमको पिपल गाविसमा ध्वस्त पारिएको धान कुट्ने मील
फोटो साभार: Voice



**जनतामा निकै राम्ररी स्थापित भइसकेको 'संयुक्त जनमोर्चा'लाई अनाहकमा भूमिगत लैजाने महाभूल गरियो**

नेकपा एमालेका महासचिव

# क. माधव नेपाल के भन्नु हुन्छ ?

**जनयुद्धको एक वर्ष: गलत संघर्षको बाटोको एक वर्ष**

**मा**ओवादी कमरेडहरुले जुन बाटो लिनु भएको छ देशमा नौलो जनवाद ल्याउनको लागि, त्यो बाटोप्रति हाम्रो असहमति छ । त्यो बाटोबाट नयाँ जनवाद आउने होइन कि, अभ्र भन् नआउने दिशातिर देश जान्छ ।

उहाँहरुले जुन बाटो अहिले लिइरहनु भएको छ, त्यस्तो सशस्त्र संघर्षको बाटो हामीले २०२८ सालमा कोअर्डिनेशन केन्द्र हुँदा खेरी नै लिईसकेका हौं । आम जनतालाई वर्ग संघर्षको निम्ति तम्तयार नपारीकन नै नेता र कार्यकर्ताले बन्दूक समात्ने बाटो हामीले उतिखेरै लिईसकेका हौं । हामीले त्यो बाटो चीन र नक्सलवादी आन्दोलनको अन्धनक्कल गरेर लिएका थियौं ।

तर व्यवहारले हामीलाई सिकायो- त्यो बाटो गलत रहेछ । नेता-कार्यकर्ताले बन्दूक समात्दैमा क्रान्ति भइहाल्दो रहेनछ । मूल कुरा त, आम जनताले अब प्रगतिका लागि कुनै बाटो बाँकी छैन, अब बन्दूक नसमाती हुँदैन भनेर आफ्नै संघर्षको अनुभव र व्यवहारद्वारा बुझ्नु जरुरी हुँदोरहेछ । फेरि, नेपालको स्थिति चीन, रुस, क्यूबा कुनैसित पनि दुरुस्त मिल्दोरहेनछ । नेपाली समाजको विकास आफ्नै ढंगले भइरहेको छ । यहाँको इतिहास आफ्नै खालको छ । यहाँको सामाजिक बनोट आफ्नै खालको छ र अन्तरविरोध आफ्नै खालको । यहाँको क्रान्तिकारी आन्दोलन पनि आफ्नै ढंगले अघि बढिरहेको छ । यस्तो परिस्थितिमा कहींको पनि अन्धनक्कल गरेर यहाँ क्रान्ति गर्न संभव रहेनछ । नेपालमा क्रान्ति गर्न नेपाललाई नै बुझ्नु पर्दोरहेछ । हामीले ठक्कर खाए पछि नै यो कुरा बुझ्यौं । तर माओवादी कमरेडहरु भने त्यहीं हुनुहुन्छ, जहाँ हामी २०२८ सालमा थियौं । उहाँहरुलाई अभ्रै पनि भ्रम छ कि- बन्दूक समातेपछि क्रान्ति भइहाल्छ । उहाँहरुको जनयुद्धको एक वर्षले यही देखाएको छ ।

तर बन्दूक त क्रान्तिको साधन मात्रै हो, साध्य होइन । संसारमा सबै ठाउँमा सबै बेला संघर्षको यही एउटै रुप प्रभावकारी भएको देखिएको छैन । कतिपय ठाउँमा कतिपय बेलामा त जनआन्दोलन पनि प्रभावकारी भएको देखिएको छ । मूल कुरा त बहुसंख्यक जनता विद्यमान व्यवस्थाविरुद्ध जनआन्दोलनमा उत्रनु हो । उनीहरु आफैंले आफ्नै आन्दोलनको अनुभवबाट बुझ्नु हो कि अब परिवर्तनको निम्ति हतियार नसमाती हुँदैन । तब मात्रै त्यो जनताको सशस्त्र आन्दोलन हुनजान्छ । हतियार उठाउने विन्दु आउनका लागि क्रान्तिकारी शक्ति र प्रतिक्रियावादी सत्ताबीचको अन्तरविरोध पनि चुलीमा पुग्नु जरुरी हुन्छ । र, हल नहुने स्थिति पैदा भएको हुनुपर्दछ । नेपालमा अहिले त्यो स्थिति छ भन्ने हामीलाई लाग्दैन ।

हाम्रो ठम्याइमा नेपालमा अहिले संवैधानिक र संसदीय शान्तिपूर्ण आन्दोलनबाटै परिवर्तन ल्याउने गुंजाइश खत्तम भइसकेको छैन । त्यसैले, माओवादी जनयुद्ध बेमौसमको बाजा हो भन्ने हामीलाई लाग्दछ ।

सधैंभरि एउटै बाटो, सशस्त्र संघर्षको बाटो !- यस्तो ठम्याइ मार्क्सवादी ठम्याइ होइन । कहिले परिवर्तनको लागि जनआन्दोलन प्रभावकारी हुन्छ, कहिले संसदीय संघर्ष, कहिले सशस्त्र संघर्ष नै । यतिखेर नेपालमा जनआन्दोलन र संसदीय संघर्षको बाटो नै प्रभावकारी हुन्छ भन्ने हामीलाई लाग्छ ।

यस अर्थमा, माओवादी जनयुद्धको एक वर्ष- गलत संघर्षको बाटोको एक वर्ष भयो भन्ने हामीलाई लागेको छ । यसमा अनावश्यक बलिदान मात्र भयो भन्ने हामीलाई लाग्दछ । तथापि यो राजनैतिक समस्या हो । सरकारले यसलाई दमनद्वारा होइन, राजनीतिक उपायबाट हल गर्नु पर्छ भन्ने हाम्रो मान्यता छ । ❑

खडा भएको हो ।

यही निराशाको भावभूमिमा 'अब राजाको सक्रिय नेतृत्व चाहिँन्छ' भन्दै अर्को दक्षिणी ध्रुवको विकल्प र प्रतिक्रिया पनि मैदानमा देखा परिरहेछ । पुराना पंच र हृषिकेश शाहहरूले यो विचारलाई मुखरित गरिरहेछन् ।

त्यसैले, यतिखेर अकारण र उत्तिकै माओवादी जनयुद्ध मैदानमा देखापरको होइन । यसको उदय र विकासका लागि अनुकूल वस्तुगत भावभूमि यतिखेर नेपालमा विद्यमान छ । यस्तो स्थिति तीन, चार, पाँच वर्षअघिसम्म पनि नेपालमा थिएन । संसदीय डबलीमा जति जति राष्ट्रघातहरू भए र हुन्छन्, देश र जनताको आकांक्षामाथि बन्चरो चलाउने काम भए र हुन्छन्, उति उति माओवादी जनयुद्ध आवेशमा र विकल्पको एउटा उज्यालो मुस्लो बनेर दन्कने सम्भावना देखिन्छ ।

नेपालमा अहिले वर्गीय रूपमा खस्किन लागेको लघु-स्वामीहरूको बहुसंख्या छ । निम्नपूँजीवादी अधैर्यता लघु-स्वाम्रीहरूको मूल स्वभाव हो ।

एकातिर, मैदानमा मार्क्सवादलाई सन्तुलित रूपमा उपयोग गर्ने सही क्रान्तिकारी नेतृत्वको अभावबाट पैदा भएको निराशा, अर्कोतिर नेपालमा निम्न-पूँजीवादी वर्गको बाहुल्यता र उनीहरूमा व्याप्त निम्न-पूँजीवादी अधैर्यताः यी दुई थरिको मेल र विवाह भएपछि पैदा हुने सन्तान भनेको 'माओवादी जनयुद्ध' नै हो ।

फलाना गद्दारलाई माओवादीले हात खुटा भाँचीदिए क्या हुन्थ्यो !, ढिस्कानो राष्ट्रघातीका घरमा माओवादीले किन बम पडकाउँदैन हँ ? चिलानो जाली फटाहा सामन्तीलाई माओवादीले पाता कसी दिए क्या हाइसन्चो हुन्थ्यो !

यी र यस्ता मनोभावनाहरू यथास्थितिबाट निकै निराश भएका तमाम कामदार वर्ग, निम्न पूँजीवादी वर्ग र मध्यम वर्गमा प्रशस्त पाइन्छन् । यो अहिले हाम्रो समाजमा व्याप्त निम्न पूँजीवादी मनोदशा हो । यही मनोविज्ञानको जगमा माओवादी जनयुद्धको महल अहिले खडा भइरहेछ । त्यसैले निकै ठूलो वैचारिक भुँइचालोले त्यो मनोमहललाई नभत्काएसम्म यो झन झन गगनचुम्बी हुँदै जाने सम्भावना व्यापक छ ।

यस्तो किनभने, हाम्रो यो निराशा र अधैर्यको मनोदशाले त्यस्ता असाधारण बीरहरूको माग गर्छ, जसले सारा खतरा मोलेर चमत्कारपूर्ण कार्वाहीद्वारा हाम्रा दुश्मनहरूलाई तुरुन्तै सिध्याइदिन्छन् ! हाम्रा उत्पीडन र घृणाका पात्रहरूलाई हामीलाई खतरामा नपारिकन नै सफाचट पारिदिन्छन् । संयोगले निम्न-पूँजीवादी वर्ग-आधार, यान्त्रिक चिन्तन प्रक्रिया र अराजकतावादी सोचले गर्दा नेकपा माओवादीका क्रान्तिकारी साथीहरूले पनि अहिले त्यस्तै व्यक्तिगत बहादुरीमा आधारित क्रान्तिकारी बाटो रोज्नु भएको छ । यस्तो भएपछि हाम्रो मनोदशा, हाम्रो अपेक्षा र उहाँहरूको बाटोको ठ्याक्कै सम्मिलन भयो ।

त्यसैले यथास्थितिबाट निराश भएका लघु-स्वामीहरूमा एक हदसम्म 'माओवादी जनयुद्ध' लोकप्रिय हुन सक्ने सम्भावना छ । यसमा उनीहरूको सहयोग र समर्थन जुट्ने सम्भावना छ । चर्को दमन निस्त्याउने काममा दुश्मनको निर्णायक वा ठूलो शक्तिसित भिड्ने दुस्साहस कतै भइहालेन भने छापामार गतिविधिहरू लामो समयसम्म टिक्ने र विस्तार हुने सम्भावना देखिन्छ । गएको वर्षको कामबाट माओवादी मित्रहरू अहिले निकै उत्साहित र क्रियाशील देखिन्छन् । देशमा यो वर्ष भएका राष्ट्रघाती घटनाहरू र संसदीय मंचमा देखिएको सत्ताको घिनलाग्दो खेलले माओवादी मित्रहरूलाई आफ्नो औचित्य साबित गर्न अरू सजिलो भएको छ । यस्ता कामहरू अरू दोहोरिनेवाला छन् ।

तथापि, देशमा सन्तुलित रूपमा

# यो "वामपन्थी" भड्काव हो

—क. दीपक शर्मा, सेक्रेटरीः नेकपा एकता केन्द्र—

नेपालमा क्रान्ति सम्पन्न गर्न सशस्त्र संघर्षको आवश्यकता छ । हाम्रो पार्टी नेकपा (एकता केन्द्र) यसबारेमा स्पष्ट र दृढ छ । त्यसैले हामीले नेकपा (माओवादी)ले गत साल फागुन १ गतेदेखि शुरु गरेको संघर्षको नियत र स्पिरिटलाई समर्थन र उच्च मूल्यांकन गरेका हौं । यसका साथसाथै उहाँहरुको यस कदमलाई 'वामपन्थी' भड्कावका रुपमा विश्लेषण गरी त्यसप्रति असहमति पनि प्रकट गरेका हौं । हाम्रो विचारमा उहाँहरुलाई यतिबेला यो कदम चाल्ने स्थितिमा पुऱ्याउनमा भूमिका खेल्ने मुख्य पक्ष नेपाली क्रान्तिमा सशस्त्र संघर्षको स्वरुप के हो ? भन्नेबारेमा उहाँहरुमा रहेको गलत समझदारी हो भने, अर्को पक्ष हो- सशस्त्र संघर्षको शुरुवातका लागि आवश्यक क्रान्तिकारी परिस्थिति र आत्मगत तयारीका सम्बन्धमा भएको गलत समझदारी । यतिबेला उहाँहरुसंगको हाम्रो मुख्य मतभेद पनि यही हो ।

सम्बन्धित समग्र पक्षहरुको विश्लेषणका आधारमा निकालिएका हाम्रा फरक फरक निष्कर्षहरु मध्ये कुन सही र कुन गलत हुन् ?- भनी पुष्टि गर्न एक वर्षको अवधि र त्यस अवधिका क्रियाकलापहरु पर्याप्त नहुन सक्दछन् । यो एक वर्षको उहाँहरुको गतिविधिले हाम्रो विश्लेषणलाई गलत साबित गरेको छैन । उहाँहरुको दिशा र कदमको सहीपनाको पुष्टि पनि हुन सकेको छैन ।

त्यसका बाबजूद, यस अवधिमा हामीले गरेका विश्लेषणहरुको सहीपनाको पुष्टि गर्ने केही आधारहरु भने अवश्य देखिएका छन् । एक त, उहाँहरुको जनयुद्धमा आम जनसमूहको सक्रिय सहभागिता अद्यापि देखा परेको छैन । वर्तमान राजनैतिक आर्थिक परिस्थितिले सिर्जना गरेका नैराश्यताका कारणले व्यक्त गर्ने गरिएका क्षणिक आवेगात्मक टिप्पणीहरुलाई छाडिदिने हो भने, आम जनसमूहले संघर्षको यो रुपलाई अहिल्यै समर्थन, स्वीकार र आत्मसात गरेको पाइदैन । यसले एकातिर आम जनसमूह होइन, केही क्रान्तिकारी वीरहरुले क्रान्ति गर्ने हो भन्ने अराजकतावादी सोचबाट उहाँहरु प्रभावित हुन भएको र अर्कोतिर, यसले जनयुद्धको चरित्र ग्रहण गरिनसकेको नै देखाउँछ ।

दोस्रो, सरकारले यो एक वर्षमा 'माओवादी' साथीहरु र अन्य वामपन्थी प्रभावक्षेत्रका आम जनसमुदायमाथि दमन गर्न शुरु गरेको छ । यस क्रममा थुप्रै क्रान्तिकारीहरु, क्रान्ति समर्थकहरु र सामान्य नागरिकको हत्या भइसकेको छ । यसले क्रान्तिकारी आन्दोलनमा क्षति पुऱ्याएको छ । हाम्रो पार्टी लगायत सबै क्रान्तिकारी शक्ति तथा व्यक्तिहरुले सरकारी हत्या र दमनको विरोध गर्दै त्यसलाई रोक्ने अधिकतम प्रयत्नहरु गरिरहेका छौं । यो प्रयत्नलाई अझ सशक्त बनाउनु जरुरी छ ।

तर यस सन्दर्भमा हामी के कुरा गंभीरतापूर्वक सोच्न जरुरी ठान्दछौं भने- प्रतिक्रियावादीहरुले राज्य-दमन अहिलेको स्तरमा मात्रै सीमित नराखेर झन् चर्को रुपमा बढाउने संभावना छ । त्यसले क्षतिलाई झन् बढाउनेछ । अझ, राज्य-दमनको वर्तमान रुपलाई मात्र आँकलन गरेर नीति निर्णयहरु लिइयो भने त झन् त्यसले ठूलो क्षति पुऱ्याउन सक्ने खतरा छ । देशको वर्तमान परिस्थितिमा उहाँहरुको गतिविधिमा तत्काल केही वृद्धि र विस्तार पनि हुनसक्ला तर मुख्य कुरो त्यो होइन, मुख्य कुरा यो दिशाले सफलता प्राप्त गर्छ कि गर्दैन भन्ने हो ।

हामी यस अवधिमा देखा परेका निम्न तथ्यहरुतर्फ पनि सबैका ध्यान जानु आवश्यक ठान्दछौं;

१) सबैजसो प्रतिक्रियावादी संचार माध्यमहरुको, विशेषतः राजदरबार नजिकका पत्रपत्रिकाहरुले माओवादी जनयुद्धका गतिविधिहरुको महत्वका साथ प्रचार गरिरहेका छन् । ती प्रतिक्रियावादीहरुले एमालेका विरुद्ध माओवादीलाई त प्रस्तुत गरेकै छन्, त्यसका अतिरिक्त, माओवादीको पक्ष लिएर एकता केन्द्र र मसाल जस्ता क्रान्तिकारी शक्तिहरुलाई कहिले गाली गर्ने र कहिले उकास्ने काम पनि गरिरहेका छन् । उनीहरुका टिप्पणी र समाचार विश्लेषणहरु यस्ता छन्, मानौं उनीहरु जत्ति सच्चा कम्युनिष्ट र क्रान्तिप्रेमी अरु कोही छैनन् ।

यसलाई माओवादी र उनीहरुको बीचको साँठगाँठ वा गठबन्धनका रुपमा बुझ्नु बिल्कुल गलत हुन्छ । तर सहजै बुझ्न सकिन्छ- उनीहरु बिनामतलब यसो गरिरहेका छैनन् । माओवादी बढेको प्रचार गर्न उनीहरु किन चाहन्छन् ? उनीहरु माओवादीहरु प्रोत्साहित हुँदै केही समय अझ गतिविधि गरुन् भन्ने चाहिरहेका त छैनन् ? यस्तो किन होला ?

(२) यति नै बेला पंचायतलाई पनि बिर्साउने खालको राजतन्त्रको गुणगान चलेको छ । निरंकुश प्रतिगामी शक्तिहरुको हालीमुहाली बढेर गएको छ । २०४६ सालको आन्दोलनकारी मूल्य र भावनाविपरीत संसदीय शक्तिहरुको अनुत्तरदायी र निकृष्ट क्रियाकलापहरुले सिर्जना गरेको भावभूमिमा 'निरंकुश राजतन्त्र र पंचायत नै ठीक' भन्ने वातावरण बनाउन खोजिदैछ । ऐन मौकामा अराष्ट्रिय र प्रतिगामी भूमिका खेल्ने हृषिकेश शाह जस्ता बौद्धिक-अवसरवादीहरु 'राजामा मात्र अब सबैको



क. बाबुराम र क. पम्फा भुसालः एकताका सडक संघर्षको नेतृत्व गर्दै

विश्वास छ र राजाले नै शासन हातमा लिनु पर्दछ' भन्ने जस्ता कुराहरु सार्वजनिक रुपमा बोल्ने साहस गरिरहेका छन् ।

यसरी जुन बेलामा माओवादी गतिविधि शुरु भएको छ, त्यही बेलामा त्यसका साथसाथै निरंकुश राजतन्त्रलाई एउटा वा अर्को रुपमा पुनर्स्थापित गर्न खोज्ने प्रयत्नहरु पनि भइरहेका छन् । जसले निरंकुश राजतन्त्रको पक्षमा प्रचार गरिरहेका छन्, तिनैले माओवादी जनयुद्धको पनि प्रचार गरिरहेका छन्, उनीहरुप्रति सहानुभूति प्रकट गरिरहेका छन् । यस्तो किन होला ?

उपरोक्त तथ्यहरु गंभीर र विचारणीय छन् । के 'माओवादी' बढेको हौवा खडा गरेर अझ उनीहरुलाई अप्रत्यक्ष रुपले केही समय 'प्रोत्साहित' पनि गरेर, ठूलो दमनको निमित्त आधार तयार गर्ने, निरंकुशता लाद्ने र प्रतिगमनको निम्ति ढोका खुला गर्ने षड्यन्त्र त भइराखेको छैन ? वा प्रतिक्रियावादीहरु मिलेर आमरुपमा वामपन्थी मास्ने योजना त बनाइँदै छैन ? सबैले गंभीरतापूर्वक ध्यान दिनु जरुरी छ । विशेषतः 'माओवादी' साथीहरुको गंभीर ध्यानाकर्षणको आवश्यकता छ ।

अन्त्यमा, एउटा कुरा भनौं । 'माओवादी' साथीहरु उहाँहरुको संघर्षको वर्तमान रुप र प्रक्रियाका बारेमा मतभेद राखी सैद्धान्तिक संघर्ष गर्ने क्रान्तिकारीहरु विरुद्ध निम्न स्तरको भाषामा गालीगलौजमा उत्रिरहनु भएको छ । उहाँहरुमा दम्भ र असहिष्णुता प्रष्ट देखिन्छ । के क्रान्ति-प्रक्रियामा अघि बढ्ने सच्चा क्रान्तिकारीहरु यस्तै दम्भकारी र असहिष्णु हुन्छन् ? यो त एक प्रकारको फासीवादी रुझान (Fascist tendency) नै होइन र ? यसबाट उहाँहरुको क्रान्तिसम्बन्धी समझदारी र स्तरको, सानो भएपनि, झलक मिल्छ ।

❑

# माओवादी "जनयुद्ध"को दिशा र सार के हो ?

**खगेन्द्र संग्रौला**

२०४६ सालको बलिदानी जनआन्दोलनमा प्रकट भएका नेपाली जनताका सरल आकांक्षा आन्दोलनपछि सत्ता अन्तर्गत पनि आम रुपमा दमित र कुण्ठित नै हुनगए । जनजीविका, जनताको मर्यादा र सुरक्षामा क्रमिक सुधार हुनुको विपरीत सत्तामा ठूलठूला संसदीय दलहरुमाझ राज्यको स्रोत-साधनमा 'लखनऊ लूट'को खुलेआम होडबाजी चल्यो । पंचायती ठालुहरु प्रजातन्त्रका उपदेशकका रुपमा सत्ताको भागबण्डा र सोखबिलासको माहौलमा ससम्मान स्थापित भए । भ्रष्टाचार, बेरोजगारी, भाउ बृद्धि, नातावाद, कृपावाद, सार्वजनिक असुरक्षा र अनिश्चितता, राष्ट्रिय सार्वभौमसत्ता र राष्ट्रिय सम्पदामाथिको सत्तालोलुप खेलबाडले चरम् रुप लिँदै गए । जनजनका आधारभूत आवश्यकता र जायज आकांक्षालाई घोर उपेक्षा गर्दै सत्तामा 'पजेरे प्रजातन्त्र' र 'गरीबभक्षक विकास'कै मात्र विकास हुनथाल्यो । मानव अधिकार कुरुप शासनतन्त्रको निरर्थक अलंकार मात्र बन्यो ।

मेरो विचारमा, माओवादी जनयुद्ध यसै सामाजिक-राजनैतिक पृष्ठभूमिबाट पैदा भएको सामाजिक आक्रोश र छट्पटी, हताशा र अधैर्यताको राजनैतिक अभिव्यक्ति हो ।

माओवादी जनयुद्धको नेतृत्वले उक्त जनयुद्ध मार्क्सवाद-लेनिनवाद-माओवादबाट निर्देशित रहेको र असमानता र अन्यायमा आधारित राज्यसत्तालाई ध्वस्त पारी समानता र सामाजिक न्यायमा आधारित नौलो राज्यसत्ता खडा गर्ने उद्देश्यप्रति समर्पित भएको कुरा बताएको छ । माओवादी जनयुद्धको राजनैतिक आशयलाई नकार्दै तथाकथित झडपको नाउँमा कृत्रिम नाटकको श्रृंखला रचेर निहत्था जनताको जघन्य हत्याद्वारा बाहुबलका आधारमा यसलाई दमन गर्ने तीनदले गठबन्धन सरकारका प्रयासहरु पूर्णतः बिफल भएका छन् । र, माओवादी पार्टीको नेतृत्वको उद्घोष अनुसार पहिलो वर्ष सफलतासाथ पार गरी जनयुद्ध अब गहन र विस्तारित हुने क्रममा दोस्रो वर्षमा प्रवेश गरेको छ ।

आफ्नो वर्ष दिनका गतिविधिमार्फत् अभिव्यक्त भएको माओवादी जनयुद्धको दिशा र सार के हो ? के यो नेपाली समाजको जटिल यथार्थको ठोस विश्लेषणमा आधारित छ ? के यसले माओ विचारधाराको सारलाई नेपाली यथार्थका सन्दर्भमा सिर्जनात्मक रुपले प्रतिबिम्बित गरेको छ ? के यो तर्कसंगत ढंगले नेपाली यथार्थको ठोस धरातलमा खडा भएको छ ? के यसले नेपाली श्रमजीवी जनताको व्यापक र दीगो समर्थन पाएको वा पाउने सम्भावना छ ?

> माओवादी जनयुद्ध तर्क, युक्ति, सामाजिक यथार्थको ठोस विश्लेषण र दूरगामी योजनाका आधारमा नभई आक्रोश, क्रोध र रोमान्टिक भावोत्तेजनाद्वारा निर्देशित छ

माओवादी नेतृत्वको चिन्तन र वर्ष दिनका घटनाक्रम केलाउन खोज्दा यी प्रश्नहरुका पत्यारिला उत्तर फेला पर्दैनन् । नेपालको विशिष्ट भू-राजनैतिक स्थिति र वर्तमान विश्वको जटिल अर्थ-राजनैतिक परिदृश्य अन्तर्गत नेपाली जनक्रान्तिको विशिष्ट प्रकृति र बाटो के हो ? यस ज्वलन्त समस्याको ऐतिहासिक र समाजशास्त्रीय उत्तर खोज्नतर्फ माओवादी नेतृत्वमा उत्रो चिन्ता र चाख देखिँदैन । यसले त चिनियाँ जनयुद्धको बाटोलाई अति सरलीकृत र यान्त्रिक ढङ्गले नेपाली सामाजिक धरातलमा प्रत्यारोपण गर्नु नै पर्याप्त ठान्दछ । नेपाली यथार्थको अन्तरभित्र पसेर चिन्तन गर्ने चेष्टासम्म गर्नु पनि यसका दृष्टिमा अपवित्र कार्य हुन्छ र त्यस्तो चेष्टा मात्र पनि अनेकौं अभियोगहरु प्राप्त गर्नका निमित्त मनग्गे हुन्छ ।

समाज रुपान्तरणको ऐतिहासिक प्रक्रियामा पुरानो राज्यसत्ताको धंशावशेषमाथि नयाँ राज्यसत्ता खडा हुन्छ । यो मार्क्सवादद्वारा स्थापित ऐतिहासिक तथ्य हो । तर पुरानोको ध्वंश स्वयंमा नयाँ निर्माणको पर्याय होइन । तथ्यहरुले के कुरा प्रकट गरिरहेका छन् भने, माओवादी जनयुद्ध पुरानोको ध्वंशको मोर्चामा त क्रियाशील छ तर ध्वंशको प्रक्रियामा नयाँको निर्माण गर्ने चेतना र चिन्ताप्रति यो उदासीनप्रायः छ । जनयुद्धद्वारा लक्षित नयाँ अर्थनीति कस्तो हुने हो ? राजनीतिक परिचालन-विधि कस्तो हुने हो ? र, संस्कृति कस्तो हुने हो ? नेपालको विशिष्ट ऐतिहासिक र सामाजिक यथार्थका सम्भावना र सीमाभित्र यी र यस्ता प्रश्नहरुको उत्तर खोज्नतर्फ माओवादी नेतृत्व सजग र चिन्तनशील देखिँदैन ।

जनयुद्धले प्रस्तुत गरेका तथ्यहरुको आधारमा हेर्दा के देखिन्छ भने, माओवादी जनयुद्ध तर्क, युक्ति, सामाजिक यथार्थको ठोस विश्लेषण र दूरगामी योजनाका आधारमा नभई आक्रोश, क्रोध र रोमान्टिक भावोत्तेजनाद्वारा निर्देशित छ । नेतृत्वको चिन्तनशैली अति सरलीकृत र रोमान्टिक छ र अभिव्यक्ति शैली असहिष्णु

(बाँकी ३८ पेजमा)

मार्क्सवादलाई बुझ्ने र प्रयोग गर्ने बैकल्पिक क्रान्तिकारी धार विकास भएको स्थितिमा भने 'माओवादी जनयुद्ध'को वर्तमान स्थितिमा गिरावट आउन सम्भव छ । गाउँ र शहरमा जनताको आधारभूत समस्यालाई लिएर सशक्त जनआन्दोलन उठ्न मात्र थालेको स्थितिमा पनि यथास्थितिविरोधी वर्गहरू र स्वयं निसासिएका निम्न-पूँजीवादी वर्गहरूको झुकावसमेत त्यतातिर डोरिन सम्भव देखिन्छ ।

सम्भवतः यही सम्भावनालाई याद गरेर पनि हुन सक्छ, माओवादीहरूका पछिल्ला प्रकाशनहरूमा जन-आन्दोलन र जनयुद्धलाई साथसाथै जोडेर लैजाने कुरामा थोरै ध्यान जान थालेको देखिएको छ । जनताबाट हर कुनै हालतमा कसरी आफू नकट्ने ?- यो कुरामा थोरै भए पनि जोड दिन थालिएको देखिएको छ । यो राम्रो संकेत हो ।

यो सवालमा माओवादी मित्रहरूले भीमदत्त पन्तको ग्रामीण वर्गसंघर्षको अनुभवलाई संश्लेषण गर्नु धेरै नै उपयोगी हुनसक्छ । ग्रामीण वर्ग संघर्षलाई भीमदत्तले केन्द्रीय सत्ता नै थर्कमान हुने गरी उठाउनु भयो । उहाँको आन्दोलन पछिल्लो समयमा सशस्त्र पनि रह्यो । तथापि, आन्दोलनमा बहुसंख्यक जनताको सहभागिता र समर्थन जुटाउने मामिलामा उहाँले यस्तो ऐतिहासिक उदाहरण पेश गर्नुभयो कि, एक्लो केन्द्रीय सत्ताले व्यक्तिको त्यो आन्दोलनलाई दमन गर्नु नै असम्भव हुन पुग्यो । उहाँको गिरफ्तारी समेत धेरै दिन दिगो हुन सकेन । अन्तमा मूल नेताको षड्यन्त्रपूर्वक व्यक्ति-हत्याको माध्यमद्वारा केन्द्रीय सत्ताले यो समस्या हल गऱ्यो । नेपालकै जनसहभागितामूलक क्रान्तिकारी वर्ग-संघर्षको यो अपूर्व अनुभवबाट माओवादी मित्रहरूले सिक्नु जरूरी छैन ?

## राष्ट्रिय अन्तर्राष्ट्रिय समर्थन

चारैतिर एकैचोटी मुक्का हान्ने र आलोचना र असहमति राख्ने सबैलाई र मित्रलाई समेत शत्रुको व्यवहार गर्ने गलत नीतिले गर्दा माओवादी जनयुद्ध अहिले देशभित्र एक्लिएको स्थिति छ । 'तँभन्दा म चोखो' भन्ने यसको 'पवित्रतावादी' सोचले प्रमुख शत्रुलाई होइन, माओवादी स्वयंलाई अलगावमा पार्ने सम्भावना छ । त्यस्तो भइरहेको पनि छ । राष्ट्रिय रूपमा त्यस्तो कुनै वामपन्थी पार्टी छैन, जसले माओवादी जनयुद्धको बाटोलाई सही ठह-याएको होस् ।

तथापि, माओवादी मित्रहरूको शत्रुतापूर्ण व्यवहार हुँदाहुँदै पनि यसमाथि सरकारी दमन हुँदा आवाज उठाउने, सरकारलाई दमन नगर्न दबाब दिने काम चाहिँ यहाँका सबैजसो वाम पार्टीहरूले र मानवाधिकारवादी संगठनहरूले, व्यक्तित्वहरूले गरिआएका छन् । गत वर्ष प्रधानमन्त्रीलाई सबै वामपार्टीहरूले र स्वतन्त्र व्यक्तित्वहरूले दिएको संयुक्त ज्ञापनपत्र यसको प्रत्यक्ष उदाहरण हो ।

अन्तर्राष्ट्रिय रूपमा क्रान्तिकारी अन्तर्राष्ट्रिवादी संगठन RIM समर्थक पार्टीहरूको 'माओवादी जनयुद्ध'प्रति समर्थन देखिएको छ ।

## केही निष्कर्ष, केही सुझाव

दुनियाँ बदल्ने उर्जा जनताको यथास्थितिविरोधी चेत नै हो । योसित विज्ञानको मेल भयो भने, यो उर्जा क्रान्तिकारी विष्फोटतिर डोरिनसक्छ । योसित अन्धताको मेल भयो भने विष्फोट त हुनेछ, तर यो नकारात्मक र आत्मघाती

> **जनताबाट आफू कसरी नकट्ने भन्ने कुरामा थोरै भए पनि ध्यान दिन थालिएको चाहिं राम्रो संकेत हो**

# माओवादी "जन युद्ध" को एक वर्षले सिकाएको पाठ के हो ?

— प्रा. माणिकलाल श्रेष्ठ —

*नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले एक वर्ष पहिलेदेखि 'जन-युद्ध' भनी जुन आन्दोलन वा कार्यवाही चलाइरहेको हो, माओवादी कामरेडहरुले विशुद्ध क्रान्तिकारी भावनाबाट प्रेरित भई चलाएको हो भन्ने कुरामा त कुनै सन्देह छैन । साथै, श्रमिक जनताको मुक्तिको कुरै पर राखौं, २०४६ सालको आन्दोलन-पछाडी रहेको जन-आकांक्षासम्म पनि २०४६ पछि स्थापित पूँजीवादी संसदीय व्यवस्थाको माध्यमबाट प्राप्त गर्न सकिन्छ भन्ने भ्रमबाट माओवादी कामरेडहरु मुक्त रहेको कुरा पनि उहाँहरुले चलाएको जनयुद्धबाट सिद्ध भएको छ । हाम्रो देशको राजनीतिक परम्परा र इतिहास अनुसार एक प्रकारको व्यवस्थालाई बदलेर अर्को व्यवस्था ल्याउन सशस्त्र संघर्ष वा हिंसात्मक कार्यवाहीद्वारा मात्र सम्भव छ भन्ने कुरा त कम्युनिष्टहरुको मात्र धारणा नभई पूँजीवादी र सामन्तवादी राजनीतिज्ञहरुको पनि विश्वास हो । यो कुरा नेपाली कांग्रेसले २००७ सालमा राणा शासनविरुद्ध र २०१८ सालमा पंचायत व्यवस्थाविरुद्ध हतियार उठाई लडेको घटना र जङ्गबहादुर राणाले १९०३ सालमा र वीर शमशेर राणाले १९४२ सालमा आफू सत्तामा आउन हिंसात्मक काण्ड गरेको घटनाहरुले नै प्रमाणित गरेका छन् ।*

*माओवादी 'जनयुद्ध' को एक वर्षको संघर्षको उपलब्धितिर विचार गर्दा एक वर्षसम्म निरन्तरता रहेकोले यसलाई उपलब्धिशून्य भन्न मिल्दैन । तर एक वर्षसम्म निरन्तर संघर्षपछि पनि यो आन्दोलन काडर-आन्दोलनमै सीमित रहेको र आम-जनस्तरको संघर्षको रुप लिने उल्लेखनीय प्रगति नभएको कुरा विचार गर्दा यो "जनयुद्ध" को रणनीतिलाई एकदम गलत भनेर अहिले नै ठेकुवा गर्न नसके पनि यसमा केही कमी वा अपुग वा शायद कही त्रुटी नै छ कि भनी विचार गर्नुपर्ने स्थिति पक्कै देखिन्छ । क्रान्तिकारीहरुको सदाशय र सदिच्छा मात्रले नै क्रान्ति सम्पन्न हुन सक्दैन, सही पथ-प्रदर्शक सिद्धान्तका साथै वस्तुगत यथार्थसित मिल्ने कार्यनीति र रणनीति पनि अनिवार्य छ भन्ने कुरा र जनवादी क्रान्तिका कारक तत्वं वा कर्ता व्यापक श्रमिक जनता हुन् भन्ने कुरा कहिल्यै बिर्सन हुँदैन । माओवादी कामरेडहरुको 'जनयुद्ध' को एक वर्षले सिकाएको पाठ यो हो ।* ☐

# "जनयुद्ध"को एक वर्ष कस्तो लाग्यो ?

-डा. सरोज धिताल

*इतिहासलाई अघिल्तिर धकेल्ने उर्जाको मूल स्रोत नै जनतामा अन्तर्निहित यथास्थितिलाई निषेध गर्ने असंतुष्टि हो । जन-आन्दोलनको सात वर्ष पुग्दानपुग्दा नै यहाँको यथास्थिति र त्यसलाई थाम्न खोज्ने राजनीतिक नेतृत्वप्रति जनताको असन्तुष्टि यसरी चुलिँदै गइरहेको छ कि, यहाँ ठूलै बिष्फोट भयो भने पनि अचम्म मान्नु पर्ने छैन ।*

*हालको माओवादी जनयुद्धलाई यस्तै विष्फोटको पूर्वसंकेत मान्नुपर्छ ।*

*माओवादी जनयुद्ध एक वर्षको दौरानमा शिथिल हुने दिशातिर गइरहेको देखिँदैन, यो अझ तेज हुने दिशातिर गइरहेको देखिन्छ । विशेषत: नेपालको पश्चिमी क्षेत्रमा यसप्रतिको जनसमर्थन घटेको देखिएको छैन, बरु बढेको देखिएको छ । यी दुई प्रवृत्तिहरु हेर्दा माओवादीहरुको गत: एक वर्षको कार्यवाहीलाई असफल भन्न मिल्दैन ।*

*यहाँ संसदीय डबलीमा जन-आन्दोलनका नेताहरुले खेलेको सत्ताको सारै घिनलाग्दो खेलले यहाँका जनतालाई सारै वाक्कदिक्क र नेतृत्वप्रति निराश पारेको छ । त्यही असंतुष्टि र निराशा माओवादीहरुको कार्यप्रति जनताको ध्यान आकर्षण हुने कारण बन्न गएको छ ।*

*स्पष्ट दिशाबोधका साथ परिवर्तनका लागि प्रयत्नरत हुने हो भने जनताको यथास्थितिप्रतिको असंतुष्टि भनेको नै कहिल्यै खत्तम नहुने उर्जा हो । तर असंतुष्टि दिशाविहीन भयो भने यो उत्तिकै घातक पनि हुन सक्छ ।*

**मलाई चिन्ता केमा लागेको छ भने, यहाँ हिंसा प्रारम्भमै अप्नाइँदैछ र यो सुखद र गौरबको विषय बन्दैछ**

*यथास्थितिमा आमूल परिवर्तन खोज्नेहरुको लागि हिंसा भनेको सुखद र रुचिको विषय हुनुहुँदैन । यो त परिवर्तन र प्रगतिको लागि अरु सबै बाटाहरु बन्द भएपछि परिवर्तनकारी जनताद्वारा अप्नाइने अपरिहार्य अन्तिम उपाय हुनुपर्छ । यो दु:खद बाटो हो, तर राज्यहिंसाको सामुन्ने अघि बढ्ने कुनै बाटो बाँकी नरहेको स्थितिमा यो एउटा बाध्यताको बाटो भएको हुनुपर्छ ।*

*तर मलाई चिन्ता केमा लागेको छ भने, यहाँ हिंसा प्रारम्भमै अप्नाइँदैछ र यो सुखद र गौरबको विषय बन्दैछ । यसो भयो भने, हिंसा त हाम्रो स्वभाव हुन जानसक्छ, रुचिको विषय हुन जानसक्छ।*

---

विष्फोट हुनेछ । यसले समाजलाई प्रगतितिर लानेछैन, झन निराशा र अन्धकारतिर लानेछ । माओवादी मित्रहरूको यथास्थिति बदल्ने उर्जा काफी देखिन्छ । यो निकै सकारात्मक पूर्वाधार हो । तर उहाँहरूको मूल समस्या हो- अन्धता । अन्ध नक्कल, अन्ध विरोध, अन्ध आक्रमण, अन्ध चिन्तन प्रक्रिया: यी सबै अन्धताकै विभिन्न रूपहरू हुन् । यो अन्धताबाट कसरी मुक्त हुने ? कसरी बैज्ञानिक दृष्टिकोण ग्रहण गर्ने ? कसरी दुनियाँका हरेक कुराप्रति आलोचक हुने ? उहाँहरूको मूल चुनौती यी सवालहरूको हल गर्नुमा देखिन्छ, अन्धता हटाउनुमा देखिन्छ ।

स्थान विशेषको बहुसंख्यक जनताको चेतनशील सहभागिताबिना कुनै पनि युद्ध जनयुद्ध हुनै सक्दैन । जनताको सहभागिता तब मात्रै हुन सक्छ, जब उनीहरूको चेतना नेतृत्वको स्तरसम्म उठाउन काफी मिहेनत र साधना हुन्छ । र, जनताको निम्ति, जनताको सट्टामा अरू कसैले कारवाही गरिदिने होइन, जनता स्वयंले आफ्नो निम्ति आफैं कारवाही गर्न उनीहरूलाई तयार पारिन्छ । माओवादी मित्रहरूमा यही जन-कार्यदिशाको अभाव देखिन्छ । उहाँहरूले क. माओबाट सिक्नु पर्ने कुरा नै जन कार्यदिशा हो । जनकार्यदिशाबिना र जनताको सचेत सहभागिताबिना संचालन गरिने सबै जनयुद्धहरू 'जनताबिनाको जनयुद्ध' हुन जान्छन् । यो 'वामपन्थी बालरोग' नै हुन जान्छ, चाहे नेतृत्वको इच्छा त्यस्तो नगर्ने किन नहोस् ।

नेपाली समाजको र वर्ग संघर्षको विकास कुन नियम अन्तर्गत हुँदैछ र कसरी हुँदैछ ?- त्यसको सही समझबिना होशपूर्ण र बस्तुसम्म क्रान्तिकारी आन्दोलन संचालन हुनै सक्दैन । आफ्नो देशको क्रान्तिकारी सिद्धान्तको विकास नै हुन सक्दैन । तर माओवादी मित्रहरूमा यो समझ हुनुपर्छ भन्ने समझकै अभाव भेटिन्छ । सबैकुरा वर्ग संघर्षको मैदानमा गएपछि स्वत: हल हुन्छन्- उहाँहरूको सोच यस्तो स्वत: स्वस्फूर्तवादी देखिन्छ । यो अभाव उहाँहरूले हटाउनु जरूरी देखिन्छ ।

शत्रुको घेरो ठूलो पार्ने उहाँहरूको कार्यदिशा देखिन्छ । यो गलत कार्यदिशा हो र यसले क्रान्तिकारी शक्तिलाई एक्ल्याउँछ र दुश्मनको दमनको निम्ति अनुकूल परिस्थिति बनाउँछ । त्यसैले उहाँहरूले यो कार्यदिशा उल्ट्याउन जरूरी छ । क्रान्तिकारीहरूले शत्रुको घेरो यथासंभव सानो बनाउनु पर्छ । ☐

---

# "जनयुद्ध"को विकल्प के त ?

-क. पद्मरत्न तुलाधर

**नेकपा माओवादीकै मूल्यांकन अनुसार एक वर्षको दौरानमा जे-जति कार्यक्रम भए, त्यो सफल भएको सार्वजनिक भएको छ । उहाँहरुले यो जनयुद्ध जनताको मुक्तिको लागि दीर्घकालीन कार्यक्रम भन्नु भएको छ । त्यसैले यो कहिले टुंगिन्छ, निश्चित छैन । यसको उपलब्धि पनि के कति र कहिलेसम्म हासिल हुने हो, स्पष्ट छैन ।**

**दक्षिण अमेरिका र एसियाका विभिन्न मुलुकहरुमा कम्युनिष्ट पार्टीहरुको नेतृत्वमा यस्ता जनयुद्धहरु संचालित हुँदै आइरहेका पाइन्छन् । त्यहाँ पनि दशौं वर्षदेखि यस्ता जनयुद्धहरु संचालन भएतापनि कहीं कतै सीमित क्षेत्रहरु मुक्त भएको देखिन्छ तर सिंगै देश मुक्त भएको पाईंदैन । ती देशहरुमा भएको जस्तै खालको जनयुद्ध हो भने नेपालमा संचालित भएको यो जनयुद्ध पनि दीर्घकालसम्म संचालन हुन सक्ने देखिन्छ ।**

**नेपालमा नेकपा माओवादीले संचालन गरेको जनयुद्धको एक वर्षको मूल्यांकन गर्ने हो भने निश्चय पनि यो देखिन्छ- 'नेकपा माओवादी पार्टी' भन्ने पार्टी पनि नेपालमा छ भन्ने कुरा जनताले थाहा पाउन थालेको छ । यसले जनताको मुक्तिको लागि सशस्त्र संघर्ष गर्न थालेको कुरामा सरकार लगायत जनताको ध्यानाकर्षण गरेको छ र प्रभावित पार्न सकेको छ । जुन जुन जिल्लाहरुमा जनयुद्धको शुरुवात भयो, ती-ती जिल्लाहरुमा प्रशासन, विकास निर्माण र सामान्य जनजीवन प्रभावित भएको पाइएको छ ।**

**सीमित तथा घरेलु किसिमको हातहतियारको भरमा उहाँहरुले शुरु गर्नु भएको जनयुद्धले यति प्रभाव पार्नु भनेको, मेरो विचारमा, कमसेकम उहाँहरुको उद्देश्य पूरा हुनु हो ।**

**अब हाम्रो छुट्टै मूल्यांकन गर्ने हो भने, मार्क्सवादीहरुको मूल उद्देश्य भनेको सदियौंदेखि पिल्सिँदै आएका शोषितपीडित नेपाली जनतालाई मुक्त गर्नु हो । तर मुक्तिको बाटो के हो भन्ने कुरामा विवाद त भई नै रहेको छ । संसदीय बाटोबाट नै जनतालाई मुक्त गर्न सकिन्छ भन्ने विचार पनि आइरहेको छ । तर बेलायत, अमेरिका, भारत आदि देशहरुमा संसदीय व्यवस्था स्थापना भएको कैयौं वर्ष भइसकेको छ । त्यहाँ पनि अहिलेसम्म जनताहरु शोषण उत्पीडनबाट मुक्त भएको हामीले पाइरहेका छैनौं । यस स्थितिमा जनमुक्तिको बाटो के हो त ? भन्ने कुरामा हामीले पनि विचार गर्नु पर्दछ ।**

**त्यसकारण, नेकपा माओवादीले जनताको मुक्तिको एउटा अत्यन्तै ठूलो उद्देश्य राखेर नेपालकै भूमिमा एउटा सिद्धान्त र रणनीति तय गर्‍यो र त्यस अनुसार काम गर्न थाल्यो । अब यो नीति देशको परिस्थितिमा र अन्तर्राष्ट्रिय परिस्थितिमा ठीक छैन वा समयसापेक्ष भएन भन्ने कुरामा विवाद उठिरहेको छ । यदि जनताको मुक्ति नै लक्ष्य हो र सर्वोपरि कुरा हो भने यसको बिकल्पमा अर्को बाटो के हो त ? यसबारेमा कम्युनिष्ट आन्देलनभित्र गंभीर रुपमा छलफल हुनु पर्छ भन्ने मलाई लागदछ ।** ☐

*अहिले जुन हिंसाको मूल्यमा सत्तामा जाने काम हुन्छ, सत्ता प्राप्तिपछि सत्ताको निम्ति पहिले भएको हिंसाको मूल्य चुकाउने नाममा अरु थुप्रै अनावश्यक हिंसा हुन जानसक्छ । यसले त हामीलाई अनावश्यक हिंसाको कहिल्यै नटुंगिने कुचक्रमा फसाउँनेछ ।*

*सरकार त अहिले नै नांगो र बर्बर ढंगले राज्य हिंसामा उत्रिसकेको छ । गएको एक वर्षमै उसले अनाहकमा ६ दर्जनभन्दा बढी नागरिक मारी नै सक्यो । सुनिन्छ, सरकारले अब आतंकवादविरोधी कानून ल्याउँदैछ रे । यो यदि साँचो हो भने, यो भनेको देशलाई अहिले नै हिंसाको कुचक्रभित्र धकेल्नु हुनेछ । मलाई के आशंका छ भने, आतंकवाद विरोधी कानूनले पंचायत कालको सुरक्षा कानूनलाई पनि जित्नेछ । राजनैतिक संस्कारशून्य भएका पार्टीहरु मध्ये जुनसुकै पार्टीको हातमा यो कानून परे पनि त्यसको दुरुपयोग नै हुनेछ ।*

*त्यसैले यतिखेरको खाँचो भनेको, हिंसाको कुचक्रमा पस्ने होइन, बरु क्रान्तिको आधारभूत सवालमा स्पष्ट दिशाबोध हासिल गरेर यसका लागि लागि पर्नु हो । सकारात्मक सामाजिक परिवर्तनका निमित्त वैज्ञानिक विकल्प खोज्नु हो । प्रतिवद्धता भएमा यो संभव छ पनि ।*

❑

# जनयुद्धको एक वर्षको समीक्षा स्वयं नेकपा माओवादीका महामन्त्री क. प्रचण्डबाट

### जनयुद्धको एक वर्षलाई नेकपा माओवादीले कसरी मूल्यांकन गरेको छ ?

नेपाल कम्युनिष्ट पार्टी माओवादीको नेतृत्वमा नेपाली जनताको सामन्तवाद र साम्राज्यवादविरोधी संघर्षले जनयुद्धको रूपमा गुणात्मक फड्को हानी नयाँ युगको सूत्रपात गरेको एक वर्ष पूरा भएको छ । यस अवधिमा 'जनयुद्ध'को ऐतिहासिक पहलको पहिलो योजना प्रभावकारी ढंगले सफल पारी पार्टीले 'योजनाबद्ध रूपले छापामार युद्धको विकास गर्ने' दोस्रो योजनाको कार्यान्वयनको नेतृत्व गरिरहेको छ । यो एक वर्षभित्र सत्तरीभन्दा बढी नेपाल आमाका सर्वोत्तम छोराछोरीहरूको रगतद्वारा सिंचित, हजारौं जनसमुदायको त्याग र तपस्याद्वारा संरक्षित एवं लाखौं जनसमुदायको न्यानो मायाद्वारा उत्साहित बन्दै जनयुद्ध हुर्किरहेको छ । आफ्नो मौलिकता, भव्यता र महानतासहित त्याग र बलिदानका अविस्मरणीय कीर्तिमानहरू खडा गर्दै यो जनयुद्ध गुण र मात्रा दुबै दृष्टिले जनसमुदायमा फाँगिदै गएको छ ।

जनयुद्ध जन्मेको एक डेढ महिनाभित्रै 'सखाप पार्ने' सार्वजनिक घोषणा गर्दै आमहत्या, लूटपाट, बलात्कार र निर्मम दमन यातनाको राज्यआतंकमा उत्रेका प्रतिक्रियावादी सत्ताधारीहरू आज एक वर्षपछि माओवादीहरूको मनोबल र गतिविधि अझै बढ्न गएको तथ्य स्वीकार्न बाध्य भएका छन् । उनीहरूको कायर एवं फासीवादी दमन अभियानका विरूद्ध जनताका छोराछोरीहरूको वीरता र आत्मबलिदानले जनयुद्ध भनेको आफूहरूले कल्पना गरेकोभन्दा नितान्त फरक, एक अनौठो शक्ति भएको वास्तविकतालाई प्रतिक्रियावादीहरू आफ्ना आँखाअगाडि देखिरहेका छन् । वस्तुतः जनयुद्धले सयौं बर्षदेखि दलित र अपहेलित जनसमुदायको वर्ग-घृणाको अभिव्यक्तिका रूपमा प्रतिक्रियावादीका फासिष्ट दमनका विरूद्ध प्रतिरोध गर्दै शक्ति आर्जन गर्दछ र आज यो कुराको व्यवहारिक पुष्टि भइरहेको छ ।

> **जनयुद्धको यो पहिलो वर्ष नेपाली जनताको मुक्ति संघर्षको प्रकृयामा एक गौरवाशाली वर्षका रुपमा इतिहासमा अविस्मरणीय रह्यो**

'जनताबिनाको जनयुद्ध', 'उग्रवाद', 'आतंकवाद' र 'जडसूत्रवाद'को आरोप लगाई प्रतिक्रियावादीहरूको स्वरमा स्वर मिलाई जनयुद्धको यो महान प्रक्रियाका विरूद्ध लामबद्ध भएका पुराना र नयाँ संशोधनवादी गुटहरूको प्रतिक्रियावादी सारतत्व आज झन् छर्लङ्ग भएको छ । कायरता, नीचता र विश्वासघातको पर्याय बनेका यी संशोधनवादी गुटहरूले जनयुद्ध- 'आजै खत्तम भयो' र 'भोलि नै खत्तम हुन्छ' भनी प्रतिक्रियावादी सत्ताका भोंपुका रूपमा गरिएका कुत्सित प्रचारबाजीका विरूद्ध यो एक वर्षभित्र माओवादी जनयुद्धका पक्षमा प्रत्यक्ष एवं परोक्ष रूपले परिचालित जनसमुदायको व्यापकताले भरपूर जवाफ दिइरहेको छ । **(नेकपा माओवादीको विचारधारात्मक पत्रिका 'माओवादी' पूर्णाङ्क २ मा प्रकाशित क. प्रचण्डको लेख पृष्ठ ८ बाट साभार उद्धृत /सबै उपशीर्षकहरु 'मूल्यांकन'को)**

जनयुद्धको यो ऐतिहासिक पहलको यो पहिलो वर्ष आफ्नो प्रभाव र परिणामले नेपाली जनताको मुक्ति संघर्षको प्रकृयामा एक गौरवाशाली वर्षका रूपमा इतिहासमा अविस्मरणीय रह्यो । यसले अन्तर्राष्ट्रिय सर्वहारा वर्गको सर्वशक्तिमान सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादको अपराजेयता र औचित्यलाई एक पटक फेरि नेपाली धर्तीमा साबित गरिरहेको छ । मार्क्सवाद-लेनिनवाद-माओवादको निर्देशनमा सर्वहारावर्गको अग्रदस्ताको नेतृत्वमा संचालन हुने जनयुद्ध अन्य सबै प्रकारका सशस्त्र संघर्षहरूभन्दा मौलिक रूपले फरक हुन्छ र त्यो जनतामा निर्भर रहेर स्वनिर्णय र आत्मनिर्भरताको सिद्धान्त अनुसार दुश्मन र अवसरवादीहरूका तमाम चुनौतिहरूलाई सामना गर्दै अगाडि बढ्दै जान्छ भन्ने कुराको पुष्टि यो एक वर्षले सशक्त रूपमा गरेको छ ।

जनयुद्धको यो एक वर्षले क. लेनिनले भने झैं क्रान्तिले आफ्नो विकास प्रकृयामा आफैंले असाधारण जटिल परिस्थिति सिर्जना गर्दै अघि बढ्छ भन्ने तथ्यलाई प्रमाणित गरेको छ । पार्टी र समाजको

## ०४६ सालको आन्दोलनका हस्तीहरुको विफलताको प्रतिक्रियास्वरुप जनयुद्ध जन्मिएको हो

—दीपक ज्ञवाली—

इंजीनियर तथा स्रोत अर्थशास्त्री

**नेकपा (माओवादी) को जनयुद्ध २०४६ सालको ऐतिहासिक जन-आन्दोलनका नेतृत्वदायी हस्तीहरुको विफलताको प्रतिक्रियास्वरुप जन्मेको हो । यी हस्तीहरु आर्थिक र राजनीतिक रुपमा मात्र विफल भएनन्, नैतिक र सांस्कृतिक रुपमा पनि यी विफल भएका छन् । नेपालमा अहिले गंभीर नेतृत्व-संकट देखा परेको छ । किनकि देशको आधारभूत समस्या यिनले हल गर्न सकेनन् । यी तुच्छ स्वार्थमा केन्द्रित रहे । पजेरोवादमा सीमित रहे । यसैले पैदा गरेको निराशाको जगबाट एकातिर, अब फेरि राजाको सक्रिय नेतृत्व चाहिन्छ भन्ने अति दक्षिणपन्थी सोच पनि पैदा भएको छ । अर्कातिर, सबै कुरा हतियारबाटै हल गर्ने भन्ने अति वामपन्थी 'जनयुद्ध' को सोच पनि पैदा भएको छ । यी दुवै बीचको मध्यभूमि भासिनजानाले पैदा भएका ध्रुवीय प्रतिक्रिया हुन् ।**

**यथास्थितिको विरुद्ध चूप लागेर त बसेनन्, कमसेकम विद्रोह त गरे, विरोध गर्ने नैतिक साहस त देखाए । विरोधमा ज्यान त्यागने आँट त देखाए- यो हिसाबबाट हेर्दा जनयुद्धमा केही सराहनीय पक्ष त देखिन्छ । तर सामान्य परिस्थितिमा यस्तो किसिमको विद्रोहबाट कहीं पनि क्रान्ति सफल भएको उदाहरण छैन । पूँजीवाद र साम्राज्यवादले दमन गर्ने यति विशाल यन्त्र बनाइसकेको बेलामा यति सजिलै यस्तो क्रान्ति सफल हुनदिने लक्षण म देख्दिनँ । रुसी क्रान्ति पहिलो विश्वयुद्धको खरानीबाट, चिनियाँ, भियतनामी, कोरियाली, पूर्वी यूरोपको क्रान्ति दोस्रो विश्वयुद्धको खरानीबाट उठेको थियो भन्ने कुरा जगजाहेर छ । अरु बेलामा क्रान्ति गर्न खोज्दा चिली र निकारागुआमा के हालत भएको छ ?- हामी सबैले देखेका छौं । भारतमा नै नक्सलवादी आन्दोलन कसरी दवाइयो, विश्वसामु छ । मार्क्सवादीहरुलाई नै हतियार बनाएर श्रीमती इन्दिरा गाँधीले नक्सलवादी आन्दोलन दबाइन् र नेपालमा पनि अहिले त्यही स्थिति छ ।**

**त्यसैले, यो कार्यवाही क्रान्तिकारी रोमान्स भयो कि भन्ने लागेको छ ।**

**सरकारको निम्ति यो आन्दोलनको नकारात्मक मूल्य (nuisance value) छ । यही आन्दोलनलाई उदाहरणको रुपमा देखाएर केही जन-दमनकारी काला कानूनहरु, पुलीस र मिलीट्रीको बजेट बढाउने सरकारको नियत देखिन्छ । यही प्रक्रियामा सरकार आतंकवादविरोधी कानून पास गर्न खोज्दैछ । अरु काला ऐन पनि आउलान् ।**

**यस्ता नकारात्मक मूल्य बाँकी रहुञ्जेल सरकारले जनयुद्धलाई तल अलि अलि दबाएजस्तो गरे पनि यसको केन्द्रीय नेतृत्वलाई दबाउने छैन । तर यो मूल्य सकिनासाथ दमनद्वारा नै यो विद्रोहलाई सिध्याउने चेष्टा सरकारले गर्ला भन्ने मलाई लागेको छ । यसबाट यसरी घुमाई-फिराई प्रतिक्रियावादी शक्ति नै मजबूत भएर निस्कने त होइनन् ?- मलाई डर यसैमा छ ।**

**माओवादीहरुले एकातिर, जनआन्दोलन चलाएर जनदवाबको स्थिति सिर्जना गर्ने, राजनीतिक वार्ताको स्थिति सिर्जना गर्ने, अर्कोतिर, सशस्त्र कार्यवाही पनि गर्ने,- यी दुवैलाई साथसाथै लान सकेको भए यसको प्रभावकारिता भिन्नै हुन्थ्योहोला । तर खै त उनीहरुसित जनआन्दोलन, जनदवाब, राजनीतिक वार्ताको कार्यक्रम ?**

**यो स्थितिमा सिर्फ सशस्त्र कार्यवाहीले विद्रोह सफल होला भन्ने मलाई लाग्दैन ।**

❑

क्रान्तिकारी रूपान्तरणको यो महान प्रक्रिया तीव्र उतारचढाव, क्षति र उपलब्धि, अकथनीय कठिनाई र आपत्तिहरूका बीचबाट अगाडि बढ्दछ भन्ने तथ्य स्पष्ट भएको छ । यो एक वर्षमा पार्टी र जनताले नयाँ र विविध अनुभूतिहरूलाई तीव्र रूपले महसुस गरे र अनुभूतिको यही तीव्रतालाई जन्म दिँदै नेपाली समाजले नयाँ जीवन र गति लिइरहेको छ । युद्धबाट युद्ध सिक्ने प्रक्रिया स्थापित भएको छ ।

जनयुद्धको यो एक वर्षमा आफ्नो मुक्तिका लागि जनताका सबैभन्दा असल छोराछोरीहरूले त्याग, सौर्य र आत्मबलिदानको इतिहासमा अद्वितीय कीर्तिमानहरू खडा गरी साम्राज्यवादको इशारामा चल्ने प्रतिक्रियावादी सत्ताको फासीवादी चरित्रलाई नांगो पारे, कथित प्रजातन्त्रको राग अलाप्ने संसदीय व्यवस्थाको पाखण्डलाई लाखौं र करोडौं जनताका बीचमा स्पष्ट पार्ने काम भयो ।

जनयुद्धको यो एक वर्षले यसको नेतृत्व गरिरहेको पार्टी स्वयंलाई नयाँ जनवादी क्रान्तिको महान प्रक्रियाको नेतृत्व गर्न आवश्यक त्याग, गम्भीरता, योग्यता र सक्रियताको बृद्धि गर्न रूपान्तरणको अभूतपूर्व भूमिका खेल्यो । यसले नेपाली जनताको पार्टीप्रतिको विश्वासमा गुणात्मक अभिबृद्धि गरी संगठनात्मक विस्तारको व्यापक लहर सृष्टि गरिरहेको छ । पार्टीको नेतृत्वमा जनयुद्धले आश्चर्यजनक र शक्तिशाली रूपले नयाँ-नयाँ चीजहरूको जन्म गर्दछ भन्ने तथ्य आज व्यावहारिक रूपले पुष्टि भइरहेको छ । जनयुद्धको यो एक वर्षले आफ्नो विकास प्रक्रियामा नयाँ जनवादी सत्ता निर्माणका भ्रूणलाई स्थानीय स्तरबाट जन्म दिइसकेको छ भने केन्द्रीय स्तरमा सामन्तवाद र साम्राज्यवादविरोधी तमाम शोषितपीडित वर्ग, जाति र क्षेत्रका जनताको व्यापक संयुक्त मोर्चा निर्माणको मजबूत आधार खडा गर्दै गएको छ ।

जनयुद्धको यो एक वर्षले- नेपाली कम्युनिष्ट आन्दोलनका पुराना र नयाँ संशोधनवादीहरूको जनविरोधी सारतत्वलाई व्यापक रूपमा स्पष्ट पारेको छ र आफ्नो सारतत्वमा संशोधनवाद-प्रतिक्रियावादकै पृष्ठपोषक हुन्छ भन्ने तथ्यलाई प्रमाणित गरेको छ । नेपाल जस्तो देशमा 'दीर्घकालीन जनयुद्ध हुनै सक्तैन' भनी जनतालाई निशस्त्र पार्ने संशोधनवादीहरूका बकवासहरूलाई जनयुद्धको पहल र विकासको एक वर्षले नांगेझार पारेको छ ।

जनयुद्धको यो एक वर्षले नेपाली जनताको मुक्ति-संघर्षलाई अन्तर्राष्ट्रिय स्तरमा समेत धेरै हदसम्म स्थापित गरेको छ । संसारका कम्युनिष्ट क्रान्तिकारी एवं संघर्षरत जनसमुदायसंग नेपाली जनताको संघर्ष तीव्र गतिमा एकाकार हुँदै गएको छ । साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको विशेषता र सर्वहारा अन्तर्राष्ट्रवादको महान् सिद्धान्त अनुसार नेपाली क्रान्ति विश्व-क्रान्तिकै एक अंग भएर अगाडि बढ्नेछ भन्ने वैज्ञानिक निष्कर्षले मूर्त र व्यवहारिक रूप धारण गर्दै गएको छ । (**'माओवादी' पृष्ठ २४ बाट**)

## जनयुद्धको पहिलो चरण शुरु गर्नुअघि कस्तो तम्तयारी गरिएको थियो ?

पार्टीको केन्द्रीय समितिको बैठक बसी जनयुद्धको अन्तिम तयारीको मूल्यांकन गरी ऐतिहासिक पहलको योजना तयार पाऱ्यो । मार्क्सवाद-लेनिनवाद-माओवादको शिक्षा र नेपालको ऐतिहासिक विशिष्टतामाथि विचार गरी जनयुद्धको पहललाई एक सशक्त धक्का र छलाङ्गको रूपमा अगाडि बढाउने निर्णय गरियो । भोलिका तूफानी दिनहरूमा पार्टीभित्र देखापर्न सक्ने विविध भड्कावहरूको खतरालाई दृष्टिगत गरी पार्टीका सैद्धान्तिक प्रतिबद्धताहरूलाई सूत्रबद्ध गरियो । नेपालको ऐतिहासिक विकास प्रकृया, आजको विशिष्ट स्थिति र जनयुद्धको आवश्यकतालाई मध्यनजर गरी पार्टीको



चित्र साभार: Voice

**"जनताका छोराछोरीहरुको हत्यामा संलग्न अपराधीहरुमाथि जतिसुकै उच्च ओहोदा र कडा सुरक्षामा रहेका भए पनि ढिलो वा छिटो सबैको बदला लिइने छ"- क. प्रचण्ड**

कमाण्ड सिष्टममा आमूल परिवर्तन गरियो । विगतमा संसदीय राजनैतिक उद्देश्यका लागि बनेका संगठनात्मक ढाँचालाई ध्वस्त गरी सिंगो देशलाई ४ क्षेत्रीय कमाण्ड र प्रवासलाई एक कमाण्डको रूपमा विभाजित गरियो । प्रत्येक क्षेत्रीय 'कमाण्डको नेतृत्व पार्टीका बरिष्ठ नेताहरूले गर्ने' र 'केन्द्रीकृत योजना र विकेन्द्रित कार्यन्वयनको नीति' अन्तर्गत क्षेत्रीय कमाण्डहरूलाई अधिकतम लचकताको उपयोगको अवसर प्रदान गरियो । कार्यवाहीका लागि नीति, निशाना र सीमा निर्धारण गरियो ।

केन्द्रीय समितिको यो बैठकपछि नेपालको विशिष्ट स्थितिमा विशिष्ट रूपले विकास भएको बैधानिक मंच संयुक्त जनमोर्चा, जसलाई क्रान्तिकारी संयुक्त मोर्चामा रूपान्तरण गर्ने फैसला भएको थियो र जुन व्यापक जनआन्दोलनको लामो प्रकृयामा एक क्रान्तिकारी मोर्चाको रूपमा जनतामा स्थापित भएर गएको थियो, मार्फत् मोर्चामा रहेका पार्टीका नेताहरू मार्फत् अन्तिम पटक खुला रूपले जनसमुदायलाई प्रत्यक्ष एवं परोक्ष रूपले जनयुद्धका पक्षमा अपील गर्न देशव्यापी कार्यक्रम बनाइयो । .........

बाह्य रूपमा उपरोक्त कार्यक्रमहरूका साथै भित्री रूपमा सबै क्षेत्रीय कमाण्ड अन्तर्गत जनयुद्धका पहलकर्ता र नेतृत्वदायी कार्यकर्ताहरूका विशेष प्रशिक्षणहरू पार्टी केन्द्रीय कार्यालयको प्रत्यक्ष संलग्नतामा सम्पन्न गरिए । .........

यसका साथै, विभिन्न स्तरका सैन्य प्रशिक्षण, प्राविधिक तयारी, निशानाहरूको सर्भे लगायतका कामहरू यसै अवधिमा सम्पन्न गरिए । अन्तर्राष्ट्रिय सम्पर्क र सम्बन्धहरूलाई नयाँ स्तरबाट व्यवस्थित पार्ने कामहरू भए । जनयुद्धको पहलकदमीका लागि पर्चा, पोष्टर तयार पारी सम्बन्धित सबै जिल्लाहरूमा पुऱ्याइयो ।

यसरी जनयुद्धको पहलका लागि अन्तिम तयारी पूरा गरियो । (**'माओवादी' पृष्ठ १२ बाट**)

## जनयुद्धको पहिलो योजना कसरी शुरु गरियो ?

"प्रतिक्रियावादी सत्तालाई ध्वंस गर्दै नयाँ जनवादी सत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं" भन्ने नारा नै पहिलो योजनाको मूल नारा थियो । यो योजनाका ती प्रमुख लक्ष्यहरू निर्धारण र परिभाषित गरिए । तिनमा पहिलो- सशस्त्र संघर्षको राजनीतिलाई स्थापित गर्ने, दोस्रो- संगठन र संघर्षका मुख्य रूपहरू क्रमशः फौजी र युद्ध हुन् भन्ने मान्यतालाई व्यावहारिक रूप दिने र तेस्रोमा- छापामार इलाकाहरूको विकास निमित्त आधार तयार पार्ने, हुन् ।

कारवाहीका निशाना, रूप, सीमा र संख्या निर्धारित गरिए । त्यस अनुसार, सामन्त, नोकरशाह एवं दलाल पूँजीपति वर्ग र तिनका स्वार्थको रक्षा गर्ने प्रतिक्रियावादी राज्यसत्ताका विरूद्ध सम्पूर्ण कारवाहीहरूलाई परिलक्षित गर्ने नीतिअन्तर्गत केन्द्रीय योजनामा नै प्रतिनिधिमूलक सांकेतिक कारवाहीहरू निश्चित गरिए र त्यस नीतिअन्तर्गत सबै क्षेत्रीय र जिल्ला कमाण्डहरूले निर्धारित सीमाभित्र आफ्नै योजना अनुसार कारवाहीहरू अघि बढाउनसक्ने निर्णयहरू भए । संघर्षका रूपहरूमा पहिलो योजनाअन्तर्गत छापामार कारवाही, सेबोटेज (तोडफोड) र प्रचारात्मक कारवाही गरी तीन रूपमा परिभाषित गरिए । यस योजना अन्तर्गत दुश्मनलाई भौतिक रूपले हत्या गर्ने कुनै कारवाही राखिएन । कारवाहीहरूको संख्यात्मक अनुपातमा सबैभन्दा बढी प्रचारात्मक, त्यसपछि सेबोटेज र छापामार कारवाही राखियो । संख्यात्मक दृष्टिले कारवाहीका सबै रूपहरू मिलाएर देशभरि मोटामोटी ६ देखि ८ हजार कारवाही पहिलो योजना अन्तर्गत पूरा गर्ने लक्ष्य निश्चित गरियो ।

सैन्य दृष्टिले आक्रमण र रक्षा, केन्द्रीकरण र विकेन्द्रीकरण, स्थानान्तरण, विभिन्न स्तरका छापामार दल र जनसमुदायको बीचका सम्बन्धहरू, छापामार दल र जनसमुदायको बीचका सम्बन्धहरू, छापामार कारवाही, जन परिचालन र जनकारवाही, सुरक्षाका नियमहरूबारे ठोस निर्देशनहरू दिइए । यसरी सम्भव समग्र पक्ष निश्चित भइसकेपछि बस्तुगत र आत्मगत दुबै स्थितिको गम्भीरतापूर्वक छानबीन गरी फागनु १ गते २०५२ का दिन जनयुद्धको पहल गर्ने फैसला गरियो र पहलको निरन्तरताको अवधि समेत निश्चित गरियो । सिंगो पार्टी यन्त्रलाई भूमिगत लाने र त्यसका लागि अप्नाउनु पर्ने विधि र तिथिमिति समेत पूर्व निर्धारित थिए ।

अन्तमा, नेपालको इतिहासमा नौलो युगको सूत्रपात गर्ने त्यो महान दिन फागनु १ गते आइपुग्यो । जिम्मेवारी बोधको नितान्त नयाँ भाव र अनुभूतिका साथ नयाँ युगका सूत्राधार- जनताका महान् छोराछोरीहरूले इतिहासको बागडोर आफ्नो हातमा लिए । सैयौं वर्षदेखि श्रमजीवी जनताको रगत र पसिनामा ढाडिएका शोषक वर्गको 'स्वर्ग' मा धावा बोलियो । सामन्त नोकरशाह र दलाल पूँजीपति वर्गको स्वार्थ रक्षा गर्ने मक्किइसकेको प्रतिक्रियावादी सत्तालाई ध्वंस गर्ने प्रतिबद्धताको संकेतको रूपमा रोल्पा, रूकुम र सिन्धुलीका पुलीस चौकीहरू छापामारहरूद्वारा सफलतापूर्वक कब्जा गरिए । कब्जा गरिएका प्रहरीहरूमाथि छापामारहरूले प्रदर्शन गरेको महान् आदर्शद्वारा आलोकित व्यवहारले सिंगो देशका अगाडि जनयुद्धका सूत्रधार कुनै आतंकका पूजारी होइनन्, बरू नयाँ र समुन्नत समाजका निर्माता

हुन् भन्ने कुरा छर्लङ्ग पाऱ्यो । त्यसैदिन सामन्त, जमीन्दार वर्गको शोषण र अत्याचारबाट किसानहरूलाई मुक्त गर्ने प्रतिबद्धताको संकेतको रूपमा काभ्रेका कुख्यात सामन्त सुदखोरलाई छापामारहरूले आफ्नो कब्जामा लिए र अन्यायपूर्वक किसानहरूलाई लुट्ने लाखौंका जाली तमसूकहरू जलाइए । लाखौंको सम्पत्ति कब्जा गरी त्यसलाई जनताको सम्पत्तिमा फेरियो । साम्राज्यवाद र सामान्तवादका अवैध सन्तानका रूपमा गुलिया गोलीको प्रयोग गरी नेपाली किसानहरूलाई हरिकंगाल पार्ने नोकरशाही पूँजीपति वर्गका विरूद्धको आफ्नो प्रतिबद्धताको संकेतको रूपमा दिनको उज्यालोमै छापामार र जनताको संयुक्त पहलमा गोरखाको एक कृषि विकास बैंक कब्जा गरी किसानहरूलाई ऋणमुक्त गर्ने कारवाही सम्पन्न भयो । त्यसै गरी, साम्राज्यवादको प्रत्यक्ष प्रतिनिधित्व गर्ने दलाल पूँजीपति वर्गको शोषणबाट जनतालाई मुक्त गर्ने प्रतिबद्धताको संकेतको रूपमा छापामारहरूले काठमाडौं उपत्यकामा नै 'पेप्सीकोला' कारखानामा आंशिक सेबोटेजको कारवाही सम्पन्न गरे । यी प्रतिनिधि कारवाहीका साथै सो दिन आम जनसमुदायलाई जनयुद्धको बाटोमा अघि बढ्न अपील गरिएको ऐतिहासिक पर्चा र पोष्टर जिल्ला सदरमुकामहरूमा देशव्यापी वितरण गरियो, जसलाई पछि गाउँ-गाउँसम्म पुऱ्याउने र वितरण गर्ने काम भयो । स्मरणरहोस्, यी सम्पूर्ण कार्वाहीहरूमा छापामारहरूले आफ्नो कब्जामा परेका कुनै पनि व्यक्तिउपर कुनै पनि प्रकारको अभद्र व्यवहार नगरेको मात्र होइन, बरू नयाँ क्रान्तिको आदर्श स्थापित गरेका छन् । सोही दिन देशका विभिन्न ग्रामीण इलाकाहरूमा हजारौं जनसमुदायको सहभागितासहित सशस्त्र जुलूस र सभाहरू सम्पन्न भए, जुन क्रम पछिसम्म जारी रह्यो र जसमा लाखौं जनसमुदायको प्रत्यक्ष सहभागिता रह्यो ।

यसरी आफ्नो मौलिकता र विशिष्टतासहित जनताको वास्तविक जनवादको अर्थात् नयाँ जनवादी नेपालको स्थापना गर्ने उद्घोष गर्दै फाल्गुन १, २०५२ एक ऐतिहासिक दिन बन्न पुग्यो । .........

ऐतिहासिक पहलको फागुन १ गतेको यो मशाल फागुन २ गतेबाट देशव्यापी दन्कन शुरू गऱ्यो । ऐतिहासिक पहलको निरन्तरताका रूपमा भोलिपल्टदेखि नै देशका विभिन्न भागमा मुख्यतः ग्रामीण इलाकाहरूमा सामन्त जाली-फटाहा गुण्डाहरूमाथि कारवाहीको भेल बग्न शुरू गऱ्यो । 'माओवाद जिन्दाबाद', 'जनयुद्ध जिन्दाबाद', 'नयाँ जनवाद जिन्दाबाद' का नाराहरूले नेपाली आकाश गुन्जायमान भयो । सशस्त्र जुलूस र सभाहरूमा विकट पहाडी इलाकाका भोका-नांगा र अपहेलित जनसमुदायको हर्षोल्लासले जनयुद्धको ऐतिहासिक औचित्य सिद्ध गरिरहेको थियो । यो कुनै दुई चार जनाको कुरा होइन, यो दुई चार हजारको कुरा पनि होइन, यो विद्यमान सत्ताद्वारा सबैभन्दा बढी थिचिएका र चुसिएका विकट इलाकाका लाखौं किसानहरूको सहभागिताको कुरा हो । यस क्रममा, छापामार र जनताको संयुक्त पहलमा हजारौं साना ठूला कारवाहीहरू सम्पन्न भए । विभिन्न जिल्लाका कुख्यात सामन्त र फटाहाहरूका लाखौं लाखका तमसुकहरू जलाइए । सैयौं मुरी अन्न कब्जा गरी किसानहरूमा वितरण गरियो, लाखौंको सम्पत्ति जनताद्वारा कब्जा गरिए । .........

> **पहिलो योजनामा नरहेको 'छानिएका दुश्मनलाई खत्तम गर्ने' कारवाहीको रुप पनि दोस्रो योजनामा समावेश गरिएको छ**

देशका कैयौं पहाडी जिल्लाका सम्पूर्ण ग्रामीण इलाकाहरूमा जनताले पहिलो पटक आफू मुक्त भएको र सच्चा जनवादको उपभोग गरेको महसूस गरे । किनकि, प्रतिक्रियावादी सत्ताका स्थानीय प्रतिनिधि- सामन्त, जालीफटाहा र गुण्डाहरू गाउँ छोडेर राजधानी र जिल्ला सदरमुकामहरूमा पुलिसको शरणमा बसिरहेका थिए । स्थानीय रूपमा जनताले आफैं सत्ताको बागडोर हातमा लिइरहेको प्रत्यक्ष महसूस गरे । जनताको यो पहल देखेर कैयौं छापामार, कमाण्डर र पार्टी कार्यकर्ताहरूले बस्तुतः जिल्ला सम्पूर्ण रूपले जनताको हातमा आइसकेको अनुभूति गर्न थाले । .........

दर्जनौं शहीदहरूको रगतले जनयुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समेत व्यापक रूपले स्थापित हुन पुग्यो । .........

पहलको एक महिनाभित्र पार्टी नेतृत्वमा ६ हजारभन्दा बढी सानाठूला कारवाहीहरू सम्पन्न गरिए । .........

पहलको यो सफलताले सशस्त्र संघर्षको राजनीतिलाई स्थापित गर्ने पार्टीको लक्ष्य पूर्ण रूपमा सफल भयो । 'संगठनको मुख्य रूप फौज'को अभिव्यक्ति विभिन्न स्तरका छापामार दल र 'संघर्षको मुख्य रूप युद्ध'को अभिव्यक्ति विभिन्न प्रकारका सशस्त्र कारवाहीका रूपमा व्यवहारतः हासिल गरिए । देशका विभिन्न रणनैतिक इलाकाहरूलाई छापामार इलाकामा बदल्न आवश्यक प्रारम्भिक आधारहरू तयार हुँदै गए । यसरी ऐतिहासिक पहलका पार्टीका तीनवटै लक्ष्यहरू हासिल गरिए । .........

('माओवादी' पृष्ठ १२-१५ बाट)

### कसरी सम्पन्न गरिदैछ त जनयुद्धको दोस्रो योजना ?

पहलको सफलता र दुश्मनको बढ्दो राज्य-आतंकका पृष्ठभूमिमा पार्टीले अविलम्ब सैन्य-दृष्टिले रक्षात्मक कारवाही संचालन गर्दै दोस्रो योजना निर्माणको तयारीमा जोड दियो । दोस्रो योजना निर्माण, त्यसको तयारी र कार्यान्वयनका बीचमा रक्षात्मक कारवाहीलाई निरन्तरता दिदै दुश्मनका अत्याचारका विरूद्ध राजनैतिक भण्डाफोर, जनपरिचालन र संगठनात्मक सुदृढीकरण एवं विस्तारका कामहरूलाई अगाडि बढाउँदै गयो ।.........

यसै पृष्ठभूमिमा पार्टीको पोलिटव्यूरोद्वारा तयार पारिएको दोस्रो योजनाको परिमार्जन गर्न र त्यसलाई अन्तिम रूप दिन केन्द्रीय समीतिको पूर्ण बैठक बस्यो । पार्टीको इतिहासमा नै केन्द्रीय समितिको यो बैठक जिम्मेवारीबोध, संकल्पगत एकता र बहसको वैचारिक स्तर हरेक दृष्टिले गुणात्मक हिसाबले नै उच्च रह्यो । बैठकले उत्साहका साथ एकमतले दोस्रो योजना पारित गऱ्यो ।

"योजनाबद्ध ढंगले छापामार युद्धको विकास गरौं" भन्ने मूल नारा रहेको दोस्रो योजनाका तीन प्रमुख लक्ष्यहरू रहेका छन् । ती हुन्- प्रथम, छापामार युद्धका पक्षमा व्यापक जनपरिचालन गर्नु, द्वितीय- योजनाबद्ध रूपले छापामारहरूका लागि आवश्यक सामानहरू कब्जा गर्नु र तृतीय- देशका निश्चित राजनैतिक इलाकाहरूलाई छापामार इलाकामा बदल्न सम्पूर्ण क्रियाकलापहरूलाई केन्द्रीत गर्नु ।

यो दोस्रो योजना कार्यान्वयनका लागि न्यूनतम आवश्यक समय, विविध तयारीका लागि छुट्याइयो । सो अवधिमा मुख्य पक्ष विविध आन्तरिक तयारी हुन गयो, सहायक पक्ष- रक्षात्मक कारवाही र जनपरिचालनका विविध कार्यक्रम हुन गए । .........

तर दोस्रो योजनाको शुरूमै पार्टीले कुन कुरालाई गम्भीरतापूर्वक जोड दिएको छ भने, सशस्त्र संघर्षको प्रकृयामा प्रवेशको हाम्रो काम शानदार रूपले सफल भइसकेको अबको अवस्थामा दीर्घकालीन जनयुद्धको रणनैतिक रक्षाको चरण अन्तर्गत छापामार युद्धको रणनैतिक भूमिकालाई आत्मसात गरी योजनाबद्ध ढंगले छापामार युद्धको विकास गर्न र त्यसरी युद्धलाई दीर्घकालीन रूप दिने कुरामा ध्यान केन्द्रीत गरिनु पर्दछ । शक्ति सन्तुलनको आजको अवस्थामा दुश्मन हामीसंग निर्णायक मुठभेड गर्न चाहन्छ, किनकि त्यसरी मात्र उसको रणनीति हासिल हुन्छ । त्यसको ठीक उल्टो, हामी भने त्यस प्रकारको मुठभेडबाट बचेर दुश्मनको कमजोर बिन्दुमा एक एक गरी आफ्नो अनुकूलता अनुसार आक्रमण गर्दै युद्धलाई लम्ब्याएर दुश्मनलाई थकाउने र कमजोर पार्ने रणनीति अप्नाउँछौं । यस चरणमा दुश्मनका सारा रणनीति हामीलाई जनतासंगको सम्बन्धबाट कटाउने दिशातिर केन्द्रित रहेका हुन्छन् । अतः हामीले त्यसको ठीक उल्टो, जुनसुकै मूल्यमा पनि अनगिन्ती तरीकाद्वारा जनतासंगको आफ्नो जीवित सम्बन्ध कायम राख्ने रणनीति अप्नाउनु पर्दछ । किनकि, जनताको निमित्त लड्नु र जनतासंग सम्बन्ध राख्नुबाहेक हामी रहनुको अर्को औचित्य नै छैन ।

यस दृष्टिले युद्धको दीर्घकालीन चरित्रलाई आत्मसात गरी केन्द्रीकरण, विकेन्द्रीकरण र स्थानान्तरणको कार्यनीतिलाई योग्यतापूर्वक कार्यान्वयन गरेर नै हामी जनयुद्धलाई निरन्तरता दिई विकास गर्दै लगेर विजयसम्म पुग्न सक्छौं भन्ने कुरामा दोस्रो योजनाको विशेष जोड रहेको छ । त्यसका लागि सैद्धान्तिक रूपले पार्टीले लगातार एकातिर, आत्मसमपर्ण र पलायनवादका विरूद्ध र अर्कातिर, दुस्साहसवादका विरूद्ध संघर्ष चलाइरहन आवश्यक भएको कुरालाई दोस्रो योजनाले जोड दिएर उठाएको छ । अहिलेको स्थितिमा आत्मसमर्पणवादका विरूद्ध प्रमुख र दुस्साहसवादका विरूद्ध सहायक बनाएर संघर्षलाई अघि बढाउन जरूरी छ भन्ने कुरा पनि योजनामा स्पष्ट गरिएको छ । यसका साथै, अकर्मण्यतावादका विरूद्ध संघर्ष गर्नुपर्ने कुरामा पनि ध्यान दिइएको छ ।

पहिलो योजनामा न रहेको 'छानिएका दुश्मनलाई खत्तम गर्ने' कारवाहीको रूप पनि दोस्रो योजनामा समावेश गरिएको छ । तर, पार्टीको जोड दुश्मनलाई भौतिक रूपले खत्तम गर्ने सन्दर्भमा जनताका छोराछोरीहरूको हत्यामा प्रत्यक्ष रूपले संलग्न विशिष्ट अपराधीसम्म सीमित राख्ने कुरामा रहेको छ । पार्टी कुन कुरामा दृढ र प्रतिबद्ध रहेको छ भने, जनताका छोराछोरीहरूको हत्यामा संलग्न अपराधीहरूमाथि ढिलो वा छिटो सबैको बदला लिइने छ । अहिले उनीहरू जतिसुकै उच्च ओहोदा र कडा सुरक्षामा रहेका भए पनि जनताको आक्रमणबाट उनीहरू बच्ने छैनन् । तर हत्यामा नै प्राथमिकता दिने कुराको भने पार्टी स्पष्ट विरोधी छ । पार्टीको प्राथमिकता- छापामार कारवाही, सेबोटेज र प्रचारात्मक कारवाहीका रूपहरूमा नै रहेको छ ।......... ('माओवादी' पृष्ठ १५-१६ बाट)

### के कस्तो सफलता मिलिरहेछ जनयुद्धको दोस्रो चरणमा ?

.........न्यूनतम आवश्यक तयारी पश्चात् अहिले पार्टीले दोस्रो योजना कार्यान्वयन गरिरहेको छ । यसअन्तर्गत पहिलो योजनाका तुलनामा गुण र मात्रा दुबै दृष्टिले उच्च प्रकारका कार्यवाहीहरू सम्पन्न हुँदै गएका छन् । देशका विभिन्न भागमा सामन्त, जाली फटाहाहरूका साथमा भएका हतियारहरू छापामारहरूद्वारा

(बाँकी ३९ पेजमा)

> **कुख्यात सामन्त र फटाहाहरुका लाखौं लाखका तमसुकहरु जलाइए, सैयौं मुरी अन्न कब्जा गरी किसानहरुमा वितरण गरियो, लाखौंको सम्पत्ति जनताद्वारा कब्जा गरिए**

# केही सैद्धान्तिक बहस "माओवादी" मित्रहरुसित

**जसरी माओले लेनिन र मार्क्सको अन्ध-नक्कल कहिल्यै गर्नु भएन, त्यस्तै गर्न हामीले पनि सिक्नु पर्ने हो कि होइन ?**

**मा**ओको जिन्दगीभरको वैचारिक लडाइँ अन्धनक्कलविरूद्ध रह्यो, यान्त्रिक चिन्तन प्रक्रियाविरूद्ध रह्यो । चीनमा जतिखेर कम्युनिष्ट पार्टीको स्थापना भएका थियो सन् १९२१ मा, त्यतिखेर त्यहाँ रूसी अक्टोबर समाजवादी क्रान्तिको जबर्जस्त प्रभाव थियो । पार्टीको स्थापना आफैं त्यही प्रभावबाट भएको थियो । चीनको कम्युनिष्ट पार्टीमा शुरूमै महत्वपूर्ण भूमिका खेल्ने "२९-बोल्शेविकहरु" रूसमै दीक्षित र रूसी क्रान्तिको हूबहू अन्धनक्कल गरेर अघि बढ्नुपर्छ भन्नेहरू थिए । अन्ध-नक्कलकै क्रममा उनीहरूले शहरीया मजदूर संघर्षलाई जोड दिए । युद्धको केन्द्रबिन्दु पनि उनीहरूले शहरी क्षेत्रलाई बनाउने कुरामा जोड दिए । यस्तो जोडको कारण के थियो भने, रूसमा क्रान्तिको प्रक्रियामा लेनिनले त्यस्तै गर्नुभएको थियो ।

चीनमा क. माओ नै त्यस्तो अगुवा हुनुहुन्थ्यो, जसले यो अन्धनक्कल विरूद्ध डटेर लड्नु भयो । यान्त्रिक रूपले कतैको पनि र कसैको पनि अन्धनक्कल गर्नु वैज्ञानिक चिन्तन प्रक्रिया होइन भन्ने सवाल उहाँले जिन्दगीभर दृढतापूर्वक उठाइरहनु भयो- चाहे त्यो रूस र लेनिनकै किन नहोस् । उहाँले यान्त्रिक चिन्तन प्रक्रियाको अथवा जडसूत्रवादको द्वन्द्वात्मक भौतिकवादसित कुनै साइनो नभएको देखाउनु भयो । प्रत्येक क्रान्तिकारीले मार्क्सवादलाई आम-मार्गदर्शक सिद्धान्तका रूपमा मात्र लिनुपर्छ, तर आफ्नो देशका र आफ्नो समयका विशेषताहरू आफैंले मिहेनत गरेर खोज्नु पर्छ । समानता र भिन्नता आफैंले खोजेर निकाल्नु पर्छ । यो कुनै पुस्तकमा पनि पकीपकाउ खाना जस्तो तम्तयार मिल्दैन । भिन्न परिस्थितिमा कहींका पनि र कसैको पनि अनुभव आँखा चिम्लेर लागू गर्नु जडसूत्रवाद हो, यो द्वन्द्वात्मक भौतिकवाद होइन ।

द्वन्द्वात्मक भौतिकवादीले हरेक ठाउँको परिस्थितिलाई हमेशा द्वन्द्वमा हेर्नुपर्छ, गतिमा हेर्नुपर्छ, सूक्ष्म सूक्ष्म फरकलाई समेत उनीहरूले केलाउनु र याद गर्नुपर्छ ।

तपाईले खोलामा खुट्टा चोपलूँ भनेर खुट्टा उचाल्दा जुन पानी देख्नु भएको थियो, त्यो पानी खुट्टा पानीमा पुग्दा त्यही रहिरहेको हुन्न, त्यहाँ अर्कै पानी आइसकेको हुन्छ । त्यस्तै गतिशील हुन्छ- हरेक वस्तु र हरेक परिस्थिति । त्यसैले गतिमा हरेक परिस्थितिलाई हेर्न सक्नु नै द्वन्द्वात्मक भौतिकवादको चूरो कुरो हो । माओले संसारलाई यही कुरा नै त सिकाउनु भयो ।

त्यसैले, माओले लेनिनबाट आम-सिद्धान्त सिक्नु त भयो, तर त्यसको अन्धनक्कल चीनमा गर्नु भएन । उहाँले रूस र चीनको सूक्ष्म सूक्ष्म फरक पनि केलाउनु भयो, साथै समानता पनि ।

रूसमा मजदूर आन्दोलनको बाहुल्य थियो, चीनमा किसान आन्दोलनको । रूसमा पूँजीवादी संसद अस्तित्वमा थियो, त्यसैले संसदीय संघर्षको त्यहाँ महत्व थियो । तर चीनमा त्यो थिएन । त्यसैले चीनमा संसदीय संघर्षको कुरा गर्नुको कुनै तुक थिएन । रूसमा क्रान्तिकारी आन्दोलनको गुरूत्वाकर्षण केन्द्रशहर थियो, चीनमा गाउँ । रूसमा कम्युनिष्ट पार्टीको स्थापनाको शुरूदेखि नै मजदूर र अन्य जनताको वैध तथा अवैध आन्दोलनले संघर्षको मुख्य रूपको रूपमा आफ्नो अभिव्यक्ति दिइरहेको थियो, तर चीनमा चाहिँ युद्धले, आदि आदि ।

यिनै भिन्नतालाई ख्याल गरेर माओले चीनको लागि अलगगै क्रान्तिको सिद्धान्त विकास गर्नुभयो, साथै संघर्षका अलग रूप र तरीका पनि । माओले संसारका क्रान्तिकारीहरूलाई चीनको पनि यान्त्रिक नक्कल नगर्न बारम्बार जोड दिनुभयो ।

तर नेपालका आफूलाई 'माओवादी' मान्ने मित्रहरूको एउटा मुख्य कमजोरी के देखिन्छ भने- जुन माओले जिन्दगीभर यान्त्रिक नक्कल विरूद्ध लड्नुभयो, त्यही माओको उहाँहरू यान्त्रिक नक्कल गर्दै हुनुहुन्छ । जुन माओले जिन्दगीभर यान्त्रिक चिन्तन प्रक्रियाविरूद्ध शिक्षित गरिरहनु भयो, त्यही माओबाट 'शिक्षा लिएको' भन्दै यान्त्रिक चिन्तन प्रक्रिया अप्नाउँदै हुनुहुन्छ । यो त बौद्ध भिक्षुहरूले मूर्ति पूजाका कट्टरविरोधी बुद्ध स्वयंको मूर्ति पूजा गरेको जस्तै भएन र ?

**हामीले माओबाट सिक्ने के ?**

माओले यान्त्रिक चिन्तन प्रक्रियाविरूद्ध अप्नाउनु भएको द्वन्द्वात्मक दृष्टिकोण कि माओले चीनमा संघर्ष गर्दा अप्नाउनु भएका संघर्षका रूपहरूको हूबहू अन्ध-अनुकरण ?

हामीले माओका पोथा पल्टाएर आजको नेपालका सबै समस्याहरूको रेडिमेड उत्तर त्यहीं खोज्ने पद्धति माओबाट सिक्ने कि आजको आफ्नो देशको र विश्वको विशिष्ट परिस्थिति वैज्ञानिक दृष्टिकोण अप्नाएर आफैं खोज्ने पद्धति सिक्ने ?

हामीले आफूलाई 'माओवादी' त घोषित गर्‍यौं, तर माओले जिन्दगीभर संघर्ष गरेको यान्त्रिक चिन्तन प्रक्रिया वा अन्ध-नक्कललाई नै हामीले जीवनपद्धति र विश्व-दृष्टिकोण बनायौं भने हामी असलमा माओवादी रहन्छौं कि रहन्नौं ? हामी माओका असल शिष्य रहन्छौं कि रहन्नौं ? अन्यथा, जसरी माओले लेनिन र मार्क्सको अन्ध-नक्कल कहिल्यै गर्नु भएन, त्यस्तै गर्न हामीले पनि सिक्नु पर्ने हो कि होइन ?

माओबाट सिक्ने भनेको समस्याको हल निकाल्ने र समस्यालाई हेर्ने वैज्ञानिक ढंग हो । सिंगै मार्क्सवादबाट सिक्ने एउटा मुख्य कुरा नै त्यही हो । मार्क्सवादका पोथामा आफ्नो स्थान र समयका हरेक समस्याका रेडिमेड उत्तर खोज्ने ढंग अप्नाउने हो भने हामीले मार्क्सवादलाई पनि धर्मशास्त्रमा परिणत गर्नेछौं । विधि एउटै हो भने, आफ्नो हरेक समस्याको बनीबनाउ उत्तर धर्मशास्त्रमा खोज्ने पण्डा-पुरोहित र हामीमा तात्विक अन्तर के रहन्छ ?

नत्र भने, माओले जस्तै हामीले पनि आजको नेपाल र तात्कालीन चीनका बीचमा रहेका आधारभूत भिन्नताहरूलाई आफैंले खोजेर निकाल्नुपर्छ । के के विशिष्टताहरू छन्- आजको नेपालमा, त्यो आफैंले मार्क्सवादी विश्व-दृष्टिकोण अप्नाएर खोज्नु पर्छ । चीनमा कम्युनिष्ट पार्टीको स्थापनादेखि नै संघर्षको मुख्य र सर्वोच्च रूप युद्ध तथा फौज रह्यो । नेपालमा चाहिँ पार्टीको स्थापना कालदेखि नै संघर्षको सर्वोच्च र प्रमुख रूप जनताको सशस्त्र जनआन्दोलन र संगठनको सर्वोच्च र प्रमुख रूप राजनीतिक पार्टी रह्यो । यो नेपालको ऐतिहासिक तथ्य हो कि होइन ?

चीनमा कुनै पूँजीवादी संसद अस्तित्वमा थिएन, नेपालमा चाहिं त्यो अस्तित्वमा छ । यो नेपालको विशिष्टता हो कि होइन ?

चीनमा क्रान्तिताका आधारभूत रूपमा केन्द्रिकृत पूँजीवादी अर्थ व्यवस्थाको बाहुल्य थिएन । चीनका विभिन्न भागमा प्राकृतिक स्वनिर्भर पछौटे कृषि अर्थ व्यवस्थाको प्रधानता थियो । नेपालमा चाहिँ अहिले आधारभूत रूपमा केन्द्रिकृत पूँजीवादी अर्थ व्यवस्थाको प्रधानता छ, यद्यपि केही विकट क्षेत्रमा प्राकृतिक स्वनिर्भर पछौटे कृषि अर्थ व्यवस्था पनि छिटफूट रूपमा बाँकी छ, तर यो नाशिने प्रक्रियामा छ । यो नेपालको कटु यथार्थ हो कि होइन ?

चीनमा देशभरि केन्द्रिकृत राज्य-व्यवस्थाको पकड थिएन । देशका विभिन्न भागमा युद्ध सरदारहरूको आ-आफ्नै प्रभुत्व थियो । नेपालमा चाहिं देशभरि नै केन्द्रिकृत राज्य व्यवस्थाको पकड र प्रभुत्व देखिन्छ । यो नेपालको भिन्न विशिष्टता हो कि होइन

चीनमा क्रान्तिताका किसान विद्रोह र आन्दोलनको प्राधान्यता थियो र आन्दोलनको गुरूत्वाकर्षण केन्द्र गाउँमा थियो । नेपालमा विशेषतः पछिल्ला दुई दशक भित्र किसान आन्दोलनको प्राधान्यता हराएको छ र शहरिया जनआन्दोलन प्रमुख भएर आएको छ र सबै प्रमुख राजनैतिक



हेरफेरहरू दुई दशकयता तिनै शहरिया जनआन्दोलनको प्रक्रियामा भएका छन् । आन्दोलनको मुख्य गुरूत्वाकर्षण केन्द्र शहर भएको छ । यो नेपालको ऐतिहासिक यथार्थ हो कि होइन ?

चीनमा क्रान्तिताका छिमेकी समाजवादी सोभियत संघ चीनियाँ क्रान्तिको भरोसिलो सहयोगी र मित्रको रूपमा रहेको थियो । सोभियत संघको दरो उपस्थिति मात्रैले पनि चीनको क्रान्ति केही सजिलो भएको थियो । तर नेपालमा दायाँ र बायाँ दुवैतिर नेपाली क्रान्तिको लागि दरो र भरोसिलो मित्र छैन । चीनको भूमिका समेत पछिल्लो दुई दशकमा नेपालको जनआन्दोलन र क्रान्तिको प्रक्रियामा सहयोगी रहेको देखिएको छैन । यो नेपालको आजको कटु यथार्थ हो कि होइन ?

चीनमा क्रान्तिताका जति अनुकूल विश्व परिस्थिति थियो, आज त्यो परिस्थिति छैन । आज साम्राज्यवाद त्यतिखेरको तुलनामा निकै नियन्त्रणहीन आक्रामक भएको विश्वपरिस्थिति छ । यो आजको वास्तविकता हो कि होइन ?

नेपालमा माओले सिकाउनु भएको विश्व-दृष्टिकोण र पद्धति अनुसार आलोचनात्मक तवरले सोचेर नेपालको विशिष्ट परिस्थिति अनुरूप क्रान्तिकारी आन्दोलन अघि बढाउने हो भने चीनभन्दा भिन्नै ढंगले हामीले यहाँको क्रान्तिकारी आन्दोलनलाई सोच्नु जरूरी छ कि छैन ? जसरी माओले रूसको अन्ध नक्कल नगरी चीनका विशेषता अनुरूप चीनको क्रान्तिकारी आन्दोलन अघि बढाउँदा त्यहाँको क्रान्ति विजयी भयो, त्यस्तै हामीले पनि चीनको र कसैको पनि अन्धनक्कल नगरी नेपालको विशिष्टता अनुरूप यहाँको क्रान्तिकारी आन्दोलन विजयी हुने संभावना बेसी रहन्छ भन्ने कुरा सही हो कि होइन ?

**बहस** गर्नु पर्ने अर्को सवाल छ- जन-कार्यदिशाको बारेमा ।

माओको जिन्दगीभरको संघर्ष हेर्दा के पाइन्छ भने, उहाँले हमेशा जन-कार्यदिशालाई सर्वप्रमुख ध्यान दिनुभयो । जनतालाई पार्टीले सोचेको सही क्रान्तिकारी नीति र कार्यक्रम बुझाउन हमेशा प्रयत्न गरिरहने, तर बहुसंख्यक जनता तम्तयार नभएसम्म पर्खिने, ठीकै भए पनि जबर्जस्ती केही कुरा जनताबाट आफू कट्ने गरी जनतामाथि नलाद्ने- माओको काम गर्ने ढंग र जन-कार्यदिशा यस्तो थियो ।

माओले ठीक र बेठीक नीतिको, वामपन्थी र दक्षिणपन्थी अवसरवादको मूलकसी नै जनतालाई बनाउनु भयो ।

जनता तम्तयार भइसकेका छैनन्, तर पार्टी 'यो सही क्रान्तिकारी लाइन हो' भन्दै हतारिएर जनताको चेतनाभन्दा धेरै अघि बढेर केही कुरा गर्छ भने त्यो वामपन्थी अवसरवाद हो, त्यो उग्रवाद हो ।

जनता तम्तयार भइसके, तर नेतृत्व जनता तम्तयार भइसकेको सही कुरा गर्न समेत तयार हुन्न भने त्यो दक्षिणपन्थी अवसरवाद हो ।

यसरी वामपन्थी अवसरवाद र दक्षिणपन्थी अवसरवाद छुट्याउने मूल कसी नै तात्कालीन जनताको चेतना हो, माओले हमेशा यही सिकाउनु भयो ।

माओले देशमा क्रान्तिपछि आफ्नो हातमा सत्ता आउँदा समेत यही जन-कार्यदिशा अप्नाउनु भयो । चीनको क्रान्तिकारी भूमिसुधार यही जन-कार्यदिशाको कारणले निकै सफल भएको थियो र यो भूमिसुधारको दौरानमा रूसमा भन्दा निकै कम हिंसा चीनमा भयो । भूमिसुधारको दौरानमा पार्टीले जनतालाई जगाउने काम गऱ्यो । तर खुँखारभन्दा खुँसार सामन्तलाई समेत पार्टीले जनताको तर्फबाट भनेर कहिल्यै मारेन, कहिल्यै कार्यवाही चलाएन । जनतालाई जागृत गरेर जनताकै पहलमा उनीहरूलाई उचित दण्ड दिइयो । धेरैको ज्यान मार्ने सामन्तलाई मात्र जनताले मृत्युदण्ड दिए ।

> **नेपालको विशिष्ट परिस्थितिअनुरुप क्रान्तिकारी आन्दोलन अघि बढाउने हो भने चीनभन्दा भिन्दै ढंगले हामीले यहाँको क्रान्तिकारी आन्दोलनलाई सोच्नु जरुरी छ कि छैन ?**

चीनमा साँस्कृतिक क्रान्ति समेत जनतालाई जगाएर जनताको सक्रियतामा गर्ने बाटो माओले अप्नाउनु भयो । त्यस्तै पार्टी नोकरशाहीविरोधी संघर्षहरू पनि ।

त्यसैले, माओबाट हामीले सिक्नु पर्ने यही जन-कार्यदिशा हो । तर यहाँ जुन माओले जिन्दगीभर जन-कार्यदिशा अप्नाउन संघर्ष गर्नुभयो, त्यही माओबाट जन-कार्यदिशा सिक्नुको सट्टा, जनताको नाममा केही क्रान्तिकारीहरूले बहादुरीपूर्ण कार्यवाही गर्ने अराजकतावादी बाटो सिकेको देखिदैछ । 'जनयुद्ध'को नाममा भएका अधिकांश कार्यवाही यस्तै बाटो अप्नाएर भएका देखिन्छन् । पछिल्लोताका उदाहरणको निमित्त, रामेछापको बेथान काण्ड हाम्रो अगाडि छ । के बेथानका बहुसंख्यक क्रान्ति-पक्षधर जनताहरूलाई यो कार्यवाहीको लागि तम्तयार पारिसकेपछिको भावभूमिमा त्यो कार्यवाही भएको थियो ? के त्यो कार्यवाहीबाट बेथानका यथास्थितिविरोधी जनतामा क्रान्तिकारीहरूको पकड पहिलेभन्दा बलियो हुने स्थिति रह्यो ?

आम जनताको चेनास्तरको यथार्थ जेसुकै होस्, केही एकाध सय कार्यकर्ताको चेतना भए पुग्यो ।

यो त कुनै भौतिकवादी चिन्तन प्रणाली नै भएन । आफ्नो चेतनालाई दुनियाँको यथार्थ ठान्ने यो चिन्तन प्रक्रिया त बिलकूलै आदर्शवादी भएन र ?

फेरि, पहिले बहुसंख्यक जनतालाई तम्तयार पार्ने भूमिका अगुवाले नखेलीकन केही क्रान्तिकारीहरूले हठात् जनताको नाममा बहादुरी देखाउनु र त्यो बहादुरीपछि 'जनता आपसेआफ पछि लागिहाल्छन् नि' भनेर सोच्नु ।- यो कुनै माओवादी चिन्तन भयो र ? यो त अराजकतावादी चिन्तन होइन र ? यस्तो जनताको नाममा केही क्रान्तिकारीहरूले हरेक कुराको ठेक्का लिने मनोवृत्तिले क्रान्तिपछि पनि सुविधा हात पार्ने मानसिकतामा आधारित **'पार्टी-नोकरशाहहरुको जनकल्याणकारी सत्ता'** मात्र तयार हुन सक्छ, जनसहभागितामा आधारित जनताको जनवादी सत्ता त कदापि तयार हुँदैन । के माओको जन-कार्यदिशाको मूल स्पिरिट यस्तो सत्ता हो र ?

नेकपा (माओवादी) को हालैको दस्तावेज र प्रकाशनहरूमा अराजकतावादी सोचको विरोध भेटिन्छ । तर व्यवहारमा त फेरि यो स्वयंले जताततै अराजकतवादी चिन्तन नै लागू गरिरहेको पाइन्छ । यथास्थिति विरोधी बहुसंख्यक जनता तयार नहुँदै गरिने केही क्रान्तिकरी वीरहरूको कार्यवाहीमै यसको मुख्य जोड भेटिन्छ ।

**अर्को बहस** गर्नु पर्ने विषय भएको छ अन्तरविरोधको सही संचालन सम्बन्धमा ।

माओले अन्तरविरोधसम्बन्धी मार्क्सवादी दार्शनिक समझलाई काफी राम्रो ढंगले स्पष्ट पार्नु भयो र विकास पनि गर्नुभयो । कसरी हमेशा गतिशील ढंगबाट एउटा क्रान्तिकारी शक्तिले त्यतिबेलाको प्रधान अन्तरविरोध पहिल्याउने र प्रधान अन्तरविरोधसित थोरै पनि अन्तरविरोध राख्ने बाँकी अन्य शक्तिलाई गोलबन्द गर्ने वा तटस्थ पार्ने भन्ने कुरामा ध्यान दिने सवालमा माओले निकै स्पष्टतासाथ हामीलाई सिकाउनु भएको छ ।

तर 'माओवादी' मित्रहरूले माओको यो शिक्षाबाट सिकेको कहींकतै देखिन्न । जनतालाई 'माओवादी' मित्रहरूको विचार र व्यवहारसित सहमति राख्न मात्र अधिकार छ, असहमति राख्ने अधिकार छैन । असहमति राख्यो कि उहाँहरूको व्यवहार शत्रुतापूर्ण हुने गर्छ । उहाँहरूको प्रकाशन हेर्ने हो भने, उहाँहरूसित असहमति राख्ने सारालाई उहाँहरूले एउटा न एउटा शत्रुतापूर्ण बिल्ला भिराएकै हुन्छ । आतंकित पार्ने हदको शत्रुतापूर्ण भाषा प्रयोग गरिएको हुन्छ ।

यस्तो व्यवहारबाट उहाँहरूप्रति असहमति राख्दाराख्दै पनि मित्रताभाव राख्ने, सहानुभूति राख्ने शक्तिहरू उहाँहरू स्वयंबाट टाढिन जान्छन् । कतिपय त उहाँहरूलाई प्रतिक्रियावादले दमन गर्दा समेत चुप लाग्ने हदसम्म जान सक्छन्, गएका पनि छन् ।

यो व्यवहार उहाँहरूको माओको अन्तरविरोधसम्बन्धी गलत समझदारीले पैदा भएको देखिन्छ । वास्तवमा सबै अन्तरविरोधहरू शत्रुतापूर्ण हुँदैनन्, सबै असहमतिहरू शत्रुतापूर्ण हुँदैनन् । आलोचनाहरूको हकमा पनि यो लागू हुन्छ । तर 'माओवादी' मित्रहरूको के स्वभाव हुन गएको छ भने- उहाँहरू प्रमुख शत्रुसित हुने अन्तरविरोध र मित्रहरूसित हुने अन्तरविरोधमा कुनै भेद नै देख्नु हुन्न । सबै अन्तरविरोधहरू उहाँहरूलाई उत्तिकै प्रमुख लाग्छन्, उत्तिकै शत्रुतापूर्ण लाग्छन् । उहाँहरू सबै आलोचना र विरोधहरू शत्रुबाट मात्र आउने ठान्नु हुन्छ । मित्रबाट सहमति र समर्थन मात्र आउँछ भन्ने उहाँहरूको ठम्याइ छ । उहाँहरूको यो गलत दार्शनिक समझदारीले गर्दा उहाँहरूमा आलोचना र असहमति सुन्ने र त्यसको विश्लेषण गर्ने दार्शनिक सहिष्णुता र विवेक नै लोप भएको महसूस हुन्छ । उहाँहरूले परिकल्पना गरेको नयाँ जनवादमा पनि भिन्न विचार वा आलोचनाप्रति उहाँहरूको यस्तै असहिष्णुता र शत्रुतापूर्ण व्यवहार रहयो भने त्यो व्यवस्था कस्तो व्यवस्था हुन जाला ? के त्यो व्यवस्था जनवादी रहला ? वा त्यो पार्टी-नोकरशाहहरूको एकतन्त्र होला ?

यस्तो असहष्णुताले उहाँहरूले भएको समर्थन पनि गुमाउने, मित्रको सट्टा शत्रुको खेमा बढ्ने र चारैतिरबाट प्रमुख दुश्मन एक्लिनुको सट्टा आफैं एक्लिन जाने संभावना रहन्छ । यस्तो भइरहेको पनि छ ।

खै त उहाँहरूले त्यो माओबाट सिकेको, जसले एउटा खास समयमा हज्जारौं कम्युनिष्ट मार्ने च्याङ काइ शेकलाई समेत आफ्नो मित्र बनाउने बुद्धिमत्ता देखाउनु भयो ? आफ्नो प्रमुख दुश्मनसित थोरै पनि दुश्मनी राख्नेहरू पनि आफ्नो मित्र हुन् भन्ने माओबाट खै त उहाँहरूले शिक्षा लिएको ?

यी सबैका बावजूद म 'माओवादी' हरूलाई नेपालको क्रान्तिकारी शक्ति नै ठान्दछु । उहाँहरूको क्रान्तिकारी उद्देश्यप्रति मलाई कुनै शंका लाग्दैन । तथापि, मित्र हुनुको नाताले यो मेरो कर्तव्य हो कि- उहाँहरूमा देखिएको गलत दार्शनिक समझदारीलाई उहाँहरूको ध्यानमा ल्याइदिनु, बहसमा ल्याइदिनु । के यो काम पनि शत्रुतापूर्ण भयो कि ?

❑ प्रज्ञानरत्न

**माओले संसारका क्रान्तिकारीहरुलाई चीनको पनि यान्त्रिक नक्कल नगर्न बारम्बार जोड दिनुभयो । तर नेपालका 'माओवादी' साथीहरुले भने......**

## अस्ट्रेलियाको कम्युनिष्ट पार्टीको विघटन

# समाजवादी पार्टी कम्युनिष्ट पार्टीमा रुपान्तरित !

सोभियत संघको विघटन र पूर्वी यूरोपमा समाजवादी शासन पतन भएपछि विश्व कम्युनिष्ट आन्दोलनमा अनेकौं उतार-चढावहरू आए, यही उतार-चढावकै क्रममा विश्वका केही कम्युनिष्ट पार्टीहरूले आफ्नो नाम र काम फेर्ने कार्य गरे भने केही कम्युनिष्ट पार्टीहरू त विघटित समेत भए !

यसरी आफ्नो नाम र आफ्नो काम फेर्ने कम्युनिष्ट पार्टीहरूमध्ये अष्ट्रेलियाली कम्युनिष्ट पार्टी (Communist Party of Australia) को नाम पनि उल्लेखनीय छ । पहिले नाम र काम फेरेर अगाडि आएको यो कम्युनिष्ट पार्टी अहिले विघटित समेत भइसकेको छ ।

तर अर्कोतिर, अष्ट्रेलियाली समाजवादी (SPA) पार्टीले आफ्नो नाम फेरेर **अष्ट्रेलियाली कम्युनिष्ट पार्टी** नामाकरण गरेको छ । एकातिर, कम्युनिष्ट पार्टीको नाम र काम फेर्ने र विस्तारै विघटन हुने, अर्कोतिर, समाजवादी पार्टीको नाम फेरेर कम्युनिष्ट पार्टी राख्ने- कत्ति विरोधाभाषपूर्ण ! अष्ट्रेलियाको कम्युनिष्ट आन्दोलनमा देखा परेको यो विरोधाभाषलाई हामी नेपालीहरूले विशेष रूपले बुझ्नु जरूरी देखिन्छ ।

### अष्ट्रेलियाको कम्युनिष्ट आन्दोलन

ब्रिटेनको उपनिवेश अन्तर्गत रहेको अष्ट्रेलियाको पूँजीवादीकरण संगसंगै त्यहाँको कम्युनिष्ट आन्दोलले जरा गाड्न थालेको थियो । पहिलो विश्वयुद्धबाट निकै लाभान्वित भएको अष्ट्रेलियाली पूँजीपति वर्गको शोषण र शासन, बढ्दो बेरोजगारी, महँगी एवं उग्र वर्ग-विरोधकै पृष्ठभूमिमा त्यहाँ मजदूर आन्दोलन शुरू भएको थियो । त्यसमा १९०७ मा स्थापित पुरानो अष्ट्रेलियाली समाजवादी पार्टीले शुरू गरेको मार्क्सवादी विचारहरूको प्रचार प्रसारले गर्दा अष्ट्रेलियाली कम्युनिष्ट पार्टीको भ्रुणले मलजल प्राप्त गऱ्यो ।

रूसमा सम्पन्न भएको अक्टोबर समाजवादी क्रान्तिको तुफानले अष्ट्रेलियाका वामपन्थीहरूमा पनि नयाँ रक्तसंचार गऱ्यो । यसरी बढ्दो मजदूर आन्दोलन, मार्क्सवादको प्रचार र अक्टोबर क्रान्तिको प्रभावकै पृष्ठभूमिमा त्यहाँका साम्यवादपक्षधर वामपन्थीहरूले एउटा नयाँ स्वतन्त्र कम्युनिष्ट पार्टी संगठित गर्ने अभियान चलाए । र, ३० अक्टोबर १९२० मा विभिन्न मार्क्सवादी समूहहरू र समाजवादी पार्टीका प्रतिनिधिहरूको संयुक्त सम्मेलनले अष्ट्रेलियाली कम्युनिष्ट पार्टी स्थापना गरेको थियो ।

नवस्थापित अष्ट्रेलियाली कम्युनिष्ट पार्टीको जग, त्यसको डिजाइन र त्यसका



निर्माताहरूको कच्चापनमाथि शुरूमै प्रश्न चिन्ह खडा भयो । मार्क्सवाद-लेनिनवादको आधारभूत ज्ञानको कमी र अष्ट्रेलियाको क्रान्तिको सिद्धान्तको अभाव खट्किरहेको बेलामै वैचारिक र सांगठनिक एकताविना नै कम्युनिष्ट पार्टीको निर्माणमा हतारोपन देखाएकाले कम्युनिष्ट पार्टीको जगमै फाटो देखियो । पार्टीभित्र रहेका अराजकतावदी र सुधारवादीहरूका क्रियाकलापले गर्दा पार्टीमा तुरून्तै फूटको स्थिति देखा पऱ्यो । १९२२ सम्म पुग्दा मात्रै अष्ट्रेलियाली कम्युनिष्ट पार्टीले भित्री पार्टी-एकता कायम गरेको दावी गर्न सकेको तथ्य यहाँ उल्लेखनीय देखिन्छ ।

### मजदूर आन्दोलनको नेतृत्व

अष्ट्रेलियामा पूँजीवाद जति जति निर्मम शोषणकारी हुँदै गयो, त्यत्तिकै मात्रामा त्यहाँको पूँजीवादविरोधी मजदूर आन्दोलन पनि सशक्त हुँदै गयो ।१९१७ को अगष्ट-सेप्टेम्बरमा एक लाखभन्दा बेसी मजदूरहरूको सहभागितामा भएको आम हडताल यहाँ उल्लेखनीय देखिन्छ । नवस्थापित सोभियत संघको विरोधमा पूँजीवादी देशहरूको हस्तक्षेप र त्यसमा अष्ट्रेलियाली सरकारको संलग्नताको विरोधमा भएको संघर्ष र त्यसै सिलसिलामा त्यहाँका विभिन्न नगरमा फैलिएको 'रूसबाट टाढै बस' नामक आन्दोलन पनि त्यहाँको मजदूर आन्दोलनका उल्लेखनीय संघर्षहरू हुन् । त्यहाँका आन्दोलनकारी मजदूर संगठनहरू र कम्युनिष्ट पार्टीले पैसा र सरसामान जुटाएर सोभियत जनतालाई सहयोग गरेको घटना त सर्वहारा अन्तर्राष्ट्रियतावादको एउटा नमूनै हो ।

पूँजीवादबाट मुक्त हुन लालयित मजदूरहरूको आन्दोलन १९२० को दशकमा चर्कंदै गएर झन् झन् आमूल परिवर्तनकारी हुन थाल्यो । यसबाट भयभीत भएको लेबोर पार्टीले वर्ग संघर्ष होइन, वर्गीय सहयोग जरूरी भएको नारा र कार्यक्रम ल्यायो । यसले गर्दा झनै रिसाएका मजदूरहरूले वामपन्थी लेबरवादी र कम्युष्निट पार्टीको समेत साथ लिएर संघर्ष चलाइरहे । १९२५ र १९२६ मा नाभिकहरू, बन्दरगाहमा काम गर्ने गोदी मजदूहरू र कारखानामा काम गर्ने श्रमिकहरूले ठूल-ठूला सफल हडतालहरू आयोजना गरे । यसै क्रममा, ब्रिटेनको १९२६ को आम हडतालको पक्षमा चलाइएको ऐक्यवद्धता र सहानुभूति अभियान र १९२७ मा अमेरिकी मजदूर नेताहरू साक्को र वान्जेन्टीको जीवन रक्षार्थ उठाइएको आवाजमा कम्युनिष्ट पार्टीको विशेष भूमिका रह्यो । मजदूर आन्दोलनको नेतृत्व गर्ने स्थितिसम्म विस्तारै पुगेको अष्ट्रेलियाली कम्युनिष्ट पार्टी (CPA) ले १९२५-२६ मा खानी, निर्माण, नाभिक र बन्दरगाहमा काम गर्ने मजदूरहरूको विशाल ट्रेड यूनियन बनाउने काममा ठूलो योगदान दियो । CPA ले वामपन्थी लेबरवादीहरूसंग मिलेर १९२७ मा देशको एक मात्र एकीकृत र विशाल ट्रेड यूनियन केन्द्र 'अष्ट्रेलियाली ट्रेड यूनियन परिषद' स्थापना गर्ने काममा निर्णायक भूमिका खेल्यो । लगभग चार लाख मजदूरहरू यस परिषद्‌मा समाहित भए ।

हँसिया-हथौडासहितको रातो झण्डा लिएर सडकमा प्रदर्शन गर्नुलाई समेत दण्डनीय अपराध ठानिने देश अष्ट्रेलियामा बढ्दो मजदूर आन्दोलन र त्यसमाथि CAP को नेतृत्व कायम हुन थालेपछि त्यहाँको लेबर पार्टी र सरकार तर्सिनथाल्यो । बढ्दो मजदूर शक्तिबाट आत्तिएर एस ब्रुसको सरकारले साम्यवादी विचारको प्रचार-प्रसार र रातो झण्डासहितको जुलुसलाई बैध घोषित गर्नुका साथसाथै अत्यन्त बाध्य भई अब उप्रान्त 'अवाञ्छनीय मानिसहरू'लाई देश निकाला गर्ने कानून उपयोग नगरिने घोषणा समेत गर्नु पऱ्यो । यसअघि यो कानून विशेष गरी मजदूर आन्दोलनभित्रका वामपन्थी नेता र कार्यकर्ताहरू र कम्युनिष्ट पार्टीका सदस्यहरूविरूद्ध हतियारको रूपमा उपयोग हुँदै आएको थियो ।

१९३० को दशकमा शुरू भएको पूँजीवादी विश्वको भयावह आर्थिक संकटसंगै स्थापित लेबोर पार्टीको सरकारले नै विशाल मात्रामा मजदूरहरूको छँटनी गर्ने, ज्यालामा २०% कटौती गर्ने, पेन्सन र सामाजिक बीमामा कटौती गर्ने जस्ता मजदूरविरोधी र पूँजीपति वर्गको स्वार्थ अनुकूलका क्रियाकलापहरू अगाडि बढाएर चरम मन्दीको संकटबाट अष्ट्रेलियालाई पार लगाउने प्रयत्न गर्न थाल्यो । त्यसको प्रत्युत्तरमा मजदूरहरूले हडतालको सहारा लिए । १९२९ -१९३० मा न्यू साउथ बेल्सको कोइला खानीमा १५ महिनासम्म भएको मजदूर हडतालमाथि तथाकथित श्रमिक सरकारले नै सैनिक दमन गऱ्यो । त्यसै बेला त्यस प्रान्तमा देखा परेको 'नयाँ गार्ड' नामक फासिष्ट समर्थक संगठनले पनि मजदूर संगठन र त्यसका संघर्षहरूमाथि धावा बोल्ने र वामपन्थी कार्यकर्ताहरूलाई तर्साउने, धम्क्याउने कार्य गर्न थाले ।

अष्ट्रेलियामा पूँजीवादमाथि आएको

## अष्ट्रेलियाको कम्युनिष्ट पार्टीको उतारचढावको कथा

यो डरलाग्दो संकट टार्न नसकेपछि लेबोर पार्टीको सरकार अन्ततः आन्तरिक मतभेद र फूटको कारणले पतन भयो । त्यसपछि सत्तामा आएको संयुक्त पार्टी र कृषक पार्टीको संयुक्त सरकारका प्रमुख जोसेफ लाइन्सले प्रजातान्त्रिक अधिकार खोस्ने, कम्युनिष्ट पार्टीमाथि दमन गर्ने, जनविरोधी कानूनहरू निर्माण गरी प्रहरीलाई दमन गर्ने अधिकार दिने कार्य गरे । तर जतिसुकै मरिहत्ते गरे पनि लाइन्सको पूँजीवादी सरकारले मजदूर आन्दोलन र जनताबीच कम्युनिष्टहरूको प्रतिष्ठालाई कम गर्न सकेन । जति दमन गरे पनि अष्ट्रेलियाली कम्युनिष्टहरूले पूँजीवादी सत्ताविरूद्ध संघर्ष छेडिरहे । र, बन्दरगाहका मजदूरहरूका साथै अन्य ट्रेड युनियनहरू र जनसंगठनहरूको नेतृत्व सम्हाल्न उनीहरू सफल भइरहे ।

१९४० दशकको प्रारम्भदेखि CPA को नेतृत्वमा क. एल. शार्की तथा मजदूर आन्दोलनका नेताहरू देखा परे । यो नेतृत्वले फासीवादविरोधी संघर्षलाई देशव्यापी रूपमा अगाडि बढाउनुको साथै सरकारका जनविरोधी क्रियाकलापहरू विरूद्ध देशव्यापी हडताल आयोजना गर्न थाल्यो ।

यसका साथै, कम्युनिष्टहरूको पहलकदमीमा त्यहाँ गणतन्त्र स्पेनका क्रान्तिकारीहरूको सहायतार्थ एउटा विशेष समिति बनाइयो । यस समितिले स्पेनमा फ्रान्कोको फासीवादविरूद्ध संघर्षरत स्पेनी गणतन्त्रवादीहरूका लागि पैसा, खाद्य पदार्थ र लुगाफाटा एकत्रित गरेर स्पेन पठाउने काम गर्‍यो । यति मात्र होइन, अष्ट्रेलियावासीहरूको अन्तर्राष्ट्रिय ब्रिगेड पनि स्पेनमा गएर गणतन्त्रको सुरक्षार्थ लडेको थियो ।

दोस्रो विश्वयुद्धमा CPA ले समस्त प्रगतिशील शक्तिहरूलाई विश्वयुद्ध र फासीवादको बढ्दो खतरा विरूद्ध एकतावद्ध पार्ने प्रयास गर्‍यो । विश्वयुद्धभरि त्यसले फासीवादी शक्तिहरूविरूद्ध विश्वव्यापी रूपमा भएको संघर्षको समर्थन गर्दै महत्वपूर्ण योगदान दिएको बताइन्छ ।

**पुरानो अकपा सोभियतसमर्थक कम्युनिष्ट पार्टीको रुपमा चर्चित रह्यो । सोभियत संघको अन्ध-नक्कल गरेर अगाडि बढेको कारणले यसभित्र पुनः विवाद चर्किन थाल्यो ।**

## अमेरिकी साम्राज्यवादको बढ्दो प्रभाव

दोस्रो विश्वयुद्ध अगाडिसम्म अष्ट्रेलिया मूलतः बेलायती साम्राज्यवादमाथि बढी नै आश्रित थियो । त्यसैले त्यतिखेरसम्म उसले अन्तर्राष्ट्रिय क्षेत्रमा बेलायती विदेश नीतिकै पक्षपोषण गर्‍यो । दोस्रो विश्वयुद्धताका पनि उसले फासिष्ट विरोधी गठबन्धनमै सामेल भएर युद्धमा भाग लियो ।

तर युद्धकालीन अवधिमा अष्ट्रेलियाको पूँजीवादले द्रुत गतिमा आर्थिक प्रगति गर्‍यो । विस्तारै औद्योगिक देश बन्न सफल भएको अष्ट्रेलियाको प्रभाव बढ्दै गयो, बेलायतप्रतिको निर्भरता घट्दै



गयो । अमेरिकासंगको राजनीतिक, आर्थिक र कूटनीति सम्बन्धको अभिबृद्धिसंगै त्यहाँको अर्थ र राजनीति एवं सैनिक मामलामा अमेरिकी साम्राज्यवादको हस्तक्षेप पनि बढ्न थाल्यो ।

अमेरिकाले अष्ट्रेलियालाई एशिया-प्रशान्त क्षेत्रको एउटा चेकपोष्टको रूपमा विकसित गर्ने नियतले उसलाई आफ्नो सैनिक गठबन्धनमा सामेल गर्ने काम गर्‍यो । त्यहाँ आफ्नो नौसैनिक अखडा स्थापित गर्ने काम गर्‍यो र यसरी आफ्ना सैनिकहरूको स्थायी अड्डा निर्माण गर्ने कार्य गरेर आफ्नो पकड मजबूत गर्‍यो । प्रसिद्ध अमेरिकी जनपक्षीय विद्वान **नोमचोम्स्की**का अनुसार त्यसपछि त्यहाँभित्र अमेरिकी हस्तक्षेप कतिसम्म बढ्यो भने ह्विटलाय्मको लेबोर सरकारले अष्ट्रेलिया स्थित अमेरिकी सैनिक, नौसैनिक र गुप्तचर सम्बन्धी अखडामाथि प्रश्न चिन्ह उठाउने भय देखेपछि तुरून्तै त्यो सरकारविरूद्ध १९७५ मा 'कू' जस्तै गरेको थियो ।

## संसदीय संघर्षमा

दोस्रो विश्वयुद्धपछि त्यहाँ धेरै जसो लेबोर पार्टीको पूँजीवादी सरकार चलिरह्यो । अष्ट्रलियाली कम्युनिष्ट पार्टी (अकपा) ले अमेरिकी-बेलायती साम्राज्यवाद र अष्ट्रेलियाली पूँजीवादी सरकारका विरूद्ध सडक र सदनमा संघर्ष गर्ने नीति अप्नायो ।

अकपाले १९३९ देखि संसदीय संघर्षलाई पनि प्राथमिकता दिनथाल्यो । स्मरणीय छ, सन् १९३९ मा अकपाका तर्फबाट प्रथम पटक एफ.डब्ल्यू. पिटरसन टाउन्सभिल्ले सिटी काउन्सिलमा विजयी भए । १९४४ मा उनी क्विन्सल्याण्ड विधान सभामा पनि निर्वाचित भए ।

१९४४ साल अकपाका लागि अत्यन्त महत्वपूर्ण रह्यो । किनकि त्यो वर्ष विभिन्न प्रान्तका स्थानीय निकायको चुनावमा १८ जनाभन्दा बेसी अकपा प्रतिनिधिहरू निर्वाचित हुनुका साथै किएस्ले शायर काउन्सिलमाथि आफ्नो एकाधिकार जमाउन अकपा सफल भएको थियो ।

स्थानीय निकाय र संसदमा गई अकपाका प्रतिनिधिहरूले सुधारवादी कामहरू गर्नुका साथै मजदूर आन्दोलनलाई साथ दिने र जनविरोधी ऐन-कानूनहरूको निर्माण विरूद्ध संसदीय र वैधानिक संघर्ष चलाउने कार्य गरेर जनताबीच अकपालाई स्थापित गरे । अष्ट्रेलियाली राजनीतिमा बढ्दो अमेरिकी हस्तक्षेप संगसंगै बढेको साम्यवादविरोधी अभियानलाई चिर्न पनि अकपाका प्रतिनिधिहरूले महत्वपूर्ण योगदान दिएका थिए । शीत युद्धकालमा आर. मेनजिसको संयुक्त सरकारले कम्युनिष्ट पार्टी भंग ऐन-१९५० अर्थात् 'रेड बिल' ल्याएर अकपाविरूद्ध जेहाद नै छेड्यो । त्यसको प्रत्युत्तरमा अकपा र त्यसका प्रतिनिधिहरूले सडक, सदन र अदालतमा अथक संघर्ष चलाए । अदालतले रेड बिलविरूद्ध फैसला दिएपछि पनि मेनजिसको संयुक्त सरकारले संविधानकै बारेमा जनमत संग्रह गरेर कम्युनिष्ट पार्टीलाई भंग गर्ने षडयन्त्र रच्यो ।

अकपा र ट्रेड यूनियनका साथै लेबोर पार्टीकै वामपन्थी रूझान भएका लडाकू पक्षको निरन्तर प्रयासकै फलस्वरूप अन्ततः जनमत संग्रहमा मेनजिस सरकार परास्त भयो । जनमत संग्रहबाट अकपामाथि प्रतिबन्ध लगाएर, अन्ततः त्यसलाई भंग नै गर्ने षड्यन्त्र असफल भएपछि मेनजिस सरकार बहुलायो र जथाभावी दमनमा ओर्लियो ।

## विभाजनमाथि विभाजन

अकपा त्यहाँका हरेक पूँजीवादी सरकारका दमनहरूको प्रतिरोध गर्दै अगाडि बढ्दै गयो । तर १९५० को दशकमा सोभियत संघको कम्युनिष्ट पार्टी र चिनियाँ कम्युनिष्ट पार्टीबीच भएको 'महाविवाद' ले विश्वका अधिकांश कम्युनिष्ट पार्टीहरूमा जस्तै अष्ट्रेलियाली कम्युनिष्ट पार्टीमा पनि विभाजन ल्यायो । क. स्तालिनको मृत्युपछि सोभियत कम्युनिष्ट पार्टी र सरकारमा आसीन भएका खुश्चोभले संशोधनवादी नीति लिएका थिए कि थिएनन् भन्ने सैद्धान्तिक मतदभेदमा अकपाभित्र पनि विभाजन देखा पर्‍यो ।

अकपाभित्रको लडाकू र क्रान्तिकारी पक्षले वर्ग संघर्ष, सर्वहारा वर्गको अधिनायकत्व, सशस्त्र संघर्षको वकालत गर्दै क. माओ त्से तुङको नेतृत्वमा संचालित चिनियाँ कम्युनिष्ट पार्टीको साथ दियो । त्यो पक्षले १९६३ मा अकपाभित्र विद्रोह गरी कम्युनिष्ट पार्टी अफ अष्ट्रेलिया (मार्क्सिष्ट-लेनिनिष्ट) अकपा (माले) नामक अर्को कम्युनिष्ट पार्टी गठन गर्‍यो । कालान्तरमा यो पार्टीलाई चीनसमर्थक अकपा (माले) भनियो । यो पार्टी अहिले पनि अष्ट्रेलियाली कम्युनिष्ट आन्दोलनको एउटा महत्वपूर्ण हिस्साको रूपमा कार्यरत रहेको देखिन्छ ।

पुरानो अकपा सोभियतसमर्थक कम्युनिष्ट पार्टीको रूपमा चर्चित रह्यो । सोभियत संघको अन्ध-नक्कल गरेर अगाडि बढेको कारणले यसभित्र पुनः विवाद चर्किन थाल्यो । भनिन्छ- तात्कालीन अकपाले सोशल डेमोक्रेटिक अर्थात् सामाजिक जनवादी लाइन लियो । पूँजीवादीहरूले समाजवादको आँधीबाट बच्नका लागि प्रतिपादन गरेको यो लाइन पथभ्रष्ट भएका यूरोपेली कम्युनिष्ट पार्टीहरूबीच त्यसबेला निकै लोकप्रिय भएको थियो । यही लाइन लिएकै कारणले वर्ग-संघर्षका पक्षपाती भनेर आफूलाई दावी गर्ने एक पक्षले अकपाभित्र फेरि बिद्रोह गर्‍यो । त्यो पक्षले वर्ग संघर्षको परम्परालाई रक्षा गर्ने, मार्क्सवादलाई अँगाली राख्ने र सोभियत संघको कम्युनिष्ट पार्टीको विश्वव्यापी भूमिकाको उच्च मूल्यांकन गरिनु पर्ने माग राखेर १९७१ मा नयाँ पार्टी बनायो । अकपा-भित्रको सोभियत समर्थक खेमाको रूपमा चर्चित यो विद्रोही पक्षले आफ्नो पार्टीको नाम अष्ट्रेलियाको समाजवादी पार्टी (असपा) राख्यो ।

चीनसमर्थक र सोभियत समर्थकहरूले विद्रोह गरेर आ-आफ्नो पार्टी

बनाएपछि अकपा निकै कमजोर भयो । एउटा कम्युनिष्ट पार्टीले क्रान्तिकारी सिद्धान्त र नीति परित्याग गर्दा कत्तिको असर पर्दोरहेछ भन्ने कुरा अष्ट्रेलियामा छर्लङ्गै देखियो । वर्ग-समन्वयको सिद्धान्तबाट प्रेरित श्रमनीतिको प्रभावले गर्दा मजदूरहरूको ज्याला झन् कम हुँदै गयो, काम गर्ने वातावरण झन् झन् खस्कँदै गयो र ट्रेड यूनियनका अधिकारहरू लगातार कटाउन पूँजीपतिहरू र उनीहरूको सरकार सफल भयो ।

मजदूर-आन्दोलन र अन्य जनसंघर्षहरूको निमार्णका लागि अकपाले कला, साहित्य र संस्कृतिको क्षेत्रमा पहिलेदेखि खेल्दै आएको भूमिकामा पनि झन् झन् कमी आउन थाल्यो ।

वर्ग समन्वयको सिद्धान्त अप्नाएकै कारणले पूँजीपति वर्गको शोषण र शासनमा पिल्सिएका मजदूरहरू र मजदूर आन्दोलनका नेताहरूले विस्तारै अकपालाई परित्याग गरे । सत्ता साझेदारीको नीतिले गर्दा वामपन्थी आन्दोलनबाट पनि यो पार्टी टाढिन थालेपछि यो पार्टी दुविधाग्रस्त र अवसरवादले ग्रस्त हुनथाल्यो । त्यसमाथि यूरो कम्युनिज्मप्रतिको समर्थनले गर्दा यो पार्टी झन् झन् ओह्राले लाग्दै जान थाल्यो ।

जतिसुकै ओह्रालो लागे पनि १९८० को दशकको अन्तसम्म पनि यसको जति सदस्य संख्या र प्रभाव अरू कुनै पनि कम्युनिष्ट पार्टीको थिएन । ६-७ दशक लामो इतिहास बोकेको यो पार्टीको ठूलो संगठन र विशाल सदस्य संख्या र विस्तृत प्रभाव मात्रै भएर के गर्ने, पार्टीको सिद्धान्त र नीतिमा धमिरा लागेपछि !

कम्यनिष्ट पार्टीले पूँजीवादी सिद्धान्त, नीति र संस्कृति अवलम्बन गर्न थालेको देखेपछि अकपाका केही नेता र कार्यकर्ताहरूले विद्रोह गर्ने, पार्टी छाड्ने र निष्कृय हुने क्रम तीव्र भयो । १९८० को दशक पार गरेपछि यो पार्टी मृत्युउन्मुख भएको देखेपछि अकपाको अध्यक्ष जुदी मुण्डेले कम्युनिष्ट पार्टीको नाम फेर्ने र अन्य सस्याना वामपन्थी पार्टीहरूसंग एकीकृत गरेर नयाँ वामपन्थी पार्टी बनाउने योजना अगाडि ल्याए । अन्ततः १९८९ को डिसेम्बर २-३ मा भएको ३० औं विशेष अधिवेशनमा अकपालाई भंग गर्ने र अन्य ससाना वामपन्थी प्राटीहरूसंग एकीकृत गर्ने प्रस्ताव पारित गऱ्यो । यसै प्रस्ताव अनुसार नयाँ वामपार्टी बनाइयो । र, यो झनै नरम, नीति लिएर अष्ट्रेलियाको राजनीतिमा देखा पऱ्यो ।

## अष्ट्रेलियाली कम्युनिष्ट पार्टीको पुनर्स्थापना

यसरी १९२० मा स्थापित कम्युनिष्ट पार्टी अफ अष्ट्रेलियाको मृत्यु भएपछि त्यहाँ कम्युनिष्ट पार्टीको पुनर्स्थापनाका लागि विभिन्न प्रयत्नहरू हुनथाले । अष्ट्रेलियामा स्थापित पूँजीवादी शासन र शोषणको जुवालाई फ्याँकेर काम गरीखाने जनताको समाजवादी शासन स्थापना गर्न कम्युनिष्ट पार्टीको अत्यन्त ठूलो जरूरत त छँदै थियो । यही जरूरतलाई महसूस गरेर एकातिर पहिले चीनसमर्थक भनिने अकपा (माले) र सोभियतसमर्थक असपाले आ-आफ्नो ढंगले आफ्नो पार्टीलाई नै सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टी हो भन्ने कुरा स्थापित गर्ने प्रयासलाई तीव्र गरे ।

अर्कोतिर, कम्युनिष्ट पार्टी एड्भोकेट्स अफ अष्ट्रेलिया (CPAA) नामक मञ्चले नयाँ कम्युनिष्ट पार्टी पुनर्स्थापना गर्ने नियतले विभिन्न वामपन्थी समूहहरूबीच व्यापक रूपमा अन्तर्त्रिया गर्न थालेको छ । यसले मार्क्स, लेनिनदेखि माओ, ट्रटस्की, रोजा लक्जम्बर्गका रचनाहरूको अध्ययन गर्ने, ट्रेड यूनियनका कार्यकर्ताहरूमाथि बढ्दो आक्रमणबाट रक्षा गर्न 'मेरिटाइम डिफेन्स कमिटी' निर्माण गरेको छ । र, अन्तर्क्रियामुखी पत्रिका Communist Party Advocate नामक पत्रिका निकाल्ने तयारी गर्दैछ ।

यसले त्यहाँ क्रियाशील लेबोर पार्टीभन्दा वामपन्थी खेमामा रहेका सोशल डेमोक्रेटहरूदेखि लिएर कम्युनिष्टको संयुक्त मोर्चा बनाएर अष्ट्रेलियाको राजनीतिमा भूमिका खेल्ने तयारीमा छ । यसले विशेषतः अन्तर्राष्ट्रिय समाजवादी संगठन दि इन्टरनेशनल सोशलिष्ट अर्गनाइजेशन (ISO), प्रजातान्त्रिक समाजवादी पार्टी (डेमोक्रेटिक सोशलिष्ट पार्टी) जस्ता समाजवादीहरू, स्पार्टाकिष्ट जस्तो मिलिटेन्ट लेबोर, अकपा (माले) र असपा जस्ता वामपन्थी संगठनहरूसंग पनि वार्ता चलाउँदैछ ।

यसैबीच, सोभियतसमर्थक असपाले गत असोज १८ देखि २१ सम्म अष्ट्रेलियाको महत्वपूर्ण शहर सिड्नीमा आठौं महाधिवेशन गरी आफ्नो पार्टीको नाम फेरेर **कम्युनिष्ट पार्टी अफ अष्ट्रेलिया** (CPA) राखेको छ । महाधिवेशनका अत्यधिक सदस्यहरूले SPA को नाम फेरेर अष्ट्रेलियाली कम्युनिष्ट नामाकण गर्ने प्रस्तावको पक्षमा मत दिएका छन् । यो प्रस्ताव पारित भएपछि नयाँ केन्द्रीय समितिलाई त्यही निर्णय मुताबिक पार्टीको विधान र घोषणापत्रहरू आदिमा परिवर्तन गर्ने अधिकार सुम्पियो । पार्टीव्यापी बहस छलफलपछि विभिन्न प्रस्तावहरू पारित गर्नुका साथै महाधिवेशनले राजनीतिक प्रस्ताव पनि पारित गरेको छ । त्यसमा नयाँ पार्टीका नीतिहरू र विश्व र अष्ट्रेलियाको वर्तमान आर्थिक-राजनीतिक स्थितिको विश्लेषण गरिएको छ । स्मरणीय छ, SPA का महासचिव पिटर सिमोनलाई नै यो महाधिवेशनले CPA का महासचिवमा पुनः निर्वाचित गरेको छ ।

पार्टीको नाम परिवर्तन भएको घोषणा गर्दै नयाँ अष्ट्रेलियाली कम्युनिष्ट पार्टीले भनेको छ- 'वर्ग संघर्षको अन्त्य भयो, समाजवादी व्यवस्था असफल भयो भन्ने कुरालाई हामी कदापि स्वीकार्दैनौं !

नयाँ अष्ट्रेलियाली कम्युनिष्ट पार्टीको नेतृत्वले आफ्नो पूर्वपार्टी SPA ले विगत २५ वर्ष अगाडिदेखि पहिलेको कम्युनिष्ट पार्टीले स्थापना गरेको वर्ग संघर्षको परम्पराको रक्षा गरेको, मार्क्सवादको परित्यागले गर्दा आएको गंभीर विभाजनलाई मेट्ने कोशिस गरेको र जनविश्वास पुनः प्राप्त गर्ने दावी गरेको छ । अष्ट्रेलिया र अष्ट्रेलियाबाहिर समाजवादको तीव्र विरोध भइरहेको स्थितिमा जनविश्वासको प्रतीकको रूपमा 'कम्युनिष्ट' नाम आफ्नो पार्टीमा राख्न पाएकोमा गौरव महसूस गर्दै उनीहरूले यसले समाजवादविरोधीहरूलाई नराम्रो धक्का लाग्ने र विश्वका कम्युनिष्टहरूमा उत्साह संचार गर्ने विश्वास लिएका छन् ।

महासचिव पिटर सिमोनले आफ्नो कम्युनिष्ट पार्टी श्रमिक वर्गको पक्षपाती भएको, लडाकू र क्रान्तिकारी नीतिहरू अवलम्बन गर्न प्रतिवद्ध रहेको र मार्क्सवाद-लेनिनवादलाई अष्ट्रेलियाली भूमिमा सिर्जनशील ढंगले लागू गर्न कटिबद्ध रहेको दावी गरेको छन् ।

❑ राजेन्द्र महर्जन

# रुसी वामपन्थीहरू आम हडतालको तयारीमा



**रुस** को सबैभन्दा ठूलो प्रमुख राजनीतिक संगठन 'रुसी महासंघको कम्युनिष्ट पार्टी' (CPRF) ले चैतको शुरुदेखि देशव्यापी आम हडताल गर्दैछ । अहिले रुसी देशभक्त, प्रजातान्त्रिक र वामपन्थी शक्तिहरु आम हडतालको तयारीमा अत्यन्त व्यस्त छन् ।

रुसी महासंघको कम्युनिष्ट पार्टीका नेता गेन्नाडी जुगानोभले घोषणा गरेका छन्- 'बोरिस येल्तसीनको सरकारलाई सत्याच्युत गर्नका लागि हामी आम हडताल गर्दैछौं ।'

स्मरणीय छ, देशी विदेशी पूँजीवादी र साम्राज्यवादीहरुको आड भरोसामा, ठूलो धाँधली, भ्रमपूर्ण प्रचार र पैसाको बलमा अत्यन्त कम मतको अन्तरमा बोरिस येल्तसीन राष्ट्रपति पदमा पुनः निर्वाचित भएका थिए । त्यसबेला रुसका देशभक्त, प्रजातान्त्रिक र वामपन्थी शक्तिहरुको सहयोगमा सीपीआरएफका नेता गेन्नाडी जुगानोभले बोरिस येल्तसीनलाई राष्ट्रपतीय चुनावमा वास्तविक रुपमा पराजित गरेका थिए । यसरी जुगानोभबाट पराजित भएपनि येल्तसीन अहिले झन् झन् बिग्रिँदो स्वास्थ्यको कारणले सत्ताच्युत हुने सम्भावना बढेको छ ।

वामपन्थीहरुको अत्यधिक बहुमत भएको संसदले येल्तसीनलाई सत्ताच्युत गरी बैकल्पिक राष्ट्रपति खोज्ने कार्य समेत शुरु गरेको थियो । यी सम्पूर्ण कानूनी र संसदीय अभ्यासहरु असफल भएपछि सीपीआरएफले देशव्यापी आम हडतालको घोषणा गरेको हो ।

जुगानोभले रुसको वर्तमान अवस्थालाई १९१७ को अक्टोबर समाजवादी क्रान्ति हुनुभन्दा अगाडिको विस्फोटक समयसंग तुलना गरेका छन् । १९१७ मा रुसको निरंकुश राजतन्त्र-जारशाहीलाई जरैदेखि उखेलेर फ्याँक्नका लागि क. लेनिनको नेतृत्वमा संचालित सोभियत कम्युनिष्ट पार्टीले आम विद्रोह गरेको थियो ।

जुगानोभले अहिलेको समय पनि जारशाहीलाई फ्याँक्नुभन्दा अगाडिको जस्तै प्रत्येक पल, प्रत्येक घड़ी झन् झन् विस्फोटक बन्दै गइरहेको छ भन्दै घोषणा गरेका छन्- 'हामीलाई थाहा छ, यो आम हडताल आम विद्रोहमा फेरिन सक्छ !' ❑

# PKK का नेता अब्दुल्ला ओकालान संग कुराकानी



क. ओकालान एक अन्तर्राष्ट्रिय कुर्दिस महिला-कन्फरेन्समा

**विश्वको मानचित्रमा आफ्नो भूमि र आफ्नो देशविना बाँचिरहेका उत्पीडित कुर्द जातिको स्वतन्त्रता, समानता र भातृत्वको लागि सशस्त्र संघर्ष गरिरहेको पार्टी- कुर्दिस्तान श्रमिक पार्टी (PKK) का नेता अब्दुल्ला ओकालानले मध्य एशियाको गोप्य स्थानबाट एउटा अन्तर्वार्ता दिँदै घोषणा गरेका छन्- 'मेरो लक्ष्य कुर्द छापामारहरु पैदा गर्नुहो ।'**


'कुर्दहरू बच्चाहरू जस्तै सरल र सीधासादा छन् । त्यसैले हामी कुर्दहरू शोषित बच्चाहरू जस्तै भएका छौं । यही शोषणले गर्दा ९०% कुर्दहरूले आफ्नो परम्परागत व्यक्तित्व गुमाइसकेका छन् । अब उनीहरू अन्य समाजहरूमा विलीन हुँदै गइरहेका छन् । कुर्दहरू अत्यन्त धेरै पिछडिएका छन् । अब त उनीहरू केही अफ्रिकीहरू र अमेरिकाका रेड इण्डियनहरूभन्दा पनि बेसी पिछडिन थालेका छन् । हो, म पनि तिनै पिछडिएका कुर्दहरू मध्येकै एक हुँ ।'

ओकालान भन्छन्- 'केही मानिसहरू के सोच्दछन् भने, म कुनै नयाँ धर्म स्थापना गर्ने प्रक्रियामा व्यस्त छु । सिरियाका इसाईहरू त मेरो तुलना ईसा मसिहासंग पनि गर्न थालेका छन् रे । यसै भन्न सकिन्न, पछि गएर मेरो यो आन्दोलन एउटा नयाँ धर्मको रूपमा पो विकसित हुने हो कि ?"

"केही मानिसहरूले मेरो तुलना नेपोलियन, हिटलर र स्तालिनसंग गरेका छन् । संभवतः, हामीमा केही समानता र केही फरक होलान् । हो, म उनीहरूका कुनै कुनै तरीकाहरू प्रयोग गर्दछु ।"

उनी स्वीकार्छन्- 'मैले अहिलेसम्म कुनै सैनिक कारवाही चलाएको छैन । मैले त्यस्तो कारवाही चलाउन कैयौं पटक इन्कार गरेको छु । यदि मैले त्यसो नगरेको भए म उहिल्यै समाप्त भइसकेको हुन्थे हुलाँ ।'

"म छापामारहरूसंग कहिले पनि पहाडमा गएको छैन । मेरो लक्ष्य त कुर्द छापामारहरू पैदा गर्नु हो । छापामारहरूबिना कुनै सेनानिर्माण हुन सक्दैन । म युद्ध संचालन गर्न चाहन्नँ । मैले यो काम मेरा साथीहरूको जिम्मामा छोडेको छु ।"



क. ओकलान

## मेरो लक्ष्य कुर्द छापामारहरु पैदा गर्नु हो



टर्कीको प्रतिक्रियावादी शासनको विरोधमा वर्षौं अगाडिदेखि 'कुर्दिस्तान वर्कर्स पार्टी' (PKK) स्थापना गरी सशस्त्र संघर्षको नेतृत्व गरिरहेका ओकालान कुर्दहरूको नयाँ क्रान्ति चाहन्छन् । उनी क्रान्तिबाट मात्रै सन्तुष्ट हुने मानिस होइनन्, उनी एउटा नयाँ स्वतन्त्र, समतामूलक समाज निर्माण गर्न चाहन्छन्, एउटा नयाँ कुर्दिस्तान- उत्पीडित कुर्दहरूको आफ्नो देश चाहन्छन् ।

यही चाहनालाई साकार पार्न निर्मित कुर्दिस्तान वर्कर्स पार्टी (PKK) को वर्तमान राजनीतिबारे उनी भन्छन्- 'टर्की, ईराक र ईरानको कुर्द क्षेत्रमा कुर्दिस्तान वर्कर्स पार्टीले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ । हाम्रो पार्टी कुर्द समस्या समाधान गर्ने साँचो हो, यो तथ्य अन्ततः अमेरिकाले समेत बुझिसकेको छ ।'

अमेरिका र ब्रिटेनद्वारा प्रायोजित, ईराकका परस्पर विरोधी कुर्द राजनीतिक पार्टीहरू- **प्याट्रियोटिक यूनियन अफ कुर्दिस्तान** र **कुर्दिस्तान डेमोक्रेटिक पार्टी** बीचको युद्ध-विराम संझौताको सम्बन्धमा ओकालान भन्छन्- "कुर्दिस्तान वर्कर्स पार्टीविना ईराकी समस्याको समाधान गर्न संभव नै छैन । ईराकी राष्ट्रपति सद्दाम हुसेन एक्लैले कुर्द समस्या सुल्झाउन सक्ने त झन् कुरै भएन ।"

४८ वर्षीय कुर्द नेता ओकालानका अनुसार उत्तरी ईराकको कुर्द क्षेत्रमा PKK को आधार निकै मजबूत छ । त्यसैले त्यस क्षेत्रमा PKK ले आवश्यक महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । आफू सो क्षेत्रमा आउने जाने गरिरहेको बताउने ओकालान् भन्छन् 'PKK संग १५ हजार छापामारहरूको फौज छ, त्यस मध्ये ४ हजार छापामारहरू त महिलाहरू मात्रै छन् । ती छापामारहरू मध्ये आधा टर्कीमा संघर्षरत छन् भने आधा छापामारहरू उत्तरी इराकमा संघर्षरत छन् ।'

उनी भन्छन्- 'हामी टर्कीबाट पूर्ण स्वतन्त्रता चाहँदैनौं । हामी ईराक, ईरान र टर्कीसंग संघात्मक संझौता चाहन्छौं । एउटा संघीय संसद् हुनेछ र एउटा कुर्दिश संसद पनि हुनेछ । हामी कुर्दिश क्षेत्रहरूलाई ती देशहरूबाट अलग्ग गर्ने मागमाथि जोड दिन चाहँदैनौ । ती क्षेत्रहरू त्यहीं गाँसिएर रहनु पर्दछ, जहाँ इतिहासले ती क्षेत्रहरूलाई स्थापित गरेका थिए । इतिहासलाई झूठो ठहऱ्याउनु न्यायसंगत हुँदैन ।"

❑ स्रोत: पेरिसबाट प्रकाशित हुने फ्रेञ्च दैनिक **'फिगारो'** बाट

# प्रजातन्त्रका जननी मुलुकहरूमा कति प्रजातन्त्र पाएका छन् महिलाहरूले ?

**बेलायत** 'प्रजातन्त्रको आमा' भनेर विश्वभरी चर्चित छ । अमेरिका, फ्रान्स, जर्मनी, इटाली, स्विटजरल्याण्डहरू पनि आफूलाई 'प्रजातन्त्रको नमूना देश'का रूपमा संसारसामु चिनाउन चाहन्छन् ।

तर यो तथ्य आश्चर्यजनक लाग्न सक्छ कि डेढ-दुई सय वर्षभन्दा पनि लामो प्रजातन्त्रको इतिहास बोकेका यी 'प्रजातन्त्रका जननी' मुलुकहरूमा आजभन्दा सय वर्ष अगाडिसम्म पनि त्यहाँको आधा जनसंख्या अर्थात् महिलाहरूलाई पुरूषहरू सरह भोट दिने अधिकार थिएन ।

रूसमा १९१७ को अक्टोबर क्रान्तिले क्रान्तिको पहिलो दिनमै रूसी महिलाहरूले पुरूषसरह भोट दिने हक दियो । त्यसपछि १९१८ मा 'प्रजातन्त्रको जननी' भनेर आफूलाई दावी गर्ने बेलायतको सरकारले र जर्मनी सरकारले पनि लाजगालले महिलाहरूलाई भोट दिने हक दिन बाध्य हुनुपर्‍यो । अमेरिकी महिलाहरूले यो हक सन् १९२० मा मात्र पाए । फ्रान्समा यो अधिकार हात पार्न महिलाहरूले १९४४ सम्म पर्खनु पर्‍यो । इटालीमा १९४५ सम्म र स्विट्जरल्याण्डमा १९७१ सम्म पर्खनु पर्‍यो ।

साम्यवादी पार्टीहरूले क्रान्ति सम्पन्न गरेका मुलुकहरूमा भने क्रान्तिको पहिलो विहानबाट नै महिलाहरूले समान मताधिकार पाएको इतिहास भेटिन्छ, जस्तो- रूस मात्र हैन, १९४५ मा क्रान्ति सम्पन्न भएपछि कोरिया र भियतनाममा, १९४९ मा क्रान्ति सम्पन्न भएपछि चीनमा ।

प्रजातन्त्रको एउटा मुख्य सिद्धान्त समानता हो । त्यस्तो प्रजातन्त्रलाई प्रजातन्त्र नै मानिन्न, जहाँ नागरिकहरूले एउटै केसमा दोहोरो व्यवहार पाउँछन्, समान व्यवहार भेट्टाउँदैनन् । एउटै काम गर्दा महिलालाई चाहिं थोरै ज्याला, पुरूषलाई चाहिं धेरै ज्याला भयो भने त्यसलाई समानता र प्रजातन्त्र भन्ने नै कसरी ?

प्रजातन्त्रका यी पहरेदार मुलुकहरूमा नियालेर हेर्दा भोट दिने अधिकार पाए पनि त्यहाँका महिलाहरूलाई अहिलेसम्म पनि **समान कामको लागि समान ज्याला** दिइन्न । 'प्रजातन्त्रको जननी' बेलायतमा सन् १९९४ मा उही काम गर्दा पुरूषलाई दिइने ज्याला १०० थियो भने महिलालाई दिइने ज्याला ७० मात्र थियो । आफूलाई विश्वको प्रजातन्त्रको परेदार दावी गर्ने अमेरिकाका पुरूष र महिलाको उही कामको ज्यालाको अनुपात पुरूषको १००=महिलाको ७५ मात्र छ र जर्मनीको उही अनुपात १००=७६ मात्र छ । क्यानाडाका महिलाहरूले पुरूषले १०० पाउने काममा ६३ मात्र पाउँछन्, स्विटजरल्याण्डमा ६८ मात्र पाउँछन् । फ्रान्समा ८१ र इटालीमा ८० पाउँछन् । अझ नयाँ महाशक्तिको रूपमा उदीयमान जापानमा त पुरूष-महिला ज्याला अनुपात १००=५२ मात्रै छ ।

यो 'प्रजातन्त्र'को झण्डा उचाल्ने मुलुकहरूलाई यही मामलामा साना साना फुच्चे समाजवादी मुलुकहरूले धेरै उछिनेको देखिन्छ । जस्तो, अहिले क्युबामा र उत्तर कोरियामा महिला र पुरूषहरूले हरेक फाँटमा समान कामको लागि समान ज्याला भेट्टाइरहेछन् ।

नीति-निर्णयमा जनसहभागिता प्रजातन्त्रको अर्को मुख्य सिद्धान्त हो । यस कोणबाट हेर्दा यी प्रजातन्त्रको झण्डा उचालिरहेका मुलुकहरूमा महिलाहरू कत्तिको नीति-निर्णयमा सहभागी बन्न पाएका छन् त ? राजनीतिमा त्यहाँ महिलाहरू कत्तिको सामेल छन् ? यो अर्को हेरिनु पर्ने विषय हो ।

> **बिग्रेको समाजवाद समेत महिला समानताको मामलामा सप्रेको पूँजीवादभन्दा कता हो कता राम्रो देखिएको छ ।**



अमेरिकाको संसदको कुल सिटमध्ये १९९४ मा महिलाहरूले जम्मा ५५ सिट ओगटेका छन् । यो त्यहाँको कुल सिटमध्ये १० प्रतिशत सिट हो । त्यस्तै त्यहाँको मन्त्रीमण्डलमा १९९४ मा १५ प्रतिशत मन्त्रीहरू महिला थिए । बेलायतको राजनीतिमा महिला सहभागिता अझ थोरै छ । त्यहाँको संसदमा ७ प्रतिशत मात्र महिला सांसदरू थिए, मन्त्री मण्डलमा चाहिं ९ प्रतिशत महिला मन्त्रीहरू ।

अहिलेको विश्वको दोस्रो आर्थिक महाशक्ति जापानमा त नीति-निर्णयमा महिलाको सहभागिता बेलायतभन्दा पनि कम देखिन्छ । त्यहाँ सांसदहरूमध्ये ७ प्रतिशत सांसदहरू महिला थिए र मन्त्रीहरूमध्ये चाहिं ६ प्रतिशत महिला थिए । फ्रान्सको स्थिति पनि करीब करीब उस्तै देखिन्छ । त्यहाँ ६ प्रतिशत महिला सांसदहरू छन् र ७ प्रतिशत महिला मन्त्रीहरू ।

राजनीतिमा महिला सहभागिता स्विटजरल्याण्ड र जर्मनीको बेसी देखिन्छ । स्विटजरल्याण्डमा १६ प्रतिशत सांसदहरू महिला छन् भने जर्मनीमा २० प्रतिशत । जर्मनीमा महिला मन्त्रीहरू कुल मन्त्रीमध्ये १६ प्रतिशत छन् भने स्विटजरल्याण्डमा १७ प्रतिशत ।

यी घाग घाग डेढ-दुई सय वर्ष पुरानो पूँजीवादी प्रजातन्त्रका जननी मुलुकहरूलाई राजनीतिमा महिला सहभागितामा भर्खरैका समाजवादी मुलुकहरूले कता हो कता उछिनीदिएका छन् ।

जस्तो क्युबाको नै कुरा गरौं ।

त्यहाँको समाजवादको आयु भर्खरै ३६ वर्षको मात्रै छ । तर छत्तीसै वर्षमा राजनीतिमा महिला सहभागिताको सवालमा क्युबाले दुई सय वर्षभन्दा पनि लामो पूँजीवादको इतिहास बोकेको अमेरिकालाई कता हो कता उछिनिदिएको छ । अमेरिकामा १० प्रतिशत सांसदहरू मात्र महिला छन् । क्युबामा २३ प्रतिशत सांसद महिला छन् । यो भनेको क्युबामा अमेरिकामा भन्दा दोब्बरभन्दा पनि ज्यादा राजनीतिमा महिला सहभागिता छ ।

उत्तर कोरिया जापानको उपनिवेश थियो- सन् १९४५ सम्म । तर क्रान्तिपछि उत्तर कोरियाको समाजवादले राजनीतिमा महिला सहभागिता यति बढाउँदै लग्यो कि अहिले उत्तर कोरियाली संसदमा महिला सांसदहरू २० प्रतिशत छन् । जबकि- जापानमा ७ प्रतिशत मात्रै छन् । यसको मतलब विगतको जापानको उपनिवेश उत्तर कोयरियाले स्वयं जापानलाई झण्डै तीन दोब्बरले उछिनेको छ- राजनीतिमा महिला सहभागिताको मामलामा ।

भियतनाम फ्रान्सको उपनिवेश थियो कैयन वर्षसम्म । तर १९४५ मा क. हो चि मिन्हको नेतृत्वमा त्यहाँ क्रान्ति भइसकेपछि त्यहाँ पनि राजनीतिमा महिला सहभागिता निकै तीव्र गतिमा बढ्यो । अहिले भियतनामको संसदमा महिलाहरू १८ प्रतिशत छन्, जबकि- स्वयं फ्रान्समा ६ प्रतिशत मात्रै छन् ।

यसको तात्पर्य भूतपूर्व उपनिवेश भियतनामले महाशक्ति राष्ट्र र प्रजातन्त्रको एक जननी मानिने फ्रान्सलाई समेत तीन दोब्बरले उँछिनीसकेको छ ।


चीन जतिखेर सामन्ती युगमा थियो, त्यतिखेर जापानले पूँजीवादको पनि सबैभन्दा विकसित रूप- साम्राज्यवादी चरित्र विकास गरिसकेको थियो । साम्राज्यवादी स्वार्थकै कारणले जापानले चीनको कैयन भाग कब्जा गर्न पुगेको थियो दोस्रो विश्वयुद्ध अगाडि । तर अहिले चिनियाँ संसद हेर्ने हो भने त्यहाँ जापानको भन्दा ठीक तीन गुणा बेसी (अर्थात् २१ प्रतिशत) महिला सहभागिता भेटिन्छ, जबकि जापानको संसदमा भने महिला सहभागिता चीनको तुलनामा सारै थोरै छ ।

यी तथ्यहरूले के छर्लङ्गसित देखाएका छन् भने, पूँजीवादी प्रजातन्त्र महिला समानताको लागि तुलनामा राम्रो व्यवस्था होइन । यसको लागि सर्वश्रेष्ठ व्यवस्था समाजवाद नै हो । ५० वर्षको पनि आयु नभएको समाजवादले महिला समानताको लागि यति धेरै काम गरेको छ, जति डेढ-दुई सय वर्ष लामो पूँजीवादी प्रजातन्त्रले समेत गरेको देखिन्न । बिग्रेको समाजवाद समेत महिला समानताको मामलामा सप्रेको पूँजीवादभन्दा कता हो कता राम्रो देखिएको छ । चीन र भियतनाम यसका ज्वलन्त उदाहरण हुन् ।

'प्रजातन्त्रका जननी' मुलुकहरूले अहिले पनि विश्वभरि प्रजातन्त्रको झण्डा उचिलिरहेछन् । यो वा त्यो देशमा प्रजातन्त्र र मानव अधिकार छैन भनेर हल्ला गर्दैछन् । तर उनीहरूकै मुलुकमा देशको आधा जनसंख्या नारीले प्रजातन्त्र र मानव अधिकार भोग्न पाएको देखिन्न । यो एउटा गजबको विरोधाभाष हो ।

**-दीपक वैद्य**

# मलाई त पार्टीको काममै मनोरञ्जन प्राप्त हुन्छ !



## वयोबृद्ध वामपन्थी योद्धा क. काइँला बा (देवेन्द्रलाल श्रेष्ठ) संगको कुराकानी

**◉ अहिले तपाईको दिनचर्या कसरी चल्दैछ ?**

-म विहान ५ बजेतिर उठ्छु र मुखसुख धुने जस्ता विहानको अनिवार्य कार्य सकिएपछि एक कप चिया खाएर बाहिर घुम्ने काम गर्छु । डाक्टरको सल्लाह अनुसार स्वास्थ्यलाई तन्दुरूस्त राख्नको लागि पनि बिहान बाहिर घुम्नु जरूरी छ र साथसाथै साथीहरूलाई भेटघाट गरेर पार्टीको काम पनि गर्न सकिने भएकोले मैले विहान घुम्ने काम गरेको हुँ ।

विहान बाहिर घुमेर आइसकेपछि करीब ९ बजेतिर म खाना खान्छु र त्यसपछि १२ बजेसम्म अध्ययनमा लाग्छु । १२ बजेदेखि १ बजेसम्म म आराम गर्छु र १ बजेदेखि २/३ बजेसम्म पुनः अध्ययनमा लाग्छु ।

दिउँसो २/३ बजेतिर खाजा खाई साँझसम्म पार्टीको काममा व्यस्त रहन्छु । साँझ पार्टीको कामबाट फर्केपछि बेलुकीको खाना खाएर पुनः म अध्ययनमा लाग्दछु । राति करीब १० बजेतिर म सुत्दछु ।

हाल मेरो दिनचर्या यसरी नै बितिरहेछ ।

**◉ तपाईले अहिले अध्ययनको विषय के बनाउनु भएको छ ?**

-दर्शनशास्त्रलाई मैले अहिले मेरो अध्ययनको विषय बनाएको छु । यसका साथै, अन्तर्राष्ट्रिय कम्युनिष्ट आनेलनका किताबहरू र 'मूल्यांकन' जस्ता पत्रिकाहरूको पनि म अध्ययन गर्दछु । 'मूल्यांकन' पत्रिकामा पनि म खास गरिकन अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका लेखहरू हेर्ने गर्दछु ।

> दर्शन-शास्त्रलाई मैले अहिले मेरो अध्ययनको विषय बनाएको छु ।

**◉ तपाईको दिनचर्या सुन्दा तपाई दिनभरि निरन्तर नै काममा व्यस्त हुनुहुँदो रहेछ । तपाईलाई थकाइ लाग्दैन ? थकाइ मेट्न तपाई केही मनोरन्जन हुने खालका क्रियाकलापमा पनि त भाग लिने गर्नुहुन्छ होला नि !**

-हेर्नुस्, निरन्तर काम गर्ने त मेरो बानी नै भइसकेको छ । त्यसैले मलाई त पार्टीको काममै मनोरञ्जन प्राप्त हुन्छ । छुट्टै मनोरञ्जनको क्रियाकलापको आवश्यकता मैले महसुस गरेको छैन । तर, कहिलेकाहीं दशैं-तिहारमा तास खेलेर मनोरञ्जन गर्छु ।

**◉ पूजा-सुजा पनि गर्नु हुन्छ, दशैं-तिहारभरि ?**

-पूजा त मेरी श्रीमतीले गर्ने गर्छिन्, मन्दिरहरूमा गएर । म चाहिं घरमै बसेर दशैं तिहार मनाउँछु ।

**◉ पूजा-आजामा तपाईलाई आस्था छ ?**

-हेर्नुस्, यो धार्मिक चलन धेरै पहिलेदेखि चल्दै आएको हो । त्यसैले यसलाई तुरून्तै हटाउने भन्दैमा यो त्यत्तिकै हट्दैन । तर मेरो भित्री मनमा त पूजा-आजाजस्ता धार्मिक कार्यहरूमा कुनै आस्था छैन ।

**◉ तपाई फिल्म हेर्ने, रेडियो-क्यासेट सुन्नेजस्ता काम गरेर मनोरञ्जन लिनुहुन्न ?**

-मैले भनिहालें नि ! मलाई त्यस्तो चिजको जरूरत महसुस नै भएको छैन । तर, कहिलेकाहीं क्रान्तिकारी अथवा संघर्षशील फिल्महरू भएमा हेर्ने गर्छु । 'सिम्मा' जस्ता क्रान्तिकारी गीतिनाटकका गीतहरू भएमा सुन्ने गर्छु ।

**◉ पार्टी कार्यमा तपाईको परिवारले कतिको सहयोग गर्छ ?**

-अहिले सम्म सहयोग गरेकै छ । खासगरीकन, घरको आर्थिक व्यवस्थामा परिवारले ठूलो योगदान गरेको छ । म त कमाउँदिन । छोराहरूले कमाएको पैसाबाट नै घर चलिरहेको छ । नत्र त घर खत्तम नै हुन्छ नि ! उनीहरूले घर चलाइदिनाले पार्टीको काममा मलाई सहयोग पुगेको छ ।

**◉ छोराहरुको कमाइबाहेक अरु आम्दानी छैन ?**

-राजनीतिक पीडितको हैसियतमा मैले मुर्तियामा पाएको जग्गाबाट वर्षेनी प्राप्त हुने केही रकम पनि मेरो आम्दानीको रूपमा रहेको छ ।

**◉ पूर्णकालीक सदस्यको हैसियतले पार्टीबाट केही आर्थिक सहयोग पाउनु हुन्न ?**

-केही केही पाउँछु ।

**◉ नेपाली कम्युनिष्ट आन्दोलनका कुन नेतालाई तपाई बढी मन पराउनु हुन्छ ?**

-पहिलेको कुरा गर्दा म पुष्पलाललाई मन पराउँछु । र, अहिले जीवित नेताहरूमा निर्मल लामालाई बढी मन पराउँदछु ।

**◉ अब एक छिन अतीततर्फ जाऔं । तपाई कम्युनिष्ट कसरी बन्नु भयो ?**

-१९९८ सालमा म पाटन हाइस्कूलमा कक्षा ७ मा पढ्थें । ट्यूशन पढ्ने क्रममा त्यही स्कूलका दश कक्षाका विद्यार्थी भैरवगोपाल वैद्यसंग मेरो सम्पर्क हुन गयो । उहाँ भित्र-भित्र राणाविरोधी संगठन 'नेपाल प्रजातन्त्र संघ' को निर्माणमा लाग्दै हुनुहुन्थ्यो ।

ट्यूशन पढाउने क्रममा भैरबगोपालले मसंग राणा शासनको अन्त्य गरी प्रजातन्त्र ल्याउनु पर्नेबारे धेरै कुराकानी गर्नुभयो । उहाँको कुरा मलाई मन पर्‍यो र म पनि गुप्त ढङ्गले 'नेपाल प्रजातन्त्र संघ' मा लागें । मैले पशुपतिको जङ्गलमा मध्य रातमा छुराले आफ्नो

---

**काइँला बा अर्थात् क. देवेन्द्रलाल श्रेष्ठ !**

*विक्रम संवत १९८० मा पाटनमा जन्मनु भएका उहाँ नेपाली कम्युनिष्ट आन्दोलनमा शुरुदेखि नै लगनशील भई निरन्तर काम गर्दै आउनु भएका एक सम्मानित र बयोबृद्ध योद्धा हुनुहुन्छ ।*

*राणा शासनको अन्त्यको लागि वि.सं. १९९८ मा 'नेपाल प्रजातन्त्र संघ'मा संगठित भई राणाविरोधी आन्दोलनमा उत्रेर आफ्नो संघर्षको जीवन थालनी गर्ने काइँला बा २००६ सालदेखि नै कम्युनिष्ट पार्टीमा एक सकृय योद्धाको रुपमा रहँदै आउनुभयो । २०१० सालमा क. तुल्सीलाल अमात्यकी बहिनी प्रमीला अमात्यसंग विवाह गरी उहाँले बैबाहिक जीवन शुरु गर्नु भएको थियो । उहाँका हाल दुई छोरा र एक छोरी छन् ।*

*काइँला बा हाल नेकपा (एकता केन्द्र) को क्षेत्रीय कमिटीका सदस्य र संजमो (बैद्य) को केन्द्रीय सदस्य रहनु भएको छ । प्रस्तुत छ- काइँला बासंग हालै उहाँकै निवासमा मूल्यांकनले लिएको ताजा अन्तर्वार्ता ॥*

प्रस्तुतिः तुल्सीदास महर्जन

हातमा घाउ पारी रगत निकालेर त्यही रगतबाट कागजमा सही छाप गरी त्यस संगठनको सदस्यता लिएको थिएँ ।

त्यो संघमा पुष्पलाल, नरबहादुर, शम्भुराम, श्रीमायादेवी, कामाक्षादेवी आदि पनि थिए ।

२००५ सालसम्म त्यस संघमार्फत् भएका राणाविरोधी विभिन्न आन्दोलनमा मैले सक्रियतापूर्वक काम गरें । २००५ सालमा संघ मार्फत् चलाइएको 'प्रजा पंचायत' नामको आन्दोलनलाई राणाहरूले चर्को दमन गरे ।

त्यसपछि, यहाँ बस्न नसकी म अरू साथीहरू धर्मरत्न यमी, त्रिभुवरसिंह र गोपालप्रसाद रिमालका साथ भारत गएँ । रक्सौल पुग्दा कांग्रेस पार्टीका नेताहरूसंग भेट भयो । तर, पार्टीका नेताहरू आ-आफ्नै पदको लागि झगडा गर्दै गरेको देख्दा मलाई दिक्क लाग्यो । त्यहाँबाट म शुरूमा दार्जिलिङ्ग र पछि कलकत्ता पुगें ।

कलकत्तामा पुष्पलाल, नरबहादुर, नारायणविलास र निरञ्जन गोविन्दहरूसंग भेट भयो । पुष्पलालले मलाई कम्युनिष्ट पार्टी गठन गरौं भनेर प्रस्ताव राख्नु भयो । तर, म पार्टी गठनमा नलागी त्यहाँ 'काली फिल्म' नामक फिल्म कम्पनीमा जागीर खाई म्याट्रिक (एस.एल.सी.) को जाँच दिनतर्फ लागें । पुष्पलालहरूले 'कम्युनिष्ट पार्टी' गठन गरेर मलाई लगातार काम छोडेर पार्टीमा लाग्न आग्रह गरिरहे । अन्त्यमा जागीर-सागीर सबै छोडी म पनि पार्टीको काममा लागें । र, यसरी त्यतिबेलादेखि म कम्युनिष्ट पार्टीमा अहिलेसम्म लाग्दै आएँ ।

**◉ काइँला बा, वर्तमान राजनीतिबारे तपाई के भन्नुहुन्छ ?**

-अहिले देशमा कांग्रेस, राप्रपा र सद्भावनाको तीनखुट्टे सरकारले लूट मच्चाइरहेको छ । आफूलाई कम्युनिष्ट भन्ने सुधारवादी एमाले पार्टी महाकाली सन्धि जस्तो राष्ट्रघाती सन्धि गरेर झन् झन् प्रतिक्रियावादतर्फ उन्मुख हुँदैछ ।

त्यस्तै, माओवादको नाममा जनताको सहभागिताबिना 'जनयुद्ध' भनी हिंसात्मक कार्वाही गरिरहेकाहरूले पनि कम्युनिष्ट आन्दोलनलाई पछाडि धकेल्ने काम गरिरहेका छन् । म उनीहरूले जनवादी क्रान्तिको लागि भनी देखाएको स्पिरिटलाई आदर त गर्छु तर मलाई उनीहरूको यो लाइन उग्र-वामपन्थी भड्काव हो भन्ने लाग्दछ र त्यसले देशमा जनवादी क्रान्ति ल्याउँदैन ।

यसरी देशमा ठूलो राजनीतिक संकट पैदा भएको छ । र, हाम्रो पार्टी नेकपा (एकता केन्द्र) कम्युनिष्ट आन्दोलनमा देखा परेका यी भड्कावहरूलाई चिर्दै देशमा जनवादी क्रान्ति गर्न अग्रसर छ । ❑


**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहण रजत महोत्सवको सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक शुभकामना चढाउँदै मौसूफको समृद्धि तथा सुकीर्तिका लागि श्रीपरमेश्वरसंग प्रार्थना गर्दछौं ।**

**दुग्ध विकास संस्थान**

**परिवार**


# पेरु बन्धक काण्डका 'मास्टर माइण्ड' कमाण्डर सेर्पा



## जो जिउँदै दन्त्यकथाका नायक हुनुभयो !

जीवित या मृत, जुनसुकै अवस्थामा भए पनि गिरफ्तार गर्नका लागि फुजिमोरी सरकारले धुइँधुँइती खोजी गरिरहेको पेरूको सबैभन्दा 'वाण्टेड व्यक्ति' कमाण्डाण्टे इभारिस्टो गत महिना फुजिमोरी सरकारकै मन्त्रीहरूका सामु जापानी राजदूतावासमा विश्वका प्रमुख अखबार र टि.भि. च्यानलका फोटो पत्रकारहरूको क्यामेरा अगाडि निर्भिकताका साथ उभिएर फोटो खिंचाउँदै हुनुन्थ्यो ।

आफ्ना छापामार कमरेड-हरूको बीचमा, हातमा कालिश्निकोभ स्वचालित बन्दूक लिएका, कम्मरमा पिस्तोल झुण्ड्याएका, आँखा मात्र देखिने गरी रातो र सेतो कपडाले आफ्नो अनुहार छोपेका कमाण्डाण्टे इभारिस्टो पत्रकारहरूलाई अन्तर्वार्ता दिँदै हुनुहुन्थ्यो । त्यसबेला पेरूका मन्त्रीहरू, जजहरू, प्रहरी र सेनाका प्रमुख व्यक्तिहरूलाई जापानी दूतावासभित्र बन्दी बनाएर बसिरहनु भएका कमाण्डाण्टे इभारिस्टो **त टुपाक अमारु रिभोल्युशनरी मुभमेन्ट**का वर्तमान नेता **क. नेस्टोर सेर्पा** कार्तोलिनी पो हुनुहुँदो रहेछ !

अहिलेको विश्वको वामपन्थी आन्दोलनको एउटा चर्चित नाम भएको छ- **नेस्टोर सेर्पा** ! मजदूर नेताबाट टुपाक आमारूका नेता बन्नु भएका क. सेर्पा अहिलेको पेरू बन्धक काण्डका मास्टरमाइण्ड हुनुकासाथै नेतृत्वकर्ता समेत हुनुहुन्छ ।

### मजदूर कार्यकर्ताको छोराबाट मजदूर नेता

१९५३ मा पेरूको राजधानी लिमाको मजदूर वस्ती-बाल्कोसिल्लोमा जन्मनु भएका क. सेर्पाको घरायसी पृष्ठभूमि पनि राजनीतिक खालको थियो । ट्रेड यूनियनका कार्यकर्ताको परिवारमा जन्मनु भएका क. सेर्पाले सेकेण्डरी स्कूल छाडेर मजदूरीको काम गर्न थाल्नु भएको थियो । उहाँका बाबुलाई १९७० तिर कारखानाबाट निकालिएपछि उहाँले स्कूल छाडेर सानै उमेरमा काम गर्नुपरेको हो ।

कामको खोजी गर्दै जाँदा चिलीका एकजना पूँजीपतिद्वारा पेरूमा स्थापित टेक्सटाइल कारखाना क्रोमोटेक्समा काम गर्न थाल्नुभयो । त्यस कारखानाको ट्रेड यूनियका सचिव निर्वाचित हुनुभएका क. सेर्पाले डिसेम्बर, १९७८ मा क्रोमोटेक्सका मालिकले गरेको मजदूरहरूलाई धमाधम निष्काशन गर्ने र कारखाना नै बन्द गर्ने षड्यन्त्रको विरोधमा भएको संघर्षको नेतृत्व गर्नु भएको थियो । लठ्ठी र इँट पत्थरको भरमा आफ्ना २५० जना मजदूरहरूका साथ कारखानामाथि ३ महिनासम्म कब्जा गर्ने क. सेर्पाले त्यसबेला नै आफ्नो लडाकूपना प्रदर्शन गर्नु भएको थियो । त्यस संघर्षका क्रममा फेब्रुअरी, १९७९ मा सरकारले ७०० जना सशस्त्र प्रहरीको शक्ति प्रयोग गरी कारखानालाई मजदूरहरूको हातबाट खोस्न खोज्दा एक जना प्रहरी र ६ जना मजदूरहरूको मृत्यु भएको थियो । त्यसमा क. सेर्पाका अत्यन्त नजिकका मित्र हेमिगिडियो हुयेर्टा पनि मारिएका थिए ।

### क्रोमोटेक्स हडतालको हिंसात्मक अन्त र नयाँ जीवनको शुरुवात

हडतालको क्रममा एक जना प्रहरी मारेको अभियोगमा उहाँलाई जेलमा अरू २४ जना सहकर्मीहरूका साथ एक वर्षसम्म बन्दी बनाइयो । एक वर्षको जेल जीवनमा आफ्ना मित्र हुयेर्टाको शहादतले उहाँलाई नराम्ररी सतायो । हुयेर्टाको शहादतलाई उहाँ झलझली सम्झनु हुन्थ्यो- पुलिसहरूले हुयेर्टाको लाशलाई भ्यानमा कुकुरको लाश झैं फ्याँकेको, मरिसकेका हुयेर्टाको लाशमा समेत बन्दूकको कुन्दाले हिर्काएर आँखै कच्याकुचुक पारेको दृश्य उहाँले कसरी

बिर्सन सक्नुहुन्थ्यो र ?

क्रोमोटेक्स हडतालको हिंसात्मक अन्त्य र एक वर्षको कठोर कारावासले क. सेर्पाको जीवनलाई नयाँ मोड दियो । डिसेम्बर, १९७९ मा सरकारले आममाफी दिएको कारणले छुटेका क. सेर्पा र उहाँका २० जना मजदूर सहकर्मीहरूले अरू ४ जना सहकर्मीहरूको रिहाइका लागि आवाज उठाए । तर सरकारले खासै वास्ता नगरेपछि क. सेर्पा र उहाँका सहकर्मीहरूले लिमास्थित संयुक्त राष्ट्रसंघीय कार्यालयमाथि कब्जा जमाएर आमरण अनसन गर्नुभयो ।

### MRTA का छापामार र प्रेम सम्बन्ध

यसरी दुई-दुई वटा दुस्साहसिक कामहरू गरिसकेपछि उहाँ झन् झन् तीव्र र घनीभूत ढंगले सरकारविरोधी क्रियाकलापहरूमा सामेल हुनुभयो । यसै क्रममा, लिमामा क. भिक्टर पोलेसंग भेटघाट भएपछि उहाँ मजदूर नेताबाट टुपाक आमारू (MRTA) का छापामार बन्न पुग्नुभयो । MRTA को संस्थापना कालदेखि नै शहरीया छापामारको रूपमा क्रियाशील हुनु भएका क. सेर्पाले एक जमानामा मार्क्सवादी लेनिनवादी माओवादी पार्टी पेकपा (साइनिङ पाथ) का सदस्य समेत भएर काम गर्नु भएको बताइन्छ ।

टुपाक आमारूको शहरीया छापामार भएर लिमामा तहल्का मच्चाएपछि उहाँ शहरमा लुकेर बस्न नसक्ने स्थितिमा फस्नु भयो । त्यसैले उहाँ १९८३ मा सान मार्टिन प्रान्तको तारापोतो भन्ने शहरमा गई MRTA का कार्यकर्ता अमेरिको र राउन गिल्भोनियोको घरमा भूमिगत रूपले बस्नथाल्नु भयो । त्यहाँ छापामारहरूको प्रभाव विस्तार गर्ने नयाँ सिलसिला चलाउने क्रममा क. सेर्पाको अमेरिकोकै बहिनी नान्सी गिल्भोनियासंग प्रेम भयो । निकारागुवाको साण्डानिष्टा क्रान्तिबाट प्रभावित, मार्क्सवादी लेनिनवादी कार्यकर्ताका रूपमा परिचित अमेरिकोले नै आफ्नी बहिनीको परिचय क. सेर्पासंग गराइदिएका थिए । काली-काली हिस्सी परेकी नवयुवती नान्सीको परिचय क. सेर्पासंग भएपछि उनको जीवनमा पनि अनौठो परिवर्तन देखियो । स्कूलको अध्ययनताकादेखि नै वामपन्थी विचारकी नान्सीको पहिलेको सपना थियो- राजधानी लिमामा गएर वामपन्थीहरूको गढको रूपमा चर्चित सान मार्कोस विश्वविद्यालयमा अध्ययन गरेर समाजशास्त्री बन्ने ।

### क. नान्सीको छापामार जीवन

क. सेर्पासंग भेटेपछि, उहाँसंग माया बसेपछि नान्सीको पनि, सान मार्टिन प्रान्तका अन्य युवायुवतीहरूको जस्तै सपनाको रूप-रंगमा परिवर्तन आउन थाल्यो ।



क. सेर्पा



क. नान्सी

**छापामारहरुको प्रभाव विस्तार गर्ने नयाँ सिलसिला चलाउने क्रममा क. सेर्पाको नान्सी गिल्भोनियासंग प्रेम भयो**

वामपन्थी विचारप्रति समर्पित नान्सीले केही वर्षसम्म लिमामा बसी अध्ययन अध्यापन, नोकरी र भूमिगत कामहरू गरिन् । तर १९८८ मा सानमार्टिनमै आफ्ना दुवैजना दाजुहरूलाई प्रहरीले समातेपछि उनी स्कूलको अध्यापनको कामलाई चटक्कै छाडेर तारापोतो शहरतिर लागिन् ।

उनले घरमा गई आफ्ना तीनजना भाइ बहिनीहरूको रेखेदेख गर्नेदेखि लिएर क. सेर्पासंग मिलेर आफ्ना दाजुहरूले अधूरो छाडेका पार्टीका कामहरू सम्हाल्न थालिन । छापामार आन्दोलनमा एकसाथ काम गर्ने सिलसिलामै क. सेर्पा र क. नान्सीबीच प्रेम विवाह सम्पन्न भयो ।

यसरी एउटी प्रतिभाशाली विद्यार्थी-शिक्षिका, ल्याटिन अमेरिकी नवयुवतीबाट क. नान्सी छापामार बनिन् । र, सानमार्टिन प्रान्तका जंगलहरूमा युवायुवतीहरूलाई छापामार प्रशिक्षणदेखि लिएर गाउँ गाउँ चहारी आफ्नो सिद्धान्तकौ प्रचार-प्रसार गर्ने, सैनिक र प्रहरीहरूको जासूसी गर्ने कार्यमा खट्न थालिन् ।

यसैबीच, क. नान्सीले १९८८ मा एउटा छोरा र १९९३ मा एउटी छोरी जन्माईन् । ती दुवै बच्चाहरू केही समय अगाडिसम्म छापामार समर्थक परिवारहरू र क. सेर्पाकी दिदीको घरमा हुर्कँदै थिए । क. सेर्पा र क. नान्सीले आफ्ना बच्चाहरूको लागि विशेष ध्यान दिन सकिरहेका छैनन् ।

क. सेर्पा र क. नान्सीको जीवनमाथि अध्ययन गरिरहेका पेरूका पत्रकार जिम्मी टोरेसका अनुसार उनले MRTA का छापामार डफ्फाको जिम्मेवारी सम्हालेपछि अरू सबै कुराहरू – परिवार, शिक्षा, जीविका सबै पछि परे । उनको परिवारका सदस्यहरूमाथि सरकारले अत्यन्त ठूलो निगरानी गर्ने र पीडा दिने गर्न थालेपछि उनी झन् झन् दृढ र स्पातिलो छापामार महिला बन्न पुगिन् ।

१९९५ को अन्ततिर पेरूको संसदमाथि कब्जा गर्ने योजना बनाइरहेको बेलामा उनी पनि गिरफ्तार भईन् । तर क. सेर्पा भने मुश्किलले बच्नुभयो । फुजिमोरी सरकारको अमानवीय यातना र पीडा सहेर पनि क. नान्सी अहिले कठ्यांगिएर मर्ने संभावना भएको यानामायो जेलमा आजीवन कारावासको सजायँ भोगिरहेकी छिन् ।

उता, उनका दुई जना छोराछोरीलाई भने क. सेर्पाकी आमासंग पेरिसमा निर्वासित जीवन जिउन पठाइएको छ । आफ्ना बाबु आमा लगायत मामाहरूको छापामार जीवनबारे राम्ररी थाहा भइसकेका ती बालबालिकाहरू भन्छन्- **'हाम्रा बाबु र आमा पेरूमा परिवर्तन गर्नका लागि लडिरहनु भएको छ ।'**

पेरू र पेरूभियाली जनताका लागि लड्दालड्दै क. सेर्पाको परिवार पूरै छिन्नभिन्न भइसकेको छ । क. सेर्पाका बच्चाहरू पेरिसमा, आमा पेरिसमै निर्वासित, पत्नी र दुईजना सालाहरू जेलमा । र, आफूचाहिं जेलमा बन्द गरिएका पत्नी, सालाहरू, साथीहरू र नेताहरूको रिहाइका लागि जापानी राजदूतको आवासमा बन्दी प्रकरणको नेतृत्व गर्दै ।

आफ्ना बन्दी कमरेडहरूको रिहाइको लागि अत्यन्त नाटकीय ढंगले बन्दी प्रकरणको सफल नेतृत्व गर्ने क. सेर्पा पनि अहिले जीवन र मृत्युको दोसाँधमै हुनुहुन्छ । आफ्नो जीवनलाई हत्केलामा राखेर बन्दी प्रकरणको नेतृत्व गर्दै सरकारसित वार्ता पनि गरिरहनु भएका क. सेर्पा र उहाँका करीब बीसजना सहकर्मीहरू फुजिमोरी सरकारले सैनिक बल प्रयोग गरेमा मृत्युको मुखमा पुग्ने संभावना प्रबल छ ।

तर मृत्युदेखि कदापि भयभीत नहुने उहाँ र उहाँका सहकर्मी छापामारहरूको स्वभाव र उहाँहरूद्वारा बन्दी बनाइएका ७२ जना पेरूभियाली र जापानी कूटनीतिज्ञ र व्यापारीहरूको जीवनको असुरक्षाले गर्दा फुजिमोरी सरकार सैनिक-शक्ति प्रयोग गर्न हच्किरहेको छ । उता क्रोमोटेक्स मजदूर हडतालदेखि नै जीवनको पर्वाह नगरी दृढतापूर्वक संघर्ष गर्दै आइरहनु भएका क. सेर्पाले आफ्ना ४५० जना कमरेडहरूको रिहाइको मागमा दृढ अडान लिई वार्ता र शक्ति-प्रयोग, दुवै क्षेत्रमा सहमति जाहेर गरिरहनु भएको छ । हेरौं, फुजिमोरी सरकार र MRTA का नेता क. सेर्पामध्ये को बढी झुक्न तयार हुन्छन् ? ❑

CHALLENGE
केश झर्ने समस्यालाई

**केश झर्न नरोकिए पैसा फिर्ता !**


**SILKEN HAIR TONIC & SHAMPOO (HERBAL)**

केशका जराहरु बलियो बनाई शिरमा
नयाँ केश उमार्छ, केश फुल्न रोक्छ ।
सिल्केन सैम्पुले मुख पनि धुन हुन्छ,
मुहार नरम, चम्किलो र कलिलो बनाउँछ ।
कालो पोतो र डण्डीफोर हराएर जान्छ ।

◉ **सम्झना स्टोर्स**, टेकू चोक, फोन २४४००८, (नेशनल ट्रेडिङ्ग उत्तर ढोका अगाडि), काठमाडौं ।
◉ **बाघ भैरब मेडिकल हल**, कलंकी चोक, काठमाडौं । फोन नं. २७३०६३
◉ **धार्के मेडिकल हल**, धार्के बजार, धादिङ्ग ।
◉ **श्रेष्ठ रेडिमेड सप्लायर्स**, (होटल सयपत्री अगाडि) पोखरा सपिङ्ग कम्प्लेक्स, पृथ्वीचोक, पोखरा

# क. गोञ्जालोसंगै MRTA का संस्थापक नेता पनि कालकोठरीमा !

# क. भिक्टर पोलेको जीवनकथा



## पेरुको एल कलाओ नौसैनिक अखडाभित्रको जेल ।

जेलभित्र जमीनमुनि बनाइएको कालकोठरी । चार स्क्वाएर मिटरभन्दा पनि सानो, कहिल्यै घाम नछिर्ने अत्यन्त चीसो र अँध्यारो यो कालकोठरीको बीचमा कंक्रिट को स्ल्याब छ । यही कंक्रिटको स्ल्याबलाई आफ्नो सुत्ने खाट र बस्ने मेचको रूपमा प्रयोग गर्न विवश र बाध्य हुनुहुन्छ पेरूका एकजना वामपन्थी नेता !

हो, उहाँ नै हुनुहुन्छ टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्टका संस्थापक नेता **क. भिक्टर पोले क्याम्पोस** !

अत्यन्त विशाल र कडा सैनिक निगरानीका बीच एल कलाओको एउटा कालकोठरीमा दैनिक आधा लिटर दूध र तीन टुक्रा रोटी खाएर बाँचिरहनु भएको छ क. भिक्टर पोले । र, उहाँको कालकोठरी नजिकै रहेको अर्को कालकोठरीमा क. भिक्टर जस्तै अत्यन्त अमानवीय परिस्थितका बीच पेरूको कम्युनिष्ट पार्टी (PCP) साइनिङ पाथका संस्थापक नेता **क. गोञ्जालो** पनि आजीवन कारावासको कठोर सजाय भोग्दै हुनुहुन्छ । क. गोञ्जालोको उपनामबाट प्रख्यात **डा. अबिमायल गुजमान**को अप्रत्याशित गिरफ्तारीपति क. भिक्टर पोलेलाई पनि जून, १९९२ मा गिरफ्तार गरिएको थियो ।

आफ्नो छोरा क. भिक्टर पोले लगायत टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट (MRTA) र पेकपा (साइनिङ पाथ) का नेताकार्यकर्ताहरूलाई बन्दी बनाइराखिएको यस कालकोठरीका बारेमा क. पोलेकी आमा ओतिलिया क्याम्पोस डे पोले भन्नुहुन्छ- 'यो जेल त चिहान नै हो, जहाँका बन्दीहरू विस्तारै विस्तारै मर्दैछन् । मैले मेरो छोरोलाई आजीवन एकान्त कारावासको सजायँ पाएपछि १४ महिनापछि मात्रै पहिलो पटक भेट्न पाएँ । भेटघाट गराइने कोठामा ल्याइँदा देखें- मेरो छोरा त पूर अन्धो जस्तै भएको रहेछ ।'



MRTA छापामारसंगै गिरफ्तार गरिएकी अमेरिकी युवती लोरी बेरेन्सन

यो कालकोठरीमा क. पोले लगायत सबै वामपन्थी बन्दीहरूले रेडियो क्यासेट सुन्न पाउँदैनन्, टि.भि. र अखबार हेर्न पाउँदैनन् । क. भिक्टर पोलेले त पूर्व बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलको जीवनीको किताब समेत पढ्ने अधिकार पाउनु भएको छैन । सरकारले अराजनीतिक भनेर बिल्ला लगाएका किताबहरू मात्र पढ्ने अनुमति दिइएको छ ।

क. भिक्टर पोले लगायतका राजबन्दीहरूलाई यसरी बाहिरी संसारबाट पूरै अलग्याउने काम फुजिमोरी सरकारले गर्दै आइरहेको छ । क. भिक्टर पोलेलाई कतिसम्म मानसिक यातना दिइएको छ भने, उहाँकी बूढी आमासंग भेट्न पनि उहाँले १४-१४ महिना कुर्नु पर्‍यो । हुन त उहाँकी आमा एल कलाओ कालकोठरीबाट त्यति धेरै टाढा बस्नुहुन्न, तापनि तानाशाही सरकारले आमाछोराको भेटमा समेत बाधा हालिरहेको छ ।

चिहानको नामले कुख्यात एल कलाओ कालकोठरी रहेको शहर एल कलाओको मजदूर बस्तीमा क. पोलेकी आमा बस्नुहुन्छ । त्यहाँ एउटा हार्डवेयर पसल थापेर जीविका चलाइरहनु भएकी ६८ वर्षकी बूढी आमै ओतिलिया क्याम्पोसका अनुसार क. भिक्टर पोलेले सन् १९८३ मा टुपाक आमारू रिभोल्यूशनरी मुभमेन्ट नामक संगठन स्थापना गर्नु भएको हो ।

MRTA का संस्थापक नेता क. भिक्टर पोलेका बाबु स्वयं पनि पेरूको चर्चित पार्टी अमेरिकन पर्पुलर रिभोल्युशनरी अलाएन्स (APRA) का एक संस्थापक थिए । उहाँका बाबु भिक्टर पोले रिस्कोले APRA जस्तो त्यस बेलाको साम्राज्यवाद-सामन्तवादविरोधी, प्रजातान्त्रिक समाजवादीहरूको पार्टीको स्थापना गर्ने र त्यसको विकास गर्ने काममा महत्वपूर्ण भूमिका खेल्नुभएको थियो । वामपन्थी राजनीतिक सुधारकका रूपमा परिचित भिक्टर पोले रिस्कोले भिक्टर राउल हायाडे ला तोरेको नेतृत्वमा १९२४ मा स्थापित यस पार्टीका एक नेताको हैसियतले तानाशाही सरकारविरोधी जनसंघर्षको क्रममा १९३० देखि १९४५ सम्म जेल-जीवन यापन गर्नु भएको थियो । भिक्टर पोले रिस्को १९३० को दशकका मजदुर नेता हुनुहुन्छ । जीवनभर संघर्ष गर्दागर्दै चार वर्ष अगाडि मात्रै उहाँको मृत्यु भएको थियो ।

क. पोलेकी आमापट्टिका हजुरबा अल्फ्रेडो क्याम्पोस र हजुरआमा मारिया बार्सेना पनि APRA पार्टीको कुज्को क्षेत्रका संस्थापक नेताहरू हुनुहुन्थ्यो । यसरी त्यस बेलाको सामन्तवाद-साम्राज्यवादविरोधी पार्टीका नेताहरूको परिवारमा जन्मनु भएका क. भिक्टर पोलेले आफ्नो ४५ वर्षको उमेरमा पेरूका अधिकांश उथलपुथलहरू देखिसक्नु भएको छ । यही भोगाइ र मार्क्सवादको अध्ययनपछि MRTA जस्तो छापामार संगठनका संस्थापक बन्नु भएका क. पोलेलाई पेरूमा क. गोन्जालो (डा. अबिमायल गुजमान) जस्तै करिश्मायुक्त सुशिक्षित मार्क्सवादी नेताको रूपमा लिइन्छ ।

यूरोपीय शैक्षिक केन्द्रहरू म्याड्रिड र पेरिसका विश्वविद्यालयहरूबाट उच्च शिक्षा हासिल गर्नु भएका क. पोले पेरिसमा अध्ययन गरिरहनु हुँदा पेरूका भूतपूर्व राष्ट्रपति डा. अलान गार्सियासंग एउटै कोठामा बस्नुहुन्थ्यो । गार्सियासंग पेरिसमा संगै बस्ने, संगै खाने र संगै पढ्ने काम गर्नुभएका क. पोले अध्ययनकै सिलसिलामा मार्क्सवादी सिद्धान्तप्रति आस्थावान हुनुभयो भने गार्सिया 'प्रजातान्त्रिक समाजवादी' भए !

म्याड्रिड र पेरिसको औपचारिक शिक्षा आर्जन गरेर आफ्नो देश फर्केको एक वर्ष पनि नपुग्दै उहाँले टुपाक आमारू रिभोल्युशनरी मुभमेन्ट नामक संगठन स्थापना गर्नु भएको हो । क्यूबाली क्रान्ति र निकारागुआको साण्डानिष्टा क्रान्तिबाट प्रभावित, क्यूबाली क्रान्तिका नायकहरू क. चेग्वेभारा र क. फिडेल क्यास्त्रोलाई आफ्ना प्रिय नेता ठान्नु हुने क. पोलेले MRTA लाई विकसित गर्ने र सफल नेतृत्व दिने कार्य गर्नुभएको बताइन्छ ।

पेरूका गरीब जनताको मुक्तिको लागि शुरू गरिएको छापामार संघर्षको नेतृत्व गर्दागर्दै पहिलो पटक पक्राउ पर्नु भएका क. पोले लिमाको क्यान्तो ग्राण्डे जेलबाट सफलतापूर्वक भाग्नु भएको थियो । यो भगाइबाट भयभीत सरकारले दोस्रो पटकको गिरफ्तारीपछि उहाँलाई आजीवन कारावासको सजाय दिएर कडा सुरक्षाका साथ थुनिराखेको छ । अहिले क. पोले लगायत MRTA का ४५० जना बन्दीहरूको रिहाइका लागि नै पेरूमा बन्धक काण्ड घटाइएको हो । आशा गरौं, क. पोले लगायत सबै राजबन्दीहरूको रिहाई होस् र उहाँहरूले कालकोठरीको चिसो छिँडीमा जीवन काट्न नपरोस् !

❑ **राजेन्द्र महर्जन**

# शहीद दशरथ चन्द

## समाजवादी विचारबाट प्रभावित थिए

कम्युनिष्ट पार्टीको इतिहास लेख्ने हो भने नेपालको सबभन्दा पहिलो कम्युनिष्ट दशरथ चन्द हुन् भनेर लेख्नु पर्दछ ।

यो कुरा टंकप्रसाद आचार्यले पुष्पलाल श्रेष्ठलाई भन्नु भएको थियो भन्ने कुरा पुष्पलालले उल्लेख गर्नु भएको छ । ने.क.पा.का संस्थापक नरबहादुर कर्माचार्यलाई यही कुरा सोद्धा उहाँले पनि दशरथ चन्द रूसको बोल्सेभिक क्रान्तिबाट प्रभावित थिए भन्ने कुरा टंकप्रसाद आचार्यले उहाँलाई बताएको उल्लेख गर्नुभयो ।

जब दशरथ चन्द अध्ययनका लागि भारत पुगेका थिए, त्यतिबेला भारतमा अमृतसरको जालियावाला बागमा भएको हत्याकण्डका विरुद्ध सत्याग्रह र असहयोग आन्दोलन चलिरहेको थियो ।

ब्रिटेन सरकार भने आन्दोलनकारीहरूलाई दबाउन व्यस्त थियो । भारतीय जनताहरू आन्दोलन गर्न व्यस्त थिए । भारतका विभिन्न ठाउँहरूमा आन्दोलन चलिरहेको थियो । गिरफ्तारी पनि बढिरहेको थियो । जेलहरू आन्दोलनकारीहरूबाट भरिनथालिरहेका थिए । भारतका केही क्रान्तिकारीहरू महात्मा गान्धीको अहिंसात्मक आन्दोलन त्यागेर हिंसात्मक आन्दोलन गर्ने पक्षमा उत्रिन थालिसकेका थिए । हिंसात्मक आन्दोलनका पक्षमा भारतका क्रान्तिकारी नेता भगतसिंहहरू एवं सुभाषचन्द्र बोसहरू थिए ।

यसको प्रभाव भारतमा पढ्न बसेका दशरथ चन्दमा पनि पर्न थालेको थियो । उनी सक्रिय रूपमा आन्दोलनमा लाग्न थाले । सन् १९३१ मा उनी गिरफ्तार पनि भए ।

वनारसबाट आइ.ए. पास गरेपछि उनका आफन्तहरूबाट, जो ठूला ठूला सरकारी पदहरूमा आसिन थिए, उनी काठमाण्डौं बोलाइए । उनी काठमाण्डौं त आए । तर त्यतिबेला राणाहरूको एकछत्र शासन व्यवस्था र उनीहरूको एकतन्त्री हुकुमी शासनले उनलाई सरकारी पदमा जागीर खान मन लागेन । भारतीय स्वतन्त्रता आन्दोलनबाट प्रभावित उनको मन नेपालमा पनि राणाशासनबाट जनतालाई मुक्त गराउनु पर्छ भन्ने कुरातर्फ मोडियो । उनी काठमाडौंबाट फर्केर रामनगरका राजा, श्री ३ जुद्ध शमशेरका छोरी-ज्वाइँको जमन्दिारी मौवादहमा जागीर खान पुगे । त्यहीं नै वि.सं. १९९० मा टंकप्रसाद आचार्यसंग उनको भेट भयो । त्यही भेटमा उनीहरू दुवैका बीच राणा शासनको अन्त्य गर्नका निम्ति एउटा राजनैतिक संगठनको स्थापना गर्न आवश्यक भएको कुराकानी भयो ।

> 'नेपालमा कम्युनिष्ट पार्टीको इतिहास लेख्ने हो भने पहिलो कम्युनिष्ट दशरथ चन्द हुन् भनेर लेख्नु पर्दछ ।'
> **टंकप्रसाद आचार्य**

त्यतिबेला विश्वका विभिन्न देशहरूमा भइरहेका उथलपुथल र राजनैतिक परिवर्तनले उनी प्रभावित हुँदै गइरहेका थिए । विशेष गरेर रूसको बोल्सेभिक क्रान्तिबाट उनीमाथि ठूलो प्रभाव परेको थियो । यसैको प्रभावस्वरूप उनले राल्फफक्सको 'कम्युनिष्ट' नामक पुस्तक पनि पढेका थिए । यसैको प्रेरणाबाट सशस्त्र क्रान्ति गरेर नेपालमा राणा शासनको अन्त्य गरेर गणतन्त्रात्मक शासनको स्थापना गर्ने भन्ने उनको विचार रहेको थियो । यसको समर्थकको रूपमा शहीद गंगालाल र उनका केही युवा साथीहरू थिए । उनले आफ्ना साथीहरूसंग रूसका बारे कुराकानी गरेबाट यो कुरा प्रष्ट हुन्छ ।

वि.सं. १९९१ मा उनी आफ्ना सहयोगी शिवदत्त भट्टका साथ वर्मा पुगे । त्यहाँ पुगेर उनले नेपालीहरू सबैसंग नै राणाहरूको अत्याचार र त्यसका विरूद्ध आन्दोलन गर्नु पर्ने कुराहरू गरे । त्यहाँ व्यापार गर्न बसेका दार्चुलाका किसनचन्दले बर्मामा उनलाई ठूलो आर्थिक, नैतिक र अन्य सहयोग जुटाइदिएका थिए ।

त्यहाँबाट थाइल्याण्ड पुगेर त्यहाँ हातहतियार जुटाएर उनले नेपालमा सशस्त्र क्रान्ति गर्ने योजना बनाएका थिए ।

तर पछि फ्रान्सेली क्रान्तिबाट प्रभावित टंकप्रसाद आचार्य र बेलायतको शासन प्रणालीबाट प्रभावित भएका धर्मभक्त माथेमा, रामहरि शर्मा र जीवराज शर्माहरूसंग मिलेर नेपाल प्रजापरिषदको स्थापना गर्नु परेकोले दशरथ चन्दले आफ्नो विचारलाई थाँती राख्न बाध्य हुनु पर्‍यो । तैपनि नेपालमा राणा शासनको अन्त्य गर्न अहिंसात्मक र हिंसात्मक आन्दोलन गर्ने भन्ने कुरामा चाहिं प्रजापरिषदमा पनि निर्णय गरियो ।

दशरथ चन्दको सम्बन्ध दार्जलिङ्गका क्रान्तिकारी नेता जगदीश चन्द्र घोषसंग पनि थियो । क्रान्तिबारे उनीसंग दशरथ चन्दको बेला बेलामा छलफल चलिरहन्थ्यो । नेपालमा सशस्त्र क्रान्ति गर्ने तयारीको लागि जगदीशचन्द्रबाट उनले २० थान डायनामाइट पनि लिएर आएका थिए । तर यसको प्रयोग भने हुन पाएन ।

दशरथ चन्दलाई प्रजापरिषदको विचार-पिताका रूपमा पनि स्वीकारिने गरिन्छ । राणा विरोधी अभियानको प्रचार प्रसार गर्ने र यसलाई अन्तराराष्ट्रिय क्षेत्रमा समेत पुऱ्याउने जिम्मा उनलाई नै दिइएको थियो । यो जिम्मा उनले भारतको पटनाबाट प्रकाशित हुने 'जनता' र कलकत्ताबाट प्रकाशित हुने 'एड्भान्स' पत्रिकाहरूमार्फत् पूरा गरे । 'जनता' पत्रिकामा पहिले सेवासिंह र पछि सुशीलको नामबाट नेपालको राणाशासनको निरंकुशतन्त्र र राणा विरोधी आन्दोलनबारे उनले लगातार लेखहरू प्रकाशित गरिरहे ।



जनता पत्रिकामा छापिएका लेखहरूले भारत र नेपालमा त हलचल नै मच्चायो । ब्रिटिस सरकारले कति पटक त जनता पत्रिकाको कार्यालयमा तलासी लियो र यसको कैयौं अंकहरू त जफत पनि गरिए । पछि राणाहरूको आग्रहमा ब्रिटिस अधिकारीले जनता पत्रिकाका सम्पादक रामवृक्ष बेनीपुरीलाई थुनामा राखेर पत्रिका नै बन्द गरिदिए ।

दशरथ चन्दमा भएको दूरदर्शिता, अध्ययनशीलता, उचित निर्णय गर्न सक्ने क्षमता, सांगठनिक मर्यादा र अनुशासनशीलताले नै उनलाई संगठनको जिम्मेवार व्यक्तिको रूपमा उभ्याइदियो । संगठनको स्थापना भएदेखि गिरफ्तार नभएसम्म नै उनले संगठनलाई नेतृत्व गरिरहे ।

प्रजापरिषदले १९९७ साल असार ९ गते, ३० गते, श्रावण १७ गते र भाद्र २४ गते गरी चारपटक चार थरी पर्चा काठमाडौंका विभिन्न ठाउँमा छर्ने काम गऱ्यो । यो पर्चा राणाहरूको लागि विशाल बम जत्तिकै ठहरियो । यसै निहुँमा १९९७, कार्तिक २ गते दशरथ चन्द, गंगालाल, धर्मभक्त माथेमासहित प्रजापरिषदका अन्य सदस्यहरू समातिए । यही काण्डलाई अपराध ठहऱ्याएर उनलाई १९९७ माघ १० गते शोभा भगवतीमा गोली हानेर मारियो ।

१९९७ सालका शहीदहरू मध्ये वैज्ञानिक समाजवादबाट सबैभन्दा बेसी प्रभावित, क्रान्तिकारी बाटोमा सबैभन्दा स्पष्ट र दृढ, सशस्त्र क्रान्तिका सबैभन्दा दृढ पक्षधर शहीद दशरथ चन्द नै देखिन्छन् । त्यतिखेरको चरम दमनको समयमा राणाशासनको अन्तको लागि साझा संगठनको विकास गर्न उनले आफ्नो विचारलाई तगारो बनाएनन् । उनले राणाशासनको अन्तको साझा सहमतिको विन्दु खोज्न त्यतिखेर भरमग्दूर प्रयत्न गरे । तथापि उनको विचार भने क्रान्तिकारी थियो । र, त्यो वैज्ञानिक समाजवादबाट प्रभावित थियो । संभवतः नेपालका शहीदहरूमध्ये दशरथ चन्द नै पहिलो शहीद हुन्, जो वैज्ञानिक समाजवादप्रति आस्थावान थिए र सशस्त्र क्रान्तिद्वारा नेपाली समाजमा आमुल परिवर्तन चाहन्थे ।

यस अर्थमा टंकप्रसादको यो भनाइ निकै सार्थक देखिन्छ कि नेपालमा कम्युनिष्ट पार्टीको इतिहास लेख्ने हो भने, 'पहिलो कम्युनिष्ट दशरथ चन्द हुन्' भनेर लेख्नु पर्दछ ।

◆ मुक्ता श्रेष्ठ

सन्दर्भ ग्रन्थहरू: ❑ नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास: पुष्पलाल श्रेष्ठ ❑ नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजापरिषदको भूमिका: डा. राजेश गौतम ❑ शहीद गंगा दशरथ: भुवनलाल प्रधान ❑ अमर शहीद दशरथ चन्द संक्षिप्त जीवनी: डा. देवी प्रसाद ओझा

## चुरोट पिउँदै धुम्रपानको खराबीबारे व्याख्यान दिने शिक्षकहरु !




# 'उपदेश' छाँट्न सजिलो छ !

चन्द्रदेव नेपाली

**'स**भ्य मान्छेले कसैलाई पनि 'पाजी' जस्ता शब्दहरु प्रयोग गरेर गाली गर्नु हुँदैन । बुझिस् पाजी !"

यो एउटा चुट्किला हो कसैले कसैलाई उपदेश दिइरहेको प्रसंगको । उपदेशकले आफूले अरूलाई जुन उपदेश दिइरहेको छ, त्यसप्रति ऊ आफैं भने इमान्दार छैन । पटक्कै इमान्दार छैन । 'पाजी' भनेर गाली गर्नु हुन्न, बुझिस् पाजी !" -यसरी उसले आफैंले 'पाजी' शब्द प्रयोग गरेर आफूले एक बाक्य पनि पूरा नगर्दै आफैंले आफ्नो घोषित मान्यताको उल्लंघन गऱ्यो ।

यसबाट बुझिन्छ, ऊ आफ्नो लागि 'सभ्यता' को पाठ पठाइरहेको छैन । केवल अरूको लागि पठाइरहेछ ।

यो एउटा राम्रो प्रतीक हो, हाम्रो समाजमा उपदेश छाँट्दै हिँड्ने बुजुक-उपबुजुकहरूको व्यवहारको र प्रवृत्तिको ।

हो, हाम्रो समाजमा यस्ता मान्छेहरू धेरै छन्, जो अरूलाई अनेक थरि राम्रा कुराहरू सिकाउँदै हिँड्छन, तर आफू भने ती राम्रा कुरामा विश्वास राख्दैनन्, तिनलाई व्यवहारमा लागू गर्दैनन् ।

यो सरासर अनैतिक कार्य हो । ढोंग हो, पाखण्ड हो ।

◆ **"यो संसार रामछायाँ मात्र हो, बाबु, नानी ! तिमी लोभ लालच नगर !"**

-एउटा ढोंगी साधु अरूलाई उपदेश दिइरहेछ र आफू भने तिनै 'बाबु' वा 'नानी'को संपत्ति हडप्ने दाऊ खोजिरहेछ ।

◆ संगठनका महिला र पुरूष कार्यकर्ताहरूले सामान्य र स्वाभाविक ढंगले एक आपसमा विवाहको प्रस्ताव गरेको कुरालाई पनि ठूलो 'अनैतिकता' बताउने एक 'छोटे नेता' ले आफूले चाहिं गाउँ गाउँमा कार्यकर्ताका विवाहित श्रीमतीहरूलाई समेत अनुचित दवाब र प्रभावमा पारी अनैतिक शारीरिक सम्बन्ध कायम गरी तिनलाई अलपत्र समेत पारेर हिँडे ।

◆ सामूहिकताको पक्षमा वकालत गर्ने एक असन्तुष्ट युवा वाम–नेता डेरा लिनुपर्दा कहिल्यै साथीहरूसंग नजिकै डेरा लिएर बस्न समेत रूचाउँदैनन् । अन्य नेताहरूमा सामूहिक भावना नभएकोमा उनको तीव्र विरोध रहने गर्छ । उनी सामान्य बेलामा चाहिं साधारण कुरामा पनि बैठक र छलफल गरी निर्णय गर्ने गर्छन् तर ठूलठूला कुरामा र आफूलाई व्यक्तिगत लाभ हुने कुरा भने उनको 'एक व्यक्ति निर्णय' नै उनी थोपर्ने गर्छन् । बेला-कुबेला उनले 'सामूहिकताको पक्षमा' गर्ने गरेका भाषण र उपदेशबाजी सुनेर अरू मानिसहरू दिक्कै भइसकेका छन् ।

◆ भ्रष्टाचारको आहालमा डुबेर ढाडिएको खरी जुका जस्तै भएर मोटाएको नेता भ्रष्टाचारका विरूद्ध जनतालाई त्याँ'मानको उपदेश दिन्छ र रेडियो, टि.भि.बाट त्यसलाई धूँवाधार प्रचार प्रसार गराउँछ ।

◆ एउटा पत्रकार आफू भने दुनियाँलाई नैतिकताको र सदाचारको पाठ पढाएर समाचार र टिप्पणी लेख्छ तर आफू स्वयं भने विभिन्न व्यक्ति र शक्ति केन्द्रहरूमा गई चाकडी गरेर वा धम्कीको भाषा प्रयोग गरेर दुई चार हजार रूपियाँ झारेर खान्छ वा तृप्त हुने गरी एक पेट विदेशी रक्सी घोक्छ र त्यहीं मातेर होश -हवास गुमाई बेइज्जती गरेर फर्कन्छ ।

◆ जम्मामा भन्ने हो भने- आफूले चूरोट तान्दै, धूँवा उडाउँदै मास्टरजी भनिरहेछन्- 'केटाकेटीहरू हो, धुम्रपानले आफ्नो ज्यान लिने हुनाले र अरूलाई पनि बेफाइदा हुने हुनाले कसैले पनि धुम्रपान गर्नु हुँदैन ।"

यस्तो भइरहेछ । ठाउँ ठाउँमा भइरहेछ । पटक पटक भइरहेछ । 'चेला' हुन गाऱ्हो भएकोले नै मानिसहरू शुरूमै 'गुरू' बन्न चाहिरहेछन् ।

अरूबाट सबै कुरा ठीकठाक चाहने तर आफू भने ठीकठाक पार्ने त्यस दिशामा लाग्नु पर्ने जरूरत नै महसूस नगर्ने ।

नेपालको प्रगतिशील आन्दोलनमा समेत कतिपय नेताहरू र कतिपय बुद्धिजीवीहरूमा पनि यो प्रवृत्ति ज्यादा पाइन्छ । केही यस्ता बुद्धिजीविहरूले त खाली 'शिक्षा' मात्रै दिने, तर आफू भने आफ्नो त्यस शिक्षाको उल्टो दिशातिर बग्ने काम गरी 'बुद्धिजीवि' शब्दकै बेइज्जती समेत गरेका छन ।

## 'उपदेश' को संस्कृतिमा नैतिकताको प्रश्न

नैतिकताको यो प्रश्न उपदेशको सन्दर्भमा किन ज्यादा लागू हुन्छ भने, उपदेश यस्तो चीज हो, जसमा उपदेशकले अरूलाई 'बेठीक' ठानेको हुन्छ र आफुले 'ठीक' कुरा प्रस्तावित गरेको हुन्छ । यो अरूलाई 'बेठीक' ठान्ने नैतिक हक त्यसलाई मात्र हुन्छ, जो आफू स्वयं 'ठीक' हुन्छ । यो आफू ठीक हुनु भनेको विचार मात्र ठीक हुनु हैन, व्यवहार पनि ठीक हुनु हो ।

इशलाम धर्मगुरू मोहम्मदको सन्दर्भमा एउटा कथा प्रचलित छ- कुनै आमा र बच्चाको । बच्चाले धेरै गुलियो खायो भनेर उसको यो गुलियो ज्यादा खाने बानी हटाइमाग्न उनी मोहम्मदकहाँ पुगिन् । मोहम्मदले ती आमा र छोरालाई एक महिनापछि फेरि आफूकहाँ फेरि आउन अनुरोध गरे । एक महिनापछि जाँदा मोहम्मदले बच्चालाई ज्यादा गुलियो नखानका निम्ति राम्ररी संझाएर पठाएछन् । यस्तो ढीला किन गरियो, यति सम्झाउने काम त शुरूको भेटमा नै गर्न सकिन्थ्यो, किन उनले एक महिनापछि मात्र बच्चालाई सम्झाए ?- भनेर बुझ्दा उनी आफैंमा गुलियो ज्यादा खाने नराम्रो बानी रहेछ । एक महिना लगाएर उनले आफूले स्वयं आफूमा रहेको यो बानी हटाएछन् । अनि मात्र आमा र छोरालाई एक महिनापछि बोलाएर छोरो चाहिंलाई गुलियो नखाने उपदेश दिएर संझाई, बुझाई गरेर पठाएछन् ।

**"एक महिना अगाडिसम्म म आफैंमा पनि ज्यादा गुलियो खाने बानी थियो । त्यतिखेर मैले बच्चालाई 'गुलियो नखाऊ' भन्नु अनैतिक हुन्थ्यो । कारण, जुन कुरामा म आफू ठीक हुन्न, अरुलाई त्यो कुरामा ठीक बन्न प्रेरित गर्ने अधिकार पनि मसंग हुन्न । यो एक महिनाभरिमा मैले पहिले आफूले ज्यादा गुलियो खान छाडें, अब मात्र मैले बच्चालाई संझाउने, उपदेश दिने नैतिक अधिकार पाएँ ।"**

"किन एक महिना ढीला गरेको ? भनी सोध्ने आमालाई उनको स्पष्टीकरण यो थियो ।

अहो ! यो स्तरको नैतिकता हामीहरूमा पनि हुँदो त !

## के त्यसो भए शिक्षाको कुनै अर्थ छैन त ?

वास्तवमा, हामी आफैं चुरोट खाने खराब लतमा छौं भने चुरोटका बारेमा हामीले अरूलाई भन्ने के ?

-"म आफैं चुरोट खान्छु, त्यसैले तिमीलाई चुरोट नखाऊ भन्ने नैतिक अधिकार मलाई छैन । त्यसैले मैले जस्तै तिमीले पनि चुरोट खाऊ अथवा जे सुकै गर ।"

के हामीले यसो भन्ने त ?

वास्तवमा, यो पनि गलत र आत्महत्यामुखी प्रवृत्ति नै हो ।

"मलाई मेरो बुद्धिले चुरोट नखा भन्छ, त्यसैले यो आफ्नो गलत बानीसंग म जुधिरहेको छु, तर यसलाई पूरै जित्न सकेको छैन । तिमी चाहिँ चुरोटको बानी नै नपार, चुरोट नखाऊ !"

-हामीले यसो भन्नु जरूरी छ । यो दृष्टिकोण नै सही दृष्टिकोण पनि हो ।

यस भनाइमा तीन कुराहरू मिसिएका छन् ।

-चुरोट खाने बानी गलत हो भन्ने स्वकिरोक्ती अर्थात् आत्मालोचक भाव ।

-आफू त्यस लतसंग जुधिरहेको अर्थात् गलत प्रवृत्तिसंग संघर्षरत रहेको स्थिति ।

-यी दुई कुराका आधारमा अरूलाई उपदेश, सल्लाह वा सुझाव !

आफूले ठ्याक्कै गुलियो खान छोडिसकेपछि मात्रै अरूलाई 'त्यो खान छोड ।' भन्नु सबैभन्दा नैतिक बाटो हो ।

**कसैलाई पनि 'पाजी' जस्ता शब्दहरु प्रयोग गरेर गाली गर्नु हुँदैन । बुझिस् पाजी !**

> उपदेश लिनेहरूले पनि 'दाता' हरूमा 'नैतिक धरातल' को खोजी अवश्य नै गर्नुपर्छ ।

तर तत्कालै पूरै यसो गर्न हामी सबै समर्थ नहुन पनि सक्छौं । अर्थात् आफूभित्रको 'खराब' लाई पूरै परास्त नै गरिसक्न हामीलाई लामो समय लाग्न सक्छ । यो स्थितिमा, आफूभित्रको गलत प्रवृत्तिप्रति आत्मालोचक हुन र आत्मालोचक भएर त्यस प्रवृत्तिविरूद्ध संघर्ष शुरू गर्न त हामी सक्छौं ।

यत्ति पनि नगरी अरूलाई उपदेश मात्रै दिनु चाहिँ सरासर अनैतिक कुरा नै हो । ढोंगी र पाखण्डी कुरा नै हो ।

अनैतिक, ढोंगी र पाखण्डी 'गुरू' हरूद्वारा 'शिक्षा' को प्रभाव नै नष्ट हुने वा त्यसको 'उल्टो' प्रभाव पर्ने कुरा व्यवहारमा देखिंदै आएको कुरा हो ।

कहिलेकाहीं जुवा खेल्ने छोरोलाई आफू दिनभर जुवा खेल्ने बाबुले यदि जुवाविरोधी लम्बे-चौडा भाषण दिन थाल्छ भने त्यस भाषणमा छोरालाई जुवा छोड्न र सप्रन प्रेरणा दिने शक्ति नै हुँदैन ।

उपदेश दिनेहरूले यो नैतिकताको पालना गर्नैपर्छ । उपदेश लिनेहरूले पनि 'दाता' हरूमा यो 'नैतिक धरातल' को खोजी अवश्य नै गर्नुपर्छ ।

## उपदेश दिने तरिका आफैं ठीक तरिका हैन ।

गत महिना 'मूल्यांकन' को 'चौथो समीक्षा भेला' मा विद्वानहरू प्रा. माणिकलाल श्रेष्ठ र गोविन्द भट्टले यो लेखकको यसै स्तंभका बारेमा टिप्पणी गर्ने क्रममा भन्नुभएको थियो- "यसमा (नीति/संस्कृति स्तम्भमा) केही केही रचनामा 'उपदेशको गन्ध' आउँछ, त्यो नभएमा नै राम्रो हुन्थ्यो ।"

वास्तवमा, यो लेखकले यो स्तम्भमा नीति-संस्कृतिसम्बन्धी केही समसामयिक विषयहरूमा पाठकहरूको ध्यानाकर्षण गराउने प्रयत्न मात्र गर्दै आएको छ । यसमा उपदेशको गन्ध आउँछ भने त्यो यो लेखकको कमजोरी नै हो । निश्चय नै "पाण्डित्य छाँट्नु" यो लेखकको लक्ष्य हैन ।

तर समाजमा र आन्दोलनमा देखिएका विसंगतिहरूप्रति आफूले देखेको र आफूलाई लागेको कुरा अरूसामु पोख्नु र त्यसलाई छानबीन र अन्तर्क्रियाका निम्ति प्रस्तुत गर्नु भने अति जरूरी छ । यसबाट हाम्रा ज्वलन्त समस्याहरूप्रति धेरैको ध्यान तानिने र चिन्ता वा चिन्तन शुरू हुने वा विकसित हुने दिशामा अघि बढ्न मद्दत पुग्ला भन्ने यो लेखकको आशा छ ।

स्वयंले आफूभित्र संघर्ष शुरू गरिनसकेका विषयमा कलम चलाउने अनैतिक दुस्साहस नगर्न यो लेखक थोरै मात्र भए पनि सचेष्ट रहेको कुरा चाहिं पाठकहरूमा विनम्रतापूर्वक जाहेर गर्नु जरूरी ठान्दछु । विगतमा आफ्नो न्यूनतम नैतिक हैसियतभन्दा बाहिरका केही सामाजिक, नैतिक-सांस्कृतिक समस्याहरूबारे यो लेखकले यसै स्तम्भ अन्तरगत पनि नलेखको, त्यो हैसियत राख्ने अन्य मित्र लेखकले ती समस्याहरूबारे लेख्नु भएको कुरा पनि यहाँ उल्लेख गर्नु जरूरी ठान्दछु ।


बाँकी उपदेश दिने संस्कृति आफैंमा पनि ठीक संस्कृति हैन भन्ने यो लेखकको ठम्याइ रहेको छ ।

हामीले समाजमा कुनै उल्लेखनीय कुरा देखेका छौं, अध्ययन गरेका छौं, फेला पारेका छौं भने त्यसलाई अरूसामु राख्नु जरूरी छ । अरूलाई पनि ठीक लागेमा त्यस कुराले सत्य प्राप्तिको बाटोमा, सामाजिक प्रगतिको बाटोमा अघि बढ्न केही न केही मद्दत अवश्य नै गर्ला । तर त्यस कुरालाई अरूमाथि थोपर्ने शैलीमा वा सामन्ती तरिकाको बुजुकी उपदेशको शैलीमा लाद्नु राम्रो हैन । यसले अरू मानिसहरूको अवमूल्यन गरेको पनि ठहर्छ ।

आफूले भेटेको सत्यको पाटो अरूका सामु त्यत्तिकै तीखो बोध हुने गरी प्रस्तुत गर्ने प्रयत्न आफैंमा महत्वपूर्ण प्रयत्न हो । त्यसबाट खोजवीन गरी बाटो खोज्ने वा त्यसमा पुनर्विचार गरी त्यसभन्दा बढी गहिराइमा जाने हैसियत राख्नेहरू सामाजमा आफूबाहेक अरू पनि थुप्रै हुनुहुन्छ ।

'म मान्छेमा सत्यप्रति थोरबहुत निष्ठा छ भने मैजस्तो अर्को मान्छेमा पनि त्यो निष्ठा हुनसक्छ, नभए त्यो निष्ठा ऊभित्र पलाउन सक्छ र त्यस निष्ठाले उचालिएर ऊ मभन्दा धेरै बढी गहिराईमा पुग्न सक्छ ।'- यसरी सोच्नु र आस्था राख्नु नै मानव समाजप्रतिको सही दृष्टिकोण हुनसक्छ भन्ने यो लेखकलाई लाग्दछ ।


आधुनिक शिक्षाशास्त्रीहरूले पनि परम्परागत उपदेशात्मक शिक्षा प्रणालीको साटो अनौपचारिक सशक्तिकरणमुखी शिक्षा प्रणालीमा बढी प्राथमिकता दिन थालेका छन् । उनीहरू भन्छन्- इमान्दारीपूर्वक सत्यको उद्घाटन गर्ने प्रयत्न गर, बाटो खोज्ने काम सबैले आ-आफ्नै हैसियतले गर्नेछन् । ❑


अब पाईप जगतमा नयाँ उत्साह !
नयाँ उदय - विश्वासको साथ !

मुक्तेश्वर P. V. C. पाईप

शहरदेखि गाउँसम्म सर्वत्र उपलब्ध छ !



**मुक्तेश्वर पाईप नै किन ?**

- मुक्तेश्वर रिजिड पि.भि.सी. पाईप जि.आई. पाईपको तुलनामा किफायती तथा सस्तो पर्दछ ।
- हलुङ्गो भएकोले ओसार-पसारमा सुविधाको साथै ढुवानी खर्च कम पर्दछ ।
- यसमा फलामे पाइपमा जस्तो खिया लाग्दैन ।
- जडान खर्च तथा ज्याला कम पर्दछ ।
- भित्र-बाहिर चिप्लो हुने भएकोले बहाव शक्ति बढी हुन्छ ।
- कुनै पनि किसिमको रसायनले यसलाई असर पार्दैन ।
- भवनहरूको निकास प्रणालीमा लगाउँदा सुन्दर देखिन्छ ।
- चुहावट हुने जोखिम प्रतिशत कम छ ।
- यसको टिकाउपन लामो अवधिको हुन्छ ।
- यो पूर्णतया स्वास्थ्यप्रद छ ।

सधैं सम्झनुहोस

मुक्तेश्वर पाईप ई.प्रा.लि.

(चिराग उद्योग समूह)

पो.ब.नं. ११४९१, पुतलीसडक
फोन नं.: ४२०७७३
फ्याक्सः ४२१९४५

**उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !**

# भलो कुराको नमूना

लेखक महा सम्मेलनको निम्तो मलाई मीठो लाग्यो । सम्मिलन र सहयोगको आग्रह गरेर श्री राममणि आ.दी.जीले विशेष चिट्ठी पनि पठाउनु भएकोले निम्ताको मिठास झन् बढेको थियो । त्यसैले ढलमलिरहेको स्वास्थ्यको कारण कमजोरीले पछाडि तानिरहेता पनि आ.दी.जी.को आग्रहले मलाई हिँड्ने हौसला दिइरहेको थियो । आफ्नो घरबाट आ.दी.जी.को घर झण्डै एक कोसको टाढा छ । आखिर श्री 'व्यथित' जीको साथ सकी-नकसकी उचित समयमा पुगेर संतुष्ट भइहालें ।

पुरानासाथ स्वागतको रूपमा आ.दी.जीले सस्नेह दुई अँगालो दिनुभो । मेरो पुड्को, निर्धो र करङकटुवा खिप्टे आङमाथि उहाँको भीमसेनी शरीर लादिँदा पनि अँगालोको रूपमा भएको हुनाले मलाई कति गह्रौं अनुभव भएन । स्वागत-सत्कार-स्नेह भनेको वस्तु साँच्चि नै मीठो रहेछ । अँगालो नत्र गह्रौं पनि हुने थिएन, म पुड्को र उहाँ भीमसेन जस्तो मोटो र अग्लो हुनु भएकोले मलाई अँगाल्दा उहाँलाई निहुर्नै पर्‍यो, निहुर्दा आफ्नो गह्रुँगोपनलाई उहाँले नियन्त्रणमा राख्न अलि सक्नु भएन, त्यसैले अँगालो जस्तो प्यारो पदार्थले पनि म अलि थिचिएँ, र सास्तिएँ ।

सभा-स्थल निकै रबाफिलो देखिन्थ्यो । मञ्च पनि खुबै शानदार थियो । सामन्ती अँगालोमा हुर्केका र राजसी भन्याङ उक्लिरहेका मानिस आफ्ना काम-कारवाईमा रौनक चढाउन त स्वभावतैसित जान्दछन् । त्यसैले रोब-रवाफ पुगेर फुर्तिलो भएकोमा सभा-स्थलको म बढता तारीफ नगरूँ । वास्तवमा सभा उति महत्वपूर्ण नभएता पनि सभास्थल र मञ्च आदि बाह्य पृष्ठभूमिको सजावट त वर्णननीय नै छ । हुन पनि सभाको वास्तविक उद्देश्य सभाको कुनै महत्वपूर्ण आदान-प्रदान वा छलफल वा निष्कर्षको निम्ति पनि त होइन, आफूले साहित्यको उत्थान गरेको ५० वर्ष भइसकेको र त्यो ५० वर्षलाई आफूले गरेको कामको रजत-जयन्ती मानी त्यसभित्र आफूले गरेको सेवा सबैमा विदित गराउनु हो ।



तर उहाँको भाषा-सेवामध्ये 'माधवी' को प्रकाशन त प्रशंसनीय नै काम छ र त्यसको ज्ञापन त सबैलाई गराउनु जरूरी पनि छ । भाषामा हलन्त-प्रथाको अतिशयताले गर्दा शब्दहरू दुर्घटनाले घाइते भएर अस्पतालमा परिरहेका बिरामीहरूको बथान जस्ता देखिन्थे । उसबेलाका कितापहरू हेर्दा खुट्टा भाँचिएका लङ्गडा र बुई चढिएका अङ्गभङ्गी शब्दहरू शरणार्थीहरू परिरहेका झैं देखिन्थे । 'माधवी' को उदय भएदेखि यो रोगको फैलावट दूर मात्र होइन, समाप्तै भयो । 'माधवी' का सम्पादक हुनुहुन्छ पं. मातृकाप्रसादको गुप्त नाममा लुकिरहनु भएका श्री राममणि आ.दी.जी । यो भद्दा र अपरिष्कृत हलन्त-प्रथा हटाउने श्रेय म एकमात्र उहाँलाई नै दिन चाहन्छु । तर एउटा अन्ध-परम्परा उहाँले हटाउनु त भयो, अर्को अन्ध-परम्परामा फेरि उहाँ आजसम्म लर्खराउँदै हुनुहुन्छ । हलन्त-प्रथाका विरोधी हुँदाहुँदै उहाँ हलन्त चाहिने र भाषाका पन र स्वभावले हलन्त माग्ने ठाउँमा समेत 'गरदछ, भनदछ' को व्यवहार प्रचार गरी वजन्तका कट्टर हुन थाल्नु भो । आजसम्म पनि उहाँ एक्ला बृहस्पति र एक्ला स्याल भएर यही सही भनी कराइरहनु भएकै छ । तर उहाँको सिद्धान्तमा बल नभएर हो वा प्रमाणिकता नभएर हो, उहाँको मतलाई मत नमानीकन गैह्र-नेपाली भाषाभाषीले केवल जिद्दी मानिरहेका छन् ।

उहाँले एउटा बृहत् नेपाली कोश पनि तयार पारिरःञ्नु भएको रहेछ । यो पनि उहाँको भाषा-सेवामध्येको एउटा तारीफ गर्नुपर्ने कुरा हो । सभामा उहाँले बोल्नु भएको थियो, 'यो कोश प्रकाशित हुनलाई ६०/७० हजार जति भारतीय नोटको खर्च लाग्छ ।' सभा आरम्भ नहुँदै 'नेपाली भाषा प्रचारक संघले आधा मद्दत गर्ने कुरा श्री महानन्द सापकोटाजीले गर्नु भएको छ' भनी श्री 'व्यथित'जीले भन्नु हुँदा कि सरकारी मद्दतले कि आफ्नै तर्फबाट मात्र प्रकाशित गर्न चाहेको कुरा व्यक्तिगत रूपमा गर्नु भएको थियो । लाख रूपियाँले पनि नपुग्ने भएको र अरूको मद्दत पनि उहाँलाई खल्लो लागेको हुनाले त्यो कोश सितिमिति निस्कला भन्ने मलाई आशा भएन । नेपाली भाषाको पूँजी हाल्नलाई लाख रूपियाँले पनि नपुग्ने भाँडा चाहिएला भन्ने पनि मलाई विश्वास छैन । हाम्रो भाषालाई संस्कृत शब्दमय गर्नुको पनि केही जरूरत देखिनँ । प्रचलित र खाँचो टार्नसम्मको निम्ति मात्र हामीलाई संस्कृत वा अन्य भाषाका शब्द भए पुग्दछ । त्यसैले उहाँका संग्रह र सम्पादनमा जम्मा भइरहेका ठेट नेपाली शब्दहरू मात्रको नै भए पनि अहिलेलाई अलग सानो संस्करणको रूपमा भए पनि झट्टै पाउने आशा गरिरहेको छु । संस्कृत, हिन्दी, उर्दू आदि अन्य भाषाका शब्दहरूको निम्ति तिनका बृहत् कोष पनि प्रशस्त छन् । नेपाली शब्द र प्रचलित वा खाँचो टार्ने अन्य भाषाका शब्दहरूको बिघ्नै कमी देखिन्छ । त्यसैले उहाँको कोषबाट पूर्ति गर्नेसम्मको रूपमा भए पनि अंश निकालिएको छुट्टै एउटा कोश चाँडै निस्कोस् भन्ने प्रतीक्षामा छु ।

महा सम्मेलनमा देवकोटाजी बाहेक प्रायः गण्य-मान्य कवि लेखक सबै सम्मिलित हुनुहुन्थ्यो । लेखकहरूका अतिरिक्त माननीय प्रधानमन्त्री र अरू पनि धेरै प्रतिष्ठित र महा मानिसहरू पनि उपस्थित हुनुहुन्थ्यो । सभा हुनुभन्दा अगि लावा, फूल, अबीरले सबै अभ्यागतलाई पूजा गरी खूब स्वागत गर्नु भो । त्यसमा पचन्नीहरू पनि राखिएका थिए । नेपालमा भएका आजसम्मका कुनै सम्मेलनमा लेखकहरूले त्यति पूजा र स्वागत कहिल्यै पाएका होओइनन् । अनि सभा शुरू हुन लाग्यो । सभापतिको आसन माननीय प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालाई ग्रहण गर्न राममणिजीले अनुरोध गर्नुभो । अरू धेरै योग्यता र प्रतिष्ठाका साथसाथै उहाँ ब्राम्हणमा पनि शुद्ध ब्राम्हण पनि हुनुभएकोले मातृकाजीलाई रोज्नु भएकोरहेछ । सभापतित्वको प्रस्तावमा यही वाक्य थियो । तर राममणिजीको दाँजोमा मातृकाजी पनि शुद्ध ब्राम्हण हुनु होओइन भन्ने मलाई विश्वास छ । त्यसैले शुद्ध ब्राम्हणको नातामा आफै सभापति पनि बन्नु भएको भए सभा झन् चोखो हुने थियो । यस्तो बिटुलो संसारमा अझ पनि शुद्ध ब्राम्हण बाँकी रहेकोले नै संसार अडिरहेको हो कि कुन्नि !

सभापतिको आसनबाट मातृकाजीले बोल्नु भएको वक्तव्य सुनेर लेखकहरू संतुष्ट भएको देखें । किनभने लेखकहरूले योजना दिएमा नेपाली भाषा, साहित्य र लेखकहरूको राम्रो कदर गर्ने आश्वासन दिइएको थियो । आफ्नो भनाइमा मातृकाजी बाँचिरहनुहोला भन्ने म आशा गर्दछु ।

सभापतिजीको भाषणपछि सभाका संयोजक सर्वश्री राममणिजी, कविशिरोमणि लेखनाथजी, पं. मुरलीजी आदिको वक्तव्य दिइन लागे । भाषणको चालूमा नै पुस्तक वितरण गर्ने काम पनि चालू भइरहेको थियो । पुस्तकको चाङमा दुई थरीका पुस्तक थिए- एक अजिल्द र एक सजिल्द । मैले ठानेको थिएँ, आज दुई किसिमका पुस्तकको दान पाउन लागें । तर पुस्तक बाँड्दा प्रत्येकलाई २/२ पुस्तक दिएको देखिनँ । कसैलाई अजिल्दचाहिं, कसैलाई सजिल्दचाहिं एउटा-एउटा मात्र दिइयो । सबभन्दा पहिले श्री केदारमान 'व्यथित' जीलाई दिइयो । कुन आधारको निम्नोच्च स्तरमा अजिल्द र

नेपालका प्रतिष्ठित प्रगतिशील लेखक स्व. हृदयचन्द्रसिंह प्रधानको ८१ औं स्मृति दिवसको उपलक्ष्यमा प्रस्तुत छ- राणा शासन ढलेपछि पनि बाँकी बसेका 'राणावादी'हरूको भण्डाफोर गर्दै उहाँले लेख्नु भएको यो चर्चित निबन्ध 'भलो कुराको नमूना' । -मूल्यांकन

सजिल्द पुस्तक बाँडिएका हुन्, त्यस बेला झट्ट मैले बुझ्न सकिनँ । सिद्धिचरण, व्यथित, भिक्षु, भीमनिधि आदि बडे-बडे कविहरूलाई पनि अजिल्द पुस्तक दिइएको देखें, फेरि बालकृष्ण सम र लेखनाथलाई भने सजिल्द । जब जनार्दनसमलाई पनि सजिल्द दिइयो, अनि मलाई थाह भयो- राणा बाबुसाहेब र ब्राम्हण देवतालाई उच्चस्तरमा गन्नु भएको रहेछ । बालचन्द्र शर्मा, बाबुराम आचार्य पनि ब्राम्हण भएको हुनाले नै सजिल्दका भाग्यमानी हुनुभएको रहेछ । तर भीमनिधि, गोपाल पाण्डे पनि ब्राम्हणै हुनुहुन्छ, उहाँहरूलाई भने अजिल्द नै दिइए । धेरै विचार गरिसकेपछि मलाई अनुमान भयो, उहाँहरू कुमाई हुनुभएकोले रामणिजीको दृष्टिमा शायद शुद्ध ब्राम्हण भएन कि । पूर्वी मात्र उहाँको आँखामा शुद्ध ब्राम्हण ठहरिएको जस्तो मलाई लाग्यो । दर्जाको विचार गरेर बाँडनु भएको हो भनुँ भने पनि उपमन्त्री जस्तो भइसकेका धर्मरत्न 'यमि'लाई पनि अजिल्द, फेरि काजी मीनबहादुरलाई भने सजिल्द । शायद प्रजातन्त्रको दर्जा र मर्यादा उहाँलाई तीतो लाग्यो कि कुन्नि । मीनबहादुर काजी राणाशाहीको जमानाको काजी साहेब हुनुहुन्छ । त्यसैले उहाँले सजिल्दको लक्खू मार्न पाउनु भएको होला ।

एउटा मानिस त हाय्मोपहाँ पनि देखिए, अर्थात् विना निमन्त्रणामा आएका । उनको निम्ति त 'लेखक महा सम्मेलन' एउटा कलेज़ जस्तो भयो होला, किनभने 'तपाईको नाउँ त मेरो लिस्टमा छैन' भन्ने बेइज्जत मात्र पाए, कितापको दाम र फलफूलको टपरी-सपरी केही पनि पाएनन्, हाय्मोपहाँ भएर जानेहरूलाई यो सानो शिक्षा होइन । उनको लोभी बानीलाई राममणिजीले लोप्पा ख्वाएर ठूलो उपकार गर्नुभयो । किनकि अब उनी कहिल्यै त्यस्ता लोभी हुने छैनन् ।

पुस्तक वितरणका साथसाथै सभाको चालूमा नै टपरीमा राम्रो फलफूल पनि बाँड्न लगाउनु भएको थियो । मलाई त पुस्तकभन्दा अगि फलफूलको टपरीले मिज़ास गर्न आयो । मैले संझे, शायद फूलफूलमा पनि भेदभाव रहेको होला । अर्काको भागतिर आँखा दौडाउन पनि मलाई लाज लाग्यो, आफूलाई सबैसरह बराबर गरिएको होला भन्ने विश्वास केही गरे पनि भएन । नखाइकन त्यसै फ्याँकिदिनु पनि मैले भद्दा अशिष्टता देखें । वास्तवमा फलफूलको वितरणमा पनि भेदभाव राखिएकै रहेछ । फलफूल मीठो कुरो भएर पनि मैले मीठो स्वादले खान सकिनँ ।

वक्तव्य दिनेहरूमा पं. मुरलीजीको पालो आउँदा फलफूल बाँडिनलागेको थियो । मुरलीजीको आग्रह थियो, खाना छोडेर मेरो वक्तव्य नै सुनून्, तर उहाँको भनाइमा प्रभाव र कला नभईकन आदेश र उपदेश स्रोताहरूमा लदाउन लागेको जस्तो मानिसहरूलाई लाग्यो । उहिले असनमा पुराण भन्दा त्यत्रो प्रभावशाली व्यक्ति, आज किन हो कुन्नि मानिसहरूलाई प्रभावहीन लागेको होला भन्ने उहाँप्रति मलाई मायाँ लाग्यो । हुन त स्रोताहरूले फलफूल खाँदै गरेर पनि उहाँको वक्तव्यमा ध्यान दिन लागिरहेका थिए । त्यसको वास्तै नगरीकन आफ्नो वक्तव्यले लट्ठ पार्नसक्नु भएको भए खान रोकेर मानिसले ध्यान बिछ्याउने थिए । खाना पनि राम्रो, अनि सुनिने कुरा पनि राम्रो भएको खण्डमा म त मुख र कान दुवैले उत्तिकै काम लिन सक्छु । आखिरमा मुरलीजी रिसाएर वक्तव्यै नदिईकन मञ्चबाट ओर्लनु भो । उहाँको वक्तव्य सुन्न नपाएकोमा मलाई त अफसोस लाग्यो । तर समय किफायत भो भनेर धेरै मानिस खुशी भएको देखें ।

मेरो साथमा आउनु भएका श्री 'व्यथित' जी त अगावै हिँडिसक्नु भएछ । मैले अड्कल गरें कि पुस्तक-वितरणमा भेदभाव गरिएकोले उहाँ 'वाक-आउट' रूपमा जानु भएको होला । 'ठीक हो' भन्ने विचार गरी म पनि पुस्तक दिन नपाउँदैमा त्यहाँबाट निस्कन खोजें । 'कसलाई सजिल्द दिने, कसलाई अजिल्द' भन्ने नामावलीको सूची सभाबीचमा उभिएर हेरिरहेको जुद्ध शमशेरी सिंहदरबारी दृश्य देखेर मलाई वान्ता हुन लागिरहेको थियो, त्यसैले निस्कन भनी म उठें । तर पुस्तक नलिईकन मैले निस्कन पाइनँ । मलाई पनि अजिल्द पुस्तक दिइयो । पुस्तक हातमा पर्दा मलाई पोइल गएकी आमाको साथमा उनको दाइजो माल बोकी झड्किलो बाबुबहाँ पुऱ्याउन जाने नादान मानिसलाई केही बोल्न नसकेकोले झन् भारी गह्रौं भएजस्तो त्यो पुस्तक अप्ठ्यारो र गह्रौं भयो । घर आइपुगिसकेपछि केही बोल्न र फ्याँकेर आउन नसकेको आफ्नो कमजोरी देखी घृणा भयो । जुवामा हज्जार हारेर दश जिताउरी लिएर आएको रूपियाँमा जस्तो त्यो पुस्तक लिएर आएकोमा मलाई पछुताउ, बेमज्जा र अपमान अनुभव भयो ।

त्यो वितरणको पुस्तक हातमा लिएदेखि अगाडि पुग्नासाथ स्वागतमा दिनुभएको फूल जस्तो हलुङ्गो, राम्रो र मीठो राममणिजीको अँगालो त राक्षसले थिचेको जस्तो पो गह्रौं अनुभव भयो । गह्रौं अनुभव मात्र होइन, उहाँका ती दुई अँगालो अहिलेसम्म पनि राक्षस बोकिराखेकै जस्तो भइरहेका छन् । स्वस्थानीकी ७ वर्षकी गोमा ब्राम्हणीलाई ७० वर्षको शिवशर्मा ब्राम्हणले अँगाल्दाको तीतो अनुमान कहाँ-कहाँबाट एक्कासी अनुभूत भएर रामणिजीको अँगालोले झन् मलाई राक्षसी धावा गऱ्यो । घर फर्कदा त कहिले पुगुँ जस्तो भयो । बाटो झन् लामो लाग्यो । आउँदा मेटिसकेको थकाइ पनि फेरि फर्केर आयो । तर २/४ सय कदम के आइसकेको थिएँ, प्रधानमन्त्री मातृकाबाबु पनि फर्कनु भएको भेटियो । उहाँले मोटर रोकी आरामसित राखेर घर (काठमाडौं) पुऱ्याइदिनुभो । उहाँको त्यो अनुग्रहको निम्ति कृतार्थ छु ।

> **जुवामा हज्जार हारेर दश जिताउरी लिएर आएको रुपियाँमा जस्तो त्यो पुस्तक लिएर आएकोमा मलाई पछुताउ, बेमज्जा र अपमान अनुभव भयो ।**

त्यहाँ त कितापको नाउँसमेत पनि हेरेको थिइनँ, घर आएर हेर्छु ता पुस्तकको नाम रहेछ- '**भलो कुराको नमूना**' । भलो कुराको नाउँले दिल अलि ठंडा भयो । बाँड्दा भेदभाव भएरै पनि के भो; किताप त भलो कुरा सिकाउने रहेछ भनेर संतुष्टै भएँ । अगाडिको असंतुष्टि बिर्साएर पुस्तक पल्टाउन थालें । पुस्तक पल्टाउनासाथै

**नेपालीको भात नै छ नेपालीत्व जगाउँने ।**
**हाम्रो कट्टरतामा छ प्रभाव त्यही भातको ॥८०**
**प्रभावले भातको नै हाम्रो, रगत शुद्ध छ ।**
**यत्रो विज्ञान-महिमा त्यै जाबो भातबाट छ ॥८१०**
**भातैले हामरो रक्त बगेको शुद्ध देख छू ।**
**ठीमाहा बरु पोषेर दीँदैनौं भात बिग्रन ॥८११**
**भोटे, पोडे, अनी सार्की; दमाई र कसाईमा ।**
**सरोबरी गरी हाम्रो धज्जी फ्याक्ल्यान् विचार है ॥८१२**
**मठचाहा वेगलै पारी सद्देको मान राखछौं ।**
**यसको अर्थ हो, प्यूरी फीकेसन् ब्लड स्पष्टमा ॥८१३**

यी कुराहरू देखें । त्यो दिन एक निम्तामा भात खाएर आएको थिएँ । निम्तावाल थिए भात नमिल्दा, एक किसिमका ठिमाहा, मथ्याहा न थिए । तर भात खाने निम्त्याहाहरू भने बाहुन पनि थिए, क्षेत्री पनि, अझ झण्डै एक दर्जन जातिको मानिस थिए । "जाबो भातमा पनि केको नेपालीत्व, यो त झन् नरक पठाउने कुरा पो हो, केको भलो कुरा ?" भन्ने मलाई कट्क्यो । तर एउटा-दुईटा खट्कने कुरा त प्रायः किताबहरूमा हुन्छन् भन्ठानेर किताबलाई नफ्याँकीकन मैले फेरि पल्टाउनथालें, यस्सो पल्टाउँछु त देख्न थालें:

**जंगली, पर्वते, काँठि, भूसतिघ्रे गँवारको ।**
**यो देश हो हे भगवन् ! राखी द्यौ यो त्यसै गरी ॥४३६**
**जंगली हाम्मिा ऊँचो शिक्षा चाहिन्न क्यै पनि ।**
**शिक्षाले पेट भर्दैन पेट भर्दछ कामनै ॥४३८**

□□□

**तिघ्रे र पर्वते स्वाँठि जुन् हाम्रा दाज्यू-भाइ छन् ।**
**ती तेही रहि वाचून, हुनू पर्दैन सभ्य ती ॥९०१**
**हरे ! शहर हो खोप्रो, पाखंडीहरुको गढ ॥९०५**
**वरु पर्वत कै बासी राम्रो आर्यत्व पालछन् ।**

यस्तै सरसरी पुस्तक हेर्नथालेको त प्रजातन्त्रको निन्दा[1] र हुकूमी[2] शासनको समर्थन, अनि आर्य जातिको तारीफ र आर्यबाहेक अरू गैह्र जातिको अवहेलना[3] आर्यमा पनि ब्राम्हणको एकछत्र अधिकार,[4] राणाशाहीको फेरि गुप्त आह्वान,[5] इत्यादि मात्रै देखें । किताप त साँच्चिकै 'भलो कुराको नमूनै' रहेछ, यो हो "२०१० साल अर्थात् बीसौं शताब्दीमा निस्केको किताप" भनेर बन्द मात्र के गरेको थिएँ, कानमा जनै बेह्री निदारभरी टीका लाएका लमटुप्पी एउटा बाहुनबाजे टुप्लुक्क आइपुगे । उनी 'चोखो चना चमेना भण्डार' का मालिक पनि हुन्, चाकर पनि । पात महँगो भएर उनी बडो दिकदार थिए, किनभने कागज पनि उनी जे पायो त्यो व्यवहार गर्दैनथे, केही नलागीकन चोखो मात्र भएर पुग्ने होइन, चोखो कुरा लेखिएको पनि हुनुपर्ने भएकोले चना पोको पार्नको लागि सधैं चोखो लेखोट भएको कागज खोजेर हिँड्थे । झोलीमा गरमागरम चना बोकिएको थियो । उनलाई देख्नासाथै मेरा केटाकेटीहरू झुम्मिन थालें । मलाई पनि खाउँ-खाउँ लाग्यो । 'भलो कुराको नमूना' लाई देख्नासाथै उनले बढो रूचाए । किनभने त्यसमा शीर्षकको पनि निदारमा 'आचारः परमो धर्मः" लेखिएको थियो । एकमाना चना दिने कुरा गरे । मैले पनि विचरा भन्ठानेर ३ रूपियाँ मूल्य लेखिएको किताप भए पनि, 'लौ' भनिदिएँ । त्यस्ता मानिसलाई प्रोत्साहन नदिउँ भने पनि चोखो कागज नपाएर चना बेच्न नै छोडिदिन पनि बेर छैन । अनि श्री राममणिजी जस्ता चोखो भएका, तर गरीब आर्य ब्राम्हणहरूको भोक कहिलेकाहिं चना चमेनाले हेरिरहेको पनि एकातिर जानसक्छ । खाली कागजमा पोका पार्नलाई पर्ता पनि त पर्दैन । मलाई पनि लाग्यो- एकमाना चनामा ३ रूपियाँ जाने 'भलो कुराको नमूना' बेचेको भलो कुरा अर्थात् भलो कामै गरेको मानें । □

---

१) ठीक छैन प्रजातन्त्र पक्षपात जगाउँछ ।।१०४४
२) राज-तन्त्रै छ एउटा हितसाधक आर्यको
आर्य रैती हामिहरू चाहन्नौं लोक-तन्त्र त्यो ।।११४४
३) अरू जातहरूको झैं पुरूर्यौली आर्यहिरूको ।
बाँका मारी लुटेरा झैं, बसेका पाउँछौं कहीं ? ।।१२९
४) बाहून क्षत्रीयैबाट मन्त्रिमण्डल जोरन ।१२९२
बाहून क्षत्रियहरूमा पनि उच्च कोटिको ।१२९३
५) प्रतापयुक्तका धीर, वीर, चन्द्र समानका ।
अन्वर्थ रैती हूँदा नै यो देश यसरी चढ्यो ।।४४२



# रक्तिम सांस्कृतिक अभियान के गर्दैछ ?

## रक्तिम सांस्कृतिक अभियानका अध्यक्ष नारायण योगीसंगको अन्तर्वार्ता

**अखिल नेपाल जन-सांस्कृतिक संघ अन्तरगत केन्द्रीय सांस्कृतिक टोलीको रुपमा २०४४ सालदेखि काम गर्दै आएको 'रक्तिम सांस्कृतिक अभियान' २०५० कार्तिकको प्रथम राष्ट्रिय भेलापछि थप सक्रिय हुँदै आएको देखिन्छ। यही २०५३ जेठमा यसको दोस्रो राष्ट्रिय भेला सम्पन्न भयो। कलाकार जीवन शर्मा 'रक्तिम'को यस धाराबाट अलग भई 'रक्तिम'कै नाममा संगठित भई बाहिरिनु भएपछि यो संगठन एक पटक पुनः विशेष चर्चामा आएको थियो।**

**दोस्रो राष्ट्रिय भेलाले नारायण योगीको अध्यक्षतामा निर्माण गरेको केन्द्रीय संगठन समिति अहिले विशेष रुपले सक्रिय भइरहेको छ। रेम राना, चिरन पुन, नारायण शर्मा, खेम पुन, दीपक परियार, कमला के.सी., लक्ष्मी गुरुङ्ग, छविलाल शर्मा आदि कलाकारहरुको सक्रियतामा अघि बढिरहेको यो साँस्कृतिक संगठनका वर्तमान गतिविधिबारे हामीले अध्यक्ष नारायण योगीसंग कुराकानी गरेका थियौं। सो कुराकानी पाठकहरुका सामु यहाँ प्रस्तुत गरिएको छ।**

◆ हरिगोविन्द लुइँटेल

**❑ अहिले रक्तिम परिवार के गरिरहेको छ ?**

-रक्तिम सांस्कृतिक अभियानको २० जेष्ठ, ०५३ को दोस्रो राष्ट्रिय भेलाले अन्य कतिपय निर्णयहरूका साथै मुख्यतः २ वटा निर्णयहरू गऱ्यो । यसमा प्रथम-संगठन निर्माणमा जोड दिने र दोस्रो-सांस्कृतिक आन्दोलनलाई अगाडि बढाउने कुरा थिए ।

पहिलो कार्यक्रमपछि हामीले तत्काल देशमा उठिरहेको महाकाली सन्धिविरोधी राष्ट्रियताको आन्दोलनलाई हाम्रो साहित्य र कलाको माध्यमद्वारा अगाडि बढाउनको लागि भाद्र १९ गतेदेखि सडक नाटक **'कुर्सीको खेल'** राजधानी लगायत देशका विभिन्न शहरहरूमा प्रदर्शन गऱ्यौं । त्यसको लगत्तै राष्ट्रियस्तरको शिविर संचालन गरेर रक्तिम के.क.स.स.को मातहत सडक नाटकसहित विविध कार्यक्रमका ५ वटा टोलीहरू निर्माण गरेर ३ वटा टोलीलाई भारतमा एकता समाजका नगर सम्मेलनहरूमा पठाएका छौं । २ वटा टोलीहरू नेपालमै कार्यरत छन् । यसका साथै, हामी गीति-एल्बम भाग-७ पनि छिट्टै निकाल्ने तयारीमा छौं ।

**❑ कलाकार जीवन शर्माले छोडी गएको घटनाले तपाईहरुलाई कस्तो असर पऱ्यो ?**

-जीवन शर्मा अध्यक्ष हुँदा संगठनभित्र व्यक्तिवादी प्रवृत्ति, अनुशासनहीनता, बुर्जुवा प्रवृत्ति, तानाशाही शैली, आर्थिक अनियमितता आदि गलत प्रवृत्तिहरू थिए । त्यसका विरूद्ध संघर्ष गर्ने क्रममा उनले आफ्नो स्थितिमा सुधार गर्नुको साटो संगठनलाई तहसनहस पार्ने योजना गरेका थिए तर त्यसका विरूद्ध हामीले संघर्ष गऱ्यौं, जसले गर्दा उनको त्यो योजना सफल हुन सकेन । उनी निस्किएपछि संगठनले नयाँ गति लियो । हिजो जिल्लाहरूमा दबिएर फष्टाउन नसकेका नयाँ प्रतिभाहरूको पनि आज विकास भएर आएको छ । त्यसका साथै सामूहिक नेतृत्वको पनि विकास हुँदै रक्तिम अहिले अनुशासित, व्यवस्थित र संगठित रूपले अगाडि बढिरहेको छ ।

**❑ उहाँसंगको सम्बन्ध कस्तो छ ?**

-हाल वहाँसंग कुनै भेटघाट नै छैन ।


**❑ अहिले देशको कला-क्षेत्रलाई तपाईहरुले कसरी हेरिरहनु भएको छ ?**

-देशको वर्तमान सामाजिक संरचना सामन्ती र साम्राज्यवादी प्रकारको रहेकोले यहाँको संस्कृतिको पनि त्यही रूपमा विकास भइरहेको छ । आज छाडा, अश्लील पूँजीवादी, पश्चिमी संस्कृतिले हाम्रो नयाँ पुस्तालाई एक प्रकारको दासताको बन्धनमा पारिरहेछ । उनीहरूलाई पशुवत यौन-व्यवहार गर्न यहाँका फिल्म, भिडियो, रेडियो आदिका संचार माध्यमले प्रेरित गरिरहेका छन्, र त्यसमा काफी हदसम्म उनीहरू सफल पनि भएका छन् । यसरी उनीहरू देशको ठूलो युवा शक्तिलाई मानसिक विकृतितिर लगेर आफ्नो एकलौटी सुख, सयल, स्वर्गलाई कायम राख्न चाहन्छन्, जो अन्ततः उनीहरूको दिवास्वप्न हो ।

वास्तवमा, अहिले बुर्जुवाहरूसंग कलाका कच्चा पदार्थहरू नै छैनन् भनें पनि हुन्छ । त्यसैले, **'एक गिलास पानीको सिद्धान्त'** लाई अप्नाएर मानवीय, नैतिकता, आदर्श र मूल्य मान्यतालाई समाप्त पार्न उनीहरू तल्लीन छन् । यो हाम्रो समाज र देशको क्रान्ति र परिवर्तनको लागि गंभीर खतरा हो, यसका विरूद्ध कलाको क्षेत्रबाट हामीले स्वस्थ, सिर्जनशील जनवादी कलाको विकास गरेर संघर्ष गर्नु आजको मुख्य आवश्यकता हो । यस्तो संस्कृतिविरूद्ध हामी सबैले संघर्षलाई अगाडि बढाउनु पर्छ ।

**❑ वर्तमान प्रगतिशील कला-साहित्य क्षेत्रबाट तपाईहरु हाल कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

-साहित्य र कलाको बारेमा लेनिन



**राष्ट्रियताको पक्षमा सडक सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै 'रक्तिम सांस्कृतिक अभियान'का कलाकारहरु**



> 'हिजो जिल्लाहरुमा दबिएर फष्टाउन नसकेका नयाँ प्रतिभाहरुको पनि आज विकास भएर आएको छ ।'

र माओले धेरै व्याख्या गरेका छन् । लेनिनले पार्टी र कला-मोर्चालाई मेशिनको दाँत र पेच भनेका छन् भने माओले यो मोर्चाको अभावमा क्रान्ति सफल नहुने बताएका छन् । यसरी देशको क्रान्तिकारी आन्दोलनसंग कला साहित्यको घनिष्ट सम्बन्ध हुन्छ र त्यसको प्रत्यक्ष प्रभाव पनि पर्छ । हिजो जुन साहित्यकार वा कलाकारले पंचायती व्यवस्थाविरूद्ध कलाद्वारा संघर्षलाई अगाडि बढाए, आज तिनीहरू स्तुतिगान र दलालीमा लागेका छन् । यसरी सामन्तवाद र साम्राज्यवादप्रतिको आत्मसमर्पणको नीतिले कला साहित्यलाई नराम्रोसंग प्रभाव पारेको छ र एक हदसम्म कमजोर पनि पारेको छ । तर यो अस्थायी कुरा मात्र हो । भोलि जन-संघर्षका नयाँ लहरहरूका साथै क्रान्तिकारी साहित्य पनि अगाडि बढ्दै जाने कुरा निश्चित छ ।

जहाँसम्म '**रक्तिम**'ले आफ्नो क्षमताले भ्याएसम्म यस सामन्ती एवं साम्राज्यवादी संस्कृतिविरूद्धको संघर्षलाई अगाडि बढाइरहेछ, जो अत्यन्त सीमित छ । त्यसकारण, सन्तुष्ट हुने त प्रश्नै आउँदैन । यस क्षेत्रमा देशको राजनैतिक आन्दोलनसंग सबै प्रगतिशील शक्तिहरू संगठित भएर अगाडि बढ्न जरूरी छ ।

**❑ अन्य प्रगतिशील सांस्कृतिक समूहहरुप्रति तपाईहरुको कस्तो दृष्टिकोण रहेको छ ?**

-नेपालको नयाँ जनवादी क्रान्तिको पक्षमा र देशको सामन्तवादी साम्राज्यवादी संस्कृतिको विरूद्धमा संघर्ष गर्न चाहने प्रगतिशील सांस्कृतिक समूहहरूसंग संयुक्त भएर जान सकिन्छ ।

यति मात्रै होइन, हामीसंग सांस्कृतिक कार्यक्रम, भिडियो क्यासेट पनि छन् तर नेपाल टि.भि.ले प्रसारण गर्दैन । जहाँसम्म त्यसलाई गाउँ-शहरमा प्रदर्शन गर्ने सम्भावना छ, हामीले यो काम गरी नै रहेका छौं र यसलाई प्रयोग गर्ने हाम्रो नीति छ । हेर्दै जाऊँ, कसरी प्रयोग गर्न सकिन्छ !

**❑ यिनीहरुबीच 'एकता' गर्ने पहल लिनु जरुरी छैन ?**

-अन्य प्रगतिशील सांस्कृतिक समूहहरूबीच एकता गरेर जानु पर्ने कुराको आवश्यकता हामीले महसुस गरेका छौं । तर हामी एक हुने केका लागि ? नयाँ जनवादी क्रान्तिको लागि या समाज सुधारका लागि या राष्ट्रियताको लागि या यथास्थितिका लागि ? हाम्रो एकता कामको र सिद्धान्त दुबैको आधारमा हुनु पर्छ । फेरि त्यस्तो एकता त एउटा पक्षले चाहेर मात्रै त हुँदैन ? त्यसकारण, यस कार्यलाई अगाडि बढाउनको लागि उदारवाद र संकिर्णवादले समस्या पारेका छन् । यसका विरूद्ध संघर्ष गर्दै हामीं एक अर्काका अन्तरविरोधलाई पनि चलाउँदै संयुक्त भएर जानुपर्छ, खास गरेर साझा सवालमा ।

**❑ विरोधीहरुका मंचहरुलाई पनि आफ्नो कला जनतामा लैजाने माध्यम बनाउनेतिर तपाईहरुले के सोच्नु भएको छ ?**

-विरोधीहरूको मंचलाई प्रयोग नगर्ने हाम्रो नीति छैन, तर विरोधीले मंच दिनु न पर्‍यो ! अब हेर्नुस्, **रक्तिम**का भाग-६ सम्म गीति क्यासेटहरू छन्, संकलित भाग १ र **हस्तक्षेप**-१ गरी ८ वटा एल्बम छन् । तर रेडियोमा एउटा गीत पनि बज्दैन । यो त सरकारको जनविरोधी नीतिको नै परिणाम हो । यसमा हामी चाहेर पनि सक्दैनौं । त्यै पनि हामी कोशिस गर्दैछौं ।

**❑ अत्याधुनिक श्रव्य-दृश्यका संचार माध्यमहरु र फिल्म, भिडिओ फिल्म क्षेत्रतिर तपाईहरुको ध्यान नगएको हो कि, त्यसो गर्ने नीति नै नबनेको हो ?**

-अत्याधुनिक श्रव्य-दृश्यका संचार माध्यमहरूलाई प्रयोग नगर्ने नीति भएको भए गीति-एल्बम, 'ठूली' गीति-नाटक, भिडियो क्यासेट आदि त तयार हुने नै थिएनन् । तर त्यतापट्टि हामीले पर्याप्त ध्यान दिन भने सकेका छैनौं, कोशिस चाहिँ जारी छ । ध्यान दिए पनि साधनहरूको अभावले पनि समस्या उत्पन्न हुने गर्दछ । तर योभन्दा पनि हामीले जनताको बीचमा जाने कुरालाई नै बढी प्रमुखता दिन्छौं । किनकि त्यसले जनताको सुख दुःख र सरकारद्वारा गरिने दमनको प्रत्यक्ष अनुभूति हुन्छ, जसले गर्दा हामीलाई, हाम्रो क्रान्तिकारी विचारलाई अगाडि बढाउन मद्दत पुग्दछ र जनतालाई हामी हाम्रा गीत-संगीतको माध्यमद्वारा हाम्रो क्रान्तिकारी विचार दिने गर्दछौं । किनकि, गाउँघर सबै ठाउँमा टि.भि. त छैनन्, रेडियो पनि कमले नै सुन्छन् ।

**❑ 'मूल्यांकन' मार्फत् अरु केही भन्न चाहनुहुन्छ कि ?**

-तपाईको पत्रिकाको माध्यमबाट सामन्ती साम्राज्यवादी अश्लील छाडा संस्कृतिका विरूद्धको संघर्षलाई अगाडि बढाउन सहयोग र समर्थन निरन्तर जारी रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

◆


राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्ति गर्दछौं ।

सभापति श्यामकृष्ण कोजू

तथा

भक्तपुर जिल्ला विकास समिति

परिवार



महाबली हनुमानको वरदान !

सुन्दर र सुरक्षित छानाको पहिचान !!



हनुमान छाप कर्कट (जस्ता) पाता

टिकाउपनाको अर्को नाम

सुन्दर स्टील्स प्रा. लि.

विरगञ्ज फोनः ०५१-९१८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),

काठमाडौं फोनः २७०७३०, २७०४५६

फ्याक्सः ९७७-१२७०९७३

# कसरी पसिरहेछ साम्राज्यवाद नेपालको संस्कृतिमा ?



## अन्तर्क्रियाको रिपोर्ट

के कस्तो कार्य गर्दैछ साम्राज्यवादले ? कसरी पसिरहेछ साम्राज्यवाद अहिले हाम्रो घर-घरमा नयाँ व्यक्तिवादी नैतिक मूल्य-मान्यता बोकेर ? कस्तो मान्छे तयार पार्न खोज्दैछ उसले ? कस्तो संस्कृति हुर्काउन खोज्दैछ उसले हाम्रो समाजमा ? के फरक पार्दैछ यसले हाम्रो सामाजिक संबन्धमा ?

**यिनै प्रश्नका उत्तरहरु खोज्न हामीले केही समयअघि एउटा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेका थियौं । अन्तर्क्रिया कार्यक्रममा सहभागी हुनुहुन्थ्यो- प्रलेसका वर्तमान अध्यक्ष तथा चिन्तक एवं साहित्यकार गोविन्द भट्ट, साहित्यकार खगेन्द्र संग्रौला र समालोचक निनु चापागाई, समाजशास्त्री डा. चैतन्य मिश्र र साहित्यकार तथा हाम्रो श्रव्य-दृश्य स्तंभका स्तंभकार हरिगोविन्द लुइँटेल ।**

**करीब ३ घण्टासम्म चलेको उक्त अन्तर्क्रिया कार्यक्रमलाई संयोजन गर्नुभएको थियो- हाम्रा प्रधान संपादक श्याम श्रेष्ठले । कार्यक्रममा युवा समाजशास्त्री विमल फुँयालले पनि पर्यवेक्षकको रुपमा भाग लिनु भएको थियो ।**

**प्रस्तुत छ- त्यही अन्तर्क्रिया कार्यक्रममा अभिव्यक्त भएका विचारहरुका मूलभूत अंशहरु र संपादित सारहरुको दोस्रो भाग ।**

**–मूल्यांकन**

गोविन्द भट्ट
डा. चैतन्य मिश्र
निनु चापागाई
खगेन्द्र संग्रौला
हरिगोविन्द लुइँटेलका
विचारहरू

- सांस्कृतिक क्षेत्रमा साम्राज्यवादले आक्रमणको निम्ति के-कस्ता उपायहरू अप्नाइरहेको छ ?
- सांस्कृतिक क्षेत्रमा साम्राज्यवादी आक्रमणका असरहरू के ?
- हाम्रो साहित्य र कलाको क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?
- साम्राज्यवादी संस्कृतिलाई स्वीकार गर्ने भावभूमि कतै हामीभित्रै त छैन ?

### श्याम श्रेष्ठ

**हामीकहाँ** सांस्कृतिक फाँटमा साम्राज्यवाद कसरी पसिरहेछ ? यस सम्बन्धमा दुईवटा सवाल म यहाँ थप गर्न चाहन्छु ।

साम्राज्यवाद सबै पछौटे मुलुकलाई आर्थिक रूपमा मात्र होइन, सांस्कृतिक रूपमा नै पराश्रित गर्न खोज्दैछ । ऊ एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका तमाम मुलुकहरूमा सांस्कृतिक रूपले हीनताको मनोविज्ञान हुर्काउन भरमग्दूर कोशीस गर्दैछ । ऊ हामीलाई भन्दैछ- तिमीहरू सारै गरीब छौ, सारै असक्षम छौं, हामीबिना तिमीहरू केही गर्नै सक्दैनौं, तिमीहरू आफैं सोच्नै सक्दैनौं ।

हो न हो, हामी उनीहरूको यस भनाइमा सहमत पनि हुँदै गइरहेका छौं । हामी आत्मिक रूपले र सांस्कृतिक रूपले नै साम्राज्यवाद-निर्भर हुँदै गइरहेका छौं । हामी आफ्नो क्षमताको अवमूल्यन गरिरहेका छौं । नेतादेखि नीति-निर्मातासम्म सबै सहमत छन् कि- 'दाता राष्ट्' बिना हाम्रो विकास नै संभव छैन । हाम्रो जीवन नै संभव छैन ।

वास्तवमा हामी त्यति गरीब छैनौं, जति विश्व बैंक प्रचार गरिरहेछ । हामी त्यस्तो असक्षम र नाकाम छैनौं, जस्तो उनीहरू भनिरहेछन् । हाम्रो पनि आफ्नै सोच्न सक्ने क्षमता छ, बुद्धिविवेक छ । तर एकचोटि हीनताको मनोविज्ञान सवार भएपछि- हामी आफूलाई आत्मिक रूपले शक्तिहीन ठान्दारहेछौं । हामी सबै पक्षमा पराश्रित हुन पुग्दारहेछौं । हामी स्वतन्त्र नै हुन सक्दारहेनछौं ।

यही हाम्रो हीनताको मनोविज्ञानलाई भऱ्याङ बनाएर साम्राज्यवाद हामीमाथि उनीहरूको स्वार्थ मुताबिकको बिकासको मोडेल लाद्न खोज्दैछ । ठीक के हो, बेठीक के हो, राम्रो के हो, नराम्रो के हो, सही के हो, गलत के हो- त्यसको मूल्यांकन गर्ने मापदण्ड समेत लाद्न खोज्दैछ ।

भरपर्दो समाचार त्यही हो, जुन बि.बि.सि.ले प्रचार गर्छ । राम्रो नाच त्यही हो, जुन विदेशी फिल्ममा आउँछ । राम्रो फिल्म त्यही हो, जुन जि.टि.भि. वा भि.टि.भि. मा आउँछ । राम्रो शिक्षा त्यही हो, जो अमेरिका वा बेलायतमा प्राप्त हुन्छ । यसरी हाम्रो मूल्यांकन गर्ने मापदण्ड नै साम्राज्यवादअनुकूल हुन लागिरहेछ । हाम्रो विकासको धारणा नै साम्राज्यवादले खोजेजस्तो हुन लागिरहेछ । हामी आर्थिक रूपले मात्र होइन, सांस्कृतिक रूपले नै साम्राज्यवादप्रति आश्रित भइरहेका छौं । हामी सांस्कृतिक

रूपले नै आफ्नो खुट्टामा उभिनसक्ने र सक्षम राष्ट्र छैनौं भन्ने मनोविज्ञान हाम्रो दिल दिमागमा सवार भएको छ । साँच्चै नै असक्षम भएको हुनाले होइन, आफूलाई असक्षम र निरीह ठान्ने मनसिकताले गर्दा हामी सबै कुराका लागि पराश्रित हुन गएका छौं । साम्राज्यवाद-आश्रित हुन गएका छौं ।

यही हीनताको मनोविज्ञानको धरातलमा उभिएर साम्राज्यवाद उसको सांस्कृतिक उत्पादनलाई सारै नाफादायक मोलमा हामीलाई बेच्दैछ । सांस्कृतिक उत्पादन पनि उसको सारै नाफादायक माल बनेको छ । वैज्ञानिक आविष्कारदेखि लिएर सारा सांस्कृतिक उत्पादनलाई साम्राज्यवादले हालै GATT अर्थात् विश्व व्यापार संगठन सम्बन्धी संझौतामा 'बौद्धिक संपदाको अधिकार' अन्तर्गत पारेको छ । यस अन्तर्गत सम्पूर्ण वैज्ञानिक आविष्कार मात्र होइन, ओखतीमा प्रयोग हुने जडीबुटी, कच्चा पदार्थ र ओखती निर्माण प्रक्रियाको समेत पेटेन्ट हुनेछ । किसानले प्रयोग गर्ने उन्नत बीऊ बिजन र रसायनको समेत पेटेन्ट हुन सक्नेछ । पेटेन्ट भएपछि ती कुराहरू हामीले प्रयोग गर्नु पर्‍यो भने पेटेण्ट गर्ने कम्पनीलाई रोयल्टी तिर्नु पर्ने हुनेछ । हाम्रै गाउँघरमा प्रयोग हुने जडीबुटी समेत प्रयोग गर्न रोयल्टी तिर्नु पर्ने हुनेछ । जस्तो, भर्खरै अमेरिकामा नीमको पेटेण्ट भएको खबर छ । यसले भारतका आयुर्वेद ओखती बनाउने कम्पनीहरूमा भुईंचालो गएको छ । कतै अब हामीले चाँडै नीमकै प्रयोगको लागि पनि रोयल्टी तिर्नु पर्ने त होइन ?

यसरी समग्र सांस्कृतिक उत्पादन अब पूँजीपतिहरूको अकूत नाफा कमाउने साधन हुन लाग्दैछ ।

यसप्रकार, एकातिर राष्ट्रिय रूपमै हीनताको मनोविज्ञान छ, जसले हामीलाई सदाबहार साम्राज्यवादप्रति आश्रित पार्छ । अर्कोतिर, सांस्कृतिक उत्पादन छ, जसलाई उनीहरू सारै नाफादायक माल बनाउन खोज्दैछन् । यी दुई ढोका भएर साम्राज्यवाद हाम्रो सांस्कृतिक जीवनमा प्रवेश गर्न खोज्दैछ ।

## हरिगोविन्द लुइँटेल

**अहिले** साम्राज्यवादको स्वरूप राष्ट्रातीत (transnational) हुँदैछ । उनीहरू राष्ट्रका सारा सीमा नाघेर आफ्नो लगानी र बजार-प्रभुत्व बढाउँदैछन् । यो उनीहरूको बढ्दो प्रवृत्ति हो ।

एकाधिकार र अति नाफाको लागि विश्वका ठूलठूला कर्पोरेशनहरूबीच आपसमा रणनीतिक एकता, विलय, एकले अर्कोको कर्पोरेशनमा लगानी बढिरहेछ । र, यो साझा स्वार्थका लागि देश देशका सारा सीमा नाघेर विश्वव्यापी रूपमा जो जहाँ पनि प्रवेश गर्ने र प्रभुत्व जमाउने 'विश्वव्यापीकरण' कै प्रक्रियामा राष्ट्रातीत निगम बनाउने प्रक्रिया पनि बढिरहेछ । यो प्रक्रिया अन्तर्गत उनीहरू विश्वभरि एकल संस्कृतिको निर्माण गर्न खोज्दैछन् । त्यो एकल संस्कृति भनेको उपभोक्तावादी संस्कृति नै हो । "खाऊ, पिऊ, मोजमज्जा गर" कै संस्कृति हो । उपभोक्तावादी संस्कृति विश्वभरि फिंजाउने कुरामा सबै साम्राज्यवादीहरू एक छन् । सबै राष्ट्रातीत निगमहरू एकगठ छन् । अमेरिकाको टि.भि.ले पनि त्यही काम गरिरहेछ, साथै जापान र भारतको टि.भि.ले पनि । हलीऊडले पनि त्यही काम गरिरहेछ साथै बम्बैले पनि । उपभोक्तावाद चरम सीमामा पुगेपछि कुनै पनि संस्कृतिलाई यो अमेरिकाको, यो बेलायतको संस्कृति भनेर छुट्याउनु पर्ने आवश्यकता नै रहन्न होला । सबै संस्कृतिले एउटै काम गर्लान्- उपभोक्ता तयार गर्ने काम, समाजप्रति मतलब नै नभएका व्यक्तिवादी मान्छे तयार गर्ने काम ।

तर अर्कोतिर, साम्राज्यवादीहरूको राष्ट्रिय स्वार्थ भन्ने पनि बाँकी छ । त्यो आर्थिक क्षेत्रमा पनि देखिन्छ, सांस्कृतिक क्षेत्रमा पनि । त्यसैले त साम्राज्यवादीहरू आफ्नै राष्ट्रिय संस्कृतिको पनि प्रचार प्रसार गरिरहेछन् । त्यो कुराको प्रमाण गत एटलाण्टा ओलम्पिक खेलमा अमेरिकाले गरेको आफ्नो राट्रिय संस्कृतिको प्रचार हो । उद्घाटन र समापन समारोहमा एक-दुई गीत र नृत्य राख्नु त्यति ठूलो कुरो थिएन । तर त्यहाँ त अमेरिकाले भरमार रूपमा गीत र नृत्यहरू राख्ने काम गरेको थियो । त्यो हेर्दा महसूस हुन्थ्यो कि अमेरिका त्यतिखेर ओलम्पिक हेरिरहेका विश्वका तीन अरब जनतामाथि आफ्नो राष्ट्रको सांस्कृतिक प्रभुत्व थोपर्न भरमग्दूर प्रयत्न गर्दैछ ।

स्थानीय कला-विशेषताहरूलाई पनि उनीहरू यही धारामा समाहित गर्ने कोशिस गरिरहेछन् । अहिले पनि बहुराष्ट्रिय कम्पनीहरूले संचालन गरेका टि.भि. हरूले पंजाबीहरूको भाँगडा गीतलाई पप र र्‍याप गीतसँगै प्रस्तुत गरिरहेको कुरा यसको एक उदाहरण हो । र, ती सबै गीतहरूले एउटै असर पैदा गरिरहेछन्- युवाहरूमा चरम उपभोक्तावाद र व्यक्तिवादको विकास ।



## डा. चैतन्य मिश्र

**हरिगोविन्दजीले** भाँगडाको कुरा निकाल्दा मलाई एउटा कुराको संझना आयो ।

तपाईहरूले स्टारै टि.भि. हेर्नु भएको हेला । त्यहाँ 'एशियन टप ट्वेन्टी' भन्ने एउटा कार्यक्रम आउँछ- कोकाकोला कम्पनीको प्रायोजनमा । त्यो कार्यक्रममा एशियाका २० वटा देशको २० वटा 'टप' घोषित गरिएका गीतहरू प्रसारित हुन्छन् । एउटा देशको मान्छेले अरू देशका सबै गीतहरू बुझ्छन् भन्ने मलाई लाग्दैन । धेरै मान्छेले त्यो कार्यक्रम हेरिरहेको होला, यस्तो पनि मलाई लाग्दैन । तर पनि कोकाकोलाले किन त्यसमा आफ्नो लगानी गर्दैछ त ?

कोकाकोलाले न्यूनतम खर्चमा त्यो कार्यक्रम चलाउँदैछ । यसको पछाडि त्यो कार्यक्रम हेर्ने मान्छेको चाहना मुख्य कुरा होइन । सबै बीस वटा देशमा कोकाकोला फैलियोस्- कोकाकोलाको हिसाब किताब यो हो, उसको चाहना यो हो । एउटा गीत भियतनामी राखिदिएपछि भियतनामीहरूले ढुकेर पनि त्यो गीतको प्रस्तुती हेर्ने भए । बस, त्यही मौका पारेर भियतनामीहरूलाई संबोधन गरेर कोकाकोलाको विज्ञापन गर्न पाइयो, भियतनाममा कोकाकोलाको उपभोग फैलिने संभावना रह्यो । यही स्वार्थले कोकाकोलाले त्यो कार्यक्रमको प्रायोजन गर्छ । यसरी एउटा कृत्रिम संस्कृतिको निर्माण भइरहेछ ।

मलाई लाग्छ, यो कार्यक्रम तत्काल लाभ हासिल गर्ने हिसाबले बनाइएको होइन । कोकाकोलाले यो भविष्यको फाइदाको हिसाब किताब गरेर बनाएको हो । अहिले नै धेरैले त्यो कार्यक्रम नहेरे पनि पाँच-दश वर्षपछि त्यो कार्यक्रम हेर्नेको संख्या प्रशस्त बढ्न सक्छ । त्यो कार्यक्रमबाट त्यस्ता गीतहरू मात्र आउँछन्, जुन पश्चिमबाट आयात गरिएको साझा उपभोक्तावादी संस्कृतिसित मेल खान्छन् । गीतको भाषा मात्र बेग्लाबेग्लै हुन्छ, तर उद्देश्य एउटै हुन्छ । यी गीतले गर्दा बीस वटा देशमा साझा वर्गीय संस्कृतिको उदय हुन्छ । बीसवटै देशमा एउटै सांस्कृतिक आवश्यकता भएका वर्गहरू बन्छन् । त्यस्ता वर्गहरूले कोकाकोला पिउनुलाई आफ्नो सांस्कृतिक आवश्यकता बनाउलान् । यस्तो भएपछि कोकाकोलाको बिक्री बढ्छ । बिक्री बढेपछि नाफा बढ्छ । यसप्रकार, सुदूर भविष्यमा हुन सक्ने फाइदाको हिसाब गरेर उनीहरूले यसमा दीर्घकालीन लगानी गरेका हुन् ।

यस्तो लगानी सबै राष्ट्रातीत निगमहरू गर्दैछन् । यसबाट विश्वभरि नै नयाँ कृत्रिम एकल-संस्कृति निर्माण गर्ने उनीहरूको लक्ष्य छ । त्यो संस्कृति भनेको उपभोक्तावादी संस्कृति नै हो ।

अब कुरा गरौं हरिगोविन्दजीले निकाल्नु भएको राष्ट्रातीत निगमहरू र राष्ट्रातीत संस्कृतिको प्रसंगबारे ।

यद्यपि १९७० को दशकभन्दा अगाडि पनि बहुराष्ट्रिय कम्पनीहरू थिए, तर '७० सम्म विश्व चलाउने पूँजीवादी राज्य व्यवस्था र मुलुकहरू नै हुन् भन्ने मोटामोटी अवधारणा थियो । १९५६ मा मात्र यूरोपेली समुदाय बन्यो, त्योभन्दा अगाडि यूरोपमै मतैक्यता थिएन । कोइला किन्ने मामलामा मात्रै आएर उनीहरूबीच एकता संभव भयो ।

तर १९७० पछि राज्य व्यवस्थाको विश्वसनीयतामा ज्यादै ठूलो ह्रास आउन थाल्यो । यस्तो ह्रास आउनुको एउटा कारण राष्ट्रातीत निगमहरूको

**भर्खरै अमेरिकामा नीमको पेटेण्ट भएको खबर छ, यसले भारतका आयुर्वेद ओखती बनाउने कम्पनी-हरूमा भुइँचालो गएको छ**

◇

**एटलाण्टा ओलम्पिक खेलमा अमेरिकाले आफ्नो राट्रिय संस्कृतिको प्रचार गऱ्यो**

# स्टार टि.भि.ले 'एसियन टप-20' गीति कार्यक्रम प्रसारण गर्नुको भित्री कारण के हो ?

उदय पनि हो । दोस्रो विश्व युद्धपछि नै यो प्रक्रिया शुरू भएको थियो । दोस्रो विश्वयुद्धपछि नै मुलुकहरू कम प्रभावशाली हुन थाले, विश्वको एउटै सिंगो आर्थिक व्यवस्था बेसी प्रभावशाली हुन थाल्यो । यसले एउटा नयाँ वर्ग सिर्जना गऱ्यो, जुन खास कुनै राष्ट्र-राज्यसित बाँधिएको थिएन । अमेरिकाको सबैभन्दा धनाढ्य वर्गको भारत र पश्चिम एशियाको सबैभन्दा धनाढ्य वर्गसित जति हिमचीम र घनिष्ठता देखियो, त्यति त्यो वर्गको अमेरिकाकै गरीब वर्गसित हिमचिम र घनिष्ठता रहेन । यही आर्थिक जगमा राष्ट्रातीत संस्कृति (transnational culture) को प्रादुर्भाव भएको हो । सन् १९७० पछि यो तीव्र भयो ।

**अहिले साम्राज्यवादले संस्कृतिको फाँटमा सेक्स-उद्योग संचालन गरिरहेको देखिन्छ**

यसरी खालि आर्थिक क्षेत्रमा, वित्तीय क्षेत्रमा मात्र होइन, सांस्कृतिक क्षेत्रमा पनि राष्ट्रातीतवाद (transnationalism) बढ्दो छ । यो अहिलेको बढ्दो उदीयमान संस्कृति भएको छ ।

### श्याम श्रेष्ठ

**अहिले** साम्राज्यवादले विश्वव्यापी रूपमा सांस्कृतिक अतिक्रमण गरिरहेको छ भनेर हामीले भन्यौं । यो अतिक्रमणको निम्ति उसले के कस्ता प्रभावकारी उपायहरू अप्नाइरहेछ त ? नेपालमा त्यो अतिक्रमण कसरी भइरहेको छ त ? त्यसको के कस्तो असर भइरहेको छ हाम्रो परिवेशमा ?

### खगेन्द्र संग्रौला

**साम्राज्यवादको** विश्वव्यापी प्रकृति र सांस्कृतिक अतिक्रमणका सम्बन्धमा अहिलेसम्म जे-जति कुराहरू आए, नेपालको बारेमा पनि आधारभूत रूपमा सत्य कुरा त्यही नै हो ।

अहिले साम्राज्यवादले संस्कृतिको फाँटमा सेक्स-उद्योग संचालन गरिरहेको देखिन्छ । साम्राज्यवादले गीतमा, संगीतमा, नृत्यमा, कलामा, खेलमा, साहित्यमा, फिल्म र यावत कुराहरूमा यौनको विकृत पक्षलाई व्यापारको रूपमा अघि सारेको छ । यसैमार्फत् उसले एकातिर आजको युवा पुस्तालाई सांस्कृतिक रूपले भ्रष्ट पार्ने काम पनि गर्दैछ । शिक्षित युवा समुदायलाई सामाजिक सरोकारका गंभीर कुराहरूबाट पृथक पनि पार्दैछ, उनीहरूमा व्यक्तिवादी प्रवृत्ति हुर्काएर । अर्कोतिर, उसले आफ्नो उत्पादन व्यापक रूपमा उपभोग गर्ने सारै खंचुवा उपभोक्ता पनि तयार गर्दैछ । दुईटा चरा उसले एउटै गोलीले मार्दैछ ।

ललितकलामा चाहिं साम्राज्यवाद कलाको आवरण सहित आएको छ । तर जनव्यापी प्रभावका दृष्टिले त्यसको प्रभाव भने नगण्य रूपमा मात्र परेको छ ।

साहित्यको क्षेत्रमा कुरा गर्ने हो भने, बि.सं. १९९२ देखि वा शारदा प्रकाशनदेखि अहिलेको उत्तर-आधुनिकतावादसम्मको कुरा गर्दा पूँजीवादी साहित्य निकै क्लिष्ट भएको छ । प्रयोगवादको नाममा, नयाँ रूप, नयाँ शैली, नयाँ कथ्यको नाममा, त्यो अत्यन्त जटिल संरचना अन्तर्गत आएको हुनाले नेपाली पूँजीवादी साहित्यले नेपालमा जनस्तरमा ठूलो प्रभाव पारे जस्तो लाग्दैन ।

**नेपालको समस्यामा आधारित समस्या हल गर्न मद्दत गर्ने खालको पाठ्यक्रम हामीसित छैन**

हामीले अघि बजारीया साहित्यको कुरा गऱ्यौं । हलिऊडबाट बलीउड हुँदै फिल्महरू नेपाल पसे । त्यसका पनि विभिन्न सहायक धाराका रूपमा बजारीया साहित्य नेपाल पसेको देखिन्छ । त्यसले नेपालमा काफी प्रभाव पारेको देखिएको छ । जस्तो, गुलशननन्दाका उपन्यासहरू । यसको एउटा आफ्नै ठूलो संसार थियो । गुलशननन्दाको साहित्य भनेको बजारू व्यापारिक र व्यावसायिक साहित्यको प्रवाह हो । यही कोटिमा आउने अरू थुप्रै गुलशननन्दाहरूका साहित्य थिए । यी साहित्यहरूले पाठक मा जासूसी किसिमको मनोविज्ञान, अपराधको मनोवृत्ति र विकृति पैदा गर्थे । यी र यस्ता साहित्यहरूको चरम रूप दार्जीलिङबाट प्रकाशित उपन्यास 'आगो' र 'नीलो चोली' हो । यी साहित्यहरू दार्जलिङ्गबाट नेपाल पसे । यसले नेपालमा ठूलो बजार लियो । र, त्यस्ता साहित्यको नेपालमा अहिले पनि ठूलो बजार छ ।

त्यसपछि नेपालमै सिर्जित रमेश विकलको 'सुनैली', कुमार नेपाल र पुष्कर लोहनीका कथाहरू आउँछन् । यी साहित्यले यौनलाई सांस्कृतिक पक्षबाट बिलकुलै अलग गराउँछन् । यिनले पशु यौनको प्रवृत्ति जगाउँछन् । यी साहित्यहरू समाजको भित्रसम्म पुगेका देखिन्छन् ।

यस्तै कार्य यही अवधिमा पूँजीवादी गीत र फिल्महरूले पनि गरेका देखिन्छन् ।

यसरी सांस्कृतिक क्षेत्रमा अतिक्रमणको कुरा गर्दा यौनलाई विभिन्न ढंगबाट सशक्त साधनको रूपमा उपयोग गरिएको छ ।

यसपछि विज्ञापन आएको छ- उपभोक्तावादको सशक्त प्रचारकका रूपमा । पोशाक सुन्दरी, मोडेल सुन्दरी, विश्व सुन्दरी आएका छन्- विज्ञापनका प्रभावकारी साधनका रूपमा । यसको प्रभाव मान्छेको वस्त्रमा, फेशनमा, मुद्रामा, अभिव्यक्तिमा प्रशस्त मात्रामा परेको देखिएको छ ।

### डा. चैतन्य मिश्र

हुँदाहुँदा त यस्तो भन्न सकिने स्थिति समेत पैदा भइसकेको छ कि- कपालमा वा नङमा समेत यसको प्रभाव परेको देखिएको छ ।

### खगेन्द्र संग्रौला

**अहिले** टेलिभिजनका विभिन्न च्यानलहरू सक्रिय छन् । साम्राज्यवादी संस्कृतिको सबैभन्दा प्रभावकारी प्रचारक यी च्यानलहरू भएका छन् । अहिलेको समाजका सारा युवाहरू यी च्यानलहरूमा एकोहोरिएका छन् ।

यसरी हेर्दा, साम्राज्यवादी खेमाबाट भइरहेको सांस्कृतिक अतिक्रमणको जुन तीव्रता छ, परिमाण छ, घनत्व छ, त्यसका तुलनामा त्यसलाई प्रतिकार गर्ने, त्योसित जुध्ने साधन त्यति बलियो छैन । हामीसित प्रचार मेडिया छैन । सबैभन्दा सशक्त मेडिया भनेको रेडियो र टेलिभिजन हुन् । ती हाम्रो हातमा छैनन् र हाम्रो वशमा पनि छैनन् । तीमार्फत् हाम्रो थोरै कुरा मात्र जनतामा पुग्छ ।

साम्राज्यवादविरोधी प्रगतिशील साहित्यिक आन्दोलनको प्रचार शैली धेरैजसो परम्परागत भएकोले कम प्रभावकारी छ । हाम्रो प्रचारमा लैजाने विधि र शैली त्यति छिटोछरितो पनि छैन । अहिले पूँजीवादी मुद्रण उद्योग यति फष्टाएको छ कि त्यसको डंगुरमा स्वस्थ चीजहरू छोपिन पुगेका छन् । जस्तो, किताब पसलमा के देखिन्छ भने, त्यहाँ अक्सर दुईटा डोरी हुन्छन् । सबैभन्दा बाहिरपट्टिको डोरीमा अर्द्धनग्न साहित्यहरू हुन्छन् । त्यसको अलिकति भित्रपट्टिको डोरीमा सर्वाङ्ग नग्न साहित्य हुन्छन् । स्वस्थ साहित्य, कला, दर्शन, समाज विज्ञानका कुराहरू ती डोरीहरूमा भुण्डिन्नन् किनकि ती त्यति विकाउ सामग्री हैनन् । पसलेको सरोकार जसरी होस् छिटो बढी नाफा कमाउने कुरामा छ ।


यसरी भइरहेछ- नेपालमा साम्राज्यवादी सांस्कृतिक अतिक्रमण ।

### गोविन्द भट्ट

**साम्राज्यवाद** नेपालमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हरेक क्षेत्रमा प्रवेश गरेकै छ, त्यसमा शंका छैन । शिक्षा, स्वास्थ्य, साहित्य, कला, पत्रकारिता- सबैमा साम्राज्यवादी सांस्कृतिक सोचाई र शैलीको प्रभाव पर्दै गएको देखिन्छ ।

साम्राज्यवादको स्वभावै हो- प्रभुत्व जमाउनु, एकाधिकार कायम गर्नु ।

**साम्राज्यवादसित लड्न हामीले यो देशको सरकारसित लड्नु पर्छ, अमेरिकी राजदूतावासका अगाडि गएर प्रदर्शन गरेर यो समस्या हल हुँदैन**



तर हाम्रो देशको शासक वर्गले पुट नदिएको भए साम्राज्यवादको यस्तो खुल्लमखुल्ला र बेरोकटोक प्रवेश संभव थिएन । जस्तो- अहिलेको एफ.एम. रेडियो नै भनौं । एफ.एम.ले युवा पुस्तालाई भ्रष्ट गर्न ठूलो भूमिका खेल्दैछ । तर त्यो खोल्न दिने त सरकार नै हो । त्यस्तै भ्रष्टतातिर डोऱ्याउने फिल्महरू नै । त्यसैले, साम्राज्यवादसित लड्न हामीले यो देशको सरकारसित लड्नु पर्छ । अमेरिकी राजदूताबासका अगाडि गएर प्रदर्शन गरेर यो समस्या हल हुँदैन । हामीले हाम्रो शिक्षा मन्त्रालय र संचार मन्त्रालयको अगाडि गएर विरोध गर्नु पर्छ यसको ।

साम्राज्यवादविरूद्ध लड्नु पर्ने प्रगतिशील खेमाभित्रै पनि प्रशस्त कमजोरीहरू छन् । हामी छरपुष्ट छौं, एकगठ छैनौं । हामी त्यति संगठित र स्पष्ट छैनौं । यो कमजोरी हामीले आफूबाट हटाउनु जरूरी छ ।

शिक्षामा हेऱ्यौं भने हामी हाम्रो पाठ्यक्रम र पाठ्यपुस्तक नेपालको विकासको आवश्यकता अनुसार तर्जुमा भएको पाउँदैनौं । नेपाललाई अहिले कुन कुन फाँटमा कस्तो किसिमको जनशक्ति चाहिने हो, त्यो बमोजिमको पाठ्यक्रम हामी विकास गरिरहेका छैनौं । हामी साम्राज्यवादी स्वार्थ मुताबिकको पाठ्यक्रम, अमूर्त पाठ्यक्रम विकास गरिरहेका छौं । हामी आयातीत पाठ्यक्रम लिएर बसिरहेका छौं । नेपालको समस्यामा आधारित, समस्या हल गर्न मद्दत गर्ने खालको पाठ्यक्रम हामीसित छैन ।



## खगेन्द्र संग्रौला

**शिक्षा** दिनु भनेको विद्यार्थीमा भएको रचनात्मक र आलोचनात्मक चेतनालाई जागृत गर्नु हो । उसमा विश्लेषण र संश्लेषणको चेतना जगाउनु हो । आफ्नो राष्ट्रको इतिहासको बोध, समाजमा आफ्नो स्थान र दायित्वको बोध गराउनु शिक्षाको काम हो । भनाइको मतलब, बौद्धिक जागृति र बौद्धिक विकास शिक्षाको एउट मुख्य उद्देश्य हो ।

शिक्षाको अर्को मुख्य उद्देश्य शिक्षा प्राप्त गरिसकेपछि त्यो प्राप्त गर्ने व्यक्तिमा न्यूनतम सीप-कौशल विकास गर्नु हो, ता कि ऊ बौद्धिक र व्यावसायिक दुवै रूपबाट आफ्नो खुट्टामा आफैं उभिन सक्ने ज्युँदो मान्छे बन्न सकोस् ।

अहिले हामीकहाँ म्याकाले पद्धतिबाट आएको कारिन्दा शिक्षा छ । त्यसले दुइटै उद्देश्य हासिल गर्न मद्दत गर्दैन । त्यसले व्यक्तिमा आलोचनात्मक चेतना जगाउने होइन, त्यसलाई दमन गर्ने काम गर्छ । मान्छेलाई गुलाम बनाउने काम गर्छ । त्यसले मान्छेलाई बौद्धिक र व्यवसायिक रूपमा आफ्नो खुट्टामा उभिन सक्षम पार्ने काम त गर्दैगर्दैन ।

अहिलेको शिक्षा पद्धतिबाट आएको मान्छे आफ्नो लागि पनि भार र समाजको लागि पनि भार भएको छ ।

२०४६ सालको बलिदानपूर्ण जन-आन्दोलनपछि पनि नेपालको शिक्षा-प्रणालीमा रहेको यो दोषमा कुनै तात्विक अन्तर आएको छैन । हाम्रो शिक्षा-प्रणाली म्याकालेकै लीकमा अहिले पनि हिँडिरहेछ ।

**हाम्रो वर्तमान शिक्षा पद्धतिले व्यक्तिमा आलोच-नात्मक चेतना जगाउने होइन, त्यसलाई दमन गर्ने काम गर्छ**

## डा. चैतन्य मिश्र

क्याम्पस स्तरको समाजशास्त्र विषयकै कुरा लिऊँ, समाजशास्त्रका सिद्धान्तहरू जुन समाजमा पढाइने हो, त्यही समाजको यथार्थसंग मेल खाने हुनुपर्दछ । तर हामीले अहिले अर्कै देशको वास्तविकताको आधारमा बनाइएका सिद्धान्तहरू पढाइरहेका छौं । त्यो सिद्धान्त पढाउनु र दुई हजार वर्ष अगाडिको धर्मशास्त्र पढाउनुमा मैले केही भिन्नता देखेको छैन । पुराण पढाउनु र बीस तीस वर्ष अगाडि युरोप र अमेरिकामा बनेका सिद्धान्तरू पढाउनु उस्तैउस्तै कुरा हो । त्यसैले हामीले यहाँको समाजको बारेमा होइन कि, झण्डै झण्डै अर्कै समाजको इतिहासको बारेमा पढाइरहेका छौं । हाम्रो समाज कसरी चलिराखेको छ भन्नेबारे पढाउँदै छैनौं । बीस, चालीस वर्ष अगाडि अमेरिका र युरोपको समाज कसरी चलिरहेको थियो भन्नेबारे पढाउँदैछौं ।

त्यही कुरा पनि शिक्षकहरू राम्रोसंग पढाउँन सक्दैनन्, विद्यार्थीहरू राम्रोसंग बुझ्दैनन् । किनकि ती पढाइने कुराहरूको अनुभूति दुवैसंग छैन ।

## श्याम श्रेष्ठ

साहित्य र कलाको क्षेत्रमा कसरी साम्राज्यवाद पसिरहेछ ?

## निनु चापागाई

**सस्कृतिको** काम भनेको दुइवटा हुन्छ । एउटा, व्यक्तिहरू बसेको यथार्थको बोध गराउने, त्यो के हो भनेर चिनाउने । दोश्रो, मान्छेमा सिर्जनात्मक विकास गराउने, माँछेको चौतर्फी विकास गराउने ।

तर अहिलेको संस्कृतिले त्यो दुवै कुरा गर्दैन । यसो हुनुको कारण एउटा हाम्रै देशभित्र रहेको भाग्यवादमा आधारित, अंधविश्वास रूढीबुढी, धार्मिक विश्वासमा आधारित अवैज्ञानिक सामन्ती संस्कृति हो र अर्कोतिर, आयातीत साम्राज्यवादी संस्कृति हो, यथार्थलाई बोध हुन नदिने संस्कृति हो ।

अहिले नेपालको कला र साहित्यको क्षेत्रमा त्यस्तो चिन्तन-प्रणाली हावी छ, जसले यथार्थलाई शत्रुको रूपमा हेर्न सिकाउँछ । मान्छे कुन स्थितिमा छ ? त्यो स्थिति किन छ ? र, त्यो स्थितिको जरोमै अन्त कसरी हुन्छ ? साहित्यले यो देखायो र सिकायो भने मान्छे आमूल परिवर्तनको दिशातिर लाग्छ । तर यहाँ त साहित्यले त्यसको ठीक उल्टो काम गरिरहेछ । यहाँ पूँजीवादी साहित्यले मान्छेलाई यथार्थबाट पलायन गर्न प्रेरित गर्दैछ । वास्तवमा साम्राज्यवादी संस्कृतिको मुख्य ध्येय पनि यही हो- व्यक्तिलाई यथार्थ हेर्न र सामना गर्न नसक्ने पार्नु । व्यक्तिलाई यथार्थबाट पलायन गराउनु । यसो भएपछि नेपाली जनता वा कहींका पनि जनता यथास्थितिको अन्त गर्ने सही बाटो खोज्नतिर नै लाग्दैनन् । उनीहरू समुन्नत समाज निर्माण गर्ने, समुन्नत यथार्थको बाटोतिरै लम्कँदैनन् । साम्राज्यवादले खोजेको स्थिति पनि यही हो ।


नेपालमा पूँजीवादी साहित्य चिन्तन सम्पूर्ण रूपले यथार्थवादको विरोधी देखिन्छ । अर्थात साहित्यले पाठकलाई यथार्थ बुझ्न नदिने, यथार्थलाई सामना गर्न नदिने काम गर्छ । उदाहरणको निमित्त अघि सारौं- लिला लेखन, इन्द्रबहादुर राई, जसका प्रवक्ता छन् । मार्क्सवाददेखि लिएर विनिर्माणसम्म सबैको योग उत्तर-आधुनिकतावाद हो भन्दै उनीहरू आइरहेका छन् । साहित्य भनेको यथार्थको प्रतिबिम्ब होइन, त्यो त यथार्थको वर्णन हो भन्ने उनीहरूको मान्यता छ। उनीहरू भन्छन्- वस्तुनिष्ठ भनेको केही छैन, त्यो त व्यक्तिले बुझेअनुसार राख्ने कुरा हो । व्यवस्थित भनेको केही छैन, पूँजीवाद पनि व्यवस्थित छैन, त्यसैले त्यसलाई बुझ्न र बोध नै गर्न सकिन्न भन्छन् उनीहरू । यसरी उनीहरू भाववादको कुरा गर्छन् । हिजोको परम्परागत राजनीतिक अर्थशास्त्रहरू र आर्थिक सिद्धान्तहरू काम नलाग्ने भइसके, त्यसको युग नै अन्त भइसक्यो भन्छन् उनीहरू ।

उत्तर-आधुनिकतावादीहरूको मुख्य उद्देश्य समग्र रूपमा हरेक कुरा बुझ्ने व्यवस्थित र सुसंगत सिद्धान्तको विरोध गर्नु हो । त्यो विरोध भएपछि स्वतः मार्क्सवादको पनि विरोध हुन जान्छ । किनकि मार्क्सवाद संसारको कुनै पनि घटनालाई सुसंवद्ध, सुसंगत र वैज्ञानिक ढंगले विश्लेषण गर्न सक्ने सिद्धान्त हो । व्यवस्थित, सुसंगत र वैज्ञानिक हरेक सिद्धान्तको विरोध भएपछि मार्क्सवादको पनि विरोध भइहाल्छ ।

यसरी लिला लेखनका प्रवक्ता र अनुयायीहरूले जान वा अनजान रूपमा मार्क्सवादको विरोध गरिरहेछन् । उनीहरू उत्तर-आधुनिकतावादको वकालत गरिरहेछन् । उनीहरू एकातिर इतिहासको अन्त भइसक्यो भन्छन्, अर्कातिर उनीहरू आफैं नयाँ युगको कुरा गर्छन् । युग भनेको त फेरि, इतिहाससंगै जोडिएको कुरा हो ।

उत्तर-आधुनिकतावादीहरू प्रभुत्वशाली स्थितिमा छन्, त्यो म भान्दन । तर उनीहरू सभा, सेमिनार, लेखन, प्रकाशनमार्फत क्रियाशील भइरहेछन ।

**अहिले नेपालको कला र साहित्यको क्षेत्रमा त्यस्तो चिन्तन-प्रणाली हावी छ, जसले यथार्थलाई शत्रुको रुपमा हेर्न सिकाउँछ**



# टि.भि. र रेडियोबाट धार्मिक अन्धविश्वास तीव्र मात्रामा फैलाउने काम भइरहेको छ

त्यसैले, एकातिर व्यक्तिवादको विकास गराइरहेको छ । अर्कोतिर, व्यक्तिलाई त्यसले नैतिक दायित्वबाट च्यूत गराउने र उच्छृंखल बनाउने काम पनि गरिरहेको छ । पत्रकारितामा पनि पूँजीवादी पत्रिकाहरूले छाडा यौनका कुराहरूलाई प्रश्रय दिइरहेका छन् । समाचार पनि यथार्थलाई बोध गराउने र वस्तुस्थितिको ज्ञान गराउनेभन्दा पनि त्यसबाट पाखा लगाउने मनसायले दिने गरिएको देखिन्छ । तिनीहरूले मानिसहरूलाई पशुवृत्ति र कामवृत्तितिर लाने खालका कुराहरूलाई महत्व दिने गरिरहेका पाइन्छन् । तिनीहरू तुच्छ कुराहरूलाई महत्व दिने र गम्भीर कुराहरूलाई भने महत्व नदिने कामहरू गरिरहेछन् ।

अलि सचेत मान्छेहरूले चलाएका पत्रिकाहरूमा पनि विश्व सुन्दरी र नेपाल सुन्दरीका कुराहरूलाई बढी महत्व दिएर छाप्ने कामहरू नेपालमा भइरहेको छ, जुन सुन्दरीहरूमार्फत् साम्राज्यवादीहरू आफ्ना मालहरूको विज्ञापन गराउँछन् ।

यिनै बाटाहरू हुन्, जसमार्फत साम्राज्यवाद हाम्रो देशमा पसिरहेछ ।

निनु चापागाई

## साहित्यको माध्यमबाट हामीकहाँ आइपुग्दा पूँजीवाद थोत्रो भइसकेको थियो, र, त्यो रुँदै कराउँदै ढिलो गरेर हामीकहाँ आइपुग्यो

अहिले साहित्यमा साम्राज्यवादी संस्कृति उत्तर-आधुनिकतावदीहरूमार्फत नै यहाँ प्रवेश गरिरहेछ ।

त्यो भन्दा अगाडि आउँछ- फ्रायडवाद । फ्रायडवादले भन्छ- साहित्य र कला भनेको व्यक्ति, मन र काम वासनाबाट परिस्कृत रूपमा सिर्जना हुन्छ । यसरी फ्रायडवादले पनि साहित्य र कलालाई समाज र यथार्थबाट अलग पार्छ । व्यक्तिको भित्री मन, अन्तर्मन, अवचेतन मनको मात्र खोजी गर्न सिकाउँछ फ्रायडवादले । फ्रायडवाद पनि पूँजीवादी साम्राज्यवादी युगकै चिन्तनधारा हो ।

अर्को छ- शैली विज्ञान भन्ने । कुनै पनि चीजको मूल पाठ तपाईंले व्यक्त गरिसकेपछि सकियो भन्छ शैली विज्ञानले । एउटै विषयवस्तुको पनि व्यक्ति-व्यक्तिले बुझ्ने अनुसारको बेग्लाबेग्लै अर्थ लाग्छ भन्छ यसले । साहित्यमा यसलाई बहुलवाद भनिन्छ । सत्ता पनि एउटा छैन, छरिएको छ, ज्ञान पनि एउटा छैन, छरिएको छ, त्यसैले यी दुवैलाई बुझ्न सकिँदैन भन्छन् शैलीविज्ञानका पक्षधरहरू । यस किसिमले उनीहरू अज्ञेयवादको वकालत गर्छन् । वास्तवमा शैली विज्ञान पनि उत्तर-आधुनिकतावादकै एउटा हाँगा हो ।

अर्कोतिर आएको छ अस्तित्ववाद । दोस्रो विश्वयुद्धपछि आएको ठूलो निराशाको फलस्वरूप अस्तित्ववाद एउटा चिन्तनधाराको रूपमा देखा परेको हो । यसले मानिसको निराश मनस्थिति, हतास मनस्थिति, कुण्ठा, विकृतिलाई मात्र अभिव्यक्त गर्छ । अहिलेको नेपाली साहित्यमा जुन यथार्थविरोधी धारा छ, सबैमा अस्तित्ववाद अभिव्यक्त भएको छ । साम्राज्यवाद यिनै साहित्यको माध्यम भएर नेपालको सांस्कृतिक फाँटमा भित्रिएको छ ।

अर्कोतिर, टि.भि. र रेडियोबाट धार्मिक अन्धविश्वास तीव्र मात्रामा फैलाउने काम भइरहेको छ । त्यस्तै किसिमले एफ.एम.ले छाडा, उच्छृंखल र समाजबाट व्यक्तिलाई एकदम अलग गर्ने कुराहरू फैलाइरहेको छ ।

### खगेन्द्र संग्रौला

पूँजीवाद शैशव अवस्थामा हुँदा सामन्तवादका परंपरागत विभिन्न किल्लाहरूका विरूद्धमा ठूलो संग्राम गरेर उभिएको हो । जस्तो गिर्जाघर, सामन्त, राजा र पादरी अनि त्यस संस्थाका वरिपरि रहेको पुरातनपन्थी, अवतारवादी अन्धतापूर्ण मूल्यहरूको बारेमा ठूलो संग्राम नै छेडेको थियो पूँजीवादले ।

यही पूँजीवादकै शैशवकालमा, पूँजीवादको शिविरमा जति साहित्य लेखियो, त्यसले एकातिर विज्ञानको र अर्कोतिर जनतन्त्रको झण्डा उठाएको थियो । तर साहित्यको माध्यमबाट हामीकहाँ आइपुग्दा पूँजीवाद जर्जर, बूढो, थोत्रो भइसकेको थियो । र, त्यो रूँदै कराउँदै ढिलो गरेर हामीकहाँ आइपुग्यो ।

संस्कृति या विचारमा साम्राज्यवादको अतिक्रमणको कुरा गर्दा अहिले स्वस्थ विचारहरू र सबल व्यक्तित्वहरूलाई प्रदुषित गर्ने प्रक्रिया पनि अत्यन्त बलियो देखिन्छ । जस्तो, मार्क्सवादका विरूद्धमा अनर्गल किसिमका आक्रमणहरू गर्दा मार्क्स, एंगेल्स, लेनिन र माओलाई नै किटेर तिनीहरू असभ्य, निरंकुश, कामुक थिए भनेर लेखको रूपमा र पुस्तकको रूपमा थुप्रै सामग्री छापिएको र बजारमा आएका पाइएका छन् । साम्राज्यवादले गरेका यी करतूतहरूका बारेमा पनि हाम्रो ध्यान जान जरूरी देखिन्छ । (**बाँकी आगामी अंकमा**)


सुन्दर घरको सुन्दर कोठाको लागि



तपाई ओढ्नुस वा ओछ्याउनुस्
दुवैको उपयोगलाई सुहाउदो
आरामदायी
**Patch Work Quilt**

नेशनल ट्रेडिङ्ग लिमिटेडको बिक्री कक्षहरू
चाबहिल, विशालबजार (पसल नं. २९२) र
टेकुमा उपलब्ध छ।

नेशनल ट्रेडिङ्ग लिमिटेड टेकु, काठमाडौं


## मूल्यांकन मासिकको अति जरूरी सूचना !

पाठकबृन्द !

मुद्रा, कागज र उत्पादन कार्यका अन्य सबै पक्षहरुमा निरन्तर मूल्य बृद्धि भएको कारण हामीलाई हाम्रो हालको स्तर र पृष्ठ संख्यामा सामाग्रीहरु उत्पादन, संयोजन र प्रकाशन गर्नका निम्ति साबिक मूल्यले नधान्ने हुन आएको छ । यस स्थितिमा हामीले नचाहँदानचाहँदै पनि मूल्यांकनको मूल्यमा केही बृद्धि गर्नैपर्ने बाध्यात्मक अवस्था पैदा भएको छ ।

यसैबीच, हाम्रा केही शुभेच्छुक र पाठकहरुले मूल्यांकनमा अरु ८ पेज पनि थप गरियोस्, त्यो ८ पेज प्रयोग गरी हरेक अंकमा नियमित रुपमा विचार-अन्तर्क्रियाको सामाग्री प्रकाशित गरियोस्, यसमा अरु थप ज्ञानवर्द्धक र रोचक सामाग्रीहरु पनि संगोटियून् ; बरु त्यसका निम्ति मूल्यांकनको एक प्रतिको मूल्य रु. २० गरियोस् भन्ने सल्लाह दिनुभएको छ । प्रस्तावित मूल्य र सामाग्री संयोजनका विषयमा यहाँहरुको के राय छ ? पत्राचारमार्फत् हामीलाई पाठकहरुका विचारहरु धमाधम प्राप्त हुँदैछन् । तपाई पनि आफ्नो विचार शीघ्र लेखीपठाउनुहोस् । -मूल्यांकन *सम्पादन मण्डल*


राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा समस्त देशवासीप्रति हार्दिक शुभकामना व्यक्त गर्दछौं !

कृषि विकास बैंक परिवार



अनील पौडेलको यात्रा-संस्मरण
"काठमाडौंदेखि सिक्किमसम्म"
बजारमा उपलब्ध छ ।

(हामीले पाठकहरुको सुझावमा यो अंकदेखि एउटा नयाँ स्तम्भ शुरु गर्न लागेका छौं- उत्पीडित चौतारी । यो स्तम्भअन्तर्गत हामी उत्पीडित जात र जनजातिका समस्याबारेमा लेख र विविध खालका सामग्रीहरु प्रस्तुत गर्नेछौं ।
हामी पाठकहरुबाट यस स्तम्भका निम्ति खोजपूर्ण लेखहरु पठाउनको निम्ति आह्वान पनि गर्दछौं ।
लेखका तथ्य तथ्यांकहरु भरोसिलो हुनु पर्दछ, स्रोत प्रष्ट खुलाइएको हुनु पर्दछ र, लेख सरल भाषामा १००० शब्दसम्ममा लेखिएको हुनुपर्दछ । स्वीकृत लेखको निम्ति उचित पारिश्रमिक पनि दिइनेछ ।)

*-मूल्यांकन*



# खै त नेपालमा जनजातिहरूलाई प्रजातन्त्र आएको ?

नेपालमा ३६ वटाभन्दा बढी भाषाहरू बोलीचालीमा छन् । तथापि राज्यको तर्फबाट एउटै भाषालाई मात्र अनिवार्य राष्ट्रभाषाको रूपमा थोपरिएको छ । त्यो भाषा हो- खस जनजातिको भाषा । पृथ्वीनारायण शाहले आफ्नो कर असुलीको क्षेत्र र राजनीतिक सांस्कृतिक प्रभुत्व विस्तार गर्नको लागि विभिन्न ससाना राज्य र क्षेत्रहरू जित्दै लाने क्रममा जितेका राज्यमा आफ्नो खस भाषा थोपर्दै लगे । त्यो थोपराइ अहिले पनि कायमै छ । यही सिलसिलामा नेपालमा खस भाषालाई अनिवार्य राष्ट्र भाषाका रूपमा लादिएको हो ।

२००७ साल वरपरसम्म खस भाषालाई गोरखा भाषा भनिन्थ्यो । पछि मात्र यसलाई नेपाली भाषा भन्न थालियो । असलमा, खस भाषा गोरखा राज्यको विस्तार संगसंगै विस्तार गरिएको भाषा भएको हुनाले यो 'गोरखा भाषा' नै हो । तथापि राज्यले लामो समयसम्म विशेष प्रश्रय दिएर हुर्काएको हुनाले यो अब धेरैले बोल्ने र बुझ्ने भाषा भएको छ । २०४८ सालको जनगणना अनुसार ५० प्रतिशत नेपालीको बोलीचालीको भाषा खस भाषा रहेको देखिएको छ ।

प्रजातन्त्रको चूरो कुरो समानताको सिद्धान्त हो । तर नेपालमा उत्पीडित जनजातिहरूको भाषाको मामलामा अझै प्रजातन्त्र आइसकेको देखिन्न । ऐतिहासिक जनआन्दोलनपछि आएको २०४७ सालको नयाँ संविधानले पनि खस भाषालाई मात्र राष्ट्र भाषा घोषित गरेको छ, अरू भाषालाई यसले राष्ट्रिय भाषाको दर्जा दिएको छ । त्यसो त २०४७ सालपछि अरू भाषालाई पनि आफ्नो मातृभाषामा प्राथमिक शिक्षा प्राप्त गर्ने हक दिइएको छ । समाचारहरू पनि राष्ट्रिय भाषाहरूमा प्रसारित हुन थालेका छन् । तर अझै पनि आम नेपालीहरू आफ्नो मातृभाषामा अदालतमा बयान दिन सक्दैनन् । अड्डामा आफ्नो मातृभाषामा लेखापढी गर्न पाउँदैनन् । मातृभाषामा शिक्षा प्राप्त गर्ने हक पनि खालि औपचारिक मामला मात्र बनेको छ । किनभने, त्यसलाई राज्यले खस भाषालाई जस्तो संरक्षण र सहुलियत दिएको छैन ।

यस अर्थमा, खै त जनजातिहरूको भाषाको मामलामा समानताको सिद्धान्त लागू भएको ? खै त भाषामा प्रजातन्त्र आएको ? खै नेपाल 'सबै जातिको फूलबारी' भएको ?

आर्थिक लेनदेनको आवश्यकताले र आफ्नै जीवनको आवश्यकताले कालान्तरमा कुनै एउटा भाषा धेरैले बुझ्ने र बोल्ने भाषा बनोस्, त्यसमा आपत्ति गर्ने कुरो हुँदैन । त्यो नागरिकहरूको प्रजातान्त्रिक छनौटको विषय हो । तर प्रजातान्त्रिक राज्यमा राज्यकै तर्फबाट कुनै एउटा जनजातिको भाषालाई विशेषाधिकार दिनु कसरी प्रजातान्त्रिक कदम हुन सक्छ ? प्रजातन्त्र भनेकै कुनै पनि जात, जाति, लिंग, वर्ण, भाषा वा धर्मलाई प्राप्त विशेषाधिकारको अन्त्य हो । तर खै त यहाँ खस भाषाको विशेषाधिकारको अन्त्य भएको ?



चित्र साभार: नै.उ.द.जा. मुक्ति समाज

**नेपालमा आवश्यक त 'विविधतामा एकता' हो तर यहाँको राज्यले कुनै एक भाषाको विशेषाधिकारमा एकता खोज्दैछ, जुन संभव नै छैन**

खस भाषा पनि नेपालकै एक थरि जनजातिको भाषा हो । त्यसैले योसित अरू भाषाभाषीले द्वेष गर्नु पर्ने, वैरभाव राख्नुपर्ने कुनै कारण छैन । तर यहाँको शासक वर्गले खस भाषालाई जबर्दस्ती अनिवार्य राष्ट्र भाषाका रूपमा लादेर यसप्रति अरूमा अनावश्यक रूपमा तिक्तता र घृणाभाव जन्माउने कार्य गरेको छ ।

बाहिरको अनुभव हेर्ने हो भने, स्विटजरल्याण्डमा ६४ प्रतिशत मान्छेले जर्मन भाषा बोल्छन्, १९ प्रतिशतले फ्रेन्च, र ८ प्रतिशतले इटालीयन । तर तीन वटै भाषालाई त्यहाँको प्रजातान्त्रिक राज्यले राज्य-भाषा घोषित गरेको छ । अझ, फगत ०.६ प्रतिशतले बोल्ने राइटो रोमन्श नामक भाषालाई पनि त्यहाँ राज्य-भाषाको मान्यता प्राप्त छ । त्यहाँका नागरिकहरूले तीमध्ये कुनै पनि भाषामा अड्डा अदालतमा बोल्न र लेखापढी गर्न सक्छन् । आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न सक्छन् । नेपालको प्रजातान्त्रिक राज्यले यस्तो किन गर्न सक्दैन ? यस्तो गर्नमा उसलाई आपत्ति नै के ?

२०४८ सालको जन गणना अनुसार तामाङ्ग जनजातिको बहुसंख्या सातवटा जिल्लामा देखिको छ । रसुवा, धादिङ्ग, नुवाकोट, काभ्रे, सिंधुपाल्चोक, सिंधुली र मकवानपुर ती जिल्लाहरू हुन् । त्यस्तै, ६ वटा जिल्लामा मगरहरू बहुसंख्यामा छन् । जस्तो: रोल्पा, प्यूठान, म्याग्दी, बाग्लुंग, पाल्पा र तनहुँमा ।

थारूहरू पनि छ वटै जिल्लामा बहुसंख्यामा देखिन्छन् । कैलाली, बर्दिया, दाङ, नवलपरासी, बारा, सुनसरी थारू जनजाति बहुसंख्यामा भएका जिल्लाहरू हुन् । राईहरू बहुसंख्यामा भएको जिल्ला पनि छ वटै छन् । सोलुखुम्बु, खोटाङ, संखुवासभा, भोजपुर, धनकुटा र इलाम ती जिल्लाका नाम हुन् ।

गुरूङ्ग जनजाति चारवटा जिल्लामा प्रभुत्वमा देखिन्छन् । मुस्ताङ, मनाङ, गोर्खा र लम्जुङ ती जिल्लाहरू हुन् । लिम्बूहरू चाहिं तीनवटा जिल्लामा बहुसंख्यामा देखिन्छन्, जस्तो कि ताप्लेजुङ, तेह्रथुम र पाँचथर ।

नेवारहरू काठमाडौं, ललितपुर र भक्तपुरमा बहुसंख्यामा देखिन्छन् । यादव जातका मानिसहरूको बाहुल्य पाँच जिल्लामा देखिन्छ । सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी ती जिल्लाहरू हुन् । त्यस्तै, मुसलमानहरूको बाहुल्य चारवटा जिल्लामा देखिन्छ- बाँके, कपिलवस्तु, पर्सा र रौतहटमा ।

अब प्रश्न उठ्छ के भने, नेपालको प्रजातान्त्रिक राज्यले विभिन्न जनजाति, जात वा धर्मको बाहुल्य भएका ती जिल्लाहरूमा प्रजातान्त्रिक जनजातीय स्वशासनको अधिकार दिन किन हिच्किचाइरहेको छ ? प्रजातन्त्र भनेको बहुमतको शासन हो । कुनै जिल्लामा कुनै जनजाति वा जातको बहुमत छ भने, त्यहाँ पनि खस अल्पमतकै भाषा जबर्दस्ती लाद्ने किन ? यस्तो गर्नु कसरी प्रजातन्त्र हुनजान्छ ?

आखिर प्रजातान्त्रिक जनजातीय स्वशासन भनेको केन्द्रबाट अलग्गिएको शासन त होइन, अर्थतन्त्र, रक्षा, परराष्ट्र नीति, गृहनीति त स्वशासनमा पनि एउटै र एकीकृत नै हुन्छ । त्यहाँ अल्पसंख्यकलाई पनि आफ्नै भाषामा लेखापढी गर्ने, बोल्ने र शिक्षा लिने हक हुन्छ । तर स्वशासनमा बहुमतमा रहेको जात वा जनजातिको प्रजातान्त्रिक, स्वायत्त शासन हुन्छ । त्यहाँ उनीहरूलाई आफ्नै भाषामा अड्डा, अदालत, स्कूल, महाविद्यालय निर्वाचित अंग चलाउने हक हुन्छ । उनीहरू त्यहाँ आफ्नो भाषा विकासको लागि विशेष कार्यक्रम लागू गर्न सक्छन् । यसो गर्दा विभिन्न भाषाहरू, जात र जनजातिहरू पनि प्रजातान्त्रिक तवरले फष्टाउने मौका पाउँछन् । केन्द्रीय संसदमा उनीहरू आफ्नो प्रतिनिधित्व गर्ने, समस्या राख्ने मौका पाउँछन् ।

यसो गर्दा कुनै भाषाले पनि, कुनै जात वा जनजातिले पनि दबिएको, हेपिएको महसूस गर्नु पर्ने छैन । राष्ट्रिय एकता भनेको यस्तै प्रजातान्त्रिक वातावरणमा मजबूत होला कि कुनै जात जनजातिले आफू हेपिएको, होच्चिएको महसूस गर्दाखेरी ? निश्चय पनि समानता र स्वतन्त्रताकै वातावरणमा राष्ट्रिय एकता बलियो हुन्छ ।

तर नेपालको राज्य यस्तो गर्दैछैन । ऊ खस जातिको अहंकार सबैमाथि जबर्दस्ती लाद्दैछ । यो त सरासर तानाशाही भएन र ? र, यो एक जातीय तानाशाहीले विभिन्न जात जनजातिबीच अनावश्यक कटुता पैदा गरेको छ । नेपालमा आवश्यक त 'विविधतामा एकता' हो । तर यहाँको राज्यले कुनै एक भाषाको विशेषाधिकारमा एकता खोज्दैछ, जुन सभव नै छैन ।

❑ प्रतिमान श्रेष्ठ

९ पेजको बाँकी (खगेन्द्र संग्रौला)

र अभद्र छ । यसप्रकारको अद्वन्द्ववादी चिन्तनशैली र अभिव्यक्ति शैलीमार्फत् प्रकट भएका केही विलक्षण विसंगतिहरुको चर्चा गर्नु प्रासङ्गिक नै होला, जसको ऐनामा माओवादी नेतृत्वको चिन्तन र सो चिन्तनको व्यवहारिक अभिव्यक्ति बढी स्पष्ट रुपमा देख्न सकियोस् ।

(क) माओवादी जनयुद्धले साना काँटीका स्थानीय निरस्त जाली-फटाहाहरुलाई प्रारम्भिक प्रहारको निशाना बनायो । यस प्रकारको व्यूह रचना गर्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा त्यस्ता कार्यहरुको के कस्तो प्रभाव पर्ला भन्ने कुराको हेक्का राखिएन । फलतः माओवादी वृत्तभन्दा बाहिर यस्ता कार्यवाहीको प्रभाव स्वस्थ र स्वागतयोग्य देखिएन ।

(ख) सामाजिक परिवर्तनको प्रक्रियामा हुने हिंसाको प्रयोग मानव जातिमाथि इतिहासले थोपरेको बाध्यता हो । अहिंसावादी भनी इतिहासमा चर्चित रहेको गाँधीवादी भारतीय स्वतन्त्रता संग्राम पनि हिंसाबाट अछुतो रहेको थिएन । तर हिंसा आफैंमा क्रान्ति वा जनयुद्धको अभीष्ट होइन । एक चिकित्सकले वा परम्परागत सुडेनीले समेत पनि आमाको गर्भबाट बच्चा जन्माउन मद्दत गर्दा कमभन्दाकम रगत बगोस् भन्ने कुराको हेक्का राख्छन् । यो तिनको पेशागत आचार संहिता हो ।

क्रान्ति वा जनयुद्धको हकमा पनि यो कुरा सही हो । तर माओवादी जनयुद्धका नायकहरु हिंसाको सवाललाई यसरी प्रस्तुत गरिरहेछन्, मानौं, हिंसा स्वयंमा जनयुद्धको उदात्त अभीष्ट हो । अतिशय उत्तेजना वा रोमान्टिक भावुकताको मुद्रामा जनयुद्धका नायकहरु दशौंलाख बलिदानको आह्वान र अपेक्षा गरिरहेछन् । र, हिंसाको औचित्यलाई अतिरञ्जित स्तरमा सैद्धान्तिकीकरण गर्न खोजिरहेछन् । माओवादी राजनीति र साहित्य दुवै स्तरमा यो कुरा प्रत्यक्ष छ । यो चिन्तन हिंसाको बाध्यात्मक प्रयोगसम्बन्धी मार्क्सवादी मान्यताको विपरीत छ, यद्यपि माओवादी नेतृत्व आफूलाई माओ दर्शनको एक मात्र नेपाली उत्तराधिकारी र अनुयायी भएको दावी गर्दछ ।

(ग) माओवादी नेतृत्व दलाल र नोकरशाही पूँजीलाई नेपाली भूमिबाट निषेध गरी शोषणमुक्त अर्थनीतिको जग बसाउने कुराप्रति प्रतिबद्ध छ । र, यस मान्यता अन्तर्गत दलाल र नोकरशाही वित्तमा आधारित संस्थाहरुमाथि धावा बोल्दछ । उसको यो कार्य पनि अति सरलीकृत चिन्तनमै आधारित देखिन्छ । गैर-सरकारी संस्था (गैसस) हरु सि.आई.ए.का बिनाबर्दीका सि.आई.डि. हुन् भन्ने आफ्नो नाराद्वारा निर्देशित भई उसले बिनाभेदभाव चौतर्फी आक्रमण गर्दछ । अगैसस वा गैससहरुमाथि धावा बोल्दा तिनमा अन्तर्निहित चरित्रको मात्रा-भेद वा गुण-भेदलाई यसले पर्वाह गर्दैन ।

यो सरलीकृत र सुविधाजनक चिन्तनको द्योतक हो । किनभने, बाहिरबाट समानजस्ता देखिने वस्तुहरुभित्र पसेर तिनमा रहेका भेदहरुको अध्ययन र विश्लेषण गर्नु र गुण-दोषका आधारमा तिनप्रति आक्रमण वा अनाक्रमण वा सहकार्यको नीति तर्जुमा गर्नु भनेको एक झन्झटिया काम हो ।

(घ). माओवादी जनयुद्धको नेतृत्व आफ्नो युद्धले आम र व्यापक समर्थन पाएको दावी गर्छ । तर विस्मयकारी विडम्बना के छ भने, बौद्धिकहरुले आफ्नो युद्धकर्मको समर्थन गरेको प्रमाण प्रस्तुत गर्नुपर्दा यसले इतिहासमा जनविरोधी र देशविरोधी तत्वका रुपमा सर्वाङ्ग गनाएका कतिपय सामन्ती ठालुहरुका र अरु कतिपय सन्दिग्ध व्यक्तिहरुका नाम अतिशय सम्मानका साथ पटक-पटक उच्चारण गरिरहन्छ र त्यस्तालाई आफ्ना असल मित्रका रुपमा सगौरव सूचीबद्ध गर्छ । तर माओवादी जनयुद्धको सामयिकता र शैलीप्रति भिन्न मत राख्ने तर सामन्तवाद र साम्राज्यवादविरुद्ध जुधिरहेका संस्थाहरु र व्यक्तिहरुलाई आफ्ना घनघोर शत्रुका रुपमा प्रस्तुत गर्छ, तिनको चरित्रमाथि धावा बोल्छ र तिनमाथि बाहुबल प्रयोग गर्ने कुराको ध्वाँस दिन पनि पछि पर्दैन । आफ्ना समर्थक र अनन्य मित्रका रुपमा सामन्ती ठालुहरुका नाम जपिरहने माओवादी नेतृत्वका कथनहरुबाट युद्धको पृष्ठभूमिमा कुनै रहस्यात्मक प्रेरक पो रहेको होला कि भन्ने आशंका मानिसहरुमा पैदा भयो भने त्यस्तो आशंका प्रकट गर्नेहरुलाई माओवादी नेतृत्वले कुन अभियोग लगाएर उत्तर दिने होला ?

ङ) 'माखे आन्दोलन' अर्थात् 'मारवाडी खेद आन्दोलन' माओवादी नेतृत्वको अति सरलीकृत चिन्तनशैलीको अर्को विलक्षण नमूना हो । मारवाडी नेपाली भूमिमा बसोबास गरिआएको भारतीय मूलको एक समुदाय हो । यस समुदायमा पुस्तौंदेखि नेपालमा बसोबास गरीआएका, नेपालको बैध नागरिक भइसकेका मानिसहरु पनि होलान् । तिनमध्ये कतिपय सुयोग्य शिक्षाविद् होलान्, कुशल चिकित्सक होलान्, नेपाललाई आफ्नो जन्मभूमि र कर्मभूमिका रुपमा माया गर्ने देशभक्त उद्योगपति होलान् । देशभक्त चरित्रका र दलाल चरित्रका मारवाडीहरुबीच कुनै भेदभाव नराखी आम रुपमा मारवाडी खेद आन्दोलनको नारा अघि सार्नु न्यायोचित होइन । यो कुनै मार्क्सवादी चिन्तन होइन, मार्क्सवादको अति सरलीकृत र सुविधाजनक संस्करण मात्र हो ।

(च) हालै माओवादी नेतृत्वले जातीय स्वशासनको नारा भावुक र भड्किलो रुपमा अघि सारेको छ । यस नाराअन्तर्गत उसले जातिहरुले मनलागे केन्द्रीय राज्य अन्तर्गत रहन र मन नलागे अलग्गै राज्यको दावी गर्न पाउने मान्यता अघि सारेको छ । उत्पीडित जनजातिहरुको भावोत्तेजनापूर्ण सहानुभूति प्राप्त गर्नका निमित्त त यो नारा अवश्यै फलदायी होला । तर नेपाली समाजको अन्तर्जातीय, अन्तर्भाषिक, अन्तरसांस्कृतिक र अन्तर्धार्मिक संरचनामा यो मान्यता के कसरी लागू हुने हो र त्यसको सम्भावित परिणाम केदेखि केसम्म हुने हो भन्ने विषयमा माओवादी नेतृत्वको कुनै व्यावहारिक र दूरदर्शी सोचाइ छैन । यहाँ पनि माओवादी नेतृत्वको उही अति सरलीकृत चिन्तनशैली प्रकट भएको देख्न पाइन्छ । नेपाली सामाजिक संरचनाको अन्तर्जातीय, अन्तर्भाषिक, अन्तरसांस्कृतिक र अन्तर्धार्मिक प्रकृतिको जटिलता र संवेदनशीलताको विश्लेषण नगरी लेनिनवादी मान्यतालाई सरल ढङ्गले नेपाली सामाजिक धरातलमा प्रत्यारोपण गर्ने यो काइदा ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा सिर्जनात्मक ढङ्गले मार्क्सवादको प्रयोग गर्ने लेनिनवादी चिन्तनको सर्वथा विपरीत छ । जनजातिको आत्म-निर्णयको अधिकारलाई चिनियाँ यथार्थको सापेक्षतामा लागू गरिएको र रुसी काइदाको ठाडो नक्कल नगरिएको कुरातर्फ माओवादी नेतृत्वको ध्यान लेस मात्र पनि गएको देखिन्न । तथापि, सम्भावित भयावह परिणामको पर्वाह नगरी हरमूल्यमा आफूतिर जनताको भावुक समर्थनलाई आकृष्ट गर्न खोज्ने यस भावोत्तेजक नाराले भने केही सकारात्मक परिणाम पनि ल्याउला कि भन्ने मलाई लाग्छ । अहिलेसम्म नेपालका अन्य वामपन्थी दलहरुले उत्पीडित जनजातिको आत्म-निर्णयको अधिकारबारे नेपाली समाजको सापेक्षतामा मूर्त र ठोस धारणा र कार्यक्रम प्रस्तुत गरेका छैनन् । उत्पीडनको पीडाबाट क्रुद्ध भएका जनजातिहरुमाझ अलोकप्रिय भइने वा जनजातिहरुको भावोत्तेजनाको तारो भइने भयले पनि तिनले यसो गरेको हुनसक्छ । तिनले केवल पार्टी हितका दृष्टिबाट मात्र केही थोक वा अमूर्त धारणा अघि सारेका छन् । माओवादी नेतृत्वले अघि सारेको यस अति सरलीकृत मान्यताको विकल्पका रुपमा तिनले अब नेपाली समाजको वास्तविक अन्तर्जातीय संरचना अनुरुपको जनजातीय अधिकारसम्बन्धी मान्यता अघि सार्न तत्पर हुनुपर्ने छ ।

> माओवादी नेतृत्वमा
> आफ्नो पार्टी-पंक्ति
> बाहिरको आलोचना,
> सुझाव र भिन्न मतलाई
> सुन्ने र सहन गर्ने
> रूचि र धैर्य रत्तिभर
> छैन, बाहिरबाट
> यसले अपेक्षा गर्ने
> कुरा त्यसको
> अन्धसमर्थन
> मात्र हो

माओवादी नेतृत्वले आन्तरिक छलफलमार्फत् आफ्नो यस अति सरलीकृत रोमान्टिक चिन्तनशैली र कार्यविधिमा नेपाली समाजको यथार्थअनुरुप छिट्टै सुधार र परिष्कार गर्ने संभावना न्यून छ । कारण, पहिलो कुरा, माओवादी पंक्तिभित्रको एकमना चिन्तन विचारद्वन्दरहित र खुला अन्तर्क्रियारहित सपाट एकमना चिन्तनजस्तो लाग्छ ।

दोस्रो कुरा, माओवादी नेतृत्वमा आफ्नो पार्टी-पंक्ति बाहिरको आलोचना, सुझाव र भिन्न मतलाई सुन्ने र सहन गर्ने रुचि र धैर्य रत्तिभर छैन । बाहिरबाट यसले अपेक्षा गर्ने कुरा त्यसको अन्धसमर्थन मात्र हो । माओवादी बाहेकका अन्य वामपन्थी दलहरुको माओवादी जनयुद्धको चिन्तन र कार्यशैलीप्रतिको असहमति हाल वास्तविक विकल्परहित असहमति भएकाले माओवादी नेतृत्वको अति सरलीकृत चिन्तनशैलीमाथि प्रभाव पार्न त्यो पनि प्रभावरहित झैं देखिन्छ । तिनबाट नेपाली जनक्रान्तिको वर्तमान चरण जनसंघर्षको चरण हो भनिएको छ । तर आम जनताका दैनन्दिनका ज्वलन्त समस्याहरुलाई क्रान्तिको दूरवर्ती उद्देश्यसंग गाँस्नेगरी कुनै विशिष्ट कार्यक्रम प्रस्तुत गरिएको देखिन्न । केवल आ-आफ्ना पार्टीका परम्परागत धारणाहरु परम्परागत सूत्रमा उनेर अघि सार्दै जनयुद्धको सामयिकता र पद्धतिप्रति भिन्न मत राख्ने कार्य मात्र भएको छ । सही दिशाबोध र ठोस कार्यक्रमको अभाव भएको यस अवस्थामा माओवादी नेतृत्वले अघि सारेका भावोत्तेजक र रोमान्चक नाराहरुले अनेकन समस्याग्रस्त विशाल निम्न-पूँजीवादी चरित्रको युवा समुदायको ध्यानाकृष्ट गर्नु स्वभाविकै हुनेछ । यस्तो उत्तेजनात्मक प्रभावको आडका रोमान्चक आत्मबलिदानहरुको श्रृंखला विस्तार हुने संभावना पनि प्रबल छ । तर अति सरलीकृत चिन्तन र रोमान्टिक भावोत्तेजनाको ध्वजामुनि हुने सबै आत्मबलिदानहरु सामाजिक रुपान्तरणको प्रक्रियामा मनाये सार्थक हुन्छन् नै भन्ने केही छैन ।

माओवादी नेतृत्वको ध्यान उसको अति सरलीकृत चिन्तनतर्फ आकृष्ट गर्नमा माओवादी जनयुद्धलाई समर्थन गर्ने कतिपय पार्टी र वाम बुद्धिजीवीहरुले पनि कुनै सकारात्मक भूमिका खेलेको देखिन्न । उनीहरुको समर्थन अनालोचनात्मक र अन्धसमर्थन जस्तो देखिन्छ । माओवादी नेतृत्वको चिन्तन र जनयुद्धको व्यवहारमा प्रतिबिम्बित भएका मैले माथि उल्लेख गरेका अनेकौं विसंगतिप्रति आँखा चिम्लेर प्रदान गरिएको यो ओठे-समर्थन आफूहरु अरुहरुभन्दा फरक र बढी क्रान्तिकारी देखिन गरिएको कृत्रिम अभिनयजस्तो मात्र लाग्दछ ।

एकातिर, भावोत्तेजना र रोमान्टिक आशावादद्वारा संचालित माओवादी जनयुद्ध निकासरहित धरापमा अल्भिने र अर्कातिर, जनयुद्धको निहुँ थापेर प्रतिगामी तत्वहरुले यिनै सीमित पूँजीवादी अधिकारहरु समेत पनि नेपाली जनताका हातबाट खोस्ने खतराका संकेतहरु प्रकट हुँदैछन् । तसर्थ, प्रतिगमनको अनिष्टबाट नेपाली समाजलाई जोगाउन सबैले आ-आफ्ना ठाउँमा सजग रहनुपर्ने हाँकपूर्ण घडी आएको छ । समाज संवेदनशील क्षणबाट गुज्रिरहेको बेला जिम्मेवार नागरिक तथा संस्थाहरुले आफ्ना विचार आफ्नो विवेकको आदेश अनुसार इमानसाथ प्रकट गर्नैपर्छ । सही र गलतको ठहर कुनै व्यक्ति वा संस्थाले होइन, वर्ग संघर्षको लामो र निर्मम प्रक्रियाले नै गर्नेछ ।

यस अंकदेखि हामीले यो नयाँ स्तम्भ शुरू गरेका छौं । यसमा मार्क्सवादका विद्यार्थीहरूलाई उपयोगी हुने सामग्रीहरू प्रकाशित गरिनेछन् ।
*-मूल्यांकन*

मार्क्सवाद परिचय माला

# सत्य जाँच्ने मूल कसौटी के ?

**प्रज्ञानरत्न**

## मार्क्सको भनाइ छ–

***मान्छेले आफ्नो विचारको सत्यता व्यवहारमा प्रमाणित गर्नु पर्छ । व्यवहारभन्दा अलग्गै कुनै विचार वास्तविक हो कि अवास्तविक हो भनेर विवाद गर्नु बुद्धि विलास मात्रै हो ।***

यो भनाइ साह्रै गहिरो र महत्वपूर्ण छ ।

कुनै पनि विचारलाई सही केका आधारमा भन्ने ? गलत केका आधारमा भन्ने ? सत्य केका आधारमा भन्ने ? असत्य केका आधारमा भन्ने ?

हामी अक्सरतया के भन्ने गर्छौं भने, फलानो विचार मार्क्सले लेखेको हो, त्यसैले सही हो । फलानो प्रसिद्ध पुस्तकमा लेखिएकोले कुनै कुरा सही हो । लेनिन र माओले भन्नु भएकोले फलानो कुरा सही हो । फलानो कुरा बुद्धको बचन हो, त्यसैले सही हो ।

मार्क्सको भनाइ छ- सही र गलत छुट्याउने हाम्रो यो आधार नै गलत छ । चाहे त्यो जुनसुकै महान तथा प्रसिद्ध मान्छेको विचार होस्, त्यो हुनुले नै त्यो विचार आफसेआफ सही हुँदैन । हरेक मान्छेको विचार व्यवहारमा सही प्रमाणित भएको हुनपर्छ, अनि मात्र त्यो सही मान्नु उचित हुन्छ । व्यवहार नै सत्यको मूल कसी हो ।

त्यसैले जुनसुकै ठूलो मान्छेले भनेको कुरा किन नहोस्, जुनसुकै प्रसिद्ध ग्रन्थमा लेखिएको कुरा किन नहोस्, त्यो सही छ भनेर उत्तिकै विश्वास गर्नु हुन्न । त्यसलाई आफ्नो समयको व्यवहारमा प्रयोग गरी हेर्नुपर्दछ । बारम्बारको व्यवहारमा जे सही प्रमाणित भयो, त्यसलाई मात्र त्यो बेलाको सत्य मान्नुपर्छ । व्यवहारमा सही प्रमाणित नभएका कुनै पनि कुरालाई ठूला मान्छेले भनेको भन्दैमा, ठूलो पुस्तकमा लेखेको भन्दैमा सत्य ठान्नु हुँदैन । कार्ल मार्क्सको भनाइको मुख्य सार यो हो ।

कार्ल मार्क्सले भनेको हुनाले यो सही हो,- कुरा यस्तो होइन र हुनुहुँदैन । बारम्बारको व्यहारमा सही प्रमाणित भएको हुनाले यो कुरा सही हो र यो मार्क्सले पनि भन्नु भएको छ- कुरा यस्तो हो र हुनुपर्छ ।

व्यवहारभन्दा अलग्गै कसैको पनि विचार सही छ कि गलत, वास्तविक छ कि अवास्तविक, त्यसबारे बहस चलाउनु, त्यो बेफ्वाँकको र बेतुकको काम मात्रै हो । त्यो बुद्धि बिलास मात्रै हो । त्यसबाट कुनै तेल निस्कँदैन ।

यो कुरा ठूला ठूला क्रान्तिकारी विचारका बारेमा पनि लागू हुन्छ । ती विचारहरू आफ्नो समय र आफ्नो ठाउँमा व्यवहारमा प्रयोग गरिरहेका कुरा नै हुन सक्छन् । तर संसार त स्थिर छैन । यो त हमेशा गतिशील छ । यो हमेशा परिवर्तनशील छ । त्यसैले, ती विचारहरू आजको समाजको व्यवहारमा लागु हुन्छन् कि हुन्नन् ? आजको समाजको व्यवहारले जताततै बारम्बार के देखाइरहेको छ ? के त्यस्तै देखाइरहेको छ, जस्तो पहिले भनिएको छ ? वा भिन्नै कुरा देखाइरहेको छ ? यसरी नै हरेक ठूला क्रान्तिकारी विचारका बारेमा पनि प्रश्न उठाउनु पर्दछ । शंका गर्नु पर्छ । आफ्नो बुद्धि र विवेक प्रयोग गरी हेर्नुपर्दछ । जे कुरा आजको सामाजिक व्यवहारमा पनि बारम्बार ठीक प्रमाणित भएको छ, त्यसलाई मात्र आजको लागि पनि ठीक विचार ठानिनु पर्दछ । गलत साबित भएमा त्यसलाई गलत भन्ने आँट पनि गर्नुपर्छ । मार्क्सले भन्न खोज्नु भएको चूरो कुरा यो हो ।



कार्ल मार्क्सले बेलायत, जर्मनी, अमेरिका, फ्रान्स आदिमा एकै चोटि समाजवादी क्रान्ति हुन्छ भन्नुभएको थियो तर व्यवहारमा त्यसो भएन...

मार्क्सले भन्नुभएको थियो कि- बेलायत, जर्मनी, अमेरिका, फ्रान्स आदि मुलुकमा एक्कै चोटि समाजवादी क्रान्ति हुन्छ । तर समाजको स्थिति बदलियो र पूँजीवादको विकास सबै देशमा एकैनासले भएन । त्यसैले लेनिनले आफ्नो समयको बारम्बारको व्यवहारको आधारमा भन्नु भयो- फलानो फलानो स्थिति बदलिएको छ । त्यसैले अब एउटै देशमा पनि समाजवादी क्रान्ति हुन सक्छ ।

वास्तवमा, व्यहारमा भयो पनि त्यस्तै । अब बदलिएको समयमा सही कुरा केलाई मान्ने ? मार्क्सले भन्नुभएको हुनाले मार्क्सको विचारलाई सही मान्ने कि समाजको व्यवहारले प्रमाणित गरेको अर्को कुरालाई सही मान्ने ?

यस्तोमा मार्क्सको भनाइ के हो भने, व्यवहारलाई नै सत्यको अन्तिम कसौटी मान, मुख्य कसौटी मान । र, कसैको विचारलाई पनि अन्तिम सत्य नमान । किनभने, संसार परिवर्तनशील छ, त्यसैले व्यवहार पनि परिवर्तनशील छ ।

संसारका अरू सबै दर्शनभन्दा मार्क्सको दर्शन यही कुरामा पूरापूर फरक छ । संसारका अरू दर्शनले संसारबारे बहस र व्याख्या गर्न बेसी सिकाए । तर मार्क्सको दर्शन व्यवहारको दर्शन हो । दर्शन मान्छेको दिनदिनैको व्यवहारमा काममा आउनु पर्छ र त्यसको सत्यता पनि व्यवहारबाटै प्रमाणित भएको हुनुपर्छ । नत्र मान्छेको दिनदिनैको व्यवहारमा कामैमा नआउने दर्शन केका लागि ? दिनदिनैका व्यवहारमा प्रमाणित नै नहुने दर्शन केका लागि ? ❑

---

**(१३. पेज (क. प्रचण्ड) को बाँकी)**

कब्जा गरिनु, एम्बुस गरिनु, विभिन्न स्थानका बैंकहरूमाथि आक्रमण र कब्जा गरिनु, ठाउँ-ठाउँमा सामन्त, सूदखोरहरूका किसान चुस्ने लाखौंका तमसूकहरू सफलतापूर्वक जलाइनु र जनयुद्धको पक्षमा व्यापक प्रचारात्मक कार्यवाहीहरू यसका उदाहरणहरू हुन् । यसका साथै, देशका विभिन्न भागमा छाडिएका जनहत्यारा, बदनाम जासूस र अपराधीहरूमाथि भौतिक कारवाही पनि सफल भएका छन् । यस सन्दर्भमा हाम्रो पार्टीका केन्द्रीय समीतिका सदस्य एवं लोकप्रिय नेता क. रामबृक्ष यादवको हत्या लगायत अनगिन्ती अपराधमा मुछिएको एक खुखार पुलिस अफिसरलाई पार्टीका छापामारहरूद्वारा अत्यन्त उँचो मनोबल र शीपका साथ खतम पारिनु, रूकुमको पीपल गाविसका ६ जना खत्री युवाहरूको हत्याको नाइकेलाई पुलिस चौकीकै अगाडि सफलतापूर्वक सिध्याउनु विशेष उल्लेखनीय छन् ।.........

यस पटकका छापामार कार्यवाहीहरूमा अर्को उल्लेखनीय पक्ष महिला सहभागितामा बृद्धि र कतिपय छापामार कार्यवाहीमा स्वयं महिलाहरूले नै कमाण्डरको भूमिका निर्वाह गरी ती शानदार रूपले सफल हुनु रहेको छ । छापामार युद्धको यो प्रकृयामा भएका कारवाहीहरूमा छापामारहरूले प्रदर्शन गरेका विवेक, शौर्य र साहसका जुन नयाँ कीर्तिमानहरू खडा भएका छन्, ती नेपाली जनताको मुक्ति संघर्षका क्रममा हासिल गरिएका उच्चता र आदर्शका रूपमा इतिहासमा स्थापित भइसकेका छन् ।.........

यसै योजना अन्तर्गत जनताका दैनिक समस्याहरूलाई लिएर स्थानीय र राष्ट्रिय स्तरमा विविध जनपरिचालनका कार्यक्रमहरू संचालन गरी जनतासंगको सामान्य सम्बन्धबाट पार्टीलाई कटाउने दुश्मन र अवसरवादीहरूको षड्यन्त्रलाई चिर्ने काममा उल्लेखनीय सफलता प्राप्त गरिएको छ । यो काम सम्भव भएसम्म मुख्यतः ग्रामीण इलाकाहरूमा पार्टीको प्रत्यक्ष नेतृत्वमा र सो सम्भव नभए क्रान्तिकारी मोर्चा, जनवर्गीय संगठन वा विभिन्न स्वतन्त्र मञ्चहरूका कार्यक्रमहरूलाई सक्रिय रूपले सहयोग गरी जनतासंगको आफ्नो सम्बन्धलाई अझ विकसित गर्दै लगिरहेको छ । ग्रामीण इलाकाहरूमा जनसेवा र मुख्यतः जनसहकारिताका कार्यक्रमहरूमा गुणात्मक बृद्धि भइरहेको छ । व्यावहारिक रूपले स्थानीय स्तरबाट जनवादी सत्ताका भ्रूणहरू देखा पर्न शुरू गरेका छन् ।

पहिलो योजनाको भव्य सफलता दोस्रो योजनाको उत्साहपूर्ण प्रारम्भिक सफलतासंगै नयाँ नयाँ जिल्ला र इलाकाहरूमा संगठन विस्तारको गुणात्मक लहर सृष्टि भएको छ । यस सन्दर्भमा, संगठनको विस्तारको यो लहर मुख्यतः देशका सबैभन्दा पिछडिएका इलाकाहरू, उत्पीडित जाति जनजातिहरू, गरीब किसान तथा मजदूरहरू र प्रवासी नेपालीहरूका बीचमा विशेष रूपले तीव्र भएर जानुले जनयुद्धको वर्ग चरित्रलाई स्पष्ट गर्नुका साथै जनयुद्धको निरन्तरता र विकासको ग्यारेन्टीलाई अभिव्यक्त गर्दछ । आज पार्टीले योजनाबद्ध ढंगले संगठन विस्तारको कामलाई अगाडि बढाउने र दुश्मनको घुसपैठबाट पार्टीलाई बचाउने कुरालाई गम्भीरतापूर्वक लिइरहेको छ । जनयुद्धको यो महान प्रक्रियाले एकातिर, आश्चर्यजनक रूपमा क्रान्तिकारी कार्यकर्ताहरूको गुण र संख्या बृद्धि गराएको छ भने अर्कोतिर, बिकट इलाका तथा शोषित-पीडित वर्ग, जाति, जनजातिहरूमा संगठन विस्तारका अभूतपूर्व सम्भावना बढेर गएका छन् ।.........(**'माओवादी' पृष्ठ १६ बाट**) ❑



## उच्चस्तरीय भूमिसुधार आयोगका भू.पू. अध्यक्ष क. केशव बडालको नजरमा

# भूमिमा द्वैध नियन्त्रणको अन्त्य

**नेपालमा हालै भूमि-ऐनमा चौथो संशोधन गरी भूमिमा द्वैध-नियन्त्रण खत्तम गरिएको छ । अब उप्रान्त मोही भन्ने कोही पनि नहुने र मोही भए पनि उसलाई मोहीयानी हक दिनु नपर्ने गरिएको छ । यस संशोधनका बारे गतांकमा हामीले अर्थविद् महेशचन्द्र रेग्मीका विचारहरु प्रस्तुत गरेका थियौं । यस पटक प्रस्तुत छ- नेकपा एमालेका भूमिसुधार सम्बन्धी विशेष ज्ञाता**

**क. केशव बडालका विचारहरु**

यो ऐन अनुसार जग्गामा ५० प्रतिशत हक भूमि सम्बन्धी ऐन २०२१ बमोजिम दर्ता भएका ३ लाख ७० हजार मोहीहरू, २८ हजार मुद्दामा रहेका मोहीहरू र अरू कुनै न कुनै प्रमाण भएका मोहीले मात्र पाउँछन् । त्यो बाहेकका मोहीले अब उप्रान्त मोहीयानी हक पाउने छैनन् ।

पहिले विधेयकमा पहाडमा ३० प्रतिशत, तराईमा ४० प्रतिशत र काठमाडौंमा ५० प्रतिशत दिने भन्ने प्रस्ताव सम्बन्धित मन्त्रीले राखेका थिए । हामीले लडेर त्यसलाई सर्वत्र ५० प्रतिशत बनाएका छौं ।

यसमा सबैभन्दा दुःखद कुरा दर्ता नभएका मोहीहरूको सम्बन्धमा भएको छ । पिछडिएका जनजाति, आफ्नो हकको चेतना पनि नभएका किसानहरूले धेरै वर्षदेखि तलसिंको जमीन जोतिरहेका छन्, तर न त उनीहरूसंग बाली बुझाएको रसिद छ, न लालपूर्जामा नै मोहीको रूपमा उनीहरूको नाम दर्ता भएको छ । त्यस्तो मोहीहरूको नयाँ लगत लिनु पर्छ भनेर हामीले संशोधन पेश गर्‍यौं । त्यसमाथि संसदीय समितिमा धेरै दिन छलफल भयो । तर त्यो स्वीकृत गराउन सकिएन । संसदमा र संसदीय समितिमा हाम्रो बहुमत नभएकाले हाम्रो प्रयत्न विफल भयो । त्यो पास नभएमा केही पनि गर्न दिदैनौं भन्ने हदको संघर्ष चाहिं हामीले गर्न सकेनौं । बहुमत नभएकोले हाम्रो प्रयत्न विफल भयो ।

अब यसको लागि हामीले राजनीतिक रूपमा नै संघर्ष गर्नुपर्ने भएको छ ।

२०२१ सालको भूमिसम्बन्धी ऐनमा तराईमा २८ बिगाहा, पहाडमा ९६ रोपनी, काठमाडौंमा ६० रोपनीभन्दा बेसी जमीन राख्न नपाउने गरी हदबन्दी व्यवस्था गरिएको थियो । त्यो हदबन्दी व्यवस्थामा अहिले कुनै परिवर्तन गरिएको छैन । तर मोहीयानी हक चाहिं अबदेखि दिनु नपर्ने गरियो । मोही राख्नु पर्नेगरी धेरै जमीन चाहिं राख्न दिने, तर मोहीयानी हक चाहिं दिनु नपर्ने भएपछि यसबाट ठूला किसान, जमीन्दारहरूलाई मात्र फाइदा हुने भयो । मोहीहरू चाहिं सरासर ठगिने भए ।

हाम्रो पार्टी (एमाले) को सोच खालि दोहोरो नियन्त्रण मात्र खत्तम गर्ने थिएन । हाम्रो ठम्याईमा खालि द्वैध नियन्त्रण मात्र खत्तम गर्नु कुनै प्रगतिशील कदम नै होइन । हामीले के किटानी सुझाव दिएका थियौं भने, भूमिसुधार भन्ने बित्तिकै हदबन्दी घटाउने, भूमिहीन किसानलाई जमीन बाँड्ने, द्वैध नियन्त्रण अन्त्य गर्ने, चक्लाबन्दी गर्ने र भूमि उपयोग नीति लागु गर्ने कुरा संगसंगै लानु पर्दछ । यसमध्ये कुनै एउटा कुरा मात्र छोडियो भने त्यो भूमिसुधार अपांग र लङ्डो हुन्छ । त्यो भूमिसुधार पूर्ण हुन सक्दैन ।

तर वर्तमान संयुक्त सरकारले हाम्रो यो किटानी सुझाव मानेन । उसले अलग थलग रूपमा एक्लो द्वैध नियन्त्रण प्रणाली अन्त्य गर्ने कुरा मात्र लागु गर्‍यो । हामीले यसको विरोध त गर्‍यौं । तर संसदको नियमावलीले हामीलाई रोकिदियो । संसदमा जुन विधेयक आउँछ, त्यसैको बारेमा मात्र संशोधन पेश गर्न पाइने, त्यसबाहेकको विषयमा संशोधन पेश गर्न नपाइने नियम नियमावलीमा रहेछ । त्यसैले, चक्लाबन्दीको सवाल, भूमि उपयोगको सवाल, उखडा गुठी र बिर्ता जमीनको सवाल र हदबन्दी घटाउने सवालमा हामीले केही पनि गर्न पाएनौं ।

यसरी एक्लो द्वैध नियन्त्रण प्रणाली अन्त गर्ने मात्र काम गर्दा थोरै धनी मान्छेका हातमा जमीन थुप्रिन जाने र मोही निष्काशन व्यापक रूपमा बढ्ने खतरा टड्कारो रूपमा खडा भएको छ । यसबाट उत्पादन पनि घट्ने र जमीन हुने र नहुने बीचको ठूलो खाडल खडा हुने स्थिति पैदा भएको छ ।

हाम्रो उच्चस्तरीय भूमि सुधार आयोगले के ठहर गरेको थियो भने, जमीनमा उत्पादन बढाउन द्वैध नियन्त्रण प्रणाली अन्त त गर्नुपर्छ तर यो एक्लैमा कुनै प्रगतिशील कदम होइन । भूमि सुधार गर्ने हो भने समग्रमा गरिनुपर्छ, अलग-थलग रूपमा होइन ।

आयोगको सुझाव के थियो भने, भूमिमा खण्डीकरण नेपालको एउटा प्रमुख समस्या भएको छ । देशमा २७ लाख किसान परिवार छन्, उनीहरूको जमीन सरदर खेत, बारी र पाखो गरी तीन कित्तामा मात्र टुक्रिएको खण्डमा ८१ लाख किसान मात्र हुनपर्नेमा एक करोड आठ लाख कित्तामा टुक्रिएको छ । एक बिगाहा वा एक रोपनी जमीन मात्र हुनेको पनि पाँच ठाउँमा टुक्रिएको पनि देखिएको छ । यो भनेको अर्थिक हिसाबले पर्ता नै नपर्ने गरी भएको भूखण्डीकरण हो । यस्ता खण्डीकृत सारा जमीनलाई चक्लाबन्दी कार्यक्रमको माध्यमबाट सुदृढ गर्नु पर्छ । आपसमा जग्गा सट्टापट्टा गरिकन चक्लाबन्दी गर्न चाहनेहरूलाई राज्यले ऋण सुविधा दिनुपर्छ । दाखिल खारेज एकै दिनमा पूरा गरिदिने व्यवस्था गरिदिनुपर्छ र यो निःशुल्क गरिदिनु पर्दछ । यसो गरेमा स्वतस्फूर्त रूपमा करोडौं कित्तामा टुक्रिएको जमीनलाई लाखौं कित्तामा ल्याउन सकिन्छ । देशभरिमा विभिन्न ठाउँमा एउटै किसानको जमीन छ भने त्यसलाई एकै ठाउँमा पार्ने हो भने पनि भूखण्डीकरण अरू घट्न सक्छ । एक करोड आठ लाख कित्ता जमीन ८१ लाख कित्तामा झारियो भने यही एउटा कदमबाट मात्र करीब १० प्रतिशत कृषि उत्पादन बढ्न सक्छ ।

हाम्रो आयोगले यस्तो ऐच्छिक चक्लाबन्दीको सुझाव दिएको थियो । तर गठबन्धन सरकारले बजेटमा चक्लाबन्दी कार्यक्रम ल्याउने भनेर उल्लेख गरे तापनि अहिलेसम्म त्यससम्बन्धी विधेयक संसदमा ल्याएको छैन ।

हाम्रो आयोगले वर्तमान हदबन्दीमा पनि ठूलो कटौती गर्ने सुझाव दिएको थियो । किनभने, देशमा अहिले २७ लाख किसान परिवार छन् । जमीन चाहिं २६ लाख हेक्टर मात्र छ । यसरी एउटा परिवारको लागि एक हेक्टर जमीन पनि भाग लाग्दैन । यो हिसाबले सामाजिक न्याय र उत्पादन बृद्धि दुबैको लागि बर्तमान हदबन्दीमा आमूल परिवर्तन गरिनु पर्दछ ।

हाम्रो देशमा खेती सिवाय अर्को पेशा नजान्ने र बाह्रै महिना खेतीमा काम गर्ने १० लाख परिवार छन् । १० लाख परिवार भनेको ५५ लाख जनसंख्यामध्ये सक्रिय रूपमा खेतबारीमा बाह्रै महिना काम गर्ने २० लाख श्रमिकहरू छन् । माटोसंगै खेल्ने, माटोमा नै जन्मने र मर्ने यी २० लाख किसानहरूसित आफनो जमीन छैन वा अति थोरै छ । ०.२ हेक्टरसम्म मात्र जमीन भएका यस्ता किसानहरू मात्रै देशमा १० लाख छन् । यही भित्र भूमिहीन किसानहरू पनि पर्दछन् । यी किसानहरूलाई गरिखान पुग्ने जमीन दिनु जरूरी भएको छ । यसो नगरेसम्म कृषि उत्पादन बढ्नै सक्दैन । औद्योगिकीकरण पनि हुन सक्दैन । हाम्रो आयोगले यो सुझाव पनि दिएको थियो ।

मोही लाग्ने डरले, ज्यालामा काम लाउनु पर्ता नपर्ने हुन्छ भन्ने कारण देखाएर जमीन बाँझो राख्ने प्रणाली पनि हाम्रो देशमा कायम छ । यसरी बाँझो राखिएका खेतीयोग्य जमीनहरू कूल जमीनको २० प्रतिशत छन् । जमीन बाँझो राख्ने प्रवृत्तिले गर्दा मात्रै वार्षिक २० देखि २५ अरब रूपैयाँको नोक्सानी हुने गरेको छ । यो स्थिति अन्त गर्न जमीन बाँझो राख्न नपाइने व्यवस्था गर्नु पर्दछ र द्वैध नियन्त्रण प्रणालीको अन्त गर्नुपर्छ । यो सुझाव पनि हामीले दिएका छौं ।

जुम्लामा धान खेती गर्ने, झापामा चिया खेती गर्ने, अत्यन्त उब्जाउ जग्गामा घर बनाउने र शहरीकरण गर्ने र सिंचाई नै नलाग्ने र उब्जाउ कम हुने जग्गामा खेती गर्ने अहिलको त्रुटीपूर्ण भू-उपयोग प्रणाली छ । यो प्रणालीको अन्त गर्नुपर्छ । जमीनमा उत्पादकत्वको हिसाबले क, ख, ग, घ, ङ गरी पाँच श्रेणीमा विभाजन गर्ने र क र ख श्रेणीको उत्पादनशील भूमिलाई गैरकृषि प्रयोजनमा कुनै पनि हालतमा लगाउन नपाइने गर्नु पर्दछ । हामीले यो र यस्तो समग्र भू-उपयोगको नीति सरकारसमक्ष पेश गरेका थियौं ।

हाम्रो देशको आवश्यकता अनुसार योजनाबद्ध रूपमा कुन-कुन बस्तुको उत्पादनलाई कहाँ कहाँ प्राथमिकता दिने भन्ने कुराको पनि हामीसित रणनीति हुनु जरूरी छ । हामी अहिले दूध र दूधजन्य पदार्थ भण्डै एक अरबको आयात गर्छौं । मासु र मासुजन्य पदार्थ पनि एक अरबभन्दा बढीकै आयात गर्छौं । त्यत्तिकै रूपियाँको तरकारी पनि हामी आयात गर्छौं । अन्न पनि अनुदान आएन भने ५/१० अरबको आयात गर्छौं । हामीले त्यति मात्रै आयात गर्न नपर्ने पार्‍यौं भने पनि हाम्रो धेरै विदेशी मुद्रा बच्नेछ । यो सुझाव पनि हामीले दिएका थियौं ।

यो बाहेक, बिजुली, कृषि-सडकको व्यवस्था, कृषि-उद्योग, सिंचाई र कृषि-सहकारीको व्यवस्था, यति पाँचवटा कुराहरूको व्यवस्थाबारे पनि हामीले ठोस सुझाव दिएका थियौं ।

भूमि सुधार भनेको यो समग्र प्याकेजलाई एकीकृत रूपमा लागु गर्नु हो भन्ने हाम्रो सुझाव थियो । तर सरकारले हाम्रो सुझावलाई लागु गरिरहेको छैन । उसले जमीन्दारहरूलाई मात्र फाइदा हुने हिसाबले भूमिसुधार गरिरहेको छ । अहिलेको द्वैध नियन्त्रण प्रणाली अन्त गर्ने कदम त्यस्तै एउटा प्रक्रिया हो भन्ने हामीलाई लागेको छ । ❑

(टेप उतारका आधारमा मूल्यांकनद्वारा परिमार्जित र सम्पादित)

# अहिले नेपाल ०४६ को जनआन्दोलनले निर्देशित गरेको दिशामा जाँदैछ कि छैन ?

**निश्चय** नै ०४६ सालको ऐतिहासिक जनआन्दोलन २० वर्षे पंचायती तानाशाही विरूद्धको आन्दोलन थियो । साथै, शोषक वर्ग तथा अवसरवादी वर्गविरूद्धको आन्दोलन थियो । एउटा खुशीको कुरा के पनि थियो भने, त्यसबेला सम्पूर्ण जनताहरू राष्ट्रहित र जनहित हुने कुरामा निकै आशावादी थिए । आखिर उक्त आन्दोलन सफल भयो र नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो तर विडम्बना त के भने, समयक्रममा जनआन्दोलनका बाहक शक्तिबाट नै उक्त आन्दोलनले निर्देशित गरेको दिशालाई बंग्याउने काम भयो । आन्दोलनपछि जन आन्दोलनको मर्म विपरीत असमान सन्धिहरू गरेर नेताहरूले राष्ट्रघात गरे । र, आफू बदनाम हुने शर्तमा पनि प्रतिगामी तत्वहरूलाई उठ्ने अवसर दिए । टनकपुरको राष्ट्रघात जनताले बिर्सिएका छैनन् भने महाकाली पनि पूर्ण रूपमा समान-सन्धि भन्ने आधारै छैन । जनआन्दोलनपश्चात यहाँ मानवाधिकारको हनन भएको छ । उक्त आन्दोलनद्वारा प्रदत्त वाक स्वतन्त्रतामाथि पनि वन्देज लगाउने दुष्प्रयास गरिएको छ । 'माओवादी'का नाममा निर्दोष सर्वसाधारण जनताको हत्या गरिएको छ । अनि प्रजातन्त्रका नाममा लुटतन्त्र मच्चाइएको छ । भ्रष्टाचार, गरीबी, अशिक्षा, बेरोजगारीको अधिक बृद्धि भएको छ । र, वर्तमान सरकारले भ्रष्टाचारलाई संस्थागत रूपमा नै विकसित् गरेको छ । महत्वपूर्ण निर्णय लिनुपर्ने बेला सांसदहरूलाई खरीद विक्री गरिएको छ । यी कुराहरू मनन गर्दा के स्पष्ट छ भने, नेपाल अहिले ०४६ को जनआन्दोलनले निर्देशित गरेको दिशाबाट पूर्ण रूपमा विचलित छ र गम्भीर संकटको भूमरीमा फसेको छ ।

**-रामकुमार घिमिरे, विराटनगर**

**निरंकुश** पंचायती व्यवस्थाले श्रृजना गरेको शोषण, दमन, अन्याय, अत्याचार लगायत सपूर्ण विकृतिहरू समूल नष्ट होस्, मुलुकमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको ग्यारेन्टी होस् भन्ने अभिप्रायले हजारौं न्यायका पक्षपातीहरूले अनेकौं सास्ती खाए, सैयौंले जिन्दगीको बलिदान दिए । वास्तवमा तिनै देश र दुनियाँको खातिर आफ्नो अमूल्य जिन्दगीलाई आन्दोलनमा भेटी चढाउने वीर शहीदहरूको सपना, इच्छा र आकांक्षा नै ०४६ सालको जनआन्दोलनको निर्देशन हो ।

तर आज ०४६ सालको जनआन्दोलनको उपहास भइरहेको छ, साथै, शहीदहरूको अपमान । सरकार भ्रष्टाचारको पर्यायवाची बनेको छ । सरकारमा बस्ने र प्रमुख प्रतिपक्षी पार्टीहरू दास मनोवृत्तिको रोगले ग्रसित भएको हुँदा राष्ट्रिय सार्वभौमिकतामाथि गंभीर संकट उत्पन्न भएको छ । सरकारको उदारवादी अर्थनीतिले सिंगै मुलुक आर्थिक गुलाम भइरहेको छ । कमिशन, कालाबजारी, महँगी, असुरक्षा र अव्यवस्थाले मुलुक आक्रान्त भएको छ । एकातिर, मुठीभर व्यक्तिहरू कहिले श्री ५ को जन्मोत्सव, त कहिले श्री ५ को गद्दी आरोहण रजत महोत्सव जस्ता पर्वहरू मनाएर आनन्द लिइरहेका छन् भने अर्कोतिर, एक आड लगाउने र एक पेट खाने समस्या समाधान गर्न नसकेर हजारौं हजार नेपालीहरू विदेशको गुलाम बनिरहेका छन् । विदेशिनेहरूको संख्या बढिरहेको छ । जम्मामा, आज मुलुक दिनप्रतिदिन प्रतिगामी आहालमा भासिँदैछ ।

आर्थिक व्यवस्था (उत्पादक शक्ति र उत्पादन सम्बन्धको साझा रूप) नै त्यस्तो जग हो, जसमा समाजका विभिन्न पक्षहरू, जस्तैः राजनैतिक व्यवस्था, दर्शन, संस्कृति समाजका विभिन्न विचारधाराहरू र स्वयं सामाजिक स्वरूप पनि आधारित हुन्छ । आर्थिक व्यवस्थाको रूप बदलिएपछि समाजको सम्पूर्ण ढाँचा बदलिएर जान्छ । नेपाल एउटा अर्ध-सामन्ती एवं अर्धऔपनिवेशिक मुलुक हो । २०४६ सालको जनआन्दोलनले अर्ध सामन्ती एवं अर्धऔपनिवेशिक आर्थिक व्यवस्थालाई बदलेन, केवल यसैमाथि अडेको राजनैतिक व्यवस्थालाई सुधार मात्र गऱ्यो । परिणामस्वरूप, राजनैतिक रूपमा कसैले कसैको विरोध गर्न पाउने (त्यो पनि सीमित रूपमा) स्थिति आयो र अन्य सम्पूर्ण जनताका आधारभूत समस्याहरू झन् विकराल बन्दैगए, राष्ट्रियता झन् झन् संकटमा पर्दै गयो ।

त्यसकारण प्रष्ट छ- २०४६ सालको जनआन्दोलनको निर्देशनमा यो मुलुकलाई हिँडाउन विद्यमान मुलुकको अर्धसामन्ती एवं अर्ध औपनिवेशिक अवस्थालाई बदलेर मुलुकमा नयाँ खाले पूँजीवादी क्रान्ति गर्नु अपरिहार्य भएको छ ।

**-रामबहादुर बुढा, रेसुँगा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी**

**२०४६** सालमा सम्पन्न बलिदानीपूर्ण जनआन्दोलनबाट देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको सूत्रपात भएको हो । हाल हामीले उपयोग गरिरहेको बहुदलीय व्यवस्थामा नेपाली जनताको अथक संघर्ष, त्याग, तपस्या र बलिदान लुकेको छ । तत्कालीन जनआन्दोलन पंचायती तानाशाही व्यवस्थाले सिर्जना गरेको सेतो आतंक, अन्याय, अत्याचार, भ्रष्टाचार जस्ता अप्रजातान्त्रिक गतिविधि निमिट्यान्न पारेर प्रजातान्त्रिक मान्यता र मूल्यमा आधारित न्यायपूर्ण र शोषणरहित समाज निर्माण गर्ने दिशातर्फ उन्मुख थियो । दुःखको कुरा, देशमा प्रजातान्त्रिक राज्य व्यवस्था स्थापना भइसकेको वर्तमान स्थितिमा पनि जनताहरूले सन्तोषको सास फेर्न पाएका छैनन् । देशमा बढ्दै गइरहेको भ्रष्टाचार, शोषण, दमन, घट्दो जनउत्तरदायित्व आदिका कारण जनजीवन आक्रान्त बन्न पुगेको छ ।

देशमा प्रजातन्त्र स्थापना गर्ने दिशामा महत्वपूर्ण भूमिका खेल्ने दुई प्रमुख दलहरू नेपाली कांग्रेस र नेकपा एमालेभित्र स्वार्थी प्रवृत्तिले जरो गाड्दै गरेको कुरा सर्वत्र अनुभव गरिँदैछ । देश विदेशी ऋणको बोझबाट किचिएकै बेला वर्तमान राकस सरकार पल्टने- मन्त्रीमण्डल खडा गर्ने तथा सांसदहरूको तलब, भत्ता र गाडीको सुविधा थपेर गरीब जनतामाथि भारी बोकाउन उद्दत भएको छ । नेपाली कांग्रेस, राप्रपा, सद्भावना जस्ता प्रतिक्रियावादी दलहरूले तलब, भत्ता र गाडी सुविधाको विरोध नगरेको घटनालाई आश्चर्यजनक मानिँदैन । तर आफूलाई जनवादी र राष्ट्रवादी दल ठान्ने एमालेले यस्ता सुविधाहरूको विरोध नगर्नुलाई शायद आश्चर्यजनक घटना मान्नु पर्छ ।

अर्कोतर्फ, व्यापक जनविरोध भएको महाकाली सन्धिलाई संसदबाट पारित गर्न एमालेले पहल गर्नुबाट एमाले आफू सत्तामा पुग्नका लागि महाकाली जस्तो राष्ट्रघाती सन्धि गर्न पनि पछि नपर्ने दल रहेछ भन्ने कुरा बुझ्न सजिलो भएको छ ।

आफ्नो स्वार्थ र सत्ता डगमगाउँदा प्रजातन्त्र खतरामा छ भन्ने नेपाली कांग्रेसले नेपालको भूगोल खुम्चँदा तथा नेपाल आमाको छातीमाथि भारतीय सैनिकहरूले बूट बजार्दा राष्ट्रियता डगमगाएको नदेख्नुलाई अनौठो मान्नु पर्दैन ।

मल्लिक आयोगले दोषी ठहऱ्याएका अपराधीहरूलाई सत्ता र भत्ताबाट पुरस्कृत गर्ने उल्टो परम्परा विकास भएको छ । उता, देश र जनताको मुक्तिका लागि आफ्नो जीवन बलिदान गर्ने शहीदका परिवारहरू चीसो चुल्होमा चिसिँदैछन् भने उता ३० वर्षसम्म जनतामाथि अन्याय र अत्याचारको मुक्का बजार्ने पूर्व पंचहरूलाई फूल-माला अर्पण गरिँदैछ । हिजो जनताको रगतमा होली खेलेर मनोरन्जन गर्ने सूर्यबहादुर थापाहरू आज प्रजातन्त्रका मसिहा बन्दैछन् । यसबाट भाग्यवादी नेपालीहरूको पुर्पुरोमा यो रंगीचंगी प्रजातन्त्रले फेरि अभाग लेखेर जाने त होइन भन्ने आशंका उठाउन सजिलो भएको छ ।

यी सम्पूर्ण घटनाक्रम र विसंगतिहरूलाई विश्लेषण गर्दा नेपालका राजनीतिक दलहरू २०४६ सालको जनआन्दोलनले देखाएको बाटोमा नहिँडेको प्रष्ट हुन्छ । देशका शीर्षस्थ नेताहरू सत्ता र भत्ताको राजनीति गर्दैछन् भन्ने तथ्य पनि जनसमक्ष उजागर भइसकेको छ । ❑

**यम-बहादुर दूरा, दूराडाँडा, लम्जुङ**

छाडा फिल्महरुका कारणले समाजमा बढिरहेको विकृति र भ्रष्टतालाई कसरी रोक्न सकिएला ?

**यस विषयमा २०० शब्दमा नबढाई आफ्नो विचार लेखीपठाउन हुन अनुरोध छ । प्राप्त विचारहरुमध्ये छानिएका विचारहरु प्रकाशित गरिनेछन् । साथमा, आफ्नो एक प्रति फोटो पनि पठाउन हुन अनुरोध छ । -मूल्यांकन**

ॐ श्री 卐

CHALLENGE

के तपाई स्लिम बन्न चाहनु हुन्छ ?

◉ के तपाई व्यायाम, डाइटिङ्ग नगरिकन मोटोपन घटाउन चाहनु हुन्छ ?
✪ के तपाई अनुहारमा देखिने चायाँ, कालो दाग, पोतो, डण्डिफोर हटाएर स्वस्थ देखिन चाहनु हुन्छ ?
★ के तपाई सुत्केरीपछि पेटको चिरा चिरा दाग हटाउन चाहनु हुन्छ ?
☆ के तपाई यौन दुर्वलता हटाउन चाहनु हुन्छ ?

*साथै, विभिन्न कस्मेटिक्स, सेन्ट, स्याम्पू तथा गिफ्ट आइटमको लागि सम्झनुहोस्:*

सबै आइटम एउटै पसलमा !

**श्री शक्ति ट्रेडर्स**
जोशी सपिङ्ग सेन्टर, पहिलो तल्ला
पसल नं. २० B,
न्यूरोड, काठमाडौं
(पुरानो अमेरिकन लाइब्रेरी अगाडि)

ग्यारेन्टीका साथ सुपथ मूल्यमा

तपाईहरुको सन्तुष्टि नै हाम्रो व्यवसायको आधार




प्रगतिशील कलाकार रायनको पहिलो गीतिक्यासेट बजारमा उपलब्ध छ ।

विगतका अंकहरू झैं माघ अंक पनि समयमा नै पढ्ने मौका पाएँ । यस पत्रिकाका स्तम्भहरू प्रायः सबै पढ्नयोग्य छन् । यसमा खासगरी, विश्व कम्युनिष्ट आन्दोलनका बारेमा जुन स्तम्भ राखिएको छ, त्यो ज्यादै नै प्रशंसनीय छ । यस महिनाको अंकमा पेरूको बन्धक काण्ड लगायत त्यहाँका विगत, वर्तमान र पछि हुनसक्ने राम्रा नराम्रा असरहरू देखाइएकोमा म धेरै आभारी छु । अन्तमा, यसरी विगतका अंकहरूमा झैं विश्वका विभिन्न कम्युनिष्ट आन्दोलनका बारेमा थप जानकारीहरू दिन यो सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**-टेकबहादुर पुन, पर्वत,**
**सालीजा-२, धौलागिरी**

जेलका चारदिवारभित्र मूल्यांकन मासिक हाम्रो साथी हो । योसंग हाम्रो भेट हरेक महिना हुन्छ । यसले आफू वामपन्थी प्रगतिशील भएको गर्व गर्छ । यसमा हाम्रो समर्थन छ । तर यसले शहीदहरूको जीवनी, शरद पौडेलका शोषित पीडित तथा अछुतहरूको बस्ती सम्बन्धी लेखहरू आदि जस्ता रोचक सामाग्रीहरू बोक्दै शोषित पीडित जनताको खुराकको रूपमा रहन ८ पेज थपेर मात्र पुग्दैन । बरू १८ पेज थपेर आयो भने अत्यावश्यक भोजन दिन सकिएला । र, उचित मुल्य बृद्धि हुनु स्वभाविक नै हुन्छ । बाहिरी कभर अझै बलियो कागजको राख्न सके धेरै टिकाउ पनि हुन सक्थ्यो कि ?

अन्त्यमा, यो नामले होइन कामले नै वामपन्थी पत्रिका बनिरहन सकोस् र जीवन र जगतलाई न्याय, प्रगति, समानता र मुक्तिको मार्गमा हिँडाउन यसले निरन्तर मद्दत गरिरहोस् भन्ने कामना समेत गर्दछु ।

**सुन्दर ओली 'बन्दी'**
**केन्द्रीय कारागार शाखा नेपालगंज,**
**बाँके, भेरी अञ्चल**

पूर्णांक ४२ मा सम्मिलित आवरण कथाले महाकाली नदी, महाकाली सन्धि, सन्धि अनुमोदनका लागि एमालेको प्राविधिक बहुमत, सन्धिपश्चात नेपालले भोग्नुपर्ने असरहरू, एमालेभित्रको यथार्थता आदि विषयहरू समेटेको छ । यसले कुनै पनि स्वाभिमानी नेपालीलाई भारतीय विस्तारवाद, भारतपरस्त नेपाली प्रतिक्रियावादी शासक वर्ग, मार्क्सवादको खोल ओढेर प्रतिक्रियावादीको सेवा गर्ने एमाले नेतृत्वप्रति प्रष्ट हुन थप सहयोग पऱ्याएको छ । आगामी अंकहरूमा पनि यस प्रकारका सामाग्रीहरू सावेश गरियून् ।

**-गोविन्द श्रेष्ठ, पर्वत, (हालः मद्रास)**

अंक ४१ भन्दा अगाडिका अंकहरू पढ्न नपाएकोमा साह्रै दुःखी छु । अंक ४१ देखियता प्रत्येक अंक पढ्ने सुअवसर पाएकोले खुसी लाग्यो । अंक ४२ को 'एउटी अनपढ महिला कसरी क्रान्तिकारी उपन्यासकार बनिन्' र अंक ४३ को मोती देवी श्रेष्ठसंगको ताजा अन्तर्वार्ता धेरै रोचक लाग्यो । यस्तै रोचक जानकारीहरूबाट यसले नेपाली महिलाहरूलाई अगाडि बढ्न आँट प्रदान गर्नेछ भन्ने मैले विश्वास लिएकी छु । अन्त्यमा, मूल्यांकनको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**-दुर्गा जयन्ती राई**
**खोटाङ्ग, नेर्पा-६, बेसीटोली**

पूर्णांक ४४ को आवरण पृष्ठले हाल विश्वमा सनसनीपूर्ण रूपमा रहेको घटना टुपाक, आमारूका बारे सोच्न र यसबारे जान्न उत्सुकता जगायो र यो संगठनको बारेमा पूर्ण जानकारी पाएकोमा हृदयदेखि नै धन्यवाद ।

अन्य लेखहरू पनि निश्चय नै गहकिला छन् । पश्चिमेली संस्कृतिको विकृति देखापरेको वर्तमान अवस्थामा साम्राज्यवाद सांस्कृतिक क्षेत्रमा कसरी पसिरहेछ भन्ने बारेको अन्तर्क्रिया निश्चय नै राम्रो रहेक्रो छ ।

विभिन्न वामपार्टीका नेताहरूलाई एकै मन्चमा बोलाएर मार्क्सवादका विभिन्न अवस्था र नेपालको सन्दर्भमा यसको प्रयोग र समायोजन सम्बन्धी अन्तर्क्रिया आयोजना गरी सो सम्बन्धमा लेखहरू प्रकाशित गरिदिनु होला । साथै नेपालको वाम इतिहासबारे पनि जानकारी पाउने पूर्ण विश्वासमा रहेका छौं ।

**-आकाश, लोकराज, भुवन, यज्ञराज एवं**
**अन्य साथीहरु, महेन्द्रनगर कंचनपुर-४,**

अहिले वास्तवमा मुद्रा, कागज र सम्पूर्ण प्रकाशन सामग्रीहरूको मूल्य बृद्धि हुँदै गइरहेको छ । मूल्यांकनको मूल्य रू. १५ बाट रू. २० बनाउँदा कुनै ठूलो पहाड भत्किएजस्तो हुने त्यस्तो केही लाग्दैन । यथार्थमा भन्नु पर्दा सर्वसाधारण जनतालाई मूल्य वृद्धिले केही असर गर्नु स्वाभाविक नै हो । तर अहिले परिस्थितिको मूल्यांकन गरी 'मूल्यांकन'को मूल्य वृद्धि गर्नु उचित नै होला ।

**-सुनबहादुर थापा, स्याङ्जा, जगत**
**भन्ज्याङ्-३, हालः बुटवल तामनगरी**

पूँजीवादी आधारमा साम्यवादको लेपन लगाएर तयार गरिएको बहुदलीय जनवाद नामक भ्रमको चिरफार गर्ने खालको प्रज्ञानरत्नको लेखमार्फत् मूल्यांकन धन्य बनेको छ । साथमा खगेन्द्र संग्रौलाको कथा, नीति/संस्कृतिमार्फत् चन्द्रदेव नेपालीको सन्देश गणनायोग्य लाग्छ । पूर्णांक ४३ मा नयाँ जिज्ञासा उक्काएर विस्तृत जानकारीबिना नै विसर्जन गरिएकोमा पाठकहरूले कविताराम श्रेष्ठलाई विशेष घच्घच्याउनु पर्ने भएको छ । जीवनको झाँकीको अभावमा मूल्यांकन गुलियो पछिको तीतो जस्तो लाग्न थाल्यो । अब क्रमशः चिनियाँ दीर्घकालीन जनयुद्ध, जनवादी र समाजवादी क्रान्ति, सांस्कृतिक क्रान्ति आदिको बारेमा अनुसन्धानमूलक लेखहरू आउनु पऱ्यो ।

**-यायावर च्याकुटार-८, सिन्धुली**

रोटीको खोजीमा विदेशिएर अपमानित जीवन बिताउन बाध्य भएका हामी विदेशी नेपालीले चाहे जति देशीय राजनीतिमा सरिक हुन नपाए पनि प्रत्येक महिना मूल्यांकनको अध्ययनपश्चात नेपालको राजनीतिमा प्रत्यक्ष भूमिका निभाए जस्तो आनन्द आउँछ ।

अंक ४३ मा पिपुल्स वार गुप (PWG) को बारेमा लेखिएको स्तम्भले त्यसबारे धेरै जानकारी दिलायो । किनकि, यहाँ हामीहरू पनि PWG को कारवाहीको बारेमा धेरै चर्चा चलाउँछौं र, फेरि यही 10 January-1997 मा पनि हैदरावाददेखि 260 km. टाढा एक पुलिस स्टेशनमा आक्रमण गरी PWG ले १६ जना पुलिसकर्मी र अन्य २ जना गरी जम्मा १८ जनालाई एक चिहान पारी भारी मात्रामा हतियार लुटेर फरार भएका छन् । शायद यसको बारेमा पनि आगामी अंकमा आउला । यही मूल्यांकनमार्फत् भारतस्थित नेपालीहरूको जनगणना कार्यक्रम संपन्न गर्न सकिन्छ कि ? साथै, यो सबैको दुःख र पीडाहरू बारेमा पनि लेखहरू प्रकाशित गरोस् र सँधै महान् लक्ष्यतर्फ अटल भै लम्किरहोस् ।

**-ऋषिराम शर्मा,**
**कुशाइगुडा, हैदराबाद, भारत**

समयसापेक्ष मूल्यमा परिवर्तन गरिनु पर्ने कारण कुनै नौलो होइन, तथापि निम्नस्तर भएका जनता समक्ष पुऱ्याउन सक्नु तपाईहरूको पनि कर्तव्य हो । तर यसले कागज भने दैनिक पत्रिका जस्तो छ । त्यसैले संग्रहमा केही बाधा उन्पन्न भएको छ । त्यसैले कागजको स्तर र केही उपयोगी सामग्रीसहित पृष्ठ पनि बढाइयोस् यसमा शायद गुनासो नहोला ।

**-केशव प्र. घिमिरे, रुपन्देही**

मूल्यांकन अंक ४३ मा प्रकाशित 'भुल्न नहुने' साहित्य शीर्षकमा 'थाहा' आन्दोलनबारे लेखिएको र छापिएकोमा धन्यवाद दिन चाहन्छु । सत्य बोल्ने, ठीक गर्ने, अन्यायको सदा विरोध गर्ने क. रूपचन्द विष्टको राजनीतिलाई असफल पार्नको निम्ति एमालेले फूट र भ्रमको खेती गऱ्यो । यी कुराहरू जनताका सामुन्ने प्रष्ट पार्नको निम्ति क. रूपचन्द्र विष्टले अग्नि परीक्षाको सामना गर्नु पऱ्यो । के तपाईको पत्रिकामार्फत् क. रूपचन्द्र र एमालेबीच अन्तरक्रिया कार्यक्रम संचालन गरिदिन सक्नुहुन्छ ?

**-नरेन्द्र लाल रिजाल, मकवानपुर,**
**कालीकाटार गाविस (कटुन्जे)**

मूल्यांकन पूर्णांक ४४ समयमै हात पऱ्यो, सरसती हेर्दाखेरि सम्पूर्ण विषयहरू राम्रा र गहकिला नै छन् । तर यो पालाको मुद्रण र पेपर स्तरीय नभएकोले संकलन गर्न गाह्रो हुने महसुस भयो । पृष्ठ संख्या बढाएर मूल्य बढाएमा राम्रै हुनेछ ।

हाम्रो मूल्यांकन 'अब कोशी...' धेरै नै राम्रो र समयसापेक्ष लाग्यो । टुपाक आमारू बारेका तमाम कुराहरू आवरण लेखको माध्यमबाट जानकारी गराइदिनु भएकोमा हार्दिक धन्यवाद । विश्व साम्यवादी आन्दोलनको परिचयात्मक लेखहरू मूल्यांकनले दिइनै रहोस् । साथै, भारतका वाम शक्ति एम.सी.सी. र नक्सलाइट्सहरूको बारेमा पनि मूल्यांकनबाट जानकारी पाउने आशामा छु ।

विखण्डित अवस्थामा रहेको वर्तमान नेपाली वाम आन्दोलनले संयुक्त भएर एक ढीक्का भई जनता र राष्ट्रको पक्षमा काम गर्नु पर्छ भन्ने क. तुल्सीलालको अन्तर्वार्ता निश्चय नै समयसापेक्ष र सान्दर्भिक रहेको छ । आफू सुदूर पश्चिमको भए पनि शहीद भीमदत्त पन्तका बारेमा त्यति जान्न नपाएको, तर यो अंकमा उनको जीवनी र संघर्षमय इतिहास जान्न पाएकोमा हर्षको सीमा नै रहेन । सांस्कृतिक साम्राज्यवादले वर्तमान समाजमा हाम्रो मौलिक जनसंस्कृतिमाथि ठाडो प्रहार गरिरहेको अवस्थामा सांस्कृतिक क्षेत्रमा साम्राज्यवाद अन्तर्क्रिया निश्चय पनि सान्दर्भिक रहेको छ । चन्द्रदेव नेपालीको लेख, स्विट्जरल्याण्ड र प्रदूषणको समस्या कम गर्न आफ्नो योगदान दिने नेपाली वैज्ञानिकबारेको लेख, सांस्कृतिक मंच इसास बारेको लेख, क. माओसंगको भेटबारे क्रान्ति कसको लागि नामक लेख निकै नै गहकिला र ज्ञानबर्धक रहेका छन् । कोशी उच्च बाँध बारेका तमाम कुराहरू जानकारी मूलक रहेका छन् । अनुरोध छ कि- भारतमा सक्रिय प्रवासी नेपाली संगठनहरूका बारेमा पनि शोधमूलक लेख प्रकाशित गरिदिनु होला ।

**-गोकर्ण विष्फोट, सि.बि. क्याम्पस,**
**महेन्द्रनगर, कंचनपुर-२, उल्टाखाम**

❑


युवा

युवाहरुको
मासिक खुराक




मूल्य रु. १०/-

तपाईको निम्ति पनि उपयोगी !
तपाईका छोराछोरीहरु,
भाइबहिनीहरुको निम्ति पनि उपयोगी !!
समस्त युवाहरुको निम्ति उपयोगी !!!

स्वस्थ, सार्थक, प्रगतिमुखी,
रोचक र ज्ञानबर्द्धक
सामग्रीहरुको संगालो

❑ के तपाईले किनेर पढ्नुभयो ?
❑ के तपाईले किनेर घर लगिदिनु भयो ?
तपाईले नै लामो समय अघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन !
नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!

**MULYANKAN**
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२/०५१/५२

## Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*
**SULUX CENTRE**
Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)